इत्यादि भनियेको छ । १३ वर्षका अवस्थामा मकवानपुरका राजा हेमकर्णसेनकी राजपुत्री इन्द्रकुमारीसित विवाह भयेर साला दिग्बन्धनसेन सित ट ठ भयेको हो । तेसैले अर्को विवाह काशीका भूमिपति अहिमानसिंहको छोरी नरेन्द्रलक्ष्मीका साथमा भयो र ३५ वर्षका अवस्थामा संवत् १८०४ मा युवराज प्रतापसिंहसाह पछि वीर बहादुरसाह दुइटा राजपुत्र जन्मे । संवत् १८०६ मा इन्द्रकुमारीबाट यौटी विलासवती राजकुमारीमात्र जन्मिन् ।

पृथ्वीनारायणको राज्याभिषेक शाके १६६४ चैत्र शु० दि० रामनवमीका दिन २० वर्षका अवस्थामा गोर्खा-राजधानी कैलासकूटभवनका रामसाहका सिंहासनमा समस्त गोर्खाली नरनारीहरुबाट वैदिकविधिपूर्वक भयो । जनसहयोगद्वारा पूर्वापेक्षया तीव्रगतिले रणसज्जा र पार्ष्णिशुद्धि गरी विधर्मी विदेशीबाट स्वधर्म स्वदेशको सुरक्षा स्वतन्त्रता अटल राखी पृथ्वीमल्लको आदर्श दर्शाउन विजिगीषु वीर पृथ्वीनारायणले पूर्व प्रयाण गरे । २२ वर्षका आयुमा शाके १६६६ मा शल्यानकोट की महिषमर्दिनी त्रिपुरसुन्दरी देवीबाट पृथ्वीनारायणले खड्गवर पायेर भाइ भारदार सैनिक जनका तरवारले खिञ्चेतकोबाटो नुवाकोटमा प्रवेश गरे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं बेलकोटक्रमेण मुख्यतया शाके १६७८ मा शिवपुरी प्रवेश भयो । शाके १६८४ मा मकवानपुरप्रवेश भयो । तेसै वर्ष सिन्धुलीप्रवेश भयो । शाके १६८७ मा कीर्तिपुर-प्रवेश भयो । शाके १६९० मा काठमाँडुप्रवेश भयो । ११ दिन पछि पाटनप्रवेश भयो । शाके १६९१ मा भात-गाउँप्रवेश भयो । शाके १६९३ मा तनहुँ प्रवेश भयो । तेसै वर्ष भीरकोट गरहूँ सतहूँ पैञ्यु ऋसिङ्ग विरिङ्ग आदि प्रवेश भयो । शाके १६९५ मा चौदण्डी विजयपुर तथा तेसै ताक सुखिम तिष्टा आदि प्रवेश भयो र गोरखाराष्ट्र-को विशाल एकता हुँदै आयो । पृथ्वीनारायणले स्वयं सर्वत्र प्रायः पैदलयात्रा गरेर स्वावलम्बी भयेर धर्मशासन गरी जनमनो योग द्वारा धर्मविजय गरेका हुन् ।

पृथ्वीनारायणले अघि संवत् १८११ मा जाजरकोटका हरिसाह प्रभृति कतिपय प्रमुखराजाहरुलाइ मित्रिसव्व काशीमा डाकी मणिकर्णिकाका अर्धगङ्गाजलमा पसी धित धर्म (सन्धिपत्र) गरेका थिये । एवं अन्यान्य राजाहरुसित धर्मसन्धि भैसके पछि संवत् १८२५ माघ शु. दि. ५ रोज मा हरिसाहका छोरा गजेन्द्रसाह सित ७०१ रुपियामात्र बुझाउने गरी सन्धिपत्र भयो । यसैगरी पालपा शल्यान प्यूठान कास्की लमजुङ्ग पर्वत दुल्लू डोटी कुमाउ सित धर्मसन्धि भये । संवत् १८३१ भाद्रमा सिद्ध भगवन्त-नाथका सम्पर्कले जुमलेश्वरसित धर्मपत्र भयो । एवंप्रकार लासा कलकत्ता पुरैनिया पटना अवध काशी बेतिया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लखनौ आदिसग दौत्यसम्बन्ध सन्धिहरु भये । यसरी गोर्खाराष्ट्र निर्माणको भूमिका बन्यो ।

पृथ्वीनारायणभन्दा पहिले त्रिशूली चम्पावती देवघाट लाकै मनाङ् रुद्रभोट भित्र १२००० बाह्र हजार धुर हुनाले १२ हजारिया गोर्खा भन्ने परिभाषा चलेको हो । रामसाह्का विधानलाइ १२ बाह्र हजारिया गोर्खाका २४ चौविश स्थिति भन्ने चलन भयो । रामसाहको स्थिति र शासन विवेक पूर्वक हुनाले 'न्याय हराया गोर्खा जानु, विद्या हराया कास्की जानु, भन्ने उखान प्रशिद्ध भयेको हो । गोरक्षकालीवरलब्धतेजा धर्मविजयी पृथ्वीनारायणले सैनिक र जनताको हातेमालो गरी ३० वर्षसम्म निरन्तर अथक प्रयाण गरेर राष्ट्रियएकताकेन्द्रबिन्दु १२ हजारिया गोरखा-राज्यबाट अपाङराज पाछ छुटएका सानातिना अनेक टुक्राटाक्रीलाइ राष्ट्रियताका रसायनले जुटायेर विधर्मी विदेशीहरूलाइ हटाइ भूमण्डलमा अखण्ड दण्डायमान हिमवत्खण्डलाइ मार्कण्डेयपुराणवर्णित रणचण्डी दैवैक्य-शक्ति दुर्गाको आदश दुर्धष दुर्ग, विशाल गोरखाराष्ट्र बनाए । महिषमर्दिनी दुर्गाबाट खड्गवर पायेर सबत्र पत्र-हरुमा 'श्रीदुर्गा सहायः' लेखने र 'श्रीकालिका सहाः ।। श्री ३ सिव गोरषनाथ सहा-।।' लेखने चलन चलाये ।

पृथ्वीनारायण पूर्वस्मृति राखेर आफ्नु प्राचीन वैदिक आदर्श आर्यसभ्यता हिमवत्संकृति कला कौशल धर्मनीति रीति स्थिति मान मर्यादा वेष भूषा भाषा साहित्य इतिहास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूगोल जननीजन्मभूमिभक्ति आत्मविश्वास आत्मगौरव राष्ट्रियएकता स्वतन्त्रता स्वावलम्बन खानि पानी कृषि घरेलु कुटीर उद्योग विकाश द्वारा देशलाई ऐश्वर्य सम्पन्न पारेर नुवाकोटमा राष्ट्रका भावी सन्तान लाइ यो दिव्य उपदेश दियेर शाके १६६६ संवत १८३१ माघी संक्रान्ति का दिन पौष शु० दि० १० सूर्योदय वेलामा गण्डकी पारकोटक्षेत्र नुवाकोट त्रिशुली तादी त्रिवेणी जालपापीठ देवीघाट मोहनतीर्थमा जलयोग प्राप्त गरी कैलासवासी भये ।

पृथ्वी को अर्ति

पृथ्वीका अर्ति = दिव्य उपदेशमा पृथ्वीका जीवनचरित्रको सिंहावलोकन र राष्ट्रको भावी कार्यक्रम छ । सदाचारमय तपोमय संघर्षमय निर्माणमय प्रगतिमय एकतामय आदर्शमय पृथ्वीजीवनका विशिष्ट घटनाहरुको संक्षिप्त उल्लेख गोरखावंशावली गोरखाधीशसैन्यवर्णन गोरखासैनिकइतिहास भक्तविजय विजयतिलक कवितानिकषोपल पृथ्वीन्द्रवर्णनोदय पृथ्वीनारायणदिग्विजय पृथ्वीप्रतापसवाद जयरत्नाकार त्रिरत्नसौन्दर्यगाथा राजनीति-कल्पद्रुम राजविधानसार संस्कृतसन्देश (१८ अङ्क) इतिहासप्रकाश (४ भाग) गोरखा-मनःकामनाताम्रपत्र नुवाकोटभैरवीताम्रपत्र कनकपत्रहरु नुवाकोटदुर्गद्वारशिलालेख, नुवाकोटमाडिदरबारसिलालेख वसन्तपुर नौतले राजप्रसादका दुइटा शिलालेख चक्रपाणि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लिखितज्योतिषपुस्तक प्रभृति अनेक कोरी पुस्तक कनकताम्र-शिलालेखहरुमा पनि छ र यस्ता अनेकन ऐतिहासिक ग्रन्थआदिको अनेक कारणबाट नाश भयो। शेषको पनि क्रमशः हुँदैछ। यस्ता राष्ट्रिय सम्पत्तिको सुरक्षा र सदुपयोग सबैले गर्नु पर्छ। तिष्टा काङ्डा गङ्गा दिगर्चा सम्मका बिशाल हिमाली गोर्खाराष्ट्रको उत्थान गर्ने ५२ वर्षका कर्मठ जीवनका ३२ वर्षका राज्यशासन र ३० वर्षका बिजय कालमा स्वयं अनुभव गरेका र एकाग्र चित्तले सम्भावना गरेका कतिपय अर्तिका कुरा—

'बुढा मरै, भाषा सरै' भनि भन्छन्. तिमिहरु सबै छेउ सुनाइ गयाको भन्या. तम्रा सन्तानलाइ. सुनाउला र तम्रां सन्तानले. हाम्रा सन्तानलाइ. सुनाउनं र यो राजे थाम षानन्. भन्ने उत्थानिका उठायेर पृथ्वीले सबैसा सारी गर्येका छन्। यस्ता दिव्य बिचारधाराहरु पृथ्वीका हृदयबाट समय समयमा फुटेका छन् र श्रोताहरुले लेखि राखेका कतिपय फेला परेका क्रमशः प्रकाशमा आउने छन्। नेपाल जितेर दशैं मान्न गयेका बेलामा गोर्खामूलराजधानीमा बाँधेको धुवाँवर्तीको स्थिति तथा देवीघाटमा प्राण प्रयाणका समयमा दियेको मर्मस्पर्शी करुण अनुकरणीय दिव्य अर्ति आदि अनेक प्राप्त एवं अनुसन्धेय छन्।

पुस्तकपरिचयः— त्रिशूलीघाट आउनु भन्दा अगाडी नुवाकोटैमा भीष्मशय्यावाट क्रमशः शनैः शनैः जीवनका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमुख घटनाहरूको स्मृति लियेर अनेका अर्तिका कुरा सभासङ्गहरुमध्ये धेरैले जस्ताको तस्तो टिपि राखेका थिये । कसैले घटमा कसैले कागतमा । तिनमध्ये गोरखाली वडा वीर शिवरामसिंह वस्न्यातका सुपुत्र सुमति काजी अभिमानसिंह वस्न्यातले लेखि राखेको पाण्डुलिपि पुस्तक निजका सन्तान श्यामकाजी (वखमानसिंह) वस्न्यातका घरमा सुरक्षित छ । यस पुस्तिकामा बलीयो नुवाकोटी कागत छ । १० दश पृष्ट छन् । पौने ११ एघार इञ्चि लम्बाइ छ । साड़े ८ आठ इञ्चि चौडाइ छ । तल १ एक इञ्चि चाकलो १½ इञ्चि लामु टुक्रा मुसाले काटेको छ । तर विशेष गरी अक्षर भेटन पायेको छैन । पुस्तक अर्ध जीर्ण अवस्थामा छ । कालो पाको मसी छ । पुराना नागराक्षर छन् । विरामसूचक (˙) यस्ता बिन्दुहरू छन । अनुनासिकसूचक यस्ता (¨) दुइटा ठाडा बिन्दुं छन । प्रसङ्गसमाप्तिसूचक (।।) यस्ता दुइ छेका छन् । (उप्रान्त ।।) भनेर नौलो धारा उठाउयेको छ । लेखता प्रत्येक धारा प्रघट्ठक (पैरा) छुट्याइ लेखियेका छन् ता पनि छापता सबैलाई संम्झन सजिलो होस भनेर पृथक पृथक प्रसङ्गका काण्डकाहरु छुट्यायेर छापियेका छन् । अरू मूल जस्ताको तस्तो छापियेको छ । मुखपत्रमा आदि अन्त मध्यका र पृथ्वीको चित्र छापियेका छन् । आदि अन्तमा एक एक मढ्यायेका दुइ पत्रे आवरण पत्र लेख रक्षार्थ खामी छन् । मुख पत्रमा 'श्रीगणेसाय नमः श्री श्री श्री पृथिनारानसाहको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किताप हो: ।। स्वस्ति सर्वोपमायोग्येत्यादिसकलगुणगरिष्टराजभाराखाद्यर्थं' यति लेखियेको छ । अन्तिम पत्रमा ।। 'श्रीगणेशाय नमः ।। ।।इश्वरौवाच।। श्रीकालीका सहायः।। यस्तो लेखियेको छ ।

पुरुषविद्यानित्यत्वात् । भाषा परिवर्तनशील हुनाले र तेल बेजाको परिभाषामय संक्षिप्त वीरभाषा आज दुरूह भै सकेको हुनाले जन साधारणलाई सुबोध होस भनेर अन्तमा अनुवाद पनि प्रकाशित गरिएको छ । तर समस्त धर्मनीतिशास्त्रहरूको सारस्वरूप पृथ्वीको अति केवल अनुवादमात्रले बुझ्नु सजिलो छैन । शब्दार्थमात्र बुझेर पनि काम लाग्दैन । देश काल पात्र हेरीकन कुन ठाउँमा कुन शब्दले कुन आशय प्रकट गरेको छ ? त्यो कुरा पृथ्वीकै भूमिकामा नबसेर हृदयङ्गम गर्न सकिन्न । धेरै कुरामा धेरै जनालाई "यसो किन भने होलान् ? भन्ने पनि पर्दो हो । परन्तु आपातालनिमग्नपीवरपुजोनाति मन्थाचलः ।

पृथ्वीका अर्तिमा प्राधान्येन—अवतरणिका । उद्देश्य । उत्थानिका । रूपका सन्धि । रोज खोज=चुनाव । हाते-मालो । पृष्ठरक्षा । वरप्राप्ती । प्रयाण । प्रथम जय । प्राणि शुद्धि । परराष्ट्र नीति । युद्ध नीति । गृहनीति । शैलदुर्ग । स्थितिरीति । ३ सहर । व्यापारनीति । कुटीरउद्योग । जनधीन । कर्मचारिनीति । राष्ट्रियता । नियुक्ति । न्यायस्वरूप । सैनिकनीति । जनसैनिकराजसम्पर्क । राजाज्ञा । मौलभृत्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुद्रानीति। न्यायव्यवस्था। खनिजविकाश। कृषिविकाश। सिंहावलोकन। मुगलदमन। फिरिङ्गिदमन। इतिहास सैन्यविन्यास। राष्ट्ररक्षा इत्यादि। सभ्य समृद्ध राष्ट्रलाई चाहिने कुराको सूत्ररूपमा उपदेश छ।

पृथ्वीलाई आफ्ना राष्ट्रको भौगोलिक स्थितिको यथावत परिचय थियो। दुई ढुङ्गाको तरुल भनेर लघु रूपकमा महत्त्वपूर्ण निर्देश गरेका छन्। पृथ्वीले आफ्ना इतिहासको सिंहावलोकन र सारोद्धार पनि गरी उपयोग गरेका थिये। मगरातको राजा मैंहु भनेर इङ्गित गरेका छन्। पृथ्वीलाई देशानुकूल युद्धमा ठूलो अनुभव थियो। जाईकटक न गर्नु झिकिकटक गर्नु भनेर सामरिक हानि लाभ दर्शायेका छन। पृथ्वीले देश जनतालाई धनधान्य समृध्द बनाई राखने स्वानुरूप उपाय जानेका थिये र सर्वे भवन्तु सुखिनः भन्ने उदार भावना राखेका थिये। गोढप्रसाह देखि उभो आउन न दिनु नमना देषाइ सधाउनु षानि चलाउनु, अवाद गर्नु, राजाका भण्डार भन्याका रैतिहरु हुन, प्रजा मोटा भया दरबार बलीयो रहन्छ, इत्यादिवाक्यहरू तेस बातका निदर्शन छन्। मालमा ५ पाथीको भाव छदैछ। पृथ्वीले आफ्नै जीवनमा माथिका पध्दतिले गोर्खा राष्ट्रलाई सामर्थ्यशाली बनाई सकेका थिये। फत्य गर्थ्या, र यो ऐश्वर्य गर्‍याको हों, भनेर प्रत्यक्ष दर्शायेका छन। भ्रष्टाचारी कर्मचारीका आडमा परचक्रीले खुट्टा टेकछन। हरिपले दगा गर्छ। भनेर पृथ्वी न्यायपालिका र कार्यपालिकाको नियुक्ति ठूलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विवेक राखेर गर्थे । घुस दिन्या र घुस खान्या इन दुइको ता धन जित गरि लियाको पनि पाप छैन। दुनिया जस देषि राजि रहन्छन उसैलाई कजाइ दिनु इत्यादि वाक्य तेस कुराका साक्षी छन र पानमक्षाः स्त्रियो द्यूतं … अष्टौ दोषान् विवर्जयेत्। पृथ्वीको सिध्दान्त थियो।

राजानः सन्ति नो किं दिशि दिशि धरणीपालवंशाब्जिजाता द्यूतस्त्रापाबलासु प्रणिहितमनसो दानयुध्दप्रहीणाः । पृथ्वीनारायणेशो रिपुदल-दहन-प्रौढ-दावानलोसौ दाने मेघोपमानो जयति नीज धरा-वारित-द्यूत-दोषः । इत्यादि अभिलेख प्रमाण छन्। पृथ्वीमा जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी। भन्ने सच्चा मातृभक्ति र मातृ-भूमिभक्ति थियो, फलस्वरूप मातृमातुलशिक्षाले पृथ्वीलाई पृथ्वीनारायण बनायो। पृथ्वीनारायण र मानदेवका जीवनचरित्रमा आमाको र मामाको योगदान छ। संसारका प्रायः सबै जसो महान् व्यक्तिहरू मातृशिक्षाले फष्टायेका छन। तेसैले मातृशिक्षा मातृभाषा मातृभूमिहरुले गौरव पायेका हुन। आपकी कमाइ र बापकी कमाइका अन्तर हुन्छ। पृथ्वीले गरेका राष्ट्रिय एकतामा पृथ्वीको ठूलो ममत्व थियो र आत्मा वै पुत्रनामासि स जीव शरद शतम्–भनेर राष्ट्रका सच्चा प्रतिनिधि सबै जनालाई सम्बोधित गरेर बुढा मरै. भापा. सरै. भनि भन्छन. तिमिहरू सबै छेउ सुनाइ गयाको भया. तम्रा सन्तानलाई सुनाउला र. तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनन् र यो राजे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थामि घानन् भनेर दिव्य उपदेशको पृष्ठभूमि रचेका छन । राष्ट्र थामनु तथा फुलाउनु फलाउनु नै यस दिव्य उपदेश को मुख्य उद्देश्य हो। खुडालेमात्र आर्जेको देशलाई आफ्नु न ठान्नु. जुन देशमा आफ्नु स्थिति रीति (सभ्यता–संस्कृति) चल्दछ. त्यो मुलुक स्थायी हुन्छ–भन्ने रामसाहका सिध्दान्तानुसार बाह्र हजारिया गोर्खाको राम्रो स्थिति बाँधी राष्ट्रका अङ्ग प्रत्यङ्गमा एक नाश स्थायी राखने इच्छाले पृथ्वीले. रामसाहले बाँध्याको स्थिति पनि हेरी सकें. ईश्वरले दियो भने म पनि बाह्रहजारको स्थिति बाँधि जाला. आफना जात विसेषको कर्म गर्नु, कुलाधर्म न छोडनु–इत्यादि भनेका छन् र उठान गरी स्वर्ग हुनेका अनुयायीहरुले बैठान गर्नु पर्छ। तर हामीहरु त्यो नीति बहादुरसाह पछिबिर्सेर बसेका छौं । ऋमै संझौं । क्रिया केवलमुत्तरम् '। पृथ्वीले मनुस्मृति शुक्रस्मृति आदि नीति शास्त्रानुसार शैलदुर्गको महत्व बुझेका हुनाले. चिस्व ढुंगो छोडेर दहचोकका डाँडालाई औल्याएका छन । ऐतिहासिक सिंहावलोकन गर्दा मानव समाज जति तल ओर्लदै गयेको छ. उति तल ओर्लदैछ। वैदिक सभ्यता डाँडामाथि उम्रेको हो। पृथ्वी लुगा लत्ता भन्दा अन्न पानी लाई विशेष महत्व दिन्थे । च्यांगा पांगालाई राज्य आर्ज्य थ्यउ. कुलो काटी अबाद गर्नु; इत्यादि बाक्य स्मारक छन। वैदिक सभ्यताले पनि अन्नं बहु कुर्वीत तद्व्रतम भन्दछन। विलासिताले देश जातिको विनाश गर्छ भन्ने कुरा पृथ्वीले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रत्यक्ष गरेका थिरे र. राग तानको अभ्यास कसैले न गर्नु भनेका छन। परिमितमात्रामा स्वदेशी साहित्य संगीतको अनुमति दियेका छन। द्रव्यदोषदर्शी दुर दर्शी पृथ्वीले अति सर्वत्र वर्जयेत भनेर राजानुजीवीवर्गको दुर्मत मात्रै राष दिनु दौलथ भयेकाले तरवारमा पसि मर्न मार्न सक्तैनन र हरिपको चमक हुन्छ, भनेका छन। हो पनि। दाल भात तर्कारी. जिउ धन सर्कारी. भन्नेले देश जाति धर्मका निमित्त जत्तिको कम्मर कस्छ उत्तिको धनीहरुले कस्तैनन्। उनलाइ जिउ कन बचाउनको फिक्रि हुन्छ। स्वतन्त्रता बचाउने उत्तिको चिन्ता राखतैनन्। बिरलाकोटी अपवाद हुनु अर्कै कुरा हो। प्रजा मोटा भया दरबार बलियो रहन्छ, भन्ने पृथ्वी-विभज्यभोजी नीति हो। पृथ्वीले बिधर्मी बिदेशीको विरोध गरेर स्वधर्म स्वदेश राष्ट्रिय एकता गर्ने—कार्यं बा स धयामि कार्यं बा पातयामि. भन्ने संकल्प गरेर बाल्यावस्थै देखि भोक प्यास नींद सुख न भनेर स्यापु बढी बढी सर्वत्र धायेर आफुजस्ता भाइभारधार द्वारा स्वय पनि भगीरथ प्रयत्न गरी समस्त जनतामा चेतना जगायेर राष्ट्रनिर्माण गरेका हुनाले—मेरा साना दुषले आर्ज्याको मुलुक होइन. सबै जातको फुलबारि हो. सबै लाइ चेतना भया यो फुलबारको छोटा बडा चारै जात छत्तिसै बर्नले. कुलाधर्म न छोडनु. इत्यादि. भनेर राजा प्रजाका सहयोगले सच्चा प्रजातन्त्रको दृष्टान्त देखायेका छन्। हाम्रा बैदिक उदार उदात्त नीतिका अगाडी अचे-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लका अरु कुनै अधुरा नीति महत्व राखतैनन् । पृथ्वीलाई राजा सबैको साजा. यथा राजा तथा प्रजा· भन्ने आदर्श थाहा थियो र राजाले न्यायी विवेकी हुनु पर्छ भन्ने कुरामा आस्था थियो । तब राजाले ठुलो निञा निसाफ हेनु अन्याय मुलुकमा हुन् न दिन्. भनेका छन । किनकि राजाको र राज्यको पतन अन्यायले हुन्छ । राजाले प्रजालाई दिनु पर्ने सबभन्दा ठूलो कुरा न्याय हो । प्रजाले सम्मान दिनु पर्छ । मानो हि महतां धनम् ।। अन्यायले प्रजा कुपित हुन्छन् र प्रकृतिकोपो हि सवकोपेभ्यो गरीयान् ।। हन्ति राष्ट्रं सनायकम् । प्रजाका फुलवारीलाई सदा फुलाइ फलाई राखनु पर्छ । मालाकार इव प्रयोगकुशलो राजा चिरं नन्दति । राजा प्रजा र सैनिकहरू आपसमान मिलेर टाडिदा छुल्याहा फटाहा स्वार्थीहरूले मौका छोपछन् । पर-चक्रीको आक्रमण भन्नु हुल बठछ । घरफगडा गृह-कलह भन्नु कुल खेल मच्चन्छ । तेसमा राजा प्रजाको संहार हुन्छ । तैस्तो न होस भनेर पृथ्वीले संकेतमा राजा चतुर भया· सिपाहि र· रैति हात हात गरि राषनु र हुल कुल हुन पाउदैन, इत्यादि भनेका छन् । पृथ्वीका एक एक अमर वाक्यमा राजनीति धर्मशास्त्रहरूका अनेक अध्यायको सारांश छ–

गोर्खा दक्षिण-बाहु सैनिक भये बायाँ भुजा हुन् प्रजा

गोर्खाराष्ट्र विराट वैदिक पुरुष कैलास राष्ट्र ध्वजा ।

मुक्ताहार नदी वनालि कपडा राष्ट्रीयता जीवन

राजाले जनता संगै हुनु सदा कर्तव्य हो पावन ।६

पृथ्वीले–स तु दीर्घकालनैरन्तर्यसत्कारसेवितो दृढभूमिः– ।७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने झैँ कुनै पनि पुरानु अभ्यास कार्यकुशल हुन्छ भन्ने कुरा वुझेर-मौलान् भृत्यान प्रकुर्वीत-भनाइ अनुसार-घरका पुराना सेवक जाचि घर (गृह विभाग) बलीयो राषनु. बाहिरिया भान्छ्याले दरवारमा विथित गराउँछन्. इत्यादि भनेका हुन्। गुलियो खाने लाइ लुनो लाग्दछ। नून धेरै खानै सकिन्न। घूस खानु र भूस खनुएकै हो। अन्यायोपार्जितं वित्तं दशवर्षाणि तिष्ठति। प्राप्ते त्वेकादशे वर्षे समूलं च विनश्यति॥ त्यो न होस् भनेर-गुड पाछ लाग्न न दिनु. नून पछि लाउनु. भनेका छन्। अर्थात् कसैको घूस खान न दिनु। सत्यका कमाइमा लगाउ भनेको हो। देशका निमित्त देह अर्पण गर्ने सैनिक वीरका पुण्यस्मृतिमा विवेक राखी उसका परिवारलाइ वीरता दिनु कर्मठ सैनिकको आह्वान गर्नु हो र राष्ट्रलाई बलिष्ठ पार्नु हो भन्ने नीतिको निदर्शन पृथ्वीले यसरी गरेका छन्-लडाइमा पनि हान्न्या र. सष दिन्या. दुबै बरोबर हुन्. मऱ्यो भन्या. उसका छोरा षुडाहान्न्या न हुञ्ज्याल मरवट दिनु षुडा हान्न्या भया पछि. जागिरमा उकालि दिनु र. राजाले विवेक राषी दिया देस देसका सिपाहि पनि आसा राषि आउन्छन् र. यस्व भया तरबारिया सिपाहि हात लाग्छन् इत्यादि यथा नाहरसिंह केहरसिंह अभिमानसिंह धौकलसिंह अमरसिंह प्रभृति। पृथ्वी अर्थशास्त्रका प्रयोगात्मक विद्वान थिये। हुन पनि यस्तु क्रियावान् पुरुषः स विद्वान्। अन्यथा ज्ञानं भारः क्रियां विना। अनीति असफल भयो भने घुँडा टेकाउँछ। मुद्रास्फाति गर्न सकियेन भने व्यापार अर्काका हात पर्छ। हुदा हुदा एक दिन घर खेत अर्काका हात पर्न जान्छ। सो नहोस् भनेर टक्सार पनि चोषो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चलाउनु. भनेका हुन् । चोखो टक्सार चल्यो भने धतु तुल्य मूल्यमा सर्वत्र टक चल्दछ र कुनै अवस्थामा मुद्रास्फीति कुण्ठित हुदैन धातुप्राप्तिका निमित्त खानि चलाउनु पर्छ । हाम्रा देशमा खानिका अखण्ड भण्डार छन् । यसबारेमा पृथ्वीले-षानि भयाका ठाउमा. गाउभया पनि गाँउ अरु जगामा सारि कन पनि षानि चलाउनु-भनेका छन् र स्वयं यसै गरेका थिये । यसो गरियो भने कहिले पनि देश दरिद्र हुदैन । पृथ्वीले न्यायको गुण तथा अन्यायको दोष जानेका थिये । अन्यायको डडेलो सबलाई पोल्छ । प्रथम प्रजा पोलिन्छन् । अनि फिजाले मुक्षा सल्काउछन् । तस्मात्-निव्यासास्त्र बमोजिम अदालत चलाउनु अदालतका पैसा दरवार भित्र नहालनु. यस्व भया असत्यको दोष लाग्दैन. तव राजाले ठूलो निव्या निसाफ हेर्नु. अन्याय मुलुकमा हुन निदनु इत्यादि भनेका छन् । पृथ्वीले देशानुकूल खेती बढाउन जानेका थिये । सम-तल भूमिको देखासिखि गरेर अलिकति थाइलो पायोको ठूल्ठूला क्याम्पा र अनावश्यक प्रपञ्च फैलायेर कृषियोग्य भूमि रोकेर अनिकाल डाक्ने नीति थियेन । आकाश जति उछिन्न सके पनि हुन्छ । यस सिद्धान्तका प्रत्यक्ष प्रमाण नुवाकोटदुर्ग र वसन्तपुर कैलास प्रभृति छन् । आकाशमा सात तला नौ तला जति भये पनि कृषि-योग्य समथर भूमि न मासियोस् भन्ने विचारले गह्रो बन्न्या जग्गामा घर भय पनि. घर अरू जग्गामा सारि. कुलो काटि षेत वनाई अबाद गर्नु भनेका छन् र गिन्चेत आदिमा गरेका पनि छन् । अन्न प्रशस्त छ भने गुफामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र डाँडाँमा बसेर खाये पनि हुन्छ। पृथ्वीका सिद्धान्तमा यथासाध्य जल वायु स्वच्छ भयेका रमाइला डाँडा काँडामा बसति गर्नु पानी लाग्ने खेती हुने ठाउँ न रोक्नु भन्ने छ। परन्तु अचेल विपरीत चलेको हुनाले यो हालत छ। आर्थिक दृष्टि र चरित्रका दृष्टबाट राष्ट्र तथा समाजको हानि गर्ने कुनै वस्तुको आयात निर्यात (निकासी पैठारी) न गर्ने नीति थियो जसका प्रभावले पृथ्वी भन्थे यो ऐश्वर्य गर्‍याको हो।

दिव्य उपदेशलाई पृथ्वीको अर्ति भन्न सकिन्छ जीवन भन्न सकिन्छ राष्ट्रनिर्माणपद्धति भन्न सकिन्छ राष्ट्र-सञ्चालनविधान भन्न सकिन्छ र धर्मानुशासन भन्न सकिन्छ। यस्ता कुराको अध्ययन सबैले गम्भीरतापूर्वक गरेर सार-ग्रहण गरी सदुपयोग गर्नु राम्रो छ।

गोरक्षाधीशरक्ष्यामरवरनगरप्रोद्यदुद्दामधाम-
ग्रामग्रावाभिरामावनिधरनिकटस्थायिगोर्षापुरीशः।
नेपालाधीशभालास्थिततिलकमपाकृत्य संप्रीतचेताः
पृथ्वीनारायणाख्यः क्षितिपकुलमणिर्वृवृतीतिस्म लोके॥

(नुवाकोटभैरवीकनकपत्रमा)

योगी नरहरिनाथ सिद्धाचल मृयस्थली
गोरक्षपीठ काठमाँडु शाके १८८१ शिवरात्रि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राष्ट्रध्वजवन्दना

यो हाम्रो शिवशैलका शिखरमा राष्ट्रध्वजा वैदिक
रातो सूर्य र चन्द्र अङ्कित सदा गोर्खालि आह्लादक ।
हाँगा छन् छरिता त्रिकोण दुइटा फर्फर्गरी नाचने
जस्मा राष्ट्रिय एकता र ममता जातीयता बाँचने ॥१॥

हाम्रा भाल हिमालको तिलक यो कैलासको यो टिको
भूमी मातृ–निधारको चहकिलो सिन्दूरबिन्दू निको ।
राष्ट्रोत्थान वसन्तको कुसुम यो एकत्वको दूत हो
हिउँचूलीहरुका हजार शिरको चूडामणी शोण हो ॥२॥

यो हो मानवता–विकाश–दिनको सन्ध्या उषाकालको
झुल्के घाम हिमालको प्रकृतिको रातो कमल् तालको ।
हाम्रो राष्ट्रिय शक्ति भक्ति शिवको सौभाग्य हो भूमिको
गौरीको अनुराग हो हृदय हो राष्ट्रध्वजा हो निको ॥३॥

यै राष्ट्रध्वजको छहारि पृथिवीनारायणधीशको
पाई नायकता भयेर विजयी गोरक्षकालीशको ।
गर्दै त्यो जयकार वीरहरूले गोर्खा गरे विस्तृत
रक्षा देश र धर्मको पनि गरे संसार भो विस्मित ॥४॥

स्वर्गै देखि गरीयसी छ जननी यो जन्मभूमी भनी
हाम्रो शान निशान ली समरमा सर्वत्र जेता बनी ।
पाये वीरगती ति वीरहरुले वीराङ्गनाले पनी
गोर्खाली इतिहासमा अमर छन् सत्कीर्तिका ती धनी ॥५॥

गोर्खा–सैनिक-कोटमा कटकमा कैलासका कूटमा
गङ्गाका तटमा हिमाल्मुकुटमा राष्ट्रध्वजा भोटमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हल्ली हल्ली बतासले विजयका बाजासितै तालमा
लम्कयो लम्कि रहोस् सदा अटल यो शार्दूलका चालमा ॥६॥
राष्ट्रीयध्वज लाइ राखि धुरिमा सम्मानका साथमा
पुर्खाका इतिहासका सुपथमा शिक्षादिका साथमा ।
गर्दै देशविकाश सर्वविधिले बाचौं सबै साथमा
हाम्रो राष्ट्रिय भावना स्थिर रहोस् सौजन्यका साथमा ॥७॥
राष्ट्रीयध्वजवन्दना स्थिर सदा राष्ट्रीयता राखने
गोर्खालीहरुले मिलेर पढने कण्ठा अटल् राखने ।
जोडी हात झुकाइ माथ सबले गर्नै सदा वन्दना
भन्दै लिन्छ विराम यो नरहरी योगी छ यो प्रार्थना ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोरक्षग्रन्थमालायामशीतितमंपुष्पम ८०

ॐ स्वस्ति

श्री ५ वडा महाराजा पृथ्वीनारायणसाहदेव
को
दिव्यउपदेश
(पृथ्वी को अति)

स्वस्त श्रीगणेशाय नमः ॥ ॥ श्रीकालिका सहाः 卐 ॥ ॥ श्री ३ सिव ※ गोरषनाथ सहाः ॥ ॥ श्री ५ प्रिथिनारायण ❂ सहाः । ॥ ॥ श्री श्री श्री ५ बुढा. महाराजा ❋ ले तिन महर. नेपाल र. हिंदुपति + को राज लिया पछि, पछिल्ला पटक. नुहाकोट ⚘ मा पाउ लाग्नु भया मा. ✤ गुरु

卐 शुद्धरूप 'श्रीकालिका सहाय' । यो वाक्य पृथ्वीनारायणसाहका समयदेखि राजेन्द्रविक्रमसाहका समय सम्म निजामति लेखकहरु प्रत्येक लेखको शिरमा लेख्दथे । ※ शु. रू. 'शिव गोरक्षानाथ सहाय' । ❂ श्री पृथ्वीनारायमसहाय । ❋ रणवहाहादुरसाहको समयदेखि पृथ्वीनारायणसाहलाई वडा महाराजा भनी लेखने र बीलचालमा बुढा महाराजा भन्ने चलन १७० वर्ष जति चलेको देखिन्छ । + विजयपुर र मकवानपुरका सेन राजाहरुले हिन्दुपति भन्ने पदवी लियेका थिये । अचेलको किरात र पर्सा देखि तिष्टा सम्मको प्रदेश इनका राज्ममा थिये । ⚘ प्रसिद्ध नुवाकोट तिन छन् यो पहिला नुवाकोट त्रिशूलीका वांयां पट्टिको हो ✤ वि सं. १८३१ मा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रोहित.[1] थर.[2] घर. भैयाद.[3] भारादारा.[4] र. आयना ददा. सुरथिसिं.[5] राना. सबै का.[6] बुढा पाका छेउ. हुकुम भया का कुरा.[7]

बुढा मरै. भाषा[8] सरै. भनि भन्छन्. तिमि हरु सबै छेउ सुनाइ गयाको भया. तम्रा[9] सन्तानलाई. सुनाउला[10] र तम्रा सन्तान ले. ह्राम्रा सन्तान. लाई सुनाउनं र. यो राजें[11] थामि षानन्: ॥

उप्रान्तः ॥ ह्राम्रा. मुमा हरु. तिन हुन्. ह्ामि तिन षोपिका. पाच पांडुवा[12] को अवतार भयाका थियौं. मेरा बिवाह[13] मकुवानपुर मा भया को थियो. डोला[14] सुम्पेको थियन[15] र. डोला पनि लैयाउ.[16] नेपाल पनि देखि आउ भनि मकुवानपुर गव्यु र. पुग्य[17] पाछ. दिकबन्दसेन[18] लाई. यघटा[19] कुरा को. करेउलि.[20] लियेर. भने एक.दन्ता हात्ति र. नवलाषि꙰ हिराको हार, दिन्छौ भन. डोला पनि लै जाला. दिन्न भन्या. काढ तरवार सित पनि लै जाला. भनि. ह्राक पारि. नपाले. राजाले चिन्नन् र. पक्रनन् भनि स्याघु꙰ वढि. रापतिका꙰ तिरै तिर. भानु꙰ जैसि. कुलानन्द जैसि. अरु. थर. घर. पनि,

१ शु रू. 'गुरु पुरोहित' । २ परिशिष्टमा छ । ३ महाराजाका भैयाद । ४ मन्त्रिवर्ग । ५ शु. रु. सुरथसिंह । ६ अरुहरूका पनि बुढा पाका । ७ यतिसम्म प्रस्तावना पछिका कुनै लेखकले जोडेको देखिन्छ । ८ शु. रू. बुढा मरे सरे । ९ शु. रू तिम्रा । १० शु रू सुनाउनन् । ११ शु. रू. राज्य । १२ पाण्डव । १३ शु. रू. विवाह । १४ दुलही । १५ थियेन । १६ लियेर आउँ । १७ गर्यौं । १८ पुग्या पछि । १९ दिग्बन्धनसेन । २० एउटा कर लगायेर ।

꙰परिशिष्टमा ꙰ घुम ओढेर ꙰ भैंसेबाट ह्याटुडा तर्फ गयेको सानु नदी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साथै मा थिया. चन्द्रागिरि.१ मा आइ पुग्या पछि. नेपाल कुन्होर२ भनि सुध्याज्या र. त्यो भादगाउँ हो. त्यो पाटन हो. त्यो काठमाडौ हो. भनि देखा (या) र. मेरो मनमा (य.)तनै सहर को. राजा हुन. पाया ता. हदो हो. भन्ने यस्तो. मन मा परि रहेथ्यो. उसै वेला मा. ३ दुवै जोस ले भन. हजुरको मनकान्छ्या अबिलाष्. पुग्ला. महाराजा भन्या र. मलाई आसर्जे लाग्यो र मेरा. पेटका. कुरा कसो गरि जानेछ र. त्यस्व३ भनेछ र. भनि मैले चन्दा. जसै नेपाल मा नजर दिनु भये थ्यो. उसै वेला. मोच मा वाहुाल. दिदा४ मनमा नेपाल को राजा. हुन पाया ता. हुदो हो भन्या जस्तो परे छ. भनि. बिन्ति हजूर मा. गन्या कै हो भने र यो कुरा पुग्ला भनि मैले भन्दा. हजूर ले. गौ ब्रह्मान.५ अतित६ फकीर. देउ देवता को मानिता. बहुत. राष्नु. भया को छ. हाम्रा. हात. मा पनि. सरसोति७ को. वर्दान छ. हजुर लाई नेपाल को राज.८ बश्य हुनै छ. भने र. थांकोट को. ठुलो भन्ज्यान् काटि. रात. दिन. गरि कल्लहारि घाट. तरि. षादिन्. चक्लउ र. चेप्या को. षावा लिग्लिग्को आड़ गरि. राष का. मरा तिन. विर छन्. तिन लाई वोलाहाट. को रुका लेषन जास भन्दा. तिन को नाउ के के हो. भनि सुध्याया र. रणाजत

---

१ भानु ज्योतिषी अर्ज्याल । कुलानन्द ज्योतिषी ढकाल । २ कुन हो । । ३ जुँगा । ४ दिदा । ५ ब्राह्मण । ६ अतिथि पाहुना । ७ सरस्वती । ८ राज्य वंशमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बरन्यात्. मानसिं. रोकाहा१ विरभद्र पाठक्. मैथि मा रात. दिन. गरि आई पुक.२ भनि लेषी पठाव्या र. आइ पुगे र. तिन छेउ यकान्त. गर्‍या. भने दिकवन्धसेन सित. हाक दि. आव्या. नेपाल पनि देषि आव्यां. हाम्रा को. मनसुवा पनि राषी आव्यां. तिमि हरु क्या भन्छौ. भनि. मैल भन्दा. हान्नु हवस्. महाराजा. भने र. वस्लाइ दिया र. मैले भने म जसै. अर्का को छत्रभङ्ग.गर्न.म जांछु.मेरो छत्रभङ्ग३ गर्न अर्कोआयो भन्या.कसो होला.भनि.मैले.भन्दा.हजूर का. हाति.हउवा४ इ वाइसी५ चौविसि.आयो भन्या. चेप्या मा.रगत को.नदि वहाउला. माहाराजा. भन्या र. यकान्त वाट. उठि गोर्षा. गया र. पुगे पछि. मामा६ ज्यू. पनि निलकण्ठ७. पसुपति को दर्सन. लाई. देउघाट को. वाटो गरि. जानु भया को रहे छ. निलकण्ठ. पसुपति को. दर्सन भया. पछि. श्रीगोरषनाथ को दर्शन लाइ. गोर्षा मा आउनु भयो र. दर्सन भया पछि. म सित भेट भयो र. मैले भन्या. मामा ज्यू. मकुवानपुर. पनि. पुगि आव्या नेपाल पनि देषि आव्या. हाम्रा को. मनसुवा पनि. राष आव्यां. कति. कुरा ले. मेरो काज. फत्ये होला. चर्ति वक्सनु भया हुदो हो. भनि मैले भन्दा. मलाइ पनि. पञ्चरात्री मा. द्रिष्टान्त भयो. हामि ले देवता. पाच. पाण्डुवा को अवतार भया जस्तो लाग्द छ. कुरुक्षेत्र८ को मेला न भै. नेपाल फुट्ने

१ रोकाया। २ पुग। ३ राज्यनाश ।४ हात्ती होवा = हात्तीलाई हाउ भनि तर्साउने ५ परिशिष्टमा।
६ पालपाली युवराज उद्योतसेर। ७ नीलकण्ठहृद (गोसाई कुण्ड) का ८ महाभारतको युद्ध, अर्थात ठूलो लडाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन. लमजुन्. भन्या को गरुड़ हो. गोर्षा भन्या को· सरप हो· नेपाल भन्या को· भ्यागुतो हो. अघी· गरुड को· आषा छलनु तव सर्पले भ्यागुतो षान पाउछ· मेरा साथमा· चार जातका सिपाहि छन्. इन्मा. कस्को सवार. गऱ्या चाडो काज. फत्य होला. भनि सोद्धा. के के जात छन्· भनि सोधनु भयो र. बाहुन्. षस. मगर. ठकुरि इन मा. कस्को सवार. गऱ्या चाडो काज फत्य होला भनि सोद्धा: वाहुन्. को· सवार. भन्या को· बयेल होला· पातक् लाग्छ. ठकुरि को सवार. भन्याको सिंघ हो. पछाडि· दगा हुन्छ मग्र१ को सवार. भन्या को टागन घोडा हो ढिलो हुन्छ. षस को सवार. भन्या को ताजि· तुर्कि घोडा हो. षस को. सवार. गऱ्या. चाडो होला, भन्या जस्तो लाग्छ· भनि. अरू ढेरै कुरा को· अर्ति· दि जानु भयो थ्यो. उनै अर्ति. लिन्या र. लमजुग्या. राजा· रिपुमर्दसाह सित. भेट गर्न भनि गर्यां र. चेपे घाट मा. भेट भयो र घाहार घरेस्२ का बात गर्दा. जौना४ कुरा ले. घाहा. वाधुला. भने. अढ कुरो. मेरा पेट मा थियो. सोहि जढ कुरो. कालुपाडे ले. गऱ्यो र. घाहा वलियो बस्यो र. मलाइ आसर्जे लाग्यो र. तर मलाइ. ता रिझागो. दुनिञा जस् देषी. राजि रहन्छन्. उसै लाइ. काजाइ दिनु. भन्ने. सास्त्र५ मा पनि कहे को छ. दुनिया मा. बुझि हेरु. भनि. बुझि हेर्दा दुनिञा· बाट पनि. कालु पाडे को घाहा रहे छ र कालुपाडे लाइ.कजाई दिनु भया.

---

१ मगर २ सन्धि । ३ गृहप्रबन्ध । ४ जुन । ५ परिशिष्टमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामी दुनिञा. दार मा. छाहारि रहदो हो भंन्या. सल्लाहा दिया र. अब वाइसि चौविसि. ले क्या भन्छन् भनि. बुझ्नु. हुदा. बाईसि. चौविसि. वाट. पनि. कालुपाडे कै चाहा रहे छ र. कालुपाडे लाइ. कजाञ्चि भया. घाहा घराईस. वलियो राष्न्यै छ. भन्ने. सल्लाह दिया. मेरा मन मा ता. विराज१ वर्षात. लाई. कजाइ. दिन आटे को थियो. थिवो. तर. ज्याधा. बुढी. कालुपाडे कै ठहऱ्यो र. कालुपाडे लाई कजाञ्चि. भया को हो. अव. पाड़े. बस्न्यात. को जुग बाधि दिंछु. तेरि. छोरि. सिवराम बस्नतात् को छोरो. केहेसिंह वस्न्यात् लाई. देउ. भनि. मागि बिहे पनि गरि दिञा र. पाडे. बस्नयात् को जुग बाधि. पाडे को ढाल. वस्न्यात को. तरवार गरि. नेपाल मा चढाइ गऱ्या को हो. ॥

उपान्त ॥ रणजित वस्न्यात. मानसिंह रोकाहा. वीरभद्र. पाठक. इन लाई. गौटा२ को. विराइ. लिग्लीग. को. आड मा. राषि.मं पनि. सल्ल्यान्३ कोट. की देवी. साछ्यात. छन्. भनि. भन्छन् म. पनि. सायेत गरि. जान्छु" भनि विदा. गराया र. सायेत गरि. म पनि गञु र. बारि मा. थपुं४ पऱ्यो. र. सल्ल्यानीक को. थर. घर. वराहा.५. उमराउ. हरु. खित सुघाञा. माइ को दर्सन् गर्नु.

---

१ परिशिष्टमा। २ परिशिष्टमा। ३ बुढी गण्डकी का वार्पार पट्टिक घाँस काठवाँस र बाबियाले वनेको। ५ दर्शन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ की. भन्दा. भित्र दर्शण१ पुजाहारि. टहलुवा लाइ मात्रै भित्र दर्सन गर्नु हुन्छ. जो हुकुम्. भन्या र. ढोका मा ता हुन्छ कि. भन्दा ढोका मा ता हुन्छ, भन्या र साम्फ. यिहचान ढोका सम्म. जाइ. पाठ. पुजा. जप् दर्सन्. गर्थ्यां र.. यक दिन का. रात मा. सोपना भयो र दुइ हात मा. दुइ षड्ग. लिया कि. सात आठ वर्षकी कन्न्या. कुसुमे. पछ्यिउरा को घुगुटि२ पारि, म छेउ: आइन् र. मैले सोध्याव्यां. तिमि कसकि छोरी हौ। भनि मैले भन्दा. पुजाहारि राना कि छोरी हूं. भनिन् र. उ दुवै. षड्ग: मेरा,हातमा दिन र आरसि प्रमीन को, लाल टलवल्. गर्थ्यो षोकीला. वाट मिकी. मेरा मुष सम्म. मा ल्याई. यो पनि निल भनिन. र. तम्रो. मन कान्छया. पुर्‍याई. दिया को छ. म पनि केही माग्छु. थपि जाउ भनि. जसै. दुंई पाईला गै थिन्. उसै वेलामा म पनि विमझ्यौ र. भानु जैसि. कुलानन्द जैसि. पुम्फाहारि. राना लाइ. डाक्या र. सुध्याव्या. जैसि ले पनि, पुम्फाहारिले पनि. ति माई हुन्. दर्सन पाउनु भय छ. भने र उसै वेला मा. धुप दिप. धजा नैवेदे. नित्य पुजा लाई. सात रागा. सातै बोका थपि. बोर्लां घाटको, आम्दानी. र घाटै छेउ को टार. माई लाई. संकल्प गरि दिन्या र. उसै घरि को. सायत गरि. रात. दिन गरि. सरासरी आया र. सिमल्चौर. चोतारा मा थपुं हालि. वस्या को

१ दर्शन २ घुम्टोहाली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिव्या. दाबा भन्या. नुवाकोट् को. वहना. भन्या षिंच्यात् को. फुलो काटि षेत विराउना को. यरि राष्या थ्या. वेत्रावति का. वेनि इन्द्रायेनि का थान मा. डुंगा तरि. जप. पाठ लाइ जांथ्या. ध्यान भन्या. सल्ल्यान् कोट् की देवी को र. इन्द्रायनि१ भैरवी को गथ्या. महामण्डल भने को नुहाकोट२ को सवता रहेछ महामण्डल मा ग्यामि,राना थीयो. तं हाम्रा भर को ग्यामि होस्. महामण्डस छोडि दे. म छेउ आईज. भनी पठाव्या र. हुना ता म. हजुरै को हुं. तर. जयप्रगासमल्ल३ को. नुन् षाई हाल्या मरि मेटन्या छु. भनि हाक पारि. पठायो र. येक दिन. कचहरि मा. बस्या को थिव्यां. तान्रा लागे छ र तान्रै मा ता. इन्द्रायनि का थानमा वस्याको रहेछु" आजका, साता दिन मा. ठूलो सायेत छ. तेसै दिन. को सायतले. नुहाकोट साध्ये हुन्या छ,भन्याको सुन्या र पात्र हेरन. जैसी. भन्या र. पात्रो हेर्‍या र आजका. साता दिन. विहाउदो४ सनिश्चर५ वार ठूलो सायत रहेछ. भनि विन्ति गर्‍या र. उहि सायत मा महामण्डलमा. चक्लेउ र. तरवार. पर्‍यो६ र हाम्रा नुन का लेषले. भुकाई दिने पन्थ, वार्है बर्षमा, मेरा भाई. दलमर्दनसाह. ले जेठी रवार७ रानाको थापलामा हाल्यो र नुहाकोट साधे

१ वेत्रावती तल त्रिशूली तटको इन्द्राणी देवी। २ नुवाकोट।
३ ग्याँमी राना मगरको एक थर। ४ जयप्रकाशमल्ल।
५ विहाउदो। ६ शनैश्चर। ७ लडाई भयोर।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरि वढाई गरेछ र। कर्कनि. खिवपुरीमा ठाना हालि. मुर्चा१ लाइ राषथ्यछ मलाई प्रसुराम२ थापाले नेपाल हाम आछ भनि हात दिइ. राष्याथ्यो. आफ्नाभाईलाई लाष३ बिषि पुऱ्याउनु वाईसि. चौविसी. उठाई पछाडि हान्नु. भनि पठायछ र. मैले थाहा. पाञा र. कहा पुक्याको छ. भनि सुष्याञा र. पोषराको हटिया४ मा डेरा गरि बस्याको छ. भनि सुन्या र. त्यसलाई बैठाई आउनको सकौला भनि. सल्लाह गर्दा. कसैले. पनि ठहराउन. सकेन र मैले. भन्या म्कागल गुरू सक्ला भनि डाकी. अन्हाई मेरा. कंमरको कोवा५ षान्. दियां र. गयो र. पुाग. गाइनेको भेष गरि. हातमा. वल्लीको टागो लि. काषमा. सारङ्गी च्यापी. २४ धानिको. सहर लैगी. अरु उसका. लस्कर हरू. भात षान्या वषतमा. अवसर हेरि. बैठाई आयो र. पछाडी. युद्ध६ गरि. नेपाल. षोल्याई. पुरुव. पश्चिमका दुनियां हात गरि. नेपाल. लियथ्या ॥

उप्रान्त ॥ यो राजे दुई दुङ्गाको. तरल जस्तो. रहेछ चीन बादसाह. सित. ठुलो घाहा. राषनु. दषिनको. समुद्र७ का बादसाह. सित षाहा ता राषनु. तर. त्यो महाचतुर छ. हिन्दुस्थाना दबाई. राषे छ. सरजिमीन८ मा परि

---

१ सेनापतिलाईमानें तरवार। २ मोर्चा। ३ परशुरामथापा। ४ हाट। ५ खुकुरी सहित पेटी। ६ लगी। ७ अग्रेज
८ समथर भूमि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेछ· हिन्दुंस्थाना, जाम्यो१ भन्या· कठिन पर्ला. भनि· किल्ला षोज्न आउन्या छ. सन्धी. सर्पन· हेरि. गढि तुल्याई राषनु र रस्ता· रस्ता. मा. भाजा हालि· राष्नु र यक दिन. त्यो वलर आउन्या छ. जाई कटक३ न गर्नु. फिकी कटक गर्नु र. चुरे घाटि मा· षुपै काटिन्या छ. पाच· सात. पुस्ता लाई. षाजना पनि · मिल्ने छ· श्रीगंगाजी को साथ पनि लाग्नै छ· लडाई मा पुकेन४ भन्या· लोलो पोतो अनेक· कल छल· गरि· कन पनि· यो नेपाल को तषत किल्ला हो· यो किल्ला पायो भन्या । चारै व दसाह५ लाई. ब·हाला· लाउनै छ· इस्वरले रचना गर्न्याको. किल्ला रहे छ. स्वधनु पर्ने रहेन छ· सिवपुरी १ फुल्चोक २ चन्द्रागिरि ३ महादेव पोषरि ४ पालुं ५ दाप्चा ६ काहुल्या ७ ईन मा पनि किल्ला पक्की· वनाउनु किल्ला पिछे तोप लस्कट् गरि· रापी दिनु. र जति भन्ज्यांई छन् भन्ज्यां पीछे यक. यक फलामे. ढोका वनाई ढोका पिछे यक· यक. तोपलस्कट् गरि· राषी दिनु र. पपांच सिपाहि· राषी दिनु र· यस्व भया, पछि चेवा गर्या चर्चा गर्न्या भगन्या. नाम्न्या. दुकूवा फसादि. पुनि यस्ताहरू को पनि केही. चल्ने छैन. चारै. वादसाही चढ़ाई गरि आयो. भन्या पनि कसै को. केही चलन्य· नहने छ ॥

---

१ हिन्दुस्थानका राजा प्रजा आपसमा मिलेर जमेमन २ भूाम सेना । ३ लडाइ । ४ पुगेन सकिएन । ५ परिशिष्ट ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उप्रान्त ॥ राजा. रामशाह ले. वाध्याको थिति पनि हेरि सके. राजा. जयेथितिमल्लले१ वाध्याको थिति पनि हेरि सके. राजा. महिन्द्रमल्ल२ ले वाध्याको थिति पनि हेरि सके. इस्वर३ ले दियो भन्या. म पनि यस्ता. वन्देज. को. बाह्र४ हजार को थीति. बांधि जाला. भन्या. अबीलाषा थीयो.५ पुरव. पछिम् को रस्ता. बन्ध गरि.६ नेपाल को रस्ता चलाई दिउला. आफ्ना अना जात. विसेष.७ को. कर्म गर्नु. (भन्न.) बन्देज गरि जाला. यो तिन सहर. भन्याको. चिस्व८ ढुंगो रहे छ. षेल षाल. मात्रै. ठुलो रहे छ. कुप को पानि षान्या छेउ. वुधि९ पनि. हुदैन. सुरो. पनि हूँदैन. षेल षाल मात्रै रहेछ. मेरो. मनसुवा ता. दहचोकमा. दरवार वनाउला र. चारै दिसा. थर. घरको. गुरु प्रोहित भैयाद. भारादार. मिर, उमराउ को. घर बनाई छुट्टा. दरवार. वनाउला र. ई तिन सहर. मा ता. दरवार. बाट स्वष१० सयल्. लाई मात्रै जाला भन्न्या यस्तो. अबिलाष थीयो. ॥

उप्रान्त ॥ देश का महाजन लाई. गोड्‌ऊँ प्रसाह. देषो उम. आउन. न दिनु. देस का महाजन. हरु. हाम्रा. मुलुक मा. आया भन्या. दुनिञा कङ्गाल गरि छाड दछन्. हामी ले. स्यां गा.११ पांगा लाई तिन. सहर नेपाल र. नौलाष. किरा-

१ जयस्थिमिमल्ल—स्थितिराजयल्ल । २ महेन्द्रमल्ल । ३ ईश्वर । ४ परिशिष्टमा । ५ पूर्व—पश्चिम । ६ परिशिष्टमा । ७ विशेष । ८ परिशिष्टमा ९ बुद्धि १० सोख । परिशिष्टमा ११ परिशिष्टमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत१ र· हिन्दूपति को राज· आर्ज्य. थ्येउ. देस२ का कापरा. लगाउना· लाई· मन्हाई गरि दिनु· आपना देस को· कपरा बन्न जान्या लाई· नमना देषाई सघाउनु र· वन्न लाउनु र· यस्व३ भया· नगद विदेस जादैन. अपना· देस को जीनिस जरि बुटि. देस लै जानु र. नगत षैचनु· नगद षचि राषनु र. प्रजा मोटा· भया· दर्वार४ बलियो रहन्छ. राजा का. भंडार भन्या! का. रैतान हरु हुन· मुलुक मा. ईजारा५ पनि न दिनु· सर्षार बाट अमानित६ राषि· सर्षारिया तहसिल राषी· साल· व साल को कचा७ लिनु· क्या चुनी सिपाई भया· क्या भैभारादार भया· इन लाई दवलथ८ कमाउन. न दिनु· आदमी हेरि हुर्मत्९ मात्रै राषी दिनु. क्यान भनौला दवलथ् भाया का ले. तरवार मा पसि मर्न. मार्न. सकैनन् र· इरिप१० को चमक हुन्छ सिपाहि. भैं भारादार. ले, स्वष गरेनन् भन्या, चारै षुट् मा मेरो, तरवार. बजनै छ· स्वषमा, पसो भन्या. मेरा साना दुष ले आर्ज्या को. मुलुक होईन, सबै जात११ को. फुलवारि हो सबै लाई. चेतना भया, यो फुलवारिको छोटा बडा, चारै जात, छतिसै वर्न ले यो असिल्१२ हिन्दुस्थाना हो· अपना कुलाधर्म. न छोडनु.

---

१ किरात २ परदेष निषेध । ३ यसो । ४ स्वराज्य । ५ ठेका ६ अमानत । ७ लेखा बुझनु । ८ परिशिष्टम ९ सम्मान । १० शत्रु ११ परिशिष्टम १२ खास हिन्दुस्थानशुद्ध आर्यहरूको निवासस्थान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वामिन्१ को नुन्को उधार गर्नु. कालु२ बकर्दार का सन्तान लाई कबर्दारि. न छुटाउनु. दृषिन को. घाहा. सिवराम बस्न्यात् का सन्तान लाई· न छुटाउनु. भोट को. घाहा. कालु.· पाडे का. सन्तान लाइ न छुटाउनु पाडे. वस्न्यात्. पंथ. भैयाद. मंत्र लाई. मारातप्३ दिदा [?]आलो पालो पालो गरि. षान दिनु. ई. मेरा. नुन. गुन. का. स्वफा४ सेवक हुन्. ईनी हरु को जीव जान्या त्रिराम. गऱ्या को. भया पनि. आफुले न मार्नु बरु. मारातप दियेर लडाञी मा फोस्रि दिनु र. जिव. जोगाई आयो भन्या. बढिया भयो. मरि गयो भन्या. आफुले मार्नु अकैं बाट मारि दिया को बढिया हुन्छ. तब. राजा ले. सेवक लाई. घर मा न मार्नु. तब. राजा ले ठुलो. निव्या निसाफ. हुँदैन्. अन्याक मुलुक मा हुनः ब दिनु. निव्या. निसाप. विगार्या भन्या को. घुस लिन्या र. घुस षान्या. ईन. दुई को ता धन जीव. गरि लिया को पनि. पाप छैन. ई राजा का महासतुर५ हुन्. ॥

उप्रान्त ॥ जढ कुरो· राजा लाई चाहीन्या सिपाहि· हरु को. घर षेत· मिलाइ· दिनु र· मल्· जल गर्छन् र· डुवौ६ वोटि· भित्र हाल्न· पाउछन् र· कविला को निफिक्री७ हुन्छ. ढोका· मा भया· पनि· गौडा मा भया· पनि· सिपाहि हरु. को.

१ राजा। २ परिशिष्टमा। ३ अधिकार। ४ सोझो। ५ महाशत्रु
६ परिशिष्टमा। ७ निश्चिन्त.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाति वलियो रहन्छ. पजनि१ गर्दा मा पनि· सये नाल का· कम्पनी जभाउनु र· सये नाल२ का· सुवेदार चार. पाच· लडाञी मा जस पाई· आया का यस्ता· आफुलै३ जाचि सुवेदार· हाल्नु· सुवेदर· ले पनि· सात४ पगरि· दुइ चार· बाढ षाया५ का यस्ता सात पगरि हाल्नु. सात पगरि ले. स्वह्न· हुदा·६ हाल्दा आफु सित. मर्ने मान्र्यं जाची १६ हुदा. हाल्नु १६ हुदा ले पनि. आफु सित. मर्ने. मान्य. जाची. सिपाहि हालि. आपना आपना पट्टि भर्ना गर्नु. पट्टो पट्टी मा. सिपाहि पनि, षस. मगर. गुरूँ. ठकुरि. ईनै चार जात, मात्रै. षिचोला७ गरि. हालनु. र तर्वार, पर्दा साह्रो हुन्छ, लुहा क्यापन्या८ पनि, यिनै चार जात, मात्र हुन्, र तरयार पर्दा सह्रो हुन्छ र. वैरि त क्या. इन्द्र को· आसन् पनि डगाइछ. हजारौ धना हजारौ. पथर्कोला९ हजारौ· पुडा· हजारौ तोप, भया. इन्द्र को. आसन पनि डगाईछ. लडाञी मा पनि हान्न्या र सष१० दिन्या. इ. दुवै बरोवर हुन. जागिर दिदा. पिनल११ दिदा. दुवै लाई. बरोवर. दिनु. मन्नो

। १ सँचालन ।

२ बन्दूक । ३ ले । ४ परिशिष्टमा । ५ दुइ चार लडाइमा सफल प्रवेश गरेका । ६ हवलदार ७ मिसायेर ८ शस्त्रसञ्चालनमा समर्थ । ९ पत्थर ले चलाउने बन्दुक । १० सगाउने । ११ वितलप-तिरो न लाग्ने विर्ता (वीरता) ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्या. उसका छोरा. षुडा. हान्न्या. न हुन्ज्याल् मरवट् दिनु. षुडा हान्न्या भया पछि जागिरमा उकालि दिनु र राजाले विवेक. राषी दिया. देस देशका सिपाहि पनि आसा राषी आउन्छन् र. यस्व भया. तरवारीया सिपाहि हात लाग्छन्. राजाका सार भन्या को. सिपाहि र रैंत हरु हुन्. राजा चतुर भया. सिपाहि र. रैंति. हात हात गरि. राष्नु र. हुल्[1] कुल्. हुन पाउंदैन. सिपाहि भन्याको. तिषारि. राषनु. तिषारि. राष्या. का. सिपाहि कसैका मलाजा[2] मा. पर्तैनन् र. आफ्नु काज फत्य हुन्छ गुरु. मगर. षान जादा. भैयाद. भारादार. मिर. उमराउ. थर. घर. पुराना पुराना. जाची. घुंडा.[3] गौडा. मा राषनु. पुर्व. पछिम्. का षसवाहुन्.[4] लाई. दरवार मा. पैठ् हुनु न दिनु. क्यान. भनौला. वाहिडा मान्छयाले दरवार. मा विथिति. गराउन्छन्. राजा को हुकूम्. जफत[5] गरि राषनु. मैले ति थुम्[6] का. वह्रहा. उमराउ लाई ईन्द्रवज्र तुलाइ राष्या थ्या. नगरा. निसान. पनि दिई राष्या थ्या. वाह्र विस[7] को. गाडो (ठो) वावी (नी) दिया को थियो र. सल्ल्यानि. लिग्लीग्. धार्दि. का मुहुडा मा. जाहा जाहा काज गर्थ्यो. फत्य गर्थ्या. र यो अैस्वर्ज गऱ्या को हो. आफ्ना. घर का पुराना सेवक. जाची. हजूर मा. हरोदम् राषी. दरो-घस्त. वाधि. घर. वलियो राष्नु. यस्व भया. दरवार वलियो रहन्छ. राजाको चतुराइ भाया. सिपाही. रैति हात गरि. राषनु. कसै का. मजाजा. पछि. गुण7 लाग्नु न दिनु. नुन् पछि लाउनु. ॥

१–विद्रोह। २–पक्षपात। ३–आफूमङ्ग। ४–परिशिष्टमा।५–आफ्नै हातमा अटल। ६–परिशिष्टमा ७–२४० । को खानगी ७–घुस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उप्रान्त: || टक्सार[1] पनि चोषो चलाउनु. अदालथ मा पनि ढकुरि[2] जाचि डिष्ठा राप्नु मगर जाचि विचारि थाप्नु कचहरि पिछे यक यक पण्डीत राषी निआ शास्त्र वमोजिम अदालथ चलाउन् अदालथ का पैसा दरवार भित्र न हाल्नु फकीर फकिडा अतित जोगि सन्न्यासि ब्राह्मणहरू इनै लाई दछिना[3] भोजन चलाई दिनु उप्रे[4] का पैसा दक्षिणा चलाई धोति रुमाल् चलाइ दिनु यस्व भया असत्य को दोस् लाग्दैन षानी भया का ठाउमा गाउ भया पनि गाउ अरु जग्गा मा सारि कन पनि षानि चलाउनु गह्रो वन्न्या जग्गा मा घर भया पनि घर अरू जग्गा मा सारि कुलो काटि षेत्त बनाई आवाद गर्नु ||

उप्रान्त || केही वेलामा हात दिनामा पस्या र म लाई झिकाया र पछाडी दगा दिया र महादुष गरि पछाडि सुद्ध गरि वेपाल लाई मुर्चा लाआ थ्या जय प्रकासमल्ल का मतलप् लाई दषिन वाट नागा[5] झिकाया र नेपाल भित्र पस्न न दि सात गाउ भित्रै मा मिलाआं कास्मेरि[6] षान् नवाफ् मकुवानपुर मा चढ्यो र छअविस्[7] षोडा ले काटि धर्काई सिवाना कटाई आआं तिन चार पल्टन् लियेर सिदुलि गढि मा हांडीसाहेव[8] चढ्यो र वावाही पनि काटि पथर्काला च्यापि लाआ र लषनै[9] वाट तिन मुसल्मां मेरो चाकरी लाई नुवाकोट मा पिछा परि अयाका थिया ईनै वन्दुक को तुल[10] कलायेत तिनै मुसर मानले जान्या को रहे छ र सेषजग वर मम तकि भेषासिसं तिनै जना लाई अजिटनी दिया र तिलङ्गा[11] सधाया को हो नेपालको किताप[12] हेर्दा तुरकाना[13] मंग्रःत् मुग्लाना हुन्या रहे छ र तुरकाना अघि भइ गये छ

१ परिशिष्टमा । २ परिशिष्टमा । ३ दक्षिण भोजन । ४ उब्रेका । ५ परिशिष्टमा । ६ कासिम अली । ७ एक सय विस खाँडा ८ मेजर किनलाकूका साथमा आवेको प्रबन्धक निजामति आफसरहाँडि । ९ लखनऊ । १० सञ्चालन कौशल (तुल कलामत ठ्याक्ठुक् ढ्याङ्)। ११–परिशिष्टमा । १२–वृत्तान्त । १३–परिशिष्टमा ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मगरात् को राजा मै हुं. मुग्लानाको दोष मेटना लाई. आधा[1] थुम मेटी कम्पनी जमाया को हो. आधा पुडा आधा पथर. काला. बनाया को हो. सहे. नालका. कंपनीले. छरितो हुन्छ र. यस्व भया सय नालका. कम्पनिन्ने हजार. जवान लाई पाउंछ किल्ला किल्ला पिछे. यक् यक्. कंपनी राषी. गर्षा[2] दाषी. दिनु रजगेरा[3] वाधी. भरि. राषनु. ॥

उप्रान्तः ॥ म लाई. यवटा कुरा. को संध्यह[4]. लागि रहे छ. कुन्कुरो भन्या. मुग्लाना. नजिकै रहे छ. त्यस् जग्गा मा. छोकडा[5] पत्रीया[6] रह्या छन्. चित्रकार. भन्या का. कोठा मा. ढोलक् सितार. राग. तान. मा. भुल्नन्. राग तान् मा वडो ठुलो. मोहो हुन्छ र. दवलथ. पनि. षोलिन्छ. देस को. भेद. पनि. तिनै. ले. लै. जान्छन् र. हरिप ले दगा गर्छ. राग को अभ्यास. पनि. कसैले. न गर्नु. तिन जात लाई. पहाड आम. फदरफ[7] पनि. कसैले न षोल्नु. अथवा. फागु लाई. यक् दुई गरी. झिकि. चाडै विदा. गराई दिनु र. देषको भेद पनि. पाउदैनन्. आपना. स्वष सयलले. लाई ता सास्त्रत्रमोजिम्. को. तिनै सहर नेपाल को. नेवार हरु को नाच झिकाई हेर्‍या पनि. हुन्छ. यिन मा ता दिया को पनि. आफ्नै देश मा रहन्छ. यस्व भया. आफ्नु देस ग म न[8] रहन्छ. ॥

१–परिशिष्टमा । २–थुम् । ३–शेषभूमिको तिरो भरि राखनु ४–सन्देह । ५–पात्तर केटा । ६–पात्तरहरु । ७–आवत जावत । ८–सुरक्षित । परिशिष्टमा पनि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिशिष्ट

(पृष्ठ ३) एकदन्ता हात्ति र नवलाषि हिराको हार—

दिग्बन्धनसेन की वहिनी श्रीइन्द्रकुमारी संग मकवानपुरमा श्रीपृथ्वी नारायणसाहको विवाह हुदा कन्यालाई पहिराएका गहनाको नाम गोर्खावंशावलीमा चन्द्रहार लेखिएकोछ (पृ० १२९) त्यस चन्द्र-हारले सो ठाउ उज्यालो हुदा दीप जलाउनु परेन भन्ने पनि लेखि-एकोछ । पृथ्वीनारायणसाहले भनेको नवलाषि हीराको हार यही होला । 'नवलाबि' भन्ने एक पारिभाषिक शब्द हो । यसको अर्थ वहुमूल्य हो । कन्यादानका साथमा लगाएको यो हार दुलहीलाई दाईजो दिनदिग्बन्धनसेनले स्वीकार न गर्दा, उसै समय खलबल भै पृथ्वीनारा-यणसाह रित्तै फर्कनु भएको थियो । एकदन्ता हात्तीमा सम्भवत: दुलही लाई अन्माएका थिए । पछिबाट त्यसका सट्टामा साधारण हात्ती दिएका थिए । यस प्रकार एकदन्ता हात्तीका विषयमा पनि विवाद चलिरहेकै थियो ।

(पृ० ३) थर गर— श्री ५ द्रव्यसाहलाई गोर्खामा राज्यस्था-पना गर्नामा पसेका भारदारहरुमा गणेशपाँडे, नारायणदास अर्ज्याल, भगीरथ पन्थ, गङ्गाराम राना, सर्वेश्वर खनाल र केशव वोहारा यी छ थर मुख्य थिये । इनका सन्तानमा एक २ जना राजसभामा र युद्ध आदिमा राखने गोरखाली राजाहरुको नियम थियो । इनी छ थर कहिन्थे । बोलचालमा थरघर भनिन्थ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(पृ० २६) बाइस् चौबिसी–उस समय शल्यानादेखि बझाङ सम्म २२ राज्य र लमजुङ् तनहुँ देखि प्यूठाना सम्म २४ राज्य थिए। गोरखालीहरु यीनलाई बाइसी चौबिसी भन्दथे। बाइसी राज्यहरु:– जुमला–रुकुम–शल्याना–मालनेटा–फलाबाङ्–गुर्भाकोट–दाङ–छिल्ली जाजरकोट–जाहारी–रोल्पा–बाँफी–। दुल्लू–दैलेख–गोताम–। अछाम बिमकोट-मुसिकोट– (पल्लो) दर्ना–बझाङ–बाजुरा–थलहरा।

चौबिसी राज्यहरू:– लमजुङ–कास्की–नुवाकोट–तनहु–गरहु, भिरकोट–ढोर–पैयूँ। तनहुँ–रिसिङ्ग–घिरिङ्ग–गजरकोट। पालगा– गुल्मी–अर्घा–खार्चा। पर्वत–गलकोट–मुसिकोट–धुरकोट–इस्मा। प्यूठाना–खुङरी-भिङरी॥

(पृ० २७) शास्त्रमा पनि कहेकोछ—मनुस्मृति (७–५४) अनुसार सात वा आठ मन्त्री आवश्यक थिए।

मौलाञ्छास्त्रविदः शूराँल्लब्धलक्षान् कुलोद्गतान्।
सचिवान् सप्त चाष्टौ वा प्रकुर्वीत परीक्षितान्॥

कामन्दकीय नीतिसार (४–२५) अनुसार राजा र प्रजाका प्रेमापात्र भएका मन्त्री आवश्यक हुन्छन्—

कुलीनाः शुचयः शूराः श्रुतवन्तोऽनुरागिणः।
दण्डनीतिप्रयोक्तारः सचिवाः स्युर्महीपतेः॥

महाभारत शान्तिपर्व (८५-११) अनुसार मन्त्रीहरूले आफ्नो नीति प्रजाका सामुन्ने राखेर उनको स्वीकृति लिनु आवश्यक थियो—

अष्टानां मन्त्रिणां मध्ये मन्त्रं राजोपधारयेत्।
ततः सम्प्रेषयेद्राष्ट्रे राष्ट्रियाय च दर्शयेत्॥
अनेन व्यवहारेण द्रष्टव्यास्ते प्रजाः सदा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनै प्राचीन राजनीतिशास्त्र अनुसार रामसाहका समय देखि गोरखामा वैध शासन चलिआएको हुनाले पृथ्वीनारायणसाहले प्रधान मन्त्री नियुक्त गर्दा प्रजाको अनुमति लिएको देखिन्छ।

(पृ० २८) विराज बखेति– पृथ्वीनारायणसाहसंग काशीयात्रामा सफल परिश्रम गरेका हुनाले इनलाई मन्त्री गराउने इच्छा हुनु स्वभाविक थियो। तर निरंकुश शासन नहुनाले र प्रजाले न पत्यायेका हुनाले कालुपांडेलाई मन्त्री बनाउन बाध्य भये।

(पृ० २८) गोटान्को विराई—गोरखा देखि पर लमजुङ्ग देखि वर दरौंदी पारी चेपे वारि लिगलिग कोटमा वरिपरि गोपलिङ्ग खोपलाङ्ग भुशुण्डी छोप्राक आपपिप्पलभञ्ज्याङ् मिरकोट र गाईखुर्क आदि ठाउँलाई गोटानको विराई भनेको हो। खावाको अर्थ खाइहो।

(पृ० ७) वराहा उमराउ— चौविसी राजाहरुले राज्यका सीमानामा गढी बनायेर अध्यक्ष वा अमीर राखने गरेका थिये। इनको पदवी अमीर शव्दको बहुवचन उमाराउ चलि आयेको थियो। गढीका आसपासका जग्गा खानगीमा दियेर सैनिक भर्ना गर्ने अधिकार इनलाई थियो। उमराउहरू स्थायीरूपले रहदा भ्रष्टाचार पनि चल्दथ्यो। यसै कारणले पर्वतका राजा कीर्तिबम मल्लले आफ्ना भारदारलाई एक पत्रमा लोखेका थिये–'उमराहरूले कटक गर्न्या बल ल्यायाको छकि देश बुझाउन्या बल ल्यायाको छ त्यो याद पनि गर' स्थायी उमाराउहरूमा यो दोष हुने देखेर पृथ्वीनारायणसाहले प्रत्येक वर्ष परिवर्तन गर्ने नियम गरेका थिये।

(पृ० ३१) लाषिविषि– सैनिक सहायताका सट्टामा पहिले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक लाख विम रुपैंया दिने नियम थियो यतिको रूपैंया छोटा मोटा राजाहरू दिन समर्थ थियेनन् ता पनि जति दिये पनि लाखविसि भन्ने परिभाषा भनेको थियो । यो कुरा वंशावलीहरुमा पनि पाईन्छ ।

(पृ० ३२) चारै वादसाहि —भारत चीन रूस र रूमसंग अभिप्राय होला ।

(पृ० ३२) शिवपुरी ... काहुल्या—पहिले राजधानीको रक्षा अत्यावश्यक हुनाले उपत्याका का वरि परिका डांडामा चार दिशा पट्टी शिवपुरी फुलचोकी चन्द्रागिरि र महादेब पोखरीमा किल्ला (गढी) भनाउने निर्देश गरेका र यहाँ पछी उपत्याका देखि निकै टाडा रहेका पालुङ दापचा र काहुल्यामा किल्ला बनाउने निर्देश गरेका हुन । यी ठाउ नाकामा परेका हुनाले गढ बनाउन योग्य थिये ।

(पृ० ३२) फलामे ढोका— नाकाका गढीबाट वार पार गर्ने ठाउमा जो फलामे ढोका राखियेको थिये । तिनमध्ये सिन्धुली र चिसापानीका गढीका ढोकाहरु श्री ५ राजेन्द्रविक्रमसाहका समयसम्म रहेको उल्लेख यदुनाथ पोखऱ्यालले यसरी गरेका छन्—

पल्टन् को त निवास् उदेपुर गढी गढ् मत्स्यरेखा पनि ।
पौवा गढ् सिधुली महाँ तखतमा किल्ला त पक्का बनि ।।
पत्थरको गढ त्यो उचाइछ अती ढोका फलामका तहाँ ।
लाखौं वैरि निपता हुन्या छिनमहाँ यस्तो वषत्को कहाँ ।।६।।
चीसापानि गढो बढी तषतमा ऊँचा पऱ्याको अति ।
शीशागढ् भनि नाउँ चोषुट महा प्रख्यात् न जान्नू गति ।।
किल्ला जव्वरमा समूचंल अती लोहाक ढोका तहाँ ।
पान्हो अमून पानि पाश्चिमदिशा गढ् स्वर्गवास् लेक् महाँ ।।८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(पुराना कवि र कविता)

(पृ० ३३, वाह्लहजारको थिति– पहिले गोरखामा बाह्र हजार घर हुनाले राज्य भरको घर संख्या वाह्ल हजार मानियेको थियो। राज्यवृद्धिका साथ घरका संख्याको वृद्धि हुदै जादा पनि लागु हुने गरि वाह्ल हजार भन्ने शब्द एक परिभाषा बनेको थियो। पृथ्वीनारायणसाहका अन्तिम समयमा राज्य भएको घर संख्या पुगनपुग तीन लाख भएको हुँदो हो तापनि वान्ह हजार भन्ने पारिभाषिक शब्द प्रयोग गरेको देखिन्छ।

(पृ० ३३) रस्ता वन्द गरि–भोट र बङ्गाल विहारको व्यापार मुख्य गरि नेपाली महाजलका हातमा थियो ता पनि मुगलाना का सन्यासी र वैरागीहरु पूर्व पश्चिमका मुख्य हिमालयका घाटाबाठ लुकि छिपि व्यापारि माल लैजान्थे। यसबाट नेपाली ब्यापारीको हानी भैरहेको हुनाले सन्यासी वैरागी आदिको कालो वजार बन्द गर्ने पृथ्वीनारायणसाहको उत्कट इच्छा देखिन्छ।

(पृ०३३) चिस्व ढुङ्गो–उस समय ढुङ्गो शब्द राज्यका अर्थमा ब्यवहार हुन्थ्यो। चिसो ढुङ्गाको अर्थ सेलायेको वा फुर्ति न भयेको राज्य हो!

(पृ० ३३) गोढप्रसाह– शु. रू. गढ पर्सा पर्सा जिल्लाका लगभग माद्धमा पारसनाथको मन्दिर छ। इनै देवताका नामबाट जिल्लाको नाम रहेको र यस मन्दिर देखि थोरै पूर्व पट्टी पर्सा गढको खण्डहर अचेल पनि पाइन्छ। यसलाई गढपर्सा भनेको हो। यहाँ देखि वाहिरी तराइ समाप्त भयेर चुरेको जङ्गल सुरु हुन्थ्यो। बाराजिल्ला पट्टी यस्तै नाका बारागढीको खण्डहर पनि पाइन्छ। गढपर्साको अर्थ यस्ता सबै गढी सग सम्बन्ध राख्तछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(पृ० ३३) च्यांगा पांगा– स्वदेशी घरबुना लोग्नेले लाउने सेतो खाँडी कोरालाई च्याँगा र हर्रो मजिठो पाँगामा रंगाएका स्वास्नीले लाउनेलाई पाँगा भनेको हो। भाङ्रा पाखी खाँडी कोरा मोटा खस्रा जस्तै भये पनि स्वदेशीको नै व्यवहार गर्नु भन्ने अभिप्राय हो।

(पृ० ३४) सबै जातको फुलबारि हो– यहाँ सबै जात भनेर सम्पूर्ण प्रजालाई लियेको छ। सबै प्रजाको योटै फुलवारी मानेर पृथ्वीनारायणसाहले उदार विचार थामि लोकतन्त्रको भावना जगाई राखेको देखिन्छ।

(पृ० ३५) दुवौ वोटि–शु. रू. दुवै बोट। अर्थात्, मोहीबोटि र तलसीं बोटि। कविलाको अर्थ हो परिवार। ढोकाको अर्थ हो राजधानी।

(पृ० ३६) सात पगरि– अनुमान गर्न सकिन्छ कि, जमादार, सार्जङ्, निसान, अजिटन, भाट, पुरोहित र वाजानाइक्या होलान्।

(पृ० ३७) षसबाहुन– क्षत्रिय र ब्राह्मण। पूर्व पश्चिम भन्नाले आफ्ना राज्यदेखि वाहिर पूर्व पश्चिममा रहेका।

(पृ० ३७) तिन थुम– लिगलिगशल्यान र धादिङका गढीहरू वलियाँ भयेर पुराना राज्यलाई डग्न नदियेकाले राज्य बढाउन सजिलो भयेको हो भन्ने वाक्यको सारांश हो।

(पृ० ३८) टकसार पनि चोषो चलाउनु– मल्ल राजाहरूका टक शुद्ध चाँदीका ढालिन्थे। खाली चाँदीको मोलमा र टक मारेका चाँदीको मोलमा अन्तर रहँदैनथ्यो। जयप्रकाशमल्लले अलि २ गरि अरु धातु मिसायेर चाँदीका टक ढालेका थिये। पछि २ कसर ज्यादा बढाउदा खराव देखिन लागेका थिये। पृथ्वीनारायणसाहले शुद्ध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाँदीका आफ्ना नामका टक चलाउदै गरि खराब टकहरू चलनमा आउन रोके। खराब टकहरु भोटमा ज्यादा पुगेका र तिनको चलन नेपालमा रोकिंदा भोटसंग कलह चलेर वि० सं० १८४९ का चीन युद्धका समाप्ति पछि त्यो कलह शान्त भयेको थियो।

(पृ० ३८) ठकुरि जाची डिट्ठा राषनु—उस समयमा ठकुरि र मगरहरुमा स्वार्थीपन कम रहन्थ्यो र द्रव्यका लोभी हुँदैनथे। यसै कारणले घुस न चलोस भनेर इनलाई अदालत सौंपने काम पृथ्वीनारायणसाहले गरेका थिये।

(पृ० ३८) नागा झिकाया र—नागा झिकाउने रणजितमल्लको नाम पृथ्वीनारायणसाहले न लिई उनको सम्मान राखेका हुन्। पृथ्वीनारायणसाहले गुरु मानेका गुलावराम वैरागी उनसंग असन्तुष्ट भै जयप्रकाशमल्लसंग मिलेर ५००। सय नागा वैरागी लाई हतियार दी गोरखालीको घेरा उठाउन सिदुलिको बाटो गरि भक्तपुर तिर पठायेका थिये।

(पृ० ३८) तिलङ्गा—अंग्रेजहरुले पहिले तैलङ्ग देशमा युरोपीय शैलीसङ्ग जो सैनिक तयार गरेका थिये ती सैनिक वंगालमा आउदा बंगालीहरुले तिनलाई तिलंगा भनेका हुनाले यो नाम वन्दूक धारी सैनिकका निमित्त रूढि नाम बन्यो। वा गुरुङ् भाषामा पठ्ठा ठिटालाई तिलङ्गा भनिने र चुनि सिपाही पठ्ठा हुनाले सैनिकलाई तिलङ्गा भनिन्छ।

(पृ० ३८) तुरकाना पहिले भारतमा आक्रमण गर्ने महमूद गजनवी तुर्क थियो। तेस कारण पछिका अफगान र पठान आक्रमण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कारिहरुलाई पनि तुर्क भन्ने चलन चल्यो। पन्ध्रौं शताब्दीका आरम्भमा बंगाल का बादशाहले नेपालमा गरेका आक्रमणलाई यहाँ तुर्काना कहियेको छ।

(पृ० ३९) आधा थुम् मेटि— पृथ्वीनारायणसाहका राज्यमा थुम थुममा उमराउका अधीनमा सैनिक रहन्थे। उनले ई सैनिकलाई आधा मात्र थामी शेष आधा सैनिकलाई वन्दूकधारी कम्पनीमा परिणत गराएका थिये। मुगलका राज्यबाट आयेका बन्दूकले पनि शासन चलायेकाहुनाले मुगलका अधिकारको दोष मेटियो भनेका हुन्। सैनिक शक्ति वढाई अजेय हुनु पर्छ भन्ने अभिप्राय हो।

(पृ० ३९) गमन—गमनको अर्थ गम्भीर गम खाने खदिलो हो राज्यको धन वाहिर नगयेमा धन धान्यले पूर्ण भै फलने फुलने कुरा स्वाभाविकै हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०२१ साल माघ १ गते

श्री ५ महाराजाधिराज सरकारबाट भारतको नागपुरमा मकर संक्रान्तिका शुभ दिन भयेको हिन्दु सांस्कृतिक मेलाको लागी पठाई बक्सेको शुभकामना सन्देश

मित्रहरु,

सम्पूर्ण हिन्दु संस्कृतिमा हिमालयलाई देव भूमि मानिको छ। तेसको मध्यमणि समान विधाताःले नेपालको स्थापना गरी हिमालयको शोभा र नेपालको महत्व बढायेको छ। सम्पूर्ण हिन्दु जातिका आराध्य भगवान, पशुपति नाथले येस कारण येसलाई आफ्नो संरक्षणमा राख्नु भएको छ। शालिग्रामको मूर्त्तिको प्रादुर्भाव हुने पुण्यतोया गण्डकीले नेपाललाई पवित्र पारेको छ। स्वयं भगवान शङ्कराचार्यको इष्टदेव नृसिंह रूपमा शालिग्राममनै हुनु हुन्थ्यो, जसको विधिवत पुजन अहिले सम्म उहाँको शृङ्गेरी मठमा हुँदैछ। हिन्दू जगतमा भगवान् मुक्तिनाथको त्यहीर दर्शनि मान्यता छ, जति भगवान् बद्री नारायणको। यस प्रकार नेपाल हिन्दु समाजको परम पवित्र र महत्वपूर्ण देश हो भन्नु कुनै अत्युक्ति हुँदैन।

भारतीय हिन्दुहरूको लागि नेपाल सधैं प्रेरणाको अक्षयस्रोत बनेको छ। यतिमात्र होईन नेपाललाई गौरव छ कि भारतको धर्म संकटको वेलामा हिन्दुहरूको आश्रयदाता पनि नेपाल रहिआएको छ। भारतको प्रथम स्वतन्त्र संग्रामका सेनानी नाना शाहेब पेशवा आदि वीर नेपालमा नै आएका थिये। त्यसै पछि पनि भारतीय स्वतन्त्र संग्राममा नेपालको योगदान संधै रहि नै रह्यो।

नेपाल सदैव भारतको प्रहरीको रूपमा रहेको छ। दुवैको प्राय: एउटै संस्कृति छ र दुवै एउटै आदर्श जीवनबाट अनुप्राणित छन्। हाम्रो वैवाहिक सम्बन्ध विभिन्न रीतिरीवाज र खानपान कण्डै एउटै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छ । हामी सबै हिन्दुहरुको लागि यो खुशीको कुरो हो । यो सम्पूर्ण हिन्दु जगत्को लागि एउटा गौरवको कुरा हो ।

धर्म नै मानव जीवनको सर्वश्रेष्ठ तत्व हो । धर्मकै प्रेरणाबाट मानवले प्रारम्भ काल देखिनै महान् कार्य गर्दै आयेको छ । मानव-समाजको कल्याण धर्ममानै आधारित छ । यसै कारण नेपाल आज स्वतन्त्र सार्वभौम सत्ता सम्पन्न "हिन्दु" अधिराज्यको रूपमा छ । विश्वमा एक मात्र घोषित हिन्दुराज्य भएकोले हामी सबै हिन्दुहरुलाई हिन्दुत्वको नाताले गौरवको अनुभव हुनु स्वाभाविक हो । तर हिन्दु राज्य भयेता पनि हिन्दु धर्मको श्रेष्ठ तत्व ज्ञानमा अन्य सबै धर्महरुको प्रति सहिष्णुता र सम्मानको भाव हुनाले हिन्दु अधिराज्य नेपालमा धर्मको आधारमा कुनै पनि नागरिक सित भेदभावको व्यवहार हुदैन । संसारमा सुख, विश्वशान्ति' मानव मात्रमा भ्रातृभाव समता, असीम उदारता जस्ता महान् तत्व छन्, जसले हिन्दु धर्मलाई हजारौं वर्षदेखि अविभाज्य र अक्षुण्ण बनाई राखेको छ । यस धर्मको महानता यसैमा छ कि यसले विभिन्न धर्महरुलाई एउटै लक्ष्य प्राप्तिको लागि भिन्न भिन्न पथको रूपमा स्वीकार गरेको छ र यसले कहिले पनि कुनै धर्मको विरोधमा प्रचार गर्दैन । अरु धर्मप्रति सहिष्णुता, उदारता र सम्मानको भावना राख्नु हाम्रो नीतिमात्र होईन, हाम्रो मूलभूत सिद्धान्त र विश्वास पनि हो । यसै तत्वको प्रत्यक्ष आचरण नेपालको जन जीवनमा देखापर्दछ । नेपालका नागरिक अनेकौं उपासना पद्धतिका पालन गर्दा गर्दै पनि परस्पर स्नेह-पूर्वक बसेका छन् र नेपालको हितको कार्यमा संलग्न छन् । धर्मलाइ जोगाउन स्वतन्त्रता र सम्पन्नताको आवश्यक हुन्छ । यस दृष्टिबाट नेपालले आफ्ना नागरिकहरुको भौतिक सुख र समृद्धिको लागि पनि सफलता पूर्वक प्रयत्न गरि रहेकोछ । तर यसको अन्तिम उद्देश्य धर्मको पालन नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो । आज संसारलाई धर्मले मात्र रक्षा गर्न सक्दछ । यसै कारण, नेपालले प्राचीन हिन्दु परम्परा र राज्य नीतिमा आधारित पञ्चायत व्यवस्थालाई अपनाएको छ । यसको मूल लक्ष्य व्यक्तिको आध्यात्मिक विकास हो जसले गर्दा जीवनका आधारभूत मूल्यहरूको प्राप्ति गर्न सक्दछ । यसको निमित्त यस व्यवस्थाले समाजको प्रत्येक व्यक्तिलाई आपनो कर्तव्य उत्तरदायित्व तथा अधिकार प्रति चेतना उत्पन्न गराई उसलाई धर्मको मार्गमा अग्रसर गराउन चाहन्छ । देशका असंख्य किसानहरूलाई जीवित र जागृत पार्नको निमित्त यसै कारण भूमि-सुधार जस्तो महान र व्यापक कार्यक्रमको प्रारम्भ पनि नेपालमा गरिएको छ । नेपाललाई सर्व दृष्टिबाट विश्वका समक्ष एउटा आदर्श हिन्दु राज्यको रूपमा खडा गर्नो हाम्रो इच्छा छ र यसका लागि हामी नेपाली सधैं प्रयत्न शील छौं ।

नेपाल माथि हजारौं वर्ष देखि आक्रमण र संकटहरु बराबर परिरहे तापनि नेपालले आफुलाई त्यसबाट सुरक्षित राख्न सकेको छ । महान्, विभूति, सन्त र महापुरुषहरूले हाम्रो मार्ग प्रदर्शन गरेका छन् । धर्मले हाम्रो रक्षा गरेको छ । आफुलाई हिन्दु भन्नमा पनि भय र लज्जाको अनुभव गरिने कृत्रिम वातावरण उत्पन्न भयेको कालमा पनि नेपालले आफुलाई हिन्दुराज्यको रुपमा अक्षुण्ण राख्यो । सबै हिन्दुहरुलाई यस कुराको विशेष अभिमान हुनु पर्दछ ।

हिन्दुसमाज धर्ममा आधारित छ । एकता, भ्रातृत्व र प्रेमका शाश्वत सिद्धान्तहरू अन्तर्गत रही धर्मको बाह्य रूप परिवर्तनशील रहन्छ । सामाजिक र राजनैतिक संस्थाहरूको विकास भई रहन्छ र राष्ट्रिय जीवनमा नयाँ–नयाँ कुराहरूको प्रादुर्भाव हुदैजान्छ । हिन्दु समाजपनि समयको गति अनुसार अग्रसर हुदै जान्छ र हिन्दु समाज जहिले पनि गतिशील रहेको पनि छ । वातावरणमा हुदै गयको परि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वर्तनको अभाव यसमा परिने रहन्छ र समयको गति र माँगअनुसार यसमा पनि आवश्यक प्रतिक्रिया पर्दै जान्छ। श्रुतिहरूमा भनिएका मूल सिद्धान्तहरूलाई समय अनुसारको आज नयाँ रूप दिनु पर्ने आवश्यकता परेको छ। हिन्दुसमाजको भविष्य यसै माथि निर्भर गर्दछ। अतः आज समस्त हिन्दुहरूले यस कुरामाथि ध्यान दिनु आवश्यक हुन गएको छ। आजसम्म आफूलाई हिन्दु भन्नमा लाजवा। सङ्कोच मान्ने हिन्दु समाजलाई जोगाउन सुदृढ पार्न तथा विकसित पार्न धर्मको पुनरुत्थानका लागि अग्रसर भएर नै हामी आफ्नो राष्ट्र र समाजको रक्षा र विकास गर्न सक्नेछौं। समस्त हिन्दुहरूले यस कुरालाई राम्ररी हृदयङ्गम गर्ने आवश्यकता भएको छ।

यो खुशीको कुरो होइन। आज हिन्दुसमाजमा केही शिथिलता देखा पर्न थालेको छ। आजको हिन्दु विचलित हुन लागेको छ, धर्ममा उसको श्रद्धा डगमगाउन थालेको छ र यसलाई उदासीनताले घेर्न थालेको छ। अतः उसलाई फेरि स्वस्थ बनाई, आफ्नो उच्च उदात्त प्रकृतिमा स्थिर गर्नु र आफ्नो श्रेष्ठ हिन्दु जीवनको रचना तर्फ अग्रसर गराउन आवश्यक भइ सकेको छ। हिन्दुधर्म विश्वको सबभन्दा प्राचीन धर्म हो। यसको आफ्नो एउटा श्रेष्ठ तत्वज्ञान छ। संसारभित्र अनेक प्रकारका संघर्षलाई हटाई सबैको कल्याण गर्ने र सबैलाई सुस्थिर शान्ति प्रिय बनाउनको लागि प्रशस्त मार्ग यसमा छ। मानव भित्रकै दैवी अंशलाई जगाउने आध्यात्मिक तत्वज्ञान यसमा छ। आत्मालाई उत्तरोत्तर शुद्ध संस्कारित गरी परमात्मतत्वसंग तादात्म्यको अनुभूति गराउने क्षमता यसैमा छ। जबसम्म मानव समाजका आफ्ना यी आध्यात्मिक जीवनमूल्यहरूलाई पुनःस्थापित गर्नमा सफल हुँदैन तबसम्म आधुनिक संहारक शस्त्रहरूको निर्माणको होड् विश्वयुद्धको विभीषिका र विनाशतिर जाने भवितव्य हट्न सक्दैन। कारण परस्पर द्वेष र घृणाको भावनानै सङ्घर्षको कारण हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र भौतिक सुखको लालसालेनै स्वार्थ तथा मानवताभयेको पाशविक वासनालाई आमन्त्रित गर्दछ । आजको मानव दुर्भाग्यले यस विनाशको दिशामा बढ्दै गईरहेको छ र यसैकारण आपसी विद्वेष र संघर्षमा अल्झिँदै गइरहेको छ—मानवलाई यस डरलाग्दो स्थितिबाट धर्मले मात्र रक्षा गर्न सक्दछ । आज यसै धर्मको तत्वलाई प्रतिपादन गर्ने आवश्यकता छ । स्नेह र आत्मीयता प्रेम र सद्भावयुक्त जीवन बिताउनु नै हिन्दू धर्मको श्रेष्ट तत्त्वज्ञान हो । इनै गुणहरुमा आधारित जीवन रचना जसमा ईर्ष्या, द्वेष, कलह वा संघर्षको कुनै स्थान हुँदैन, न हुनुनै एउटा आदर्श जीवन रचना हो । नेपालले आफ्नो यसै जीवन रचनाको आधारमा समयलाई अङ्गालेर पञ्चायत प्रजातन्त्रको पद्धतिलाई स्वीकार गरेको छ भन्दा गौरवान्वित भयेको छ ।

आजको विश्व संघर्ष युगमा सुखी मानव जीवनको लागि हामीले यसै श्रेष्ठ तत्व ज्ञानको प्रतिपादन र परिचालन गर्नु पर्दछ अघि पनि सम्पूर्ण विश्वमा "वसुधैव कुटुम्बकम्" को रूप लिने यो तत्वज्ञान परिचालित भयेको थियो । अनेक प्रचारकहरू विभिन्न देशहरुमा गई यसको परिचालन गर्नमा सफल भयेका थिए । नेपालीकी सुपुत्री राजकुमारी भ्रकुटीको नाउ यसमा उल्लेखनीय छ । जसले गर्दा तिव्बत चीन र मङ्गोलियासम्म यो सांस्कृतिक उच्च जीवनको अनुसरण हुँदै आयेको थियो पश्चिमका अनेक देशहरूमा र पूर्वशियामा पनि हाम्रो संस्कृतिको प्रचारका अवशेष आजसम्म प्राप्त भइरहेको देखा परिरहेका छन् । कम्बोडियाको खुदाइमा शिव, उमा, शेषशायी, बिष्णु, ब्रह्मा, गणेश, स्कन्द, नन्दी र बुद्ध आदिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राचीन मूर्त्तिहरु फेला परेका छन । अङ्कोरको विशाल मन्दिरमा संस्कृतको शिलालेख रामायण र देवासुरसङ्ग्रामका चित्रहरु र ब्रह्मा बिष्णु तथा महेशका मूर्त्तिहरु पनि पाइन्छन् । थाइल्याण्डमा त हिन्दू संस्कृत भाषाको स्पष्ट प्रभाव देखिन्छ । चम्पा अर्थात अनाम मा सबै शिलालेख संस्कृत भाषामा पाइन्छन् । त्याँहा हिन्दू र बौद्ध मन्दिर नेपालमा जस्तै संगसंगै छन् । इ दुवै धर्मंमा त्याहाँ पनि नेपालमा जस्तै मेल देख्न पाइन्छ । फिलिपाइनमा पनि यही हिन्दु जीवनको प्रभाव मलाया र जावा हुँदै पर्न गएको छ । उनीहरुको भाषा र बोलचालमा संस्कृत शब्द प्रचुर मात्रामा पाइन्छ । बोर्नि-योको मूल निवासीहरुको आचार, व्यवहार, भाषा र मन्दिरमा हिन्दूधर्मको प्रभाव प्रष्ट झल्किन्छ । यति मात्र होइन जापानका मन्दिरहरुमा पनि धर्मचक्र मणिवन्ध कमलदल र ताण्डवको चित्र आदि अङ्कित छन् । मन्दिरहरुको गुम्वजमा कलश र चक्र अङ्कित भयेको पाइन्छ । सयकडौं चित्र हिन्दू कलामा आधारित छन् चीन मा पनि हिन्दुहरूको जस्तै सूर्यलाई अर्घदिने र पितृलाई श्राद्धगर्ने चलन पाइन्छ । मैत्रेय, अश्वघोष, नागार्जुन, बासु बन्धु, कुमारजीव आदि ग्रन्थकारहरूका संस्कृत ग्रन्थहरूको चीनी भाषामा अनुवाद भयेको छ ।

यसबाट यो स्पष्ट हुन्छ कि दक्षिण पूर्वी एशियामा हिन्दू संस्कार पर्याप्त मात्रामा पुगेको छ । वास्तवमा हामी सबैको एउटै आध्या-त्मिक प्रवृत्तिरहेको छ । यो यस्तो सूत्रहो जसलाई आफ्नो जीवन बाट कहिले पनि पृथक् गर्न सकिदैन । यो प्रवृत्ति जहाँ जहाँ—छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यहाँ–त्यहाँ यसको स्मरण गर्नाले ऐतिहासिक धार्मिक स्थान, नाम र महापुरुषहरू प्रति श्रद्धा सधैं अटूट रहन्छ। यहीनै हाम्रो एकता–को सूत्र आज पनि छदै छ। जापानका बौद्धलाई आज पनि सार–नाथ बुद्ध गयाको दर्शनको अभिलाषा हुन्छ। नेपालका हिन्दूको गङ्गास्नान काशीसेवन र कन्या कुमारीदेखि काश्मिरसम्मका पुण्यस्थलहरूका दर्शन जीवनको एउटा अभिलाषा र प्रेरणा भइ रहन्छ भारतका हिन्दूको लागि हिमालयको आकर्षण पशुपतिनाथ र मुक्तिनाथका दर्शन एउटा चिर आकांक्षा भईनै रहन्छ। संसार का कुनै भागका निवासी भये पनि हिमालयको आमन्त्रण सधैं उसलाई प्रेरित गर्दछ। यति मात्र होइन, अमेरिका, बेलायत र अरु पाश्चात्य युरोपीय देशहरूमा पनि जताजता हिन्दु सस्कृतिको पावन गङ्गा पुगेको छ। कहिले विवेकानन्दका माध्यमले त कहिले राम तीर्थको सन्देशबाट त्याहाँको जन जीवनले एउटा आवश्यक मोड पायेको छ र त्यसपछि त्यहाँबाट पनि भगिनी क्रिष्टइन भगिनी निवेदिता, एनिबेसेण्ट र मीराबेन गंगाको पावन तटमा (पावन) जन्मजन्मान्तर व्यतित गर्ने अभिलाषा लियेर नै पालन (पालन हिन्दू पुण्यभूमि' मा कर्मभूमिमा आयेको कुरा इतिहासले हामीलाई देखायेको छ।

सत्प्रवृत्तिको, आध्यात्मिक प्रवृत्तिको भोक फेरि जागृत गरी, एउटा प्रचण्ड सात्विक हिन्दु शक्तिको जागरण आज आवश्यक भइ सकेको छ। आज प्रत्येक हिन्दूमा समयानुकूल नवीन–चेतना उत्पन्न गरी आफ्नो जीवन रचेताको आदर्श विश्वको सामु खडा गरी पुनः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मादेखि परमात्मा तर्फ बढ्ने तत्त्व ज्ञानको आधारमा व्यवहारमा निपुण ऐहिक अभ्युदयशील मानवको सफल जीवन प्रत्यक्ष चरितार्थ गरी देखाउने आकांक्षा जागृत गर्ने आवश्यकता भयेकोछ । आफ्नो श्रेष्ठ तत्त्व ज्ञानको आधारमा स्नेह र पारिवारिक आत्मीयतायुक्त जीवनको अभ्यास तथा त्यस मार्फत् सम्पूर्ण विश्वको लागि कल्याण दायी हुने वातावरण र सो तत्त्व ज्ञानको सृजना हामीले नै गरेकोछौं । आफ्नो जीवनलाई आदर्श रूपमा उपस्थित गरी आज पनि हामीले विश्वबन्धुत्वको यो श्रेष्ठ परिकल्पना साकार बनाउनमा अमूल्य सहयोग दिनका लागि आज हिन्दू धर्मावलम्बीले नै सक्तछौं । नेपाल यसको लागि आफूलाई हिन्दू अधिराज्य घोषित गरी अग्रसर हुन पायेकोमा गौरव मान्दछ । नेपाललाई थाहा छ कि विश्वको प्रत्येक हिन्दू, नेपाललाई एउटा स्वतन्त्र सार्व भौम "हिन्दू" अधिराज्यको रूपमा हेरी आनन्दित हुन्छन् । गौरवान्वित हुन्छन् । नेपाललाई यस माथि अभिमान छ र आज पनि सम्पूर्ण हिन्दूहरूको लागि आश्रयी स्थलयमी बाँच्ने प्रयत्न नेपालले गरि-रहेको छ ।

यसको लागि आवश्यकता छ हामी सबै हिन्दूहरू एउटै सूत्रमा बाँधिई एउटै शक्तिको रूपमा खडा हुनु । त्यससूत्रबद्ध शक्तिलाई खडा गर्ने सफल प्रयास राष्ट्रिय स्वयंसेवक संघले गरिरहेको छैन भन्न सकिन्न । आज धर्म नै हाम्रो जीवन हो । यस धर्मसंग अलग भयेर, यसप्रति उदासीन भयेर हामी बाँच्न सक्दैनौं ।

नेपालका लागि भारतका राजदूत महामहिम श्री मन्नारायण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाट प्राप्ट उहाले लेख्नु भएको " भारतीय योजनामा समाजवाद " भन्ने पुस्तकको भूमिकामा स्वर्गीय पं० जवाहारलाल नेहरूले पनि भन्नु भएको रहेछ, हाम्रो प्रमुख उद्देश्य प्रत्येक व्यक्तिको आन्तरिक महिमा र यसलाई सञ्चालन गर्ने धर्मको परिभाषा नै हो भन्ने कुरा हामीले विर्सनु हुदैन ।" प्राचीन, महान् र विशाल हिन्दू धर्मका सदस्य भयेर आज हामी सवैलाई आफ्नो हिन्दूत्वमा गौरव र अभिमान छ। सम्पूर्ण विश्वका विभिन्न देशहरू मध्ये सम्पूर्ण हिन्दूहरूको जीवनलाई आश्वस्त पारी प्रखर तेजस्वी, वलशाली आदर्श हिन्दू जीवन विताउने प्रेरणा दिन योग्य वनाउने दायित्व आफ्नो हिन्दू भूमिमा बस्ने हामीहरुकै हुन आएको छ। यस सत्यलाई संकेर यहाँका वासिन्दाहरूलाई सुसंगठित स्वरूप दिने कार्यमा "संघ" संलग्न छ भन्ने थाहा पाउदा हामीलाई खुसीलाग्नु स्वभाविक हो। अखिल विश्वका हिन्दूहरूको यो सात्विक, अनुशाशित चरित्र सम्पन्न प्रभावी शक्ति खडागर्ने आफ्नो यस उद्देश्यको लक्ष्यप्राप्तिमा "संघ" पूर्ण सफलहोस, यही नै हामी सवैको शुभेच्छा हुनु पर्दछ। विश्वका संपुर्ण हिन्दू मात्रमा प्रतिनिधि स्वरूप एक मात्र सार्वभौम सत्तासम्पन्न स्वतन्त्र नेपाल हिन्दू अधिराज्यका तर्फबाट हामी नेपाली पनि यस गतिशील हिन्दू शक्तिलाई सहयोग गर्ने कामना राख्दछौं र भगवान श्री पशुपतिनाथ एवं गुह्येश्वरीसित प्रार्थना गर्दछौ कि यस कार्यलाई सफल वनाये र आदर्श हिन्दू तथा मानव जीवन प्रस्थापित गर्ने आशीर्वाद प्रदान गरून्।

धन्यबाद।

जयनेपाल।

जय हिन्द।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री ५ महाराजाधिराज सरकारबाट दाङ्गमा आयोजित बृहद् आध्यात्मिक सम्मेलनमा बक्सेको उद्घाटन भाषण

सभापति महोदय,

उपस्थित महिला तथा सज्जनवृन्द,

आज संसारमा मानवमात्रको सर्वाङ्गीण उन्नतिको निम्ति विश्वशान्तिको विशेष जरूरत परेको बेलामा यस किसिमले शायद सर्वप्रथम यस जिल्लामा यस्तो आध्यात्मिक सम्मेलनलाई संबोधन गर्न पाउँदा र उपस्थित सबैको स्वागत गर्न पाउँदा मलाई ज्यादै हर्ष लागिरहेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा समान हुन्छ, सर्वव्यापी हुन्छ र सर्वत्र हुन्छ भन्ने कुरा हामी हिन्दूधर्मावलम्बी बच्चा बच्चाको लागि पनि नौलो कुरो हो जस्तो मलाई लाग्दैन, तापनि अध्यात्म विषय यति गहन छ कि त्यसको व्याख्या कलम-मसीले गर्नु भन्दा शायद जसले जति आफ्नो आचार, विचार र अनुशासित जीवनले अनुभव गर्न सक्छन् त्यसले नै बढी जान्न सक्ने कुरो हो जस्तो लाग्दछ। त्यसैले यो देश, काल, धर्म या जाति विशेषमा मात्र सीमित रहने सानु र संकुचित वस्तु होइन भन्नु अत्युक्ति नहोला। अनन्त, महान् र घनत्वसंग प्राकृतिक ढङ्गले सम्बन्धित यस विषयमा नश्वर मानव मस्तिष्कले अठोट गर्दा विभिन्न समयमा, विभिन्न देशमा विभिन्न तरहले मानव समाजमा यसको प्रयोग र प्रतिपादन पनि विभिन्न ढङ्गले हुन जानु अस्वाभाविक होइन भन्ने पनि हाम्रा तत्वदर्शी पूर्वजहरूको मन्तव्य हाम्रो सामु छँदैछ। यो पनि जहां सम्म मलाई लाग्दछ, स्वभाविक कुरो हो र जुनसुकै वस्तुको पनि परिवर्तन नगरेर प्रगति पनि त हुँदैन। यसैले होला हिन्दुधर्म अति विशाल छ र हामी हिन्दुहरू धार्मिक सहिष्णुता र विचार-स्वतन्त्रतालाई सदैव काल र परिस्थिति अनुसार मानव जीवनका अभिन्न अङ्ग पनि सम्झन्छौं। उपमाका रूपमा भनुं भने जस्तो विभिन्न रङ्गका गाईहरू चाहे ती जे रङ्गका छन्, तर ती सबका दूधको रङ्ग कदापि रङ्गिविरङ्गी हुन सक्तैन। त्यसरी नै चाहे जेसुकै रङ्गका बल्ने तेल वा विभिन्न आकार-प्रकारका बत्तीका सुनहरु छन् जब ती बल्दछन् त तिनीहरु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैमा अन्धकार हटाउने एउटै पवित्र क्षमता हुन्छ, त्यस्तै विभिन्न धर्म र दर्शनहरु भए पनि तिनीहरुको सार एउटै हो, देश, काल, अवस्था अनुसार विभिन्न बुद्धि र रुचिको सन्तुष्टिको लागि मात्र तीनीहरुका रुपरङ्ग विभिन्न भएका हुन् भन्ने सत्यको प्रतिपादन र परिशीलन परापूर्व कालदेखि नै हाम्रा प्रातः स्मरणीय ऋषि मुनिहरुले पनि हामीहरुलाई यही हिन्दुधर्ममा नसिकाइं आए जस्तो लाग्दैन। त्यति मात्र होइन, हामीलाइं यही हिन्दु धर्मले ढुङ्गा, मुडा, आगो, पानी, आकाश, पृथ्वी, रुख, पात र काग, कुक्कुरसम्मलाई पनि पूजा गर्ने घृणा नगर्ने शिक्षा दिन्छ र अद्यावधि हामी धेरैजसोले समय समयमा शायद गर्दै पनि छौं। यो विचारको महानता हो। यो नीचता र संकुचित भावना होइन, यही नै प्रजातन्त्रको मूल सार हो।

यही सारको ठीक तरीकाले समाजमा प्रयोग गर्न हामीले दलविहीन पञ्चायती प्रजातन्त्र अपनाउनु पर्‍यो। आज संसारले पनि क्रमशः हाम्रो नीतिलाई चिन्न थाले, यो हामी सबै नेपालीको लागि सन्तोषको कुरा हो।

यो सत्य, एकता र समानताको परिपालनलाई मानव भ्रातृत्व र विश्वशान्तिको निमित्त आजको संसारमा अँझै बढी बुझेर मान्यता दिनुपर्ने जरुरी छ भन्ने ठान्दछु। संयुक्त राष्ट्र–संघको वडापत्रमा पनि यसमा विशेष जोड दिएको कुरा हामी सबैले जानेबुझेकै छौं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यति हुँदाहुँदै पनि यो अपशोचको कुरा छ कि हामी जो हिन्दु धर्मको घमण्ड गर्दछौं, हामीमा एकता छैन, समष्टिकरणको कमी छ। दुःख लाग्दो कुरा छ, क्षणिक सुख र स्वार्थको लागि मान्छेले अनुशासन र नैतिकतालाई एकातिर पन्क्याई न आँफू केही गर्दछौं, नअर्काले गरेको सहन सक्तछौं, अँझ त्यति मात्र होइन, अर्कालाई सताउनसम्म पनि तम्सिदै, अनावश्यक कुराम अर्काको चेंवा, चासो र जाहाँसम्म पनि गर्दछौं, यो दुःखको कुरा हो। यो मानव समाजको उन्नतिको बाटो होइन, अवनतिको मार्ग हो भन्न कर लाग्दछ र कता कता आफ्नोमूल लक्ष्य, आदर्श र महानतालाई विर्सेर हामी अलमलिएकाछौं जस्तो लाग्छ। यो सत्य कुरालाई मात्र हामीले लाज मान्नु पर्दैन बरू बेलैमा ठीक ढङ्गले सम्हाल्नु पर्दछ भन्ने मेरो उपस्थित सबै विद्वान्-वर्गमा विशेष अनुरोध छ।

मान्दछु, हामीले आजको आधुनिक संसारमा बसेर वैज्ञानिक, भौतिक उन्नतिलाई पनि अवहेलना गर्न मनासिव हुँदैन र ईश्वरका सृष्टिमा कुन व्यक्ति त्यस्तो होला जसले आफ्नो उन्नति नचाहोस्, तर मान्छेको लक्ष्य भौतिक उन्नति मात्र भएमा वास्तविक एवं स्थायी उन्नति सम्भव हुँदैन, यसले मात्र हामी कसैले पनि कदापि मानसिक शान्ति र सन्तोष पाउन सक्तैनौं। त्यसैले हाम्रो लक्ष्य अवश्य पनि विज्ञानको साथसाथै आत्मज्ञान र धर्मसाधनतर्फ एवं नैतिकतामा आधारित भौतिक उन्नतितर्फ पनि हुनुपर्दछ भन्ने नै हिन्दुधर्म र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शनको मूल शिक्षा हो भन्ने नै मेरो धारणा छ। तसर्थ, आज यहाँ उपस्थित तथा विश्वका सबै हिन्दुधर्मावलम्बी विद्वान् महानुभावहरूसँग फेरि अपील गर्दछु कि हिन्दुधर्मक विशाल निचोडलाई आजको समय र परिस्थिति सुहाँउदो बनाई सांसारिक दैनिक जीवनमा अपनाउन चेष्टा सबैबाट हुनुपरेको छ जसले मानव समाजको बढी कल्याण होस्; उन्नति होस्। यो महान् कार्यमा सबदो सहयोग र सहायता गर्नमा नेपाल र नेपाली पछि पर्ने छैन र यस कामको निमित्त यसै सम्मेलनबाट एउटा स्थायी समिति बनोस् भन्ने पनि मेरो अनुरोध छ र आशा गर्दछु यसमा सबैको सहमति पनि मिल्ने छ। जहाँसम्म मैले बुझ्न सकेकोछु, संसारका सबै धर्म र दर्शनको सारभूत शिक्षा पनि यही नै जस्तो लाग्दछ।। धर्म, दर्शन र आध्यात्मिकतालाई अवश्य पनि आजको आधुनिक समाज सुहाउँदो परस्पर मेल, सहयोग तथा सद्‌भावको प्रमुख साधन बनाउन सक्नु पर्दछ, तथा यसो हुनुमै तिनीहरूको सार्थकता छ र यो हिन्दुधर्मको गहराइबाट हाम्रा पूर्वजहरुको परिपक्व विचारलाई नै अपनाई ढाल्न सक्तछौं जस्तो पनि लाग्दछ।

अझै भन्ने हो भने हिन्दुधर्म र दर्शन यति विशाल र उदार छन्, कि जुनसुकै समयमा पनि यसका आधारभूत सिद्धान्तहरुमा समय र समाज सुहाँउदो विशेष परिवर्तन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरिकनै अपनाउन सकिन्छ । तर आदर्श जतिसुकै उच्च र विशाल भए पनि तिनीहरुको उचित मान्यताको परिपालन ठीक ढङ्गले ठाउँमा भएमा मात्र देश र समाजको लागि उपयोगी हुन सक्तछ भन्ने तथ्य हामी कसैले पनि कहिल्यै विर्सनु हुँदैन । यस सत्यतर्फ पनि यहां उपस्थित सबै विद्वान्‌हरुको ध्यान आकर्षित गर्न चाहन्छु ।

यस आदर्श तथा यसका मान्यताहरुको व्यापकतालाई अँझ आधुनिक ढङ्ग ले, अन्धविश्वासलाई त्यागेर स्पष्ट गर्नमा र त्यसको परिपालन गर्न गराउनमा यो आध्यात्मिक सम्मेलनले महत्वपूर्ण योगदान दिन सक्नेछ, भन्ने आशा तथा विश्वास राखेको छु ।

अन्तमा, धेरै समय लिन चाहन्न र मैले पनि आजै काठमाण्डौं पुग्न परेको छ, त्यसैले यहां भेला भएका अध्यात्म प्रेमी विद्वान् महानुभावहरु र उपस्थित सबैलाई हार्दिक अभिवादन गर्दै यस सम्मेलनका कर्मठ आयोजकहरु र खासगरी योगी श्री नरहरिनाथजीलाई समेत हार्दिक धन्यवाद दिन्छु ।

जय-नेपाल !

दाङ्ग, पश्चिम नेपाल चैत्र १ गते, वि. स. २०२२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दाङ्गमा आयोजित विद्वत्सम्मेलनमा स्व. श्री ५ महाराजाधिराजबाट बक्सेको भाषण

उपस्थित विद्वद्वर्ग, महिला तथा सज्जनवृन्द !

आज गौरवमय इतिहास, परम्परा र संस्कृतिले ओत-प्रोत भएको हाम्रो नेपालको यस भागमा संस्कृतिसंग सम्बन्ध भएको संस्कृतका विद्वान्हरूको बीच आफुलाई पाउँदा हर्ष लाग्नु स्वाभाविक हो र उपस्थित सबै अतिथिवर्गको हार्दिक स्वागत गर्दछु । संसारको सभ्यताको ईतिहासको विकाशमा संस्कृतको महत्वपूर्ण देन छ । वैदिक कालमा कस्ता उच्च आदर्शहरु र उत्कृष्ट भावनाहरूको ऊठान भएर आर्य संस्कृतिको प्रवाह बग्दै आयो, हाम्रो दैनिक जीवनमा नै त्यसको कस्तो प्रभाव परेको छ, प्रत्यक्ष छ । संस्कृतको ज्ञान नभई हामीले आफ्नै आचार-विचारको मर्म पनि बुझ्न सक्तैनौं । सायद, समयको परिवर्तनले गर्दा होला त्यही ज्ञान नभएर हामीले हाम्रा गहकिला कुराहरूमा पनि नबुझेर श्रद्धा घटाउँदै लगेका छौं र खास गरी हाम्रा नेपाली नवयुवक-युवतीहरू यस विषयमा दुविधामा परी न अलमलिएका छैनन् भन्न करै लाग्दछ ।

पुरातन कालदेखिनै नेपालले संस्कृतमा दिलचस्पी लिएको बुझिन्छ र तरक्की पनि गर्दै गएको हो । हामीले हाम्रै शैक्षिक इतिहासलाई नियालेर हेर्‍यौं भने पनि यो भन्न सक्दछौं कि धेरै कालसम्म नेपालको शिक्षा पद्धतिनै संस्कृतमय थियो । शायद सबै नेपालीले यसलाई अङ्गालेका थिए । यी कुरा हामीसंग भएका शिलापत्र, ताम्रपत्र, सन्धिपत्र र ग्रन्थपत्रहरुबाट पनि प्रमाणित हुन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो सगरमाथा जस्तो संसारको सबभन्दा अग्लो चुचुरो भएको हिमवत्खण्डको माहात्म्य पनि सांस्कृतमानै पाइन्छ। हुन पनि सतीशिरोमणि तथा आदर्शगृहिणी श्री जानकीजीको मात्र होइन, विश्वशान्तिका प्रसिद्ध पूजारी युवराज सिद्धार्थ (भगवान् गौतम बुद्ध) को पनि यही पावनभूमिमा प्रादुर्भाव भयो। यही भूमिमा वाल्मीकिले रामायण महाकाव्य लेखे, जड भरतले वानप्रस्थाश्रम बनाए, पुलस्त्य र ऋष्यश्रृङ्ग ऋषिले तपस्या गरे। वात्स्यायनले कामसूत्र लेखे। गोरखनाथ, मत्स्येन्द्रनाथवाट र नाथसम्प्रदायवाट पनि देश-भाषालाई ठूलो प्रेरणा मिल्यो। पछि पनि छिमेकी राष्ट्रहरू तथा विदेशमा नष्ट–भ्रष्ट भएर गएका कैयन ग्रन्थहरुको यहींनै संरक्षण भयो। कैयन विद्वान्‌हरु आएर यहीं बसे, यहीं फूले-फले। यी सब कुराको पुष्टि हाम्रा पुस्तकालय, आगम, मन्दिर, गुम्बाहरुमा रहेका ग्रन्थहरुवाट मिल्दछ। धेरै जसो विषयमा एक-से-एक अमूल्य ग्रन्थहरू हामीकहाँ हस्तलिखित रूपमा अद्यावधि छँदैछन्। यो सबैलाई जान-कारी भएकै कुरा हो।

तर समय परिवर्तनशील छ र समयले पल्टा खाँदैं आयो। संसारका विभिन्न उन्नत राष्ट्रहरूमा भौतिकवाद जतासुकै व्याप्त हुन थाल्यो, सांसारिक भोग विलासनै मानव-जीवनको लक्ष्य बन्दै आयो। अनि आध्यात्मिकवादलाई चाहिदो नचाहिदो बुढी-रूढी र मत-मतान्तरले धमिल्याउनु प्रायः स्वाभाविकै भयो। हाम्रो प्राचीन र उप-युक्त ग्रन्थहरूको अध्ययन पश्चिमी विद्वान्‌हरूले गर्न थाले, सार निकाले, आलोचना गरेर फाइदा पनि उठाए। पश्चिमी शिक्षा र चाल चलन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मा विस्तारै रङ्गिएका हामीहरूले पनि ऊतैतिर आँखा लगाउन लाग्यौं । उनीहरूले प्रतिपादन गरेका विषयहरूमा क्षणिक सुखभोगको लालसाले आँखा चिम्लेर वढ्ता आस्था देखाउन लाग्यौं र हाम्रो महत्ता चिनाउने आज उनीहरू भए भन्न कुनै अत्युक्ति हुँदैन र यतातिर संस्कृतज्ञहरू सेलाउँदै गए । हामी खाली हाम्रो शास्त्रमा यस्तो छ भन्ने कुरामा मात्र गर्व लिन लाग्यौं र व्यावहारिक हुन सकेनौं । रटन्ते विद्यामा मात्र ज्यादा जोड दिन लाग्यौं । समयलाई चिन्ने कोशिश गरेनौं, आवश्यक अनुसन्धानपट्टि दृष्टि दिएनौं । यो ज्यादै दुख:को कुरा छ, यसैको फलस्वरूप आज हामीहरूमा क्रमश: आत्महीनता आयो, मानसिक दुर्बलता हुन लाग्यो, अनुशासन, आचरण र सच्चाईबाट हामी पछि पर्न थाल्यौं । यसैले अब हामीले यस्ता कुरामा लाज मान्नु हुँदैन, बरू भएका भूलहरू सुधारेर समयलाई चिन्हेर सुहाउँदो ज्ञान र विज्ञानको समन्वयले प्राचीन इतिहास र परम्पराको जग न खलबल्याई, तर आधुनिक व्यावहारिक कर्म र चरित्रमा कसरी आवश्यक सुधार गर्नु पर्दछ, आज म यसै विद्वत् सम्मेलन द्वारा संसारका सम्पूर्ण संस्कृतका अनुयायी, लेखक, कवि, विद्वान्, पण्डित, विशेषज्ञ सबै छेउ हार्दिक अनुरोध गर्दछु अपील गर्दछु कि अब यस कुरामा ठोस अनुसन्धान र व्यावहारिक कार्यान्वयन हुनु नितान्त आवश्यक भएको छ, हुनु पर्दछ ।

हुन त यस्ता गहन विषयमा बढता कुरा गर्नु म कुनै विद्वान् होइन तैपनि यो खुसीको कुरा छ कि आज हाम्रा संस्कृतज्ञहरुको दृष्टिकोणमा पनि परिवर्तन देखिन लागेको छ र त्यसकै फलस्वरूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामी आज यहाँ जम्मा भएका छौं, उदारता र आत्मगौरवका साथ समय सुहाँउदो गरी हामीले हाम्रा पुस्तकालयहरूमा भएका ग्रन्थहरूको अध्ययन र अनुसन्धान निष्पक्ष ढंगले गर्दै गयौं भने हामी यो पनि फेरि एक दिन देख्नेछौं कि विज्ञान पश्चिमी सभ्यताको मात्र पेवा होईन । हामी संग पनि एकसे एक वैज्ञानिक ग्रन्थहरु छन् । त्यसबाट जीव-शास्त्र वनस्पति-शास्त्र, आयुर्वेद र रसायनशास्त्रमा ठूलो असर पर्न सक्दछ । विज्ञानज्ञाताहरुलाई संस्कृतको ज्ञान भएन र संस्कृतज्ञहरुलाई विज्ञानमा अभिरुचि भएन भने अब हामीले यो समस्या हल गर्न सक्दैनौ र यी दुवैको समन्वय हुनु पर्दछ । अनिमात्र शुद्ध अनुसन्धानको वातावरण बन्दछ र अनिमात्र संसारमा ज्ञान र विज्ञान द्वारा सुख, सुविधा र शान्ति हुने छ, मानव-समाज फल्नेछ फुल्नेछ ।

अर्कोतिर-दर्शनमा पनि हाम्रो नेपालको एउटा विशेष देन छ । विदेहदर्शन याज्ञवल्क्यस्मृतिको साथसाथै बौद्धदर्शनको पनि यहाँ प्रादुर्भाव भयो, परन्तु यी दुबै दर्शनको समुन्नतिबाट नेपालीहरुले समन्वयवाद निकाले, अन्यत्र भैं आपसमा अमेल हुन दिएनन् । धार्मिक तथा व्यावहारिक सहिष्णुताने हाम्रो दर्शनको आधारस्तम्भ भयो र हो । 'वसुधैव कुटुम्बकम्' को भावनाने यसको स्रोत हो । हामी तर्पण गर्दछौं, जड चेतन सबै प्राणीमात्रको तृप्तिको कामना गर्दछौं, देवता पितृ सबैलाई मान्छौं, कुनै कर्म गर्दा पनि फलको आशा न राखेर कर्तव्य सम्झेर गर्नु नै उत्तम हो भन्ने कुरामा विश्वास सिद्धान्तहरुमा मनि गहिरिएर जरो हाल्न सके विश्वास भइरहेका विघ्नबाधाहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पन्छिन्थे र 'सर्वभूतहिते रताः' को सच्चा स्वरूप देखन पाइन्थ्यो भन्न म असमर्थ ठान्दिन, तथा यही समन्वयवादमा नै हाम्रो निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्था आज निर्विकल्प व्यवस्था हुन आएको छ भन्दछु ।

हामी समन्वयवादमा विश्वास राख्दछौं । समन्वयात्मक दर्शन द्वारा नै विश्वासमस्या हल हुन सक्तछ भन्ने हाम्रो धारणा छ । हाम्रो असंलग्न परराष्ट्रनीति पनि यसैमा आधारित छ । त्यसैले पनि यस तर्फ आज हामीले पाईला चाल्नुपरेको छ भन्नु म आफ्नो यो कर्त्तव्य ठान्दछु । अध्ययन, अनुसन्धान र अध्यापनको दरकार परेको छ । यी सबै कार्यमा संस्कृतका विद्वान्हरुको ठुलो उत्तरदायित्व थियो, छ र हुन्छ भन्ने कुरामा पनि मलाई शंका छैन ।

यो खुशीको कुरा छ—विशेष रूपले परापूर्व काल देखिनै बखत बखतमा आई परेका अनेक विघ्नबाधालाई पन्छायेकाले परिस्थिति र जन–आकांक्षा अनुरूप नेपालले आफ्नो अस्तित्व र नेपालीले आफ्नो व्यक्तित्वलाई बचाई आएको छ । यस कार्यमा पनि हाम्रो संस्कृति परम्परा र हाम्रा वीरपूर्वज तथा विद्वान्हरुको ठूलो देन छ । यो पनि संसारका सबै विद्वान्बाट छिपेको कुरा होईन ।

आज एकमात्र हिन्दु राष्ट्र नेपालमा संस्कृत विश्वविद्यालयको खाँचोको हामी नेपाली सबै र खास गरी नेपाली विद्वान्हरुबाट महसुस नगरेका होईनौं, तर यो कहिले सम्भव हुनसक्छ, कस्तो साँचो-मा ढाले देश सुहाउँदो हुन सक्ला, के गरेर आधुनिक ढंगले हाम्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वत्ताको परम्परा कायम रहन्छ भन्ने कुरामा यहाँ उपस्थित विद्वान्‌हरूबाट यो छलफल हुन लागेकोछ, त्यसको म सहर्ष र सहृदय स्वागत गर्दछु तथा यो पनि भन्न चाहन्छु कि अब हाम्रो कसैले पनि आँखा चिम्लेर अंधविश्वासमा विना कारण कुनै कुरामा पछि लाग्नु नेपाली समाजलाई शोभा दिदैन र जुनसुकै शिक्षालय तथा विश्वविद्यालय सम्म त्यस्तो कार्यक्रम तैयार पार्नुपर्दछ कि त्यस शिक्षालय वा विश्वविद्यालयबाट निस्केको कुनैपनि नेपाली विद्यार्थी सर्वप्रथम अनुशासित, चरित्रवान् र आधुनिक नेपाली हुन सकोस, बन्न र वनाउन सकोस। यसमा अर्को कुनै तर्क हुन सक्तैन। यो पनि म आज यहाँ भन्न चाहन्छु।

यसै सिलसिलामा यस जिल्लाका जनता छेउ पनि फेरि एक पल्ट आइ यसरी भेटघाट गर्न पाएकोमा म ज्यादै खुसी छु। आज हाम्रो देशको सफलता र समस्या पनि कुनै नेपालीबाट छिप्न गएको छैन र त्यसैले यस विषयमा बढी बोलीरहनु पर्ने दर्कार देखिदन। मैले पनि मलाई लागेको प्रायः सबै जसो कुराहरु जनसमक्ष पोखी सकेकोले अब प्रत्येक नेपाली छेउ यही मात्र भन्न चाहन्छु कि कुनै पनि नेपालीवाट मैले बखत बखतमा जनसमक्ष राखेका कुराको कुशल कार्यान्वियनमा मात्र ध्यान पुगे म संधैंको फैं सबै सग कृतज्ञ हुनेछु। हामी सम्पूर्ण नेपालीले जसरी गहकिला कुराहरुको सुरुआत गर्दछौं त्यसै गरी त्यसलाई पूरा गर्न पनि सक्नु परेको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अन्तमा उपस्थित सर्व विद्वान्वर्गमा माथिका कुराको फेरि एक पल्ट सम्झना दिलाउँदै यस सम्मेलनको सफलताको कामनाका साथै यस समारोहसम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जय नेपाल ।

दाङ

२०२४ चैत्र १ गते बृहस्पतिबार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शवरिको भज़न

दक्षिणको अति राम्रो डण्डक भन्ने वनमा।
ऋषि धेरै वास गर्थे शांन्ति लिई मनमा॥
लहराका धारि थिये वृक्ष थिये राम्रा।
जुन देश खोजदै होउँडथे रघुपति हाम्रा॥

मृग वाघ संगै खेल्थे नलिएर रीस।
वस्थ्यो किन अहिं साम रीष जस्तो बिष॥
शवरीको सानो झुप्रो थियो वन भित्र।
पशु पञ्छि मात्र थिए उनका ईष्ट मित्र॥

गरथे ऋषि वेद पाठ हरी भेट्न लाई।
शवरीत रून्थि खाली नाम राम गाई॥
छैन केहि धन दिउँ खाली यो मन।
चाँडो गरि लौन हरी देउ दरशन॥

मेरो राम भोकै होला वयेर टिपि राखछु।
ठर्रो पर्ला घाँट कोर्ला अलि अलि चाखछु॥
वन पातको खोलचा पारि पानी ल्याई भरथिन।
कोमलस्या उला बिछायेर सुघर सफा गरथिन॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कागै मात्र आए पनि डण्डा वत गरथिन ।
मेरो राम कहिले आउला भनि पाउ परथिन ॥
दिन विते वर्षैं विते ढोकै खुला राखि ।
तेतिस कोटि देवी देवता सकिन् सवै भाकी ॥

झुपडि को फरिएको किन वन्द हुन्थ्यो ।
राम आउने ढोका थुन्दा मन साहै रून्थ्यो ॥
चराले मात्र खोस्याङ्ग गरे रामै हुन भनेर ।
वाहिर आईको किल्ला छाडथिन पागलै वनेर ॥
हे घनश्याम हे मेरा राम आउन भनेर ।
हे रघुनाथ रुमाल हाथ दयालु वनेर

भगवान सवारी भै भन्नु भयो

सीते सीते भन्दै भाई लक्ष्मण साथमा लिई ।
ऋषि मुनिको आश्रम छाडि शवरी मा अति प्रेम गरी
मेरी शवरी मेरी शवरी भन्दै पाल्नु भयो घन श्याम हरि ।
जुन झुपडिको छैलामा वसि रून्थिन शवरि ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शवरि ले भन्छिन

स्याउला माथि वसि देउ वावा पनी लिई आँछु ।
छुन्छु पाउ हे मेरा वावु भन्दै दौड़िन गङ्गे जी ।।
वाटामा जाँदा ऋषिलाई छोइन ऋषि जी रिसाये
शवरी आईन श्रीराम पाईन हरिजी रिझाईन ।।

श्री राम राम श्री राम राम श्री राम जपेर ।
वनमा पीथ वस्ने शवरी कन्या विरह खयेर ।।
सारा रामै लाई देखिन ऋषि लाई देखिनन ।
छोयेको देखि वढेर सेखि रिसाये ऋषि भन ।।

शवरीले प्रभु लाई वयेर खुवायेर सोधछिन

गङ्गाको जल वयेर फल वनमा सस्तो छ ।
भनन भन हे मेरा राम वयेर कस्तो छ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवान राम बाट आज्ञा हुन्छ

अयोध्याको महल मा जेल्ले सम्म थिञ्चे ।
कौशल्याको स्वामि सित खावा धेरै पिञ्चे ।।
दाख खाञ्चे अनार खाञ्चे रस धेरै पिञ्चे ।
तर आज ब्राह्म सुख वयेग मा लिञ्चे ।।

ऋषिहरूको ममता तोड़ेका

गङ्गाजीमा ऋषि जीले रगत र कीरा ।
मन्त्रौ देखि जिल्ल परि फर्के कुटितिर ।।
शवरी को झुप्रो भित्र पर ब्रह्म देखि ।
ऋषिजीको गए सबै मैहूँ भन्ने सेखि ।।
शवरीको पाउपरि राम तिर हेरि ।

माफि माँगे ऋषि जीले रूँदै फेरि फेरि ।।
राम जीको सङ्केतले ऋषि जीले छुँदा ।
गङ्गा भईन बङ्गा शवरीले छुँदा ।।
रामकोभजन गर्न लागे
ऋषिहरू खुशी भएर
राजा राम सीता राम राजा राम सीता राम — — — —

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भजन

आउने वेला भो कृष्ण आउने वेला भो ।।
भक्त जनको रक्षा गर्न आउने वेलाभो ।। ।।
देखाउने वेला भो कृष्ण देखाउने वेला भो ।।
मानव लिला देखाउने वेला भो ।। धु' ।।
धर्म हानि पाप वृद्धि हुन्छ जैले जैले ।
रूप अनेक धारण गर्छ मैले तैले तैले ।।
आफ्नो यो वाणी पुन्याउने वेलाहो ।। १ ।।
अन्धकार अकर्तव्य छाई रहेछ मनमा ।
लोभ पाप बढि धेरै सुख छैन जनमा ।।
कर्तव्य कर्म चिनाउने वेला भो ।। २ ।।
आपसको फुठले गर्दा शान्ति छैन कतै ।।
अशान्ति र अत्याचार बध्या जता ततै ।।
शान्तिको धारा वगाउने वेला भो ।। ३ ।।
र.सुन्द्रको शेष सैया छोडि व्याँहा 'आईं ।
अज्ञानको अँध्यारोमा भूलिरहने लाई ।।
गीताको ज्ञान सुनाउने वेला भो ।। ४ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भजन

सपना झैं सन्सार छ भूल्नु है वेकार छ ।
राम भजो हर्दम भाइ यहि यौटा सार छ ॥
यता आउने जाने गर्ने आफ्नो मन विचारछ ।
बाटो हिड्ने बटुवा जस्तो कसको के परिवार छ ॥२॥
येति भए गरौँला भन्ने तृष्णा अपार छ ।
यस्तो ममता राखता राखतै नरक यसलेपर्छ ॥२॥
अनित्य छ चोला ब्योहाँ वस्तु दिन चार छ ॥
मूर्ख भई रहनलाई पृथ्वीलाई भार छ ॥३॥
पारि तर्ने नारायणको नाम एक आधार छ ।
पाप पुन्य खरिद गर्ने अनौठा बजार छ ॥४॥
पाप ठुलो भनी गर्नु आर्काको विगार छ ।
धर्म ठुलो भनी गर्नु पर उपकार छ ॥५॥

★

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूचना

जीवन भर रामको नाम लीई जीवन विताउ, सत्यता बोलो हामीले सधै शान्ती लेउ आज मानव जीबन पाई काम हामीले आफै लाई चिन्नु ठर्दैनौ कही मानव लाई भन्नु अगाड़ी आफैले पहिले विचार गरी आफ्नु मुख आफैले हेरि मात्र अरकाको नीन्दा गर्नु पर्दछ ।

॥ समाप्त ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवराज
श्री नवराज कार्की

❀ श्रीः जयदुर्गे ❀

भूमिका

करार विन्देन पदारविन्दं
मुखारविन्देऽभिनिवेशयन्तम् ॥
वटस्य पत्रस्य पुटे शयानं-
बालं मुकुन्दं मनसा स्मरामि ॥

स्तुति भनेको ईश्वरको प्रार्थना हो । प्रार्थना आस्तिक मनुष्यको प्राण हो, दुःखी हृदयको आवाज हो अनन्त भगवानको साथ अभिन्न गराउने साधन हो। भक्त-हरूमा यो सानो 'गजेन्द्रमोक्षको' पुस्तक तृतीयवार दृष्टिगोचर गराउन पाएकोमा सारै खुसी छु। भक्त वत्सल प्रभुले दोषको वास्ता नगरी यो सानो आफ्नो स्तुतिलाई स्वीकार गरी वक्सीयको छ, कुनै रसा-त्मक काव्यकला यस्मा छैन तै पनि यस्मा प्रभुको दया दृष्टि छ, यो पुस्तक प्रेम मूल्यमा वितरण गर्ने स० सोम प्रसाद दम्पती हुनु हुन्छ। प्रभुमा भक्तिको इच्छा गर्ने वहाँहरूलाई गजेन्द्र दुःखहारी हरिले चिरायु राखी भक्ति प्रदान गरोस ।

हरिः ॐ तत्सत ।

२०२७ साल माघ अर्धकुम्भ मेला, प्रयागराज ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाग्मती स्तुति

श्री वाग्मती भगवती नरसिंह वाणी-
हे अम्बिके जयहवस् अमृताम्बु वाहिनी ॥
संसारको तापर पाप नाशिनी,
लेऊ शिवे शरणमा तिमी हामिलाई ॥
सद्बुद्धि देउ जननी तिमी हाँमीलाई,
यो जीवनी सुखमयी र चिरायु राखी ॥
यस्तै सुकर्म गरदै दिन यो बिताउँ,
आखीर यो तन पनि तिमी मैं विसाउँ ॥
यो प्राण पन्छी जब जान तयार हुन्छ,
तिम्रो किनार जलको यही आश गर्छ ॥
स्वस्थै भएर तन मन् हरिमाथि दिंदै,
श्री राम नाम जपदै तन यो छुटोस् है ॥

॥ शुभम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजेन्द्रमोक्ष

श्री शुक उवाच—

एवं व्यवसितो बुद्ध्या समाधाय मनो हृदि ।।
जजाप परमं जाप्यं प्राग्जन्मन्यनु शिक्षितम् ।।

गजेन्द्र उवाच—

ॐ नमो भगवते तस्मै यत एतच्चिदात्मकम् ।।
पुरुषायादिबीजाय परेशायाभिधीमहि ।।२।।
यस्मिन्निदं यतश्चेदं येनेदं य इदं स्वयम् ।।
योऽस्मात्परस्माच्च परस्तं प्रपद्ये स्वयम्भुवम् ।।

य: स्वात्मनीदं निजमाययार्पितं
क्वचिद्विभातं क्व च तत् तिरोहितम् ।।
अविद्धदृक् साक्ष्युभयं तदीक्षते
स आत्ममूलोऽवतु मां परात्पर: ।।४।।

कालेन पञ्चत्वमितेषु कृत्स्नशो—
लोकेषु पालेषु च सर्वहेतुषु ।।
तमस्तदासीद् गहनं गभीरं
यस्तस्य पारेऽभिविराजते विभु: ।।५।।

न यस्य देवा ऋषय: पदं विदु-
र्जन्तु: पुन: कोऽर्हति गन्तुमीरितुम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यथा नटस्याकृतिभिर्विचेष्टतो-
दुरत्ययानुक्रमणः स मावतु ॥६॥
दिदृक्षवो यस्य पदं सुमङ्गलं
विमुक्तसङ्गा मुनयः सुसाधवः ॥
चरन्त्यलोकव्रतमव्रणं वने
भूतात्मभूताः सुहृदः सम्मे गतिः ॥७॥
न विद्यते यस्य च जन्म कर्म वा
न नामरूपे गुणदोष एव वा ॥
तथापि लोकाप्ययसम्भवाय यः
स्वमायया तान्यनु काल मृच्छति ॥८॥
तस्मै नमः परेशाय ब्रह्मणेऽनन्तशक्तये ॥
अरुपायोरुरूपाय नम आश्चर्यकर्मणे ॥९॥
नम आत्मप्रदीपाय साक्षिणे परमात्मने ॥
नमो गिरां विदूराय मनसश्चेतसामपि ॥१०॥
सत्वेन प्रतिलभ्याय नैष्कर्म्येण विपश्चिता ॥
नमः कैवल्यनाथाय निर्वाणसुखसंविदे ॥११॥
नमः शान्ताय घोराय मूढाय गुणधर्मिणे ॥
निर्विशेषाय साम्याय नमोज्ञानघनायच ॥१२॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षेत्रज्ञाय नमस्तुभ्यं सर्वाध्यक्षाय साक्षिणे ।।
पुरुषायात्ममूलाय मूलप्रकृतये नमः ।।१३।।
सर्वेन्द्रियगुणद्रष्ट्रे सर्वप्रत्ययहेतवे ।।
असताच्छाययोक्ताय सदा भासायते नमः ।१४
नमो नमस्तेऽखिलकारणाय
निष्कारणायाद्भुतकारणाय ।।
सर्वागमाम्नायमहार्णवाय
नमोऽपवर्गाय परायणाय ।।१५।।
गुणारणिच्छन्नचिदुष्मपाय
तत्क्षोभविस्फूर्जितमानसाय ।।
नैष्कर्म्यभावेन विवर्जितागम-
स्वयं प्रकाशाय नमस्करोमि ।।१६।।
मादृक् प्रपन्नपशुपाशविमोक्षणाय
मुक्ताय भूरिकरुणाय नमोलयाय ।।
स्वांशेन सर्वतनुभृन्मनसि प्रतीत-
प्रत्यग्दृशे भगवते बृहते नमस्ते ।।१६।।
आत्मात्मजाप्तगृहवित्तजनेषु सक्तै-
र्दुष्प्रापणाय गुणसङ्गविवर्जिताय ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुक्तात्मभिः स्वहृदये परिभावितायं
ज्ञानात्मने भगवते नम ईश्वराय ॥१८॥
यं धर्मकामार्थविमुक्तिकामा--
भजन्त इष्टां गतिमाप्नुवन्ति ॥
किन्त्वाशिषो रात्यपि देहमव्ययं
करोतु मेऽदभ्रदयो विमोक्षणम् ॥१९॥
एकान्तिनो यस्य न कञ्चनार्थ-
वाञ्छन्ति ये वै भगवत्प्रपन्नाः ॥
अत्यद्भुतं तच्चरितं सुमङ्गलं-
गायन्तआनन्दसमुद्रमग्नाः ॥ २० ॥
तमक्षरं ब्रह्म परं परेश-
मव्यक्तमाध्यात्मिकयोगगम्यम् ॥
अतीन्द्रियं सूक्ष्ममिवातिदूर-
मनन्तमाद्यं परिपूर्णमीडे ॥ २१ ॥
यस्य ब्रह्मादयोदेवा वेदा लोकाश्चराचराः ॥
नामरूपविभेदेन फल्ग्व्या च कलया कृताः॥२२
यथार्चिषोग्नेः सवितुर्गभस्तयो-
निर्यान्ति संयान्त्यसकृत् स्वरोचिषः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा यतोऽयं गुणसंप्रवाहो-
बुद्धिर्मनः खानि शरीरसर्गाः ॥ २३ ॥

सवै न देवासुरमर्त्यतिर्यङ्
न स्त्री न षण्ढो न पुमान्न जन्तुः ॥
नायं गुणः कर्म न सन्न चासन्
निषेधशेषो जयतादशेषः ॥ २४ ॥

जिजीविषे नाहमिया मुयाकि-
मन्तर्बहिश्चावृतयेभयोन्या ॥
इच्छामि कालेन न यस्यविल्पव-
स्तस्यात्मलोकावरणस्य मोक्षम् ॥ २५ ॥

सोऽहं विश्वसृजं विश्वमविश्वं विश्ववेदसम् ॥
विश्वात्मानमजं ब्रह्म प्रणतोस्मि परं पदम् ॥ २६

योगरन्धितकर्मणो हृदि योगविभाविते ॥
योगिनो यं प्रपस्यन्ति योगेशं तं नतोऽस्म्यहम् २७

नमो नमस्तुभ्यमसह्यवेग—
शक्ति त्रयायाखिलधिगुणाय ॥
प्रपन्नपालाय दुरन्तशक्तये
कदीन्द्रियाणामनवाप्य वर्त्मने ॥ २८ ॥

नायं वेदस्वमात्मानं यच्छक्त्याहंधिया हतम् ॥
तं दुरत्ययमाहात्म्यं भगवन्तमितोस्म्यहम् ॥ २९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री शुक उवाच—

एवं गजेन्द्रमुपवर्णितनिर्विशेषं-
ब्रह्मादयो विविधलिङ्ग भिदाभिमानाः ॥
नैते यदोपससृपुर्निखिलात्मकत्वात्
तत्राखिलामरमयो हरिराविरासीत् ॥ ३ ॥
तं तद्वदार्त मुपलभ्य जगन्निवास
स्तोत्रं निशम्य दिविजैः सह संस्तुवद्भिः
छन्दोमयेन गरुडेन समुह्यमान—
श्चक्रायुधोऽभ्यगमदाशु यतो गजेन्द्रः ॥ ३१ ॥
सोन्तस्सरस्युरुबलेनगृहीत आर्तो
दृष्टवागरुत्मति हरिं ख उपात्तचक्रम् ॥
उत्क्षिप्य साम्बुजकरं गिरमाह कृच्छ्रान्
नारायणाखिलगुरो भगवन्नमस्ते ॥ ३२ ॥
तं वीक्ष पीडितमजः सहसावतीर्य
सग्राहमाशु सरसः कृपयोज्जहार ।
ग्राहाद्द विपाटितमुखादरिणा गजेन्द्रं
संपश्यतां हरिरमूमुचदुस्त्रियाणाम् ॥ ३३ ॥

इति श्रीमद्भागवते महापुराणे पारमहंस्यां संहितायामष्टम स्कन्धे गजेन्द्रमोक्षणे तृतीयोऽध्यायः ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री

जय दुर्गे

हरिः शरणम्

गज स्तुति

मङ्गलम पाउँजननी,
वीणा स्फटिक धारिणी ॥
पुस्तक् मयूरभैं तिम्रो,
बनू प्रिय सधैं भरी ॥ १ ॥

ग्राहले गजको पाऊ,
समात्ता अति आत्तिदैं ॥
नाथलाई पुकारेर,
भन्दछन् यहि वाक्यनै ॥ २ ॥

आतुर्भएको, म अनाथलाई,
इ ज्ञातिवन्धू, सब हात्तिआई,
छुटाउनु के, गरि नाथ इन्ले,
शरण महा पर्दछु दैव ऐले ॥ ३ ॥

यो काल सर्पैं, भनि भस्कियेर,
जो जोडले धाँउछ नाथनेर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्ताशरणमा, पनि लीनयोग्य,
भक्तै जनैको, सब दुःखभोग्य ॥४॥
नाशेर आफ्नो, पनि साथलीने,
हरी छ सबको सबदुःख हर्ने ॥

यस्तो मनैमा स्थिर खुबगरेर,
गजेन्द्रजीले अति आत्तियेर ॥
त्योपूर्वको नै जुनिमा गरेको,
अत्यन्त योग्य प्रभुको स्तुतियो ॥२॥
सम्झेर खाली प्रभुलाई मात्र,
रोयेर गर्छन्, बनि धेर आर्त ॥

गजेन्द्र भन्दछन्

जो चेतना रूप हुँदात फेरी,
संसार यो, चेतन उत्नी खेरी ॥
योदृश्य सबको, पनि आदिकारण,
ईश्वरप्रभो, गर्दछु आज वन्दन ॥२॥
यो विश्वजस्मा जसबाट हुन्छ,
जस्लेत संसार स्वरूप बन्छ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो विश्वदेखी पनि जोछ टाढा,
यो जीव भन्दा अति जो छ गाढा ॥३॥
त्यस्तोस्वयंभू, प्रभुको शरणमा,
पर्छू अहीले, अति आत्तिदामा ॥
आफ्नी ति माया तिनले रचेको,
कहिं प्रकाशको कहिं गुप्तरूप्को ॥४॥
दुवै अवस्था बिच साक्षि पर्ने,
रहेर हेर्ने सब कार्य जस्ले ॥
यो कार्यनाशै, दुइकोत द्रष्टा,
तेस्ता हरीले गर आज रक्षा ॥ ५ ॥
इन्द्रादि दिक्पाल सब नाशियेर,
यो बिश्वनै कालमहाँ परेर ॥
सारै तमोरूप सब बाँकिहूँदा,
तेस्देखि पारै रहनैत जाँदा ॥ ६ ॥
सकिन्न जान्नै हृषिदेवताले,
हामीहरूले कसरी त जान्ने ॥
जस्तो नटूवाहरूले अनेक,
स्वरूप लींदा कसलेत चिन्छ ॥ ७ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्न भन्नै जसको चरित्र,
रक्षा म हूँ दुर्गमले पवित्र ॥
जसको सुमङ्गल पद हेर्नलाई,
संसारको सङ्ग सबै छुटाई ॥ ८ ॥
घुम्छन्मुनीश्चर्वनमा बसेका,
तेस्ता हरीनै गति दिव्य मेरा ।
नां रूपकत्ति अनि जन्मकर्म,
गुणदोष आदीहरू देखि भिन्न ॥ ६ ॥
छौतापनी यो सब विश्वलाई,
रचेर नाश्ने गरछौनि खाली ॥
आफ्नीति माया लिइ जन्मकर्म,
गर्नै प्रभुमा शिरले प्रणाम ॥ १० ॥
अनन्त शक्ति पर ब्रह्म रूप;
अरूप भै त्यो अनि धेर रूप ॥
आश्चर्य कर्मै गरने प्रभूमा,
गर्छु नमस्कार शिरले उनैमा ॥ ११ ॥
सब्को प्रकाशकभइ आफुचाहीं,
स्वयं प्रकाशक सबको त साक्षी ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाँणी र बुद्धि मनदेखि टाढा,
रहन्छ त्यस्मा शिरले प्रणाम ॥१२॥
यस्तै भएता पनि पण्डितैले,
त्यो शुद्ध कर्मैफल त्यागनाले ॥
पाइन्छ जोनाथ् प्रभू मोक्ष धाम,
लाई म गर्छु शिरले प्रणाम ॥ १३ ॥
मोक्षैहरूको सब सौख्य भोग्ने,
हरे हजुर्को मर्छु पाउपर्ने ॥
विडम्बगर्ने गुणधर्मखाली,
जसदेखि उत्तम अरुछैन कोई ॥१४॥
त्यो शान्त रूपको अनि घोररूप्को,
त्योमूढरूप्को अतिज्ञान रूप्को ॥
त्यो साम्यरूपको प्रभूलाइ खाली,
गर्छु नमस्कारशिर यो झुकाई ॥१५॥
स्वामी सबैको परमात्मरूप,
जीवस्वरूपी सवसाक्षिरूप ॥
त्यो पूर्णरूपी अतिहेतु रूप,
लाई नमस्कार छ धेर खूप ॥ १६ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इ इन्द्रियैका विषयै जतीहुन्,
द्रष्टा सबैको प्रभुलाइ भन्छन् ॥
स्पर्शादिवृत्तीहरूकोत हेतु,
असत्यदेखी पनि जो छ मेतु❀॥ १७॥

जस्तै त छायाँहरू देखिदामा,
वस्तू यहीहो भनि जान्नमाहाँ ॥
सकिन्छ तेस्ता प्रभुनाथलाई,
बिन्ती म गर्छु शिरयो नुहाई ॥१८॥

हेतू सबैको पनि आफु चाहीं,
कारण नभै अद्भुत कार्यसाक्षी ॥
जस्तो नदीले ति समुद्रलाई,
प्राप्तैतगर्छन् अति वेग बहाई ॥१९॥

तेस्तैगरी वेद र पाञ्चरात्र,
प्रभो हजूर्मा पुगिहुन्छ शान्त ॥
मोक्षस्वरूपी अति उत्तमैमा,
गर्छू नमस्कार शिरले उनैमा ॥२०।

काठ्रूपगुण्झैं भइढाकिएको,
चैतन्य आगो भइ आफुजोहो ॥

❀ यस्तै भनी अनुमान गर्न सकिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रपञ्चि ति गुणहरूको त कार्यमा,
ब्याप्तैहुने चेतन रूप सब्मा ॥२१॥
यो आत्म तत्वै अनुभवहरूमा,
खाली भएका जति शास्त्र सबमा ॥
आफ्नै प्रकाशले रहने हजूर,
लाई नमस्कार छ धेर धेर ॥ २२ ॥
जती मजस्ता पशुछन्प्रपन्न,
अज्ञान पाशो तिनको त काट्न ॥
मुक्तै स्वरूपी करूणा निधान,
आलस्यले हीन सुधासमान ॥ २३ ॥
जो अन्तरात्मा मनमा झलक्क,
ईजीव सबमा हुकुमी समर्थ ।
संपूर्ण वस्तूहरूमा त टम्म,
हुने प्रभुका पद्मा प्रणाम ॥ २४ ॥
सर्वान्तरात्मा प्रभुनै भयेपनि,
स्त्रीपुत्र देहादि वृथाभिमनी ॥
जो मोहमा मग्न भई रहन्छन्,
तिन्ले कहिल्यै पनि पाँउदैनन् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्गुण भएता पनि कार्य गर्नें,
समर्थ आत्मा सब रूप हूने ॥
यो देहमा क्यै प्रियनै नगर्नें,
तेस्ता जनैले अनुभव गरीने ॥ २६ ॥
ईश्वर्प्रभूमा मत एक खाली,
गर्छु नमस्कार शिरयो झुकाई ॥
धर्मार्थ मोक्षै सब कामनाले,
युक्तै भएरै मनमन्दिनाले ॥ २७ ॥
मन्ले रचेको सब कामना को,
भन्दा विशेष्ले फलधेर्दिने जो ॥
दयालु सारै हरिरूप देखी,
मुक्तै मर्हूं यो अति दुःखदेखी ॥२८॥
हजूर बाहेक कुनै विशेषले,
जान्दैं नजान्ने प्रभुका स्वजन्ले ॥
सबै कुराको फल आश मूल्य,
छाडी हजूरको यशकीर्ति तुल्य ॥२९॥
कथा समुद्रै बिच खूब डूबी,
गाएरमस्तै, बनने तिकोई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्दको रस्कन खूब चाटी,
मिल्छन्हजूर्मा सब दुःखछाडी ॥३०॥
अनन्तरूपी सब व्याप्त आद्य,
खाली छ आध्यात्मिक योगवाद्य ॥
अव्यक्तरूपी सबआत्मसाक्षी,
स्तुती म गर्छू, सुनिदेउ यत्ती ॥३१॥
एकांशलेनै सब ई चराचर,
ब्रह्मादि धौता सबमा बराबर ।
नांरूपको भेद् गरेर खाली,
सर्वत्र आफैं रहनेनि फेरी ॥ ३२ ॥
जस्तै ति अग्नी अनि सूर्यबाट,
ज्वाला र कान्ती खुप फैलिदात ॥
तेस्तैइगुणका मन बुद्धिद्वारा,
शरीरकार्यैं उतपन्नहूँदा ॥ ३३ ॥
आखीरफेरी उहिलीनहुन्छन्,
तेस्तै इकार्य जसबाट बन्न्हन् ॥
न स्त्री नपुंसक न पुरूष मर्त्य,
पक्षी न जन्तु नत देव दैत्य ॥ ३४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नसत्नकमैं नत व्हो असत्नै,
निषेध गर्दा सवदेखि भिन्नै ॥
रहन्छ बाँकी सवको पछाडी,
प्रकट हवस्त्यै अहीले अगाडी ॥३५॥
वाँचूँ म भन्ने पनि योत इच्छा,
उठतैन करि अहिलेत ज्यादा ॥
बाहीर भित्रै जसले त ढाक्ता,
जानिन्न कत्ती अति मोह पर्दा ॥३६॥
तेस्तोत जीवन्पनि हत्तिमा यो,
वाँचेर हुन्छु अनि फेरि केपो ॥
यो आत्मको ज्ञान्पनि ढाक्छ जस्ले,
तेस्देखि मोक्षै यहि माग्छु ऐले ॥३७॥
जो विश्वरूप त्यसदेखि भिन्न,
छतापनि ऊ सव स्टृष्टिगर्न ॥
संसार धन्नै सँगमालिएका,
यो विश्व आत्मा निजनै बनेका ॥३८॥
ब्रह्मस्वरूपी पद श्रेष्ठलाई,
गर्छ नमस्कार शिरयो तुहाई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो योग द्वारा सबकर्म पोली
त्यै योगलेनै मनशुद्ध धोई ॥३६॥
तियोगिजन्ले जसलाई भज्छन,
समाधि द्वारा जलसाई देखछन ॥
उनै प्रभूमा मत एक खाली,
गर्छू नमस्कार्शिरयो झुकाई॥४०॥
जिती नस्कनु इनि लोभ क्रोध,
उत्साहमन्त्र प्रभु शक्ति जोछ ॥
इनी हरूले जब युक्त हुन्छन्,
योगैंहरु को अनि केत हुच्छन्॥४१॥
इ इद्रिन्यैका गुणलेत देखने,
प्रपन्नभक्तैहरुलाई पाल्ने ॥
असत्छ ई सब् जस को त इन्द्रियै,
तेसता जनै को अति दूर टाढै ॥४२॥
अगस्य सारै प्रभुनाथलाई,
गर्छू नमस्नार्शिरयो झुकाई ॥
जस्की ति माया तिनले गरेर,
जान्दैन कत्ती मति नाशिएर ॥४३॥
माहात्म्य जस्को कठिनैत बुझ्छु,
उनै प्रभुको मत पाऊपर्छु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुनै ति द्योताहरूको विशेष,
गरेन गज्ले स्तुतिमा हमेश ॥४४॥
हरेकिकसिंका अवतार्विशेष्ले,
ब्रह्मादि जोहुन्सब देवताले ॥
दर्शन्दिएनन्जब ती सुरैले,
संपूर्ण देवाश्रयनै हरीले ॥४५॥
प्रपन्न गज्को स्तुतियो सुनेर,
गरूडमानै झट्पट् बसेर ॥
स्तुतीतगर्नै सब देवताले,
संयुक्त संसार निवास बान्ले॥४६॥
दुःखी भएका ति गजेन्द्रलाई,
देखेर सारै अतिहडबडाई ॥
जहाँथिए गज तिहि जानलाई,
हातैमहाँ चक्रलिई उजाई ॥४७॥
खाली❀ पयलैं पतगेन्द्रमाहाँ,
सबाहु ने श्री हरिलाई ताहाँ ॥

❀ गजको पुकारा सुन्नासाथ पाउमा खराउ र गरूडमा काठी केही पनि लागेन भन्ने कथा पुराणान्तरमा र मूलमा पनि (सहसावतीर्य) यस्तो पाठ भएकोले हतार्लें गर्दा लागनेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आतैंवनेका तिगजेन्द्रजीले,
आकाश बिचमा हरिलाई देखे॥४८॥
सुँढले चढ़ाई अनि त्यो कमलफ्कन्,
सारै कठिन्ले यहिवाक्य भन्छन्
जगत्गुरो हे भगवन् समात्मन्,
नाराणैमा गरछु मवन्दन् ॥४९॥
गजको अवस्था अति दुःखी देखी,
गरूडको नै गतिमन्द बूझी ।
आकाशविचमै झटपट्ट वर्ली,
चढ़ाएको पङ्कज टप्पलीई ॥५०॥
चक्रै चलाई त्यसलाई मारी,
त्यो ग्राहदेखी सहजै छुटाई ॥
हेर्दाछँदाती सब देवतानै,
गजेन्द्रलाई सरदेखि झट्टै ॥५१॥
चारैतिहात्को[१] पनी काम लीई,
उतारि वक्स्यो गजराजलाई ॥

---

१. एकहातले चढाएको फुल बलीक्स्यो अर्कोहातले चक्रचलाई अर्को-हातले गजलाई पाखामा झिकी अर्कोहातले शरीर सुम्सुम्याई बक्स्यो भन्ने कथा पुराणान्तर्मा छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्पर्शैं हुँदामा भगवान कोनैं,
वन्धन्छुटीगो सव दुःखकोनैं ॥५२॥
पीताम्बरादी भुजचारयुक्त,
भए तुरुन्तै सहयूज्यमुक्त ॥२॥
उसैवखत्मा शिव ब्रह्मआदी,
सवै सुरैले जय[२] खुब्मनाई ॥५३॥
वाजावजाये सवरङ्गको ताहाँ,
नाचेर गाये ऋषिवृन्दले वहाँ ॥
सिद्धैहरूले स्तुति गर्नलागे,
ती अप्सराले फुलछर्न थाले ॥५४॥
भगवान् भन्नुहुन्छ
प्रियगज तिमिलेनैं जोगर्‍यौ योस्तुतीले,
उठिकनत सवेरै पाठगर्नैछ जस्ले ॥
तिनिहरू सवलाई प्राणजाने वखत्मा,
अतिशयशुभबुद्धी दिन्छु ती भक्तजन्मा॥५५॥
एति भनेर हरिले अतिहोई खूसी,
त्यो पाञ्चजन्यकन जोड्सित खूवफूकी ॥

२. जय भन्ने भगवान्को पार्षद भये ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सारा ति देवहरूको सब फौजलाई,
पारेर खूसि मनमा भइगो सवारी ॥५॥
आत्माबोध शबै हटेर रहने,
गजको पनि देहमा ॥
पूजा श्रीहरिको हुँदा अघि अती,
भैगोस्मरण हात्तिमा ॥
हे राजन गजमोक्ष कृष्णमहिमा,
मैले जति यो भने ।
कीर्तिस्वर्ग दिनेपढेर सुनदा,
दुःस्वप्नपाप नाशने ॥५७॥

१. हाईक्षुँ ठेसलाग्दामा, अकस्मात्हरयेनमः,
जसलेभन्छ चिच्याई, अति आर्त बनीकन ।
उसैबखत्सबैपाप, पनि नाशभईकन ॥
प्रभुको पाउ पायेर, बस्छ मगन भईकन ॥

.१ पतितस्खलितोबार्त छुत्वावा विवशोब्रुवन् ॥
हरये नम ईत्युच्चैर्मुच्यते सर्व पातकात् ॥ "भागवते"

हरि ॐ तत्सत् श्रीमद्भागवतको गजेन्द्रस्तुति समासम् ॥

॥ शुभम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

श्रीगणेशायनमः

शिवपराधक्षमापनस्तोत्रः

पैल्हेका कर्मवल्ले मकन दु:खदियो पापले जोर्गरेर,
विण्मुत्रादी अशुद्ध जननीजठरमा जाठराग्नी वलेर ॥
दिने वाधा बहूतै यति छ दु:खतहां, भन्न सक्तैनकोभो,
माफी पाउं मत्योपाप शिवशिवशिवहे श्रीमहादेवशंभो ॥ १ ॥

वालखमा दु:खसारै जिउभर गुहुभै, दूधको प्यास भारी,
शक्तिनै क्यै थिएन भवगुण जनित, जन्तुले टोकीमारी ।
रुन्थै व्याधीहरूले दिक भई शिवको संझनापो कहांभो, माफी० ॥ २ ॥

पुग्दा यौवन्दशामा विषय विषलिने पांचले मर्मताकी—
डस्तागैगो विवेक सुतधन युवती सोखको स्वादचाखी ॥
शैवी चिन्ता हराई हृदय विचमहां मान सेखी प्रवलभो–माफी० ॥ ३ ॥

वृद्धावस्थां जसैं भो गतिमति सव गो तापले इन्द्रियैको–
पापी व्याधीहरूले भई शिथिलअती छैन तागत्शरीर्को ॥
झूटो मोहाभिलाष्मा घुमिस्न शिवको ध्यान छोडीदिनेभो माफी० ॥ ४ ॥

पद्पद पिच्छे कठोरै अतिशय कशंरी गर्नु त्योस्मार्त कर्म–
झन्केसक्थें म ब्रम्ह विषयक चतुरो गर्न त्यो श्रौत धर्म ॥
जाने धर्मै विचार्ले श्रवण मननको गर्नुके लौन शंभो माफी० ॥ ५ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रातः काल्मा नगङ्गाजलललिई शिवको स्नानलाई मआजे,
पूजाका निंतिमानै दुखसहि कहिल्यै बेलका पत्रल्याजे ॥
पद्मैमालार चन्दनफुलहरू प्रभुका निंतिल्याइन शंभो- माफी० ॥ ६ ॥

चीनी दुध ध्युहरुले नत दहिमधुले स्नानमा चित्तलाजे-
फुल्चन्दले नपूजा गरिकन शिवको लिङ्ग शोभितगराजे ॥
धुपदीप नैवेद्य कर्पूगरिकन कहिल्यै भक्तिलाईन शंभो-माफी० ॥ ७ ॥

संझी मन्मा सदाशिव धनहरू कहिल्यै विप्रलाई दिइन-
बीजमन्त्रैले हर्जुकों अनलविचमहां लक्षहोमै गरीन ॥
गंगातिर्मा नियंले तप पनि गरिन मन्त्रसंझेर शंभो-माफी० ॥ ८ ॥

स्थिर्भै आसन्विचैमा प्रणवमयमरूत्कुण्डलै जो रहेको-
शान्तैरूप्को दवेको कनल अति असल ज्योतिरूपी भएको,
वेदैका वाक्य माहां नतघट विचका शङ्करैको स्मरण भो— माफी० ॥ ९ ॥

नाङ्गोभै सङ्गछोड़ी तिनगुण सहितै मोहको नाशपारी-
टुप्पैमा नाशिकाको लगिकन ति नजर्ध्यान् गरीयोन भारी ॥
हेनाथ ! गाढा विचार्ले नत अति असलरूपको संझनाभो—माफी० ॥ १० ॥

गङ्गाधारी स्मरारी शङ्कर शशी शोभितभएका अनी—
सर्पैं शोभित कण्ठ नेत्र विचमा आगोउठेको पनी ॥
लूगा त्योगजचर्म को छ वढिया चौधै भुवनका धनी
शंभुको गर मुक्ति खातिर भजन्छोडी अरूका पांनी ॥ ११ ॥

घोडा हात्तीर राज्य धन्हरू सवै ऐस्वर्यले गर्नु के-
छोरामित्र कलत्र देहपशुघर्पाएरपो हुन्छके ॥
जानी त्यो सवथोक अनित्य मनले टाढै हटाई दिनू-
आफ्नैनींति सदालीई गुरुवचन् श्रीशंभुनै सेवनू ॥ १२ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देख्तैमा बिति जान्छ आयु दिन दिन् यौवन उसै चालले
फर्की त्यो दिन आउ दैन कहिल्यै खायो जगत्काललें ॥
जल्को छाल समान चञ्चल धन विद्युत्सरी जीवन
रक्षा गर्नु पऱ्यो प्रभो मत शरण पर्छु गरी वन्दन ॥ १३ ॥

कर चरण वचन्ले कर्मले देहले यो, श्रवण नयन मन्ले पाप जो जो गरीयो ॥
अविहित विहितादी पाउं लौ माफ शंभो, जय जय करुणाकर
श्री महादेव शंभो ॥ १४ ॥

अभयकुमार द्वारा आर्यभूषण प्रेस, ब्रह्माघाट, वाराणसीमा मुद्रित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

मीठो कथा

[उखुको परिवारमा झगडा]

लेखक र प्रकाशकः–
हाकिम, अनङ्ग नाथ पौड्यालयः
कुमारी गाल गुहेश्वरी पारी
काठमाण्डू, नेपाल ॥

[सर्वाधिकार सुरक्षित]

संवत २०१७ प्रथमा बृत्तिः—
ऋषि तर्पणि एक हजार (१०००)

मूल्य १।

मुद्रितः– नरेन्द्र यन्त्रालय फो. नं. २९४, काठमाण्डू, नेपाल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखकको केही वक्तव्य

मलाई केही कामका निमित्त धुनीबेशी गै १०।८ दिन बस्नुपर्‍यो। वहाँ प्रशस्त ऊखुको खेतीपाती देखेर रमाइलो लागि ऊखुको विषय लिएर सानु यौटा लेख लेख्न इच्छा लागेकोले "मीठोकथा" नाम राखी ऊखुका ३ छोरा २ छोरीको अली कती चरित्र लेखेर नेपाली भाषा साहित्यको सेवा गरेको हुँ यसमा परेका त्रुटी र भूल क्षमागरी सज्जन वर्गले हेरीदीनु भएमा आफ्नो परिश्रम सफल सम्झने छु।

अनङ्गनाथ पौड्यालयः

प्रशंसा

अहा राम्रो सारै अतिशय मिठो यो उखु कथा
उनैका वंशैको गुण कथन कार्यादिछ पुरा
प्रशंसा पाँचैको सुनिमन अती हर्ष हुन गै
मदिन्छू धन्यै खुप् द्विजवर अनङ्गै कन सधैं
विश्व भर्मा सबैलाई मन् पर्ने गुलियो कति
रसको कथाछ यो मीठो फैलोस् यो घरैं प्रति

२०१४।११।२०।२

पं. गंगा प्रसाद चावहिल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ स्वस्ति परिचय

ॐ अथ मीठोकथा

मीठो कथा छ उखुको यसमा रसीलो
अन्योक्ति पूर्ण उपदेशछ यो सजीलो
जीवेश्वर प्रकृतिका कृतिछन् विचित्र
हुन्छ वर्तमान युगका जनका चरित्र

योगी नरहरि नाथ गोरक्षा पीठ
२०१४।६।१५।२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मीठो कथा

—★★—

अस्या सुखं स्वप्न सुखं दधीति
ग्राम्यौ दका नूपरसाः पयांसि
नवान्न पानं गुडवै कृतञ्च
प्रमेह हेतुः कफ कृच्च सर्वम्

सौखीन निद्रा दहि मांस दुग्ध
नवीन अन्नै गुलियो समस्त
प्रमेह रोगीहरूले प्रसस्त
भोगे भने हुन्छ झटक्क अस्त

यो एक केही उखुको छ दोष
वाहेक सम्पूर्ण गुणी प्रपोष
बनेछ यो पद्य "अनङ्ग" बाट
बडो रसीलो गरि छाँट काँट

शोम नाथ घिमिरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



लेखक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिचय—

" अङ्गद दशावण संवाद " का लेखक मेरा भिनाज्यू श्री अनङ्गनाथ पौड्यालयको आर्को एक रचना सरल पाठकका साम्नु उपस्थित भइरहेछ मैले एक वार पढ़ि हेर्दा जन साधारणलाई एक छंदोबद्ध मनोरंजनको काव्य जस्तो लाग्यो तर नेपालीपना राम्रो छ। उखुको विषय लिएर त्यसैमा वाद विवाद, प्रतियोगिता, नयाँ जवानाको झलक, सामाजिक व्यंग र उपहास समेत मिलेको देख्दा छंद भथ्याइ सरल बुझ्ने कविता पढ्ने गाउँले पाठकहरूलाइ रोचक होला भन्ने आशा गरिन्छ।

साथै उखूका जातका नामहरू र अरू कुराछन् अरूका लागि पनि काम लाग्लान्।

यस्ता छंदहरूको पनि एक विशेष काम छ—अस्तु !

कविकुंज, मैतीदेवी,
नेपाल
२२—७—१५

लक्ष्मी प्रसाद देवकोटा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मीठो कथा

१

माता जगत्की जननी सुरसुन्दरीले
पक्रेर हात उखु पौंड्रक धारणाले
कल्याण दायक निकै महिमा अडेर
फैली रहेछ उखु सन्तति झन् बढेर

२

यस्मा यै छ कथा विचित्र उखुका सन्तान जम्मा हुँदा
आपस्मा झगडा कचिङ्गल परी, पाँचै जना टेढिदा
झोका झोकि रमाइलो छ, गुलियो धाराप्रभाभै वह्यो
जस्को सार अनङ्गबाट खिचिदा चास्नी सरी यो भयो

३

आफ्ना सन्तति लाइ देखि उखुले सोधे कुरा क्यै शुभ
सेवा कुन रितले गरेर जनको आनन्द मान्छौ सब
मेरो व्यापक रूपदेखि जगतै मैलाइ नै मान्दछन्
प्यारा पुत्र खुदो बताउ जनले चाहा कती गर्दछन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४

जेठो पुत्र खुदो म कृष्णरंगको लौ शक्ति च्याच्च्याटको
ठूलैभै म बसीरहेछु भवमा मान्छन् सबैले निको
प्यारा मध्यम भाइ सुन्दर तिमी केकाममा मस्त छौ
बावालाइ सुनाउहाउ बढिया जेमा रमी मग्न छौ

५

दाजै मध्यम भाइ सुन्दर महुँ, उद्योग गर्छु ठुलो
मै जस्तो गुणवान देखिन कुनै, मीठो छ मेरो धुलो
खानेलाइ छ थाह त्यो कति भनौं आफ्नो म आफैं गुण
चाकूभाइ बताउ शक्ति तिमीमा कस्तो छ के छन् गुण

६

चाकूभाइ महूँ शरीर बलियो सान्हो निकै पाछु म
मैलाई सबमानि बस्छ जनता आनन्दमा डुल्छु म
दाजूवैनि सबै जितेर भवमो वस्तैछु ढेलावनि
प्यारी वैन्हि चिनी निकै घरडुली नाच्छ्यौ भनी सुन्छुनि

७

ठूलीं कान्छि चिनी सिपालु हुनगै घुम्छू सबै विश्वमा
गोरी सुन्दर पूर्ण छू चहकिली नाच्छू यही भेषमा
बम्बै दिल्लि कताकता पुगि मता लागें जसै खारिन
पारें देह सफा पसेर कलमा आफ्नो गरें मार्जन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८

भद्दा कैलि र थैलि मैलि जिउको फाल्दै खसालें मल
हे दाजै ? कलबाट निस्कि अहिनी राम्री भएँ झल्झल
जन्मीयौं उखुबाट पेलिन गयौं दाजै अगाडी जब
साथी कोल र गोरू मानिस थिए दाजैहरूका सब

९

मेरा ता कल कारखान पुरजा मेशीन छाने कति
गर्नू सम्म गरें र उद्यम ठुलो, ऐले भयो उन्नति
राजाका गृहमा समेत म पसें नाचें घुमें खोपिमा
मंत्रीका घरमा घुमी सवडुलें चीया वनी हातमा

१०

हातैहात चिया पियी घरघरै ठीटाठिटी मस्तछन्
बूढी वृद्ध जवान बालक सवै प्यूनै अघी सर्दछन्
सेवागर्न तयार छु दिनदिनै नाच्छु जहाँ तैं पनि
बैनी मिश्रि तिमी वताउ कसरी डल्ली भयौ लौननी

११

भन्छिन् मिश्रि म सुन्दरी हुन भनी जाँदा विदेशै पुगें
कयै डल्ली रसिली र यौवनवती चौपट्ट राम्री भएं
दिज्यू कष्टसहेर देश घुमदै उद्योग जो गर्नु भो
संस्कार् धेर गरी शरीर सुकिलो पार्नु भयो बेस हो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२

कालो गाज लिएर फर्कनु हुँदा राम्री भनौं के गरी
धेरै मेशिन चालि चालि म भएँ यस्ती महाँ सुन्दरी
गाग्री अग्नि चुलो ठुलो खडकलो साथी खुदो दाजुको
टाल्हो खाडल टीन साथीहरू हुन् चाकू सखर्दाजुको

१३

त्यस्तै नै कल कारखान पुरजा चाल्नू भएता पनि
मेरै नै वढिहुन्छ साछि बकने केमा महूँला कमी
संसारै वशमा गराइ हिडछू जोडी हिरा झैं बनि
प्यारी कान्छि दिदी यसोरि किनलौ चूर्णै हुनू भो चिनी

१४

भन्छिन् चिनीलौं कतिधाक छोड्छयौमतुल्यराम्रीनवनेरगुछयौ
मेरो छ जो उज्वल कान्ति राशी॥ त्यो छैन दाजूहरू बैनिमा यी
देखिन्छ चंचं सब अङ्ग मेरो॥ आहा!मसीनो जिउ शोभिएको
झल्कन्छु पेंडाँबरफीहरूमा ॥ पाइन्छ त्यो दाजु कहाँ अरूमा

१

पल्काउँदै देश बिदेश धाँएँ ॥ आनन्द पारो जनता रिझाँएँ॥
देखी मलाई मुखबाट राल ॥ काट्छन् सबै, व्यापक यैछ चाल
व्यानै च्वियाभित्र मलाइ हाल्छन्॥ सन्मान मेरै सब गर्न थाल्छन्
चीयार सर्वत् जब हुन्छु मीठो॥ पीएकि पल्के म छु ज्यादि छीटो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८

आईपुगेमा गुलियो गिलाँस ॥ आनन्द मानी गरछन् बिलास॥
मेरोठुलो चलित चल्यो बयान॥ चीया न खाने जन कोछ जान॥
चम्कन्छ मेरो जिउठीक तार॥ दाजै नराम्रा हुनु भो अध्यार॥
त्यस्माषनी चाकु हुँदा बिबकाम॥ ढेला हुँदैमा कुन चल्छ नाम॥

२०

देखेर मेरो झलमल्ल अङ्ग ॥ हून् भयोकी मनमा भरङ्ग॥
गर्छन् मलाई जन स्नेह धेर ॥ को हेर्छ दाजै तिर उभिएर॥
पीपीहरूमा कतिरूप फेर्छु ॥ रातो पहेलो हरियो निलो छु॥
गोली वदामी बनि चार पाटे ॥ मैले हजारौं रंग फेर्न आँटें

२२

तीषड्रसै मध्य हुने वयान । हे दाजु! मैछू यउटी प्रधान ॥
अभागिले मात्र मलाइ छोड्छ। पीरो समातीखुरसानिटोक्छ।
पीरो अमीलो नुनिलो मिलेर। खोजेर मौका सब झुमिएर ।
मैलाइ भेट्छन् मुखमा हुलेको। सानो ठुलो भोजनमा मिलेको

२४

देखी मलाई दहि खूब् रिसायो। भोकी शरीरै अमिलो गरायो॥
खानै सकेनन् जिभरो डरायो। आखीर लत्री पछिमिल्न आयो॥
जहाँ म आएँ अमिलो हरायो। पीरो उड्यो नून कहाँ बिलायो
टर्रो कतागो पर टर्टराई। तीतो म देखेर लुक्यो डराई॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६

चिनी र मिश्री विजयी भनेर । डाहा हुँदा नून अघी सऱ्यो र।
भुलेर हाले मुखमा कसैले । थुके पछी हँस्सि गरे सबैले ॥

देखेर मेरो सबयो चरित्र । सन्तोष मान्छन् अब इष्ट मित्र
मजस्ति छोरी उपकार गर्ने । को जन्मिएला भवमा दगुर्ने।

२८

हुँदैन मेरो रिस गर्न दाजु । चिनी मिलेंकी जनहुन्छ राजू
उद्योगले कोशिस गर्नुपर्छ । चिनीभरी मानिन सक्नु पर्छ

वात्राउखूले गरि पुण्य भारी। जन्माइएछौं दुइटी कुमारी
संसारमाछन् जति आइमाई। हामी सरीका सवपार्न लाई

३०

छोरीतिरै पुण्य सवै बसेछ । अधर्म छोरा तिर गै घुसेछ
हामी भयौं झल्मल रूप छोरी।छोरा नराम्रा हुनुभो अघोरी

दोकानमागै जनहेर्न लाग्छन मैलाइ रोजी रूपियाँ खसाञ्छन्
पानीचिनी घीउ पिठो मिलाई । धेरै थरी स्वाद हुने गराई

३२

हल्वाइले गर्दछ पाक्य मेरो ॥ मिठाइको बाध्दछ पण्डित घेरो
नेप्टी र चेप्टी गुलियै महुन्छु ॥ धूलो फुलो झन् कतिमिष्ट बन्छु

खान्छन् मिठाई जनले वनाई ॥ किन्छन् कुनैले गरछु भलाई
मेरा हजारौं हुनजान्छ नाम ॥ वर्फी फिनी जिलिफ सुधासमान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४

स्वादिष्ट राम्रो जब रोटी देखछन्। जवान बूढा शिशु लट्ठ पर्छन्
मिश्री मराम्रीभ नि फुर्फुरीन्छयौ। हेलामलाई विनसिचि गर्छयौं
जस्ले चिनीका संग प्रेम गर्छ।उस्लेकयौं मिष्ट सुस्वाद फेर्छ
मीठो रसीलो म छदैछु चीनी घिऊ पिठोमा बनिहाल्छु फीनी

३६

सेता तिरौलि जब बन्न वस्छू। छापेर सेतैं तिलमा रमीन्छू
रङ्गी र चङ्गी भइ भाँति भाँति। हल्वाइको वस्त छु थालमाथि
हात्ति र घोडा घर वृक्ष नाग। राता पहेला वनि सिंह बाघ
देखी मलाई लिन लागिताँती। स्त्रीबाल लान्छन् घरमाथि माथी

३८

राम्री ठ्यौली रसिली जनाना। रोज्ने मलाई यहिहो जवाना
चीनी नभै हुन्नमिठो पदार्थ। जानीसके यो सबले यथार्थ
संसारजम्मै घुमिखोजि हेर्दा मिल्दीन अर्कोमसमान जोडा
घोडीसरी बेगवतीछु भारी। ढोई सरी लस्कनमा तयारी

४०

नारीहरुमा सिरकी म ताज। संसार मेरै बसमाछ आज
चाकू कहन्छन् नलगाउ धाक। रहस्य मेरो अब जानिराख
वैनी पुग्यौ देश भयौ बिहोस। नयाँ ठिटी पोइल जान खूस
चिनी भयौ चञ्चल बोल्न वाठी। ठान्छयौ सबैलाइ अजानलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४२

ग्वाङ्ग्रा वनाएर निकै छकाई। नठान जित्छु भनि चाकुलाई
गर्छु म मेरो गुणाकयै प्रचार। पवित्रता शुद्धि सबै विचार
सुत्केरिकोमै, कतिकाम लाग्छु। धेरैजसो नै उपकारमा छु
म चाकु कस्तो बढिया छु जान।जान्दैन कोही जन झट्ट खान

४४

पैंले मलाई दुदमा पकाई। बदाम छोरा मसला जुटाई
गुझासरी गोलि बनाइ राख। भो पुष्टकारी रसदार चाख
भो नाममेरो किन पुष्टकारी। खायोकि पायो बलको भकारी
गोरी चिनीछौ मछुकिन्तु कालो हाल्छन् ममा मङ्गलले अंगालो

४६

गणेश चाकूमिलि दङ्ग हुन्छन्।त्यस्लाइ धेरै वरदान दिन्छन्
पवित्रता वंश यही बुझेर। जन्मे उखूको कुलमा रहेर
त्रयोदशीमा घरछोडदामा। खाएर चाकू हिडसाइतैमा
आनन्द मिल्ला परदेश जाँदा।यो ज्योतिषी कै छ प्रमोण सादा

४८

जन्मोत्सवैको दिनमाजनैको। पूजागरी अष्टचिरञ्जिवीको
नैवेद्य खान्छन् यजमान चाकू। उन्कै बढी जान्छ विशेष आयू
जान्यौमलाई अवशुद्ध ज्ञानी।लाने र खाने कति भाग्यमानी
चैनीचिनी होटलभित्र घुम्छ्यौ।यो शक्तिमेरो कुनजान्नसक्तथ्यौ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५०

छोडी अहंकार म योगि झैं छू। संक्रान्ति माघेदिन विश्व घुम्छु
खानेसबैलाइ गरी पवित्र। शरीर टुक्रै गरि बन्छु मित्र
संक्रान्ति मान्छन् जतिले मलाइ। पुग्छू सबैका घरमा रमाईं
जस्ले मलाई जलमा पकायो। सुगन्धि वास्ना घरमा चलायो

५२

...ीचिनीअग्नि विषे पर्यौकी। दुर्गन्धि बन्छ्यौ छिछि केभएकी
छौ शुक्ष्म गोरी जिउमात्र राम्रो। केही न हूँदा गुण, भो नराम्रो
पवित्र छौकी अवित्रनै छौ। केके जिऊमा बटुली रहीछौ
न ढाँटि वैनी! सबयो बताउ। न भाग भोभो नडराउ आउ

५४

के स्पर्शले सुन्दर रूप पार्यौ। सेतो सफा वैनि भएर आयौ
नानी तिमी सुद्ध असुद्ध के छौ। जवाफ झट्टै दिनलाइ सक्छ्यौ?
भन्छिन् चिनी दाजु! म चञ्चली छू। लाखौं करोडौं घरपल्किरैछु
मलाइ देखेकित मोहपर्छन्। सन्मान गर्दै घरभित्र लान्छन्

५६

जान्छू म नाच्तै जनलट्टुपारी। आनन्द खानी म बनी तयारी
यस्ती छुको बाठि महुत्र लाटी। खान्छन् मलाई लगी चाटिचाटी
धनी गहाकी जनले सकारी। लाँन्छन् मलाई रहँदीन थारी
केटा र केटो उसका जहान। हुन्छन् मदेखी खुशि झट्ट खान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५८

दाजू र वैनी कुन भाग्यमानी आखीर मेरै रहला निशानी
द्यौता तथा पितृप्रसन्न पार्न। बन्छ मिठो पायस कंति हुन्न
आहा अपुङ्गो जब बन्न लाग्छ श्रीसत्यनारायण दङ्ग पार्छु
पाक्छ जसै शेल अतीव मीठो। खान्छन् खुशी भै जनछानि मोटो

६०

रायो तितोछ नमिठो उसमा ममिल्दा
गर्छन् बयान जनता कतिलडडु निल्दा।
दाजै बिगारि मुख कुच्च गराइ ब्यर्थ
जान्नै भएन किन लड्डु गणेश तत्व।

६१

चाकू चिनी दुइथरी जनखीर खाउन्
हाम्री सुनौ कुनमीठो उनले बखानुन्।
मद्दत् लिनू परछता सखरै लिनू होस्
मिश्री चिनी नपरि पायस के मिठो होस्

६२

दाजै खुदो! केगरि टिक्नु हुन्छ। छोयो कि लीसोसरि टाँस्सिइन्छ
उठ्नै नसक्ने भइ चाकु थासे। खान्छन् लगी सख्खरलाइ पाखे
चरित्र दाजै सबमालुमै छ। ऐठे तिलौरी फिर बन्नु हुन्छ
बन्दालटेपा पनि देहकैलो। देखीन राम्रो थपिदैछ मैलो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

६४

काला र कैला तिनदाजु मेरा।गोत्रै र च्याङ्के खुइरा नराम्रा
मैजस्ती राम्रो हुनख्वै सकेको।सेतो भए चाह कती हुँदोहो
यस्तो नराम्रो रूप धारि बस्ने।नाङ्लो कुन्ही गल्लि धुलो वटुल्ने
भन्कन्छ झिंगा हगि पार्छ वुट्टा।मागेर खान्छन् दुखि एकटुक्रा

६६

राजारजौटा जन-भाग्यमानी।लान्छन् मलाई घरसंमछामी
धनाढ्यप्यूछन् दिनहूँ सुट्टुक।पदार्थमेरै पिउछन् घुट्टुक
बसेर खोपी विच मानिनीको।मिची निचोरी रसकोगतीको
घुट्टुक निल्दा जलसाथरानी।आनन्द मान्छन् सुखको छुखानी

६८

हेदाजु।चाकू कुटि हालिपानी।खान्छन् भने कै हुनभाग्यमानी
भन्नोस् नराम्रो अनुहार कालो।कोहाल्छदाज्यै हरूमाअंगालो
स्त्रीजाति ळाई जुनगर्छ हेला।त्यस्लाइ कस्ले सनमान देला
जोमर्दमा कामदिई रहेछौ त्योकाम खोसी सव हामि गर्छौं

७०

पन्छाइ सारा अवमर्ददाई।आँटीसक्यौ त्योपनि गर्नलाई
हाँसोउठी चाकु यही कहन्छन्।वैनी चिनीपागलभै भईछन्
लौमर्द वस्छौं सवछोडिकाम।स्त्रीजातिलेनै गरिवीश्व थाम
फैलाइ नारी जनमात्र धेर।संसार ढाकी नर सुन्यमार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७२

पुरूषदेखी फरकै रहेर।एक्लै बसीस्त्री हरू जन्मपार
सक्छौ भने यो ठिकहो विचार।स्त्रीजाति हैनन्?नरलोकसार
सुन्दाकुरायो चिनि मुस्मुसाइन्।फर्केर खूदो तिरहेर्नलागीन्
निकैबनिबुज्रुकबोल्नआइन।कालोखुदोव्यर्थउमाल्नथालीन्

७४

जेठादाजु खुदो अतीव हुनुभो कालोयसैले अनि
राम्रोहुन्छु चिनीसमान मपनी अैले कसोरी भनी
सेतो चामलको पिठो संगजसै दाजै गई मिल्नुभो
वारीपारि कतै नभै पसलमा काहाँ कुना लाग्नुभो

७५

सेतो मजस्तै हुनखोज्नु हुन्थ्यो। कैलो र सेतो मिलि देहकेभो
जैले मजस्तै झलमल्ल होला । त्यहाँपछि इज्जतलोक देला
होला गरे के अब वेस हाम्रो। कसारमा उन्नति छैन राम्रो
गणेश बाट्नै अबदेखि छोड्छन्। ब्यर्थै विवाहा किन गर्नुभन्छन्

७७

नवाबु आमाहरूलाई मान्छन्। आफै सिपालू भइ काम गर्छन्
उद्योग अर्कै चुनि गर्नु पर्छ। गर्दैन जस्ले ठहरै उपर्छ
घटेर जाँदैछ पुरानु चाल। नयै नयाँ भो जब विश्वहाल
आयो प्रजातन्त्र विचित्र काल। इच्छा उठेको अब चर्छचाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७६

स्त्रीजाति लेखापडि गर्नलाग्छन्।माष्टर्नि भै इस्कूलजानथाल्छन्
घर्को झमेला पतिपुत्र बोक्छन् स्त्रीजातिले नै धनल्याइ पाल्छन्
स्त्रिजातिको मान निकै हुनेछ। जस्तोमलाई जनमानि रेछ
सृष्टी भएथे जबमर्द नारी। पाए समाने हकठिक पारी

८१

पुरूषले स्त्रीहक दिन्नभन्न। कोसक्छ एले अव मर्द बोल्न
अन्धो र स्वार्थी किन बन्नुहुन्छ। स्त्रीलाइ माने कति बेस हुन्छ
चोल्यो खुदो के गर्छौ नि हेला। बूटो भएँ छोडिसकें कुचाला
सत्तेवित्यो यैरितले मलाई। त्रेतागयो द्वापरगो विलाई

८६

एले कली भर्खर भो प्रवेश। गणेश बाट्ने गर्दैछ देश
अगाडि यस्तै कति कुन् दशा भो। म्लेच्छादिले संपरि गैगरीगो
यस्तैहुने काल यहीरहेछ। कयैकालमा यो सबजाइजान्छ
न ह्वौनछाडा यत्री डुलेर। सहूं कसोरी मलुरे बनेर

८५

दिदी र बैनी सुनलौ दुबैले। अर्शामिठो बन्दछ हो खुदैले
भन्ने कुरो यादबिचार छैन। अर्शाचिनेको अथवा छछैन
पहाड उल्की चुलिपुग्नलाई। डाँडा र काँडा हुनगै डराई
पाहाडियाले अनभोग गर्नें। अत्तोन पत्तो। दुइलाइ सुन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८७

भन्छिन् चिनी हाँसि मके कमीछु । निस्के कयौंपार्टि म हेर्न जान्छु
काहाँ कहाँ होटल खुल्न लाग्यो । जतातते काम बढेर आयो
हुँदैन नी अल्मलिएर बस्न । खोज्दाहुनन् होटल भित्र पसुँ न
कैले ननिस्की घरभित्र वस्ने । निस्के जनाना अबकोछ रोक्ने

८९

भलो चिताई डुलदैछु देश । गर्दिछु सेवा बदलेर भेष
गृहादि होटेल त्रिपे जुटेर । गर्छन् सबैसान चिया चुसेर
दाजै ? दुकानै कुरि वस्न सक्ने । मता सबैका संग मिल्न पुग्ने
आनन्दखानी रसिली छदैछु । संसारलाई वसधारी रेछु

९१

हेलाखुदोलाइ गरेर फेरी । भन्छिन् चिनी सखसरलाइ हेरी
आयो प्रजातन्त्र नभै विहोस । अडाइराखे पछिहुन्छ वेस
यो तंत्र हेला गरनै हुँदैन । हेलागरे देशत शुध्रदैन
कैलोछ जस्को अनुहार धूलो । के जान्नु होला अन्न मर्म ठूलो

९३

सारै दरिद्री हुनुभो तपाई । रमाउँ छन् खान गरीप आई
पुवामकैको दुखले पकाई । मागेर फोसा सखरै मिलाई
चिल्लो चिनाको गुलियो लिस्वाद। आनन्द मान्ने दुखिकोछजात
यो कष्ट कैले इनबाट छुट्छ । के खान्छ मिठो कुनशास्त्रपढ्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

९५

चिनी घिऊ मिश्रि कुनैपदार्थ। मिल्दैनस्वप्ना विचमा पनीत
त्यस्सै बुढो दाजु हुनू भएछ। थोत्री तिनौटै युगनै गएछ
रमाइलो भै कलिफैलिदैछ। पालोठिटीकै अब आइरेछ
विवाह गर्नै जववात चल्छ। ठिटीहरूका मन ठस्सपर्छ

९७

नामीघराना कुरु बाबुखोज्छ। धनीपढेको जनज्वाइ रोज्छ
ठिटीहरू इस्कुलमा पढेर। जान्नेपुरा भै म सकें भनेर
के गर्न आँटे अवयो समाज। विचार गर्नोस् सवथोक आज
मान्दीन स्वास्नी परहुन्छ छोरो।भाई भनीजा वनछन् यकोरो

९९

कस्ले वुढाको उपदेश मान्छ। साँचै वुढाले अवकष्ट खान्छ
खाने नखाने अवको विचार्छ।आफ्नो भलो जेगरि हुन्छ गर्छ
करु आइ भन्छन् सब धर्म कर्म।भन्नोस् मलाई अव खोलिमर्म
वोक्रे बनी केहि नजानि आज।हुनेछ यस्मा अव बोल्न लाज

१०१

चल्ती चल्योजे जनतेहिगर्छ। सबैमिल्यो सुखआइ मिल्छ
भन्छन् सखर्दिक मलाइ गर्छौ। हुनै नसक्ने किनकलिप इन्छौ
लाग्नेछँदैको भनहालि म्वाली।सुम्पन्छ स्वास्नीसंगफस्छ खाली
झिकेर थोरै निहु क्रुद्ध वन्छौ। भैनाग पत्नी सरि सास फेर्छौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०३

आफ्नो भए दोष वनेर चूप। गर्छौंतुरुन्तैशिकि आँशु सँु क
पायौ भने क्यै अधिकार शाली। अनर्थ गर्छौं सवधर्म फाली
जम्माहुँदै दस्तिरवाट नारी। फोओचलाई गफको भकारी
राम्रोगरें काम भनेर भन्छौ। विग्रेपछीमात्र झल्याँस्स हुन्छौ

१०५

हूँदैन नारी जन गर्न खूला। सर्वस्व सक्छन् वनि आफु धूला
जान्ने हरुले यहि गर्नुपर्छ। स्त्रीलाइ राम्रो संग राख्नु पर्छ
मायादया धेरगरेर राख्नु। छाडानपारी अति यत्न गर्नु
नाङ्गीर भोकी नरहुन् जनाना। शोभाव राम्रो हुनुपर्छ नाना

१०७

वैनी चिनीले पनि लौ यसोरी। हो वैन राम्रो धनमात्र सोरी
वोल्छौ विचारै नगरी कुराको। छोड्यौ किलज्जा तव मं परी भो
स्त्रीधर्ममानै सवथोकअड्छ। अढयो भने धर्म सुधार वड्छ
आदर्श नारी जनको चरित्र। नाघ्यो भने हुन्छ अती अनर्थ

१०९

हेलागर्‍यौ झन् यसरी मलाई। डुवीसकीछौ भवमा रमाई
निर्धक्क त्यस्तो हुनसक्छ कैले। वुझाइ भन्छ सुन वात मैले
सेता र काला डुइपक्ष छन् यी। घुमीरहन्छन् महिना भरी यी
दिन् प्रन्द्रपालो गतिछन् अपार। छ सार यस्को समया नुसार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१११

रहन्छ धेरै दिनयो कसोरी । त सर्थ नानी नहऊ अटेरी
संसार जस्ले रचियो बनायो। उस्ले मिलाई नियमै चलायो
त्यो झ्याल खाना किन हो बनेको।छ कष्ट भोग्ने स्थल ख्वै चिनेको
त्यस्भित्र नेल्मा किन गै परेको। हो विश्व यस्तै बुझहै भनेको

११३

भन्छिन् चिनी!दाजु जवाफ द्यूँ त देखनू भयो दोष म माथिकै त
सेवा सबैको दिनरात गर्छु । पैसा मिले जीवन सोर्न दिन्छु
समस्त नारी नर जोजतीछन्। चाटी चिनी मस्त बनी रहन्छन्
हओस् अयोग्यै तरहुन्छ योग्य। मेरो भयो सेवनकै अयोग्य

११५

ढ्याक्रा र बोरा टिनमा भरिन्छु।सीसी र सन्दूस भरीं छरिन्छु
पोका र पोकी रूपबन्न सक्छु। जोदिन्छ पैसा उसमै न रम्छु
साहू पलेंटी कसि धार्नि जोख्छ। छंछं बजाई रूपिया बटुल्छ
गाहाकि आयो कित सार्छु पाउ। खोले र घुम्टो गरि हाल्छु भाउ

११७

आट् गर्छु पक्का जवजान दाजु। उल्कन्छु चाडै भरि भै तराजु
ओर्लेर भैंमा जब कस्सि बस्छु। बोक्छिन्छु पोको परि मस्कि इन्छु
धुग्छु र घर्मा बनिहाल्छु चिया।उहाल्छ ल्याई मसला बढीया
प्राणेश्वरी ठानि मलाई प्यूँछ। रक्षा म गर्छु अनि दङ्ग पर्छ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११६

यस्तो ममाथी जुन प्रेम गर्छ। त्यो भाग्यमानी बनि डुल्छ फिर्छ
हाले चिनी थोर प्रसन्न हुन्न। चीया नमीठो भइ कोहि छुन्न
डुल्ने बस्यो बानि मलुभ्रि हुन्न। हे दाजु ? कोहीसंग न्यूरिइन्न
हाम्रै उदायो अब भाग्यकाल। शक्तैन काही पनि गर्न जाल

१२१

नारीहरूका पदमा परेको। चाँदी थियो कल्लि बनी रहेको
त्यो चाँदी गो ब्याज बनेरमाथि। उलट् पुलट् यैछ अनेक भाँति
बत्ती हुन्नी लाल्टिन यारलक्का। बल्थे तलैबाट प्रकाश सफ्फा
माथी बलेको बिजुलीछ ऐले। कोठा उज्याला तर हुन्छ पैले

१२३

गर्थे खसंको अभिमान नारी। ऐले सबै छन् पतिका पियारी
दाजू ? मजाको कलिकाल कस्तो। रमाइलो लाग्छ मलाइ यस्तो

१२४

स्त्रीलाई शिक्षा अघि के ? त ? दिन्थे
लट्ठग्नि नारी कति भैं रहन्थे
कूचो बढ़ान्नु घर लिप्नु पोत्नु।
पकाउनू भात पछाडि सुत्नु ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२५

खप्थे हजारौं दुःखकष्ट पैले। आनन्दमाछौं चिनी मिश्रि ऐले
आफू भनेक्या मनमोजि आँटी। चीयो र चर्चा अझहामी माथि
संसार यस्तो छकियो विचित्र। देखिन्छ नारी जनकै चरित्र
सावित्रि सीताहरूको बयान। जानीसकेकी छु सबै प्रमाण

१२७

ठूलाबढाको बढियाछ चाल। सानातिनाको घटिया कुचाल
धर्मात्म मात्रै सबकोहि हुन्नन्। अधर्मि मात्रै पनि देखिंदैनन्
राम्रो नराम्रो निज जान्नसक्छ। जस्तो गऱ्यो त्यै सबलोक भन्छ
आफ्नो सबैठान्छ निको चरित्र। यौटासुनाऊँछु कथा विचित्र

१२६

दरिद्रिनी दुःखखिनी दाउरीनी। राम्रीनराम्री उनका तरुनी
चुरोट खाली नगरेर हात। खान्छन् चिया दाजु? दरोछ आँत
त्यस्ता जनाना सुखखोजि हिड्छन्। ठट्टागरी मर्द भुलाउँदै झन
हामी चिनी मिश्रित मोहिनीछौं। संसार बोरी धनखिच्न सक्छौ

१३१

ली दाउरागै जनविक्रि गर्छन्। भारी बिसाई सकि सासफेर्छन्
थैली उघारी रूपियाँ घुसारी। चुरोट सल्काउन छन् तयारी
होटेल देख्छन् झन दङ्गपर्छन्। आफ्ना घरैका सबदुःख भुल्छन्
छोरा र छोरी घर भित्र रुन्छन्। आफू चियाप्यून सुटुक्क पस्छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३३

फोहोरि मैलीतँ भसारनी छस्। दिन्छू चियाला परछेउमा वस्
भन्दा पनि लौ भनि ली गिलास। पिएर चीया गरेछे विलास
पैसा दसौटा झिकि सुस्तसुस्त। तीन्बाजि गन्छे भईदङ्ग मस्त
चोलोफरीया चिथडाछ जस्को। खान्छेचिया कालभएछ कस्तो

१३५

राजीखुशीछन् मनमोजिचल्छन्।आनन्दमानी संगोसाथमिल्छन्
कोदोमकै खाइरमी रहन्छन्। जाड्मघ मांसैतिर चित्तदिन्छन्
पल्कीसके ई पनि खान चीया। कोदोमकैवेचि सके फरिया
हेर्छन् सिनेमा कसरी रमाई। तान्दैछु हम्ला गुलियो पिलाई

१३७

कान्ति,लली,भक्त,तिनै निवासी।चिया सिनेमाहलमा विलासी
पैसासकीयो किन वोकि थाल केटादगुर्छन् टिपि चोरि माल
पर्देस लागी कित तीर्थ जावस्। वंवैर डिल्ली उ जनाविलाओस्
हाँमीहरूकै बसपर्नु पर्छ। जाहाँ पनीछौ गुलियै हसुर्छ

१३९

ठुलाधनी मालिकले मलाई। खान्छन् चिया सर्वतमा मिलाई
दाजै १ गरीवै जन मात्र आई। खान्छन् हरे सख्खरमै रमाई
भन्छन् सखदंङ्ग परेर हाँसी। मैछू तपस्या गरने सहासी
जान्यौ? मलाई मनको उदार। हे वैन्हि ! राम्रो गरयो विचार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४१

नछोडि आफ्नो गरी धर्म बस्छु यस्तै तपस्यागरि कष्ट खप्छु
गङ्गासरी निर्मल स्त्री जतीछन् । उन्ले कहाँनाल शरीर पाछन्
आदर्शनारी अघीका भएजो । शिक्षादिदै धर्म बढाउँथे पो
चटक्कबैनी सबधर्म टोडी । घुम्छ्यौ जनानामिलि जोडिजोडी

१४३

बन्छ्यौ र चीया फुलभित्र पुग्छ्यौ । मुखैनधोय पनि ठिक्कनैछौ
यस्तोगराई सकिछौ समाज । होटेल नाचीघुमछ्यौ छ लाज
बाल्टीनको पानिबिषे डुबाई । पाछ्यौ तिमी सुद्धगिलासलाई
हज्जार जूठो उसभित्र घुस्छ । जुठोजुठोमा कतिलोक खुस्छ

१४५

भन्छ्यौ सपारें सतसङ्ग यैहो । वैनीमता सक्किन सुन्न ओहो
सीताजिको कारणबाट रावण । मरेर लंका हुनगो विनासन
जान्यौ महाभारतको ठुलोरण । पर्दो भयो द्रौपदिबाट कारण
पाएर दोटा अधिकार कैकयी । फुकींनिकालीन् रघुनाथलाई

१४७

आदर्श त्यस्तातिरबाट यस्तो । भो लौ तिमीबाट हुनेछ कस्तो
चीया पिलाऊ घीउहालि धेर । बिगार गर्दैन बिचारि हेर
थाम्यौ भने मान असलहुनेछ । छाडा भयौकी सब नासिनेछ
धनीधनैमा भुलि मस्त बन्छन् । गरीपको दुःखति जाँन दैनन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४६

अझ पनि सुन भन्छु व्यर्थ यो मान लिन्छ्यौ
हुनगइ बहुरङ्गी नाच्नमानै रमीन्छ्यौ
सखर असल भन्छन् मर्मजानी सकेका
जनहरु किनि खान्छन् स्वाद पाई रहेका

१५०

असुखि जनसवैको काममा जाइ लाग्छु
वनिम सितन च्यूरा एक पोल्टो निखाछु
अधनि सकल हेर्छन् नेत्र तानेर धेर
खिनि नकिनि मलाई लान्छ पैसा झिकेर

१५१

नासैमिठा धरि सवै मधिसे कहन्छन्
नेपालिता सखर मीष्ठ भनी रहन्छन्
यस्तो मिठो मगुलियो छकि के टुसिन्छ्यौ
निर्लज्जझैं भइसके पछि के सुरिन्छ्यौ

१५२

लज्जात्यज्यौ भयत्यज्यौ त्यजिसर्म छोड्यौ
कल्सापसेर भनलौ कतिपल्ट लोट्यौ
जाउ मधेसतिर हेर घुमेर हाट
वेच्नीमलाइ कति कंपनि गन्छ हात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५३

वेपारिनी तरूनिले कतिमान गर्छन्
बोकी मलाइ शिरमा धरि वेच्न लाग्छन्
आम्रो मिठा खरिदलो मुहमे लगाओ
स्वादिष्ट चीज यह तागत बाल खाओ

१५४

भन्दै अलीकति झिकी-जब चाख्न दिन्छन्
चाटेकि पल्को अरू किन्न थचक्क बस्छन्
हाँस्तै अनी तरूनिले जब-तौलि दिन्छन्
कोसक्छ अडन् अनिता किनि खाइ हाल्छन्

१५५

हे बैनी ? मनरूप हात्ति फुसक्यो माहूत देखीभने
इच्छामाफिकले दगुर्दछ जतापायो उतै लंकने
बाध्नू त्यस्कन पर्छ बन्धन कसी आफ्ना कुला चारको
लज्जासिक्रि र चित्त अंकुश तिखोधैयैछ जस्को निको

१५६

लागीन् भन्न चिनी नवास घरको मैंमा पनी सुत्तछ
गोडाहात गराइ नोकर उही टाल्हा टुली लाउँछ
आफूलंफु बनेर खाडल विषे बैरीइदै बस्तछ
हे दाजै दुखिले गरेर सुखिका हेला कहाँ पुग्दछ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१५७

भन्छन् सरखर हेर पातहरूमा वस्तै अघायें मत
लाखौं मंसुवली चिनी डुलदछ्यौ त्यो पेट कस्तो छत
वैनी धेर चिनी अघाउन कवै शक्तीन ह्वौली मन
आफ्नो भन्न हुदैन वेगउसको पर्लो छिटो रोकन

१५८

पायो क्यै रूपियाँ भने गरिपले हज्जार इच्छा गऱ्यो
जम्माभो उतिनै भने पनि पछी इच्छा बढ्यो लाखको
त्यो पाए पछि चक्रवर्ति हुनको इच्छालियो इन्द्रको
ब्रह्माविष्णु समेत भैकन पनी इच्छा नपुग्ने छ यो

१५९

पैले कोहि थिएन हेर पछिई कोही हुँदैनन् सुन
ऐले ईष्ट र मित्र दाजु वहिनी भन्छयौ तिमी जस्कन
चीनाजानि र प्रेमराखि घुमछ्यौ क्यैकालकामात्र हुन्
यो आधार बिछोड मेल दुइको के हो ? सबै अज्ञ छन्

१६०

सारै ब्रुज्रक दैवले भवखडा पारेर राखे तर
यस्मा हेर ? बडा बडा जनकयौं हुन्छन् बिरक्तै पर
हे वैनी भवमा लुटूपुटु गरी यत्रो अहङ्कार भो
सामर्थी अघिका कतातिर गए इच्छा पुराको भयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६१

यस्तो विचार मन भित्र गडेर हेर ।
हेनानि चञ्चल नह्वौ यसरी डुलेर
कस्तोसमाधि गरि थामिरहेछु सत्य ।
सेवागरेर जनको म रहन्छु नित्य

१६२

मित्र भाव जब गर्दछ सूर्त्ती।निस्कि जान्छ उसको कति फूर्ती
भै तमाखु म खरो जनवन्छु।लाग्छ किन्न घुइचो दङ हुन्छु
गर्दछु म जनको कति सेवा । आइ भन्छ पसले–झट–देवा
खल्तिखल्ति जनका चडि जान्छु।खाइ शक्छ रूपियाँ थुतिलान्छु

१६४

लौ वताउ वहिनी नतढाँटी । को रहेछ उपकारि र आँटी
चाहगर्छ जनले कसलाई । कान्छि बैनि भन मिश्रि मलाई
मिश्रि लाटि भइछौ, चुप लाग्यौ । या त बोल्न नसकेर डरायौ
राम्रि हुन्छु म भनेर गई थ्यौ । क्याकि पुट्की कसरी भइ आयौ

१६६

दाजु के भनन्नुभो मछुराम्री । गाजसाथ दिदि देख्लु नराम्री
क्याकिछु तर म चन्द्र समान। वर्ण ज्योति रवि तुल्य प्रमाण
गाइको दुदसमान छु गोरी । छूम सीतलसृखण्डकि छोरी
वर्ण सुन्दर हिरा संग मिल्छु।झल्कि जोति रवि चन्द्र म वन्छु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६८

राम्रि बन्न तरूनी किनि लाग्छन् ।
घोटि सिन्दुरममा टलकीन्छन् ॥
किस्तिमाझ मकनै जब देख्छन्
छेउ छाउ मसला मिलि बस्छन् ॥

१६९

हेदाजै भनुके ममिश्रि वहिनी राम्री छदैछु सदा
देख्तैछु तिन दाजु मात्र कइला राता र काला तथा
यौटी छू अति सुन्दरी तरूनीभै झल्काउँदै यौवन
पर्दैछू मुखमा गएर जनको वस्मा गराई लिन्न

१७०

भेटीघाटि चढाइ लान्छ संगमा आशा निकैनै गरी
काँडाचास्नि वनाउछन् घर भरी नारी अगाडी सरी
वाक्लो चास्नि बनेपछी सवजना लाग्छन् वसी चाटन
मेरो चल्तिछ भक्त कान्तिपुरमा घुम्छू कि ता पाटन

१७१

मैं राम्री भनि भन्नु हुन्छ चिनिले हेलामलाई गरी
दाँजेमा मछु राम्रि गाजदिदिमा कालो हुनाले भरी
डाक्तैनन् मुरूवा र चास्नि बढिया काँडाँ तिनै काममा
मैलेनै दगुरेर पुग्नुपरने भ्याऊँ म कुन् ठाँउमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७२

दाजैको किन बुद्धि भ्रष्ट हुनगो निस्तेजभै सक्नु भो
यौटा गर्नु भएन उद्यम कुनै तेसै बुढो बन्नु भो
कान्छी मिश्रि म छू ठिटी तर घुमी आएँ सबै देशमा
पाएँ सर्टिफिकेटनै अति मिठो, यै मिश्रिको नाममा

१७३

पाटे अल्छि वनेर मात्र कसरी निर्वाह गर्नें अहो
यस्सै अल्मलिनू भयो यदिभने केकाम लाग्ने छ यो
मीठोबन्छ चिया भनेर चिनिगै कस्तो मजा गर्नु भो
खाष्टोछोडि लगाइकोट युवती पाल्नू हुदै प्यूनु भो

१७४

पूजापाठ जपादि ध्यान कसरी सारा हराई सक्यो
यस्तो चाल चलीसक्यो कि अवता को मान्छ संध्यानिको
भक्षाभक्ष विचार छोडि जनले खाने इरादा लियो
इच्छामाफिक कामपूर्त्ति गरछन् कस्तो जवाना भयो

१७५

भन्छन् सरखर छैन हेर त्यसरी बिग्रीसकेको अब
यो नेपाल छ पुण्यभूमि यसमा धौता रहन्छन् सब
धर्मैंनै वढला अधर्म घटला सन्तापछोडी रहु
आयो तंत्र प्रजा अवश्य यसमा आनन्द मानी रहु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७६

पशुपति तिर गैकन हेर। झलमल सब मन्दिर घेर ॥
अवत हुन गयो दिन राम्रो। सकल भय हराउँछ हाम्रो ॥
भन्छिन् चिनी चित्त बुझ्यो मलाई। बोल्दीन भैगो अबदेखि दाई॥
संसारिले धर्म अधर्म गर्छन्। हामीहरूनै लगि पेट भर्छन् ॥

१७८

चाकूकहन्छन् सुन वैनि दाजू। ल्याएर चूपी घन भो तराजू॥
काट्छन् मलाई जिउ हुन्छ टुक्रै। टासिन्छु त्यसमा भरिदै गुलीयै
बोल्यो सखकोमलछ्र बलीयो।धुलो मजाको रसिलो गुलीयो॥
खान्छन् मलाई जन प्रेम साथ। आनन्द लिन्छन् जब मिल्छ स्वाद

१८०

बोल्यो खुदो च्चामल जित्न खोज्छ।
च्याट्च्याट शक्तीसंग कुस्ति गर्छ॥
मीठोमजाको जबस्वाद मिल्छ।
प्रभाव फैलेर प्रकाश खुल्छ ॥

१८१

यौटै थियौं हाँमिसवै अगाडी। व्यर्थै फुटेछौ बिचमा पछाडी॥
मिल्यौं भनेझन् कति बेशहोला। तसर्थ छोडौं अवयो कुचाला॥
नेपाल कल्याण बढेर जाला। आनन्दको उर्लिइनेछ खोला॥
राम्रोगराउँ पर सम्म गाऊँ। हामीसवै भै गुलियो भराऊँ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८३

सल्लाह यो ठिक हुँदा मनसान्त भैगो।
शेखी घमण्ड रिस डाह समस्त गैगो ॥
जम्मा भएर सबले दुइहात जोडी।
भन्छन् खुशी भइपिता उखुलाइ ढोगी ॥

१८४

बाबाविरायौ अबसाम्रु आयौं। हामीहरू व्यर्थ उसै करायौं ॥
आपस्तमा फूट हुँदा डरायौं। नजानि व्यर्थै कति कष्ट खायौं ॥
कस्तोछ हाम्रो कुलको वयान। संझाइवाबा दिनुहोस्न ज्ञान ॥
बाबाहजुर्को कतिकेछ नाम। कुन्नामको कुन् निकलन्छ काम॥

१८६

हामीहरूको मनसाय जानी। आनन्द आफ्नो मनभित्र मानी॥
भन्नोस् भनेरै जबसोध्न थाले। चरित्र राम्रो उखुले निकाले ॥
मेरो स्वरूपै गुलियो छ जान। संसारले अमृत गर्छ पान ॥
ठूलानसाना सबको रूची छु। धन्यै म कस्तो उखु जन्मिएछु॥

१८८

राम्रो नराम्रो जनगर्छ काम। मेरै सबैले लिनु पर्छ नाम ॥
दयालु दाता महुँदा प्रधान। संसारि मेरै गरछन् वयान ॥
गर्छ म जस्तो उपकार जान। भनौ म कस्को दिइलौ प्रमाण ॥
आनन्द मान्छन् जगतै रमाई। चुसेर मेरो रस निल्न लाई ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६०

यस्तो मिठो अमृतको लि स्वाद।
गर्छन् सबैले उखुमात्र याद ॥
यसै गरी डुल्छु सबै रिझाई।
धारा गुलीयो मुखमा बहाई ।

१६१

भुवन भर सबैले सर्व माङ्गल्य काम।
जनहरू जतिगर्छन् गर्छु मैत्यो तमाम ॥
यदि म उखु नहूँ ता काम यौटा हुँदैन।
उपनयन विवाहा भार छोडी भएन ॥

१६२

अशुभ सकल हर्दै हेर पैले म जान्छु ।
अनि पछि सब जन्ती ताँति लाएर लान्छु ॥
अरू जति फल फल्छन् विश्व संसार भित्र।
उनिहरू सबमेरै दाजु भाई विचित्र ॥

१६३

सीता वैनि विचित्र सुन्दर थिइन् तीराज कन्याकन
मानी पुराय अयोनि संभव बुझी जानेर उन्को गुण
आईराम जसै विहे गरनुभो श्री जानकीका संग
हाम्रोबंस अहा पवित्र हुनगो होलाकहाँ बर्णन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६४

जन्मेका सबछौ पवित्र कुलमा छैनौ कमी क्वैपनि
छौपुरा गुणमा छिछीभनि कहीं भन्दैन सानागनि
आफूमात्र ठूलो वनेर रहने इच्छा नराखी सदा
पाचैले समभाव राख जनमा कल्याण कारी हुदा

१६५

मेरो वोक्रा हेर जम्मा गरेर
बाँध्छन् मूठा नामटूकल् भनेर
गाड्छन् माहादीप त्यस्मा लगेर
वाल्छन् सन्भूहर्ष पारौं भनेर

१६६

सिध्धिन्छ हेर जब चातुरमास राम्रो
पूजागरेर तुलसी संग काम हाम्रो
छत्री वनाइ तुलसीकन भक्ति गर्छन्
राम्रो भरेङ उखुकै जडि चट्ट पार्छन्

१६७

श्रीलाख वत्ति जनले जब वाल्न लाग्छ
वत्ती चलाउन पनि उखुचाहि हाल्छ
कस्तो रहेछु हरको हरिको छु प्यारो
नैवद्य लाग्छु प्रभुको मछुकिन्तु सारो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९८

वोक्रावाली आँग सुत्केरी सेक्छन्
सारा दुख्ने फाल्छु आनन्द मान्छन्
प्याराछोरा पार्वतीका गणेश
हुन्छन् खूशै पाइ उखु विशेष

१९९

क्यैनाम मेरो उखुको विचित्र। वताउँ दैछु सुनिह्वौ पवित्र
साधारणै नाम चुनी उखूभो। ढोडेकिराती अनि पौंन्डकै हो
रातो उखू वंशउखू भनेर। काली निगाले थपयो गनेर
चिल्लो उखूछ झवरा उखुछ। त्यस्तै पहेलो ग्यवरा पनी हुँ

२०१

कोशेर भन्ने पनि जातहुन्छू आल्खा नजीकै यसका रहन्छू
ढोडेउखूका सव पात टुप्पा।हुन्छू तिखा यो पनि जानपका

२०२

कोक्याउने उखु पनी महुँदो रहेछू
वोको मिठो र गुलियो म हुनेपनी छू
जोदाँतले लुछिलुछि रसलाई निल्छन्
पीयूष तुल्य यसको गुणलाई चिल्छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०३

जो खालिपेट रहँदा उखुलाई खान्छन्
नासेर पित्त अति सुन्दर देह वन्छन्
भोजन् सकेर उखुको रस जौन चुस्छन्
त्यस्वाट वायु अलि केहि वढाइ राख्छन्

२०४

जो मध्य भोजन विषे रसलाइ प्यूँछन्
अत्यन्त भारि हुनजान्छ भनेर भन्छन्
स्त्रीको प्रसंग गरने जनलाइ धेर
दात्ले चपाइ कनखान उचीत हेर

२०५

चालःख्खमा म कफ कोरकमा गनिन्छु
मेदो प्रमेह दुइ रोग वढाइ दिन्छु
हुँदा जवान वलियो तव वायु नास्छु
केही म तिस्ण पर्नीछू तर पित्त मास्छू

२०६

वूढ़ो भए कि वलवीर्य वढाइ दिन्छू
त्यो रक्तपित्त क्षत नाश गराइ लिन्छु
जो दाँतले उखुचपाइ घुट्क्क निल्छन्
भै विर्यवान अविदाइ कफै वढ्ल्छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०७

मेरो अलीकति कहें गुण संझिलेऊ
तिम्रो बताउँछु खुदो गुण जानिलेउ
वातघ्न पित्त अतिपुष्ट बनी रहन्छौ
मूत्रादि वस्ति सबशोधन गर्न सक्छौं

२०८

हे चाकु लौसुनतिमी बलकारकै छौं
त्यो रक्तपित्त हरि सुक्र बढाइ दिन्छौ
गर्छौं विनाश कृमिको बलवाननै छौं
चाकू पुरानु हुनगै गुणले भरिन्छौं

२०९

भै अग्नि बर्द्धक र पुष्टि दिने भएर
नाशेर पित्त हितकारि निकै बनेर
दिन्छौ बढाइ बलसुक्र विनाशि वायू
राख्छौ प्रसन्न सबरक्त थमाइ आयू

२१०

हुँदा जवान कृमिकाश बढाइ स्वास
जागेर अग्नि कफलाई दिने निवास
भन्दैछु हेर अनुपान गरेर भेद
शक्तैन जोड गरनै कन रोगले त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२११

नास्गर्नलाइ कफको अदुवा मिलाउ
हर्रो मिलाइ सबपित्त झिकि भगाऊ
चाकू सुठो संगगरी अनिलै हटाउ
सक्छौ अवश्य तिनदोष तिमी भगाउ

२१२

आँखा विषे हितदिने सखरै रहेछौ
छौसीत व्रिर्य तर सुक्र बढाउँदै छौ
त्यो रक्तपित्त अनि वायु र दाह हर्छौ
मुर्छा वमन् ज्वर समेत बिनाश गर्छौं

२१३

मिश्रीचिनी सुनतिमी भइसीत वीर्य
त्योरक्तपित्त हरदै बनछौ हलुक्क
तिम्रो समस्त गुणको सब्रयो बयान
गर्ना निमित्त जनहुन्छ सबै अजान

२१४

मैबाट जन्मन गयौ र स्वभाव जाने
संसारमा हित गर्‍यौ अतिहर्ष माने
फैलेर गै घरघरै रूचिनै भएर
बस्छौ सबै खुशिगरी गुलियो भरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१५

बेलाकुबेला किन पर्खिएला । पाए गुलियो उहसुर्छ ढेला
जेठाखुदोगै जवलग्न छोप्छौ । गणेशजो ढड्डु कसार बन्छौ
फेरिदन्यौरा बनि सखरैले । लग्नादिछोप्छौ र यथाक्रमैले
चाकू तिमीलाइ सँगै लगेर।संक्रान्ति मान्छन् जनले मिलेर

२१६

छोरी चिनी के भनु धेर आज।फसीरहेछन् तिमिमा समाज
बन्छयौ मिठाई जनदङ्ग हुन्छ।चीया र सर्वत् पिइ मग्न बन्छ
मिश्री म तिम्रो गरूके बयान।देख्छु म तिम्रै भवभित्र मान
दशैंटिका भाइ टिका विहेमा।राख्छन् सबैले लगी किश्ति माझमा

२१७

उल्टो र सुल्टो जन काम गर्छन।पाचैजनाको भरमा सबैछन्
निम्तोनदीं पाचजना कसैको।बन्दैन यौठा पनि काम मीठो

२१८

संसार भित्र जतिजीव र कीट हुन्छन्
पाएर स्वाद गुलियैतिर चित्त दिन्छन्
मानीसदेखि पशुसम्म मिली समस्त
छापीन्छ आइ कमिला तक पाइ स्वाद

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१९

ब्योएकि गाइहरूले गुलियो चपाई
दिन्छन् प्रसस्त संग हूद बढेर आई
मेरासबै तिमिहरू शुभसन्तती छौ
आनन्द साथ भव व्यापक भै रहन्छौ

२२०

आयू छ लामो युगचार सम्म।लीलाहज़ारौं गरछौ अगम्य
ननर्क डुब्छौ नतस्वर्ग पुग्छौ। संसारमै मस्त बनी रहन्छौ
जन्मेर मर्ने सब मानिसै हुन्।आफ्नो दुबैलोक सपारन्यै छन्
आनन्द मानुन् अब आइमाई। खूसीहुनेछन् सबदाजु भाई

२२१

जो गर्छ राम्रो जनले चरित्र। संसार होला उसको पवित्र
यो बिश्वसंसारछ झन् विचित्र।जानीन्छ तत्व बुझि खोज मित्र
संवाद हाम्रो जनले सुनेर। आनन्द मानुन् मनमा भनेर
यो बिश्वसंसार बिचार गर्न। मैले बताए खिचि सार मर्म

२२२

देखाइ आफ्नै व्यवहारलाई। घर्को कचिङ्गल् झगरागराइ
छाडाथियौ जो भवमा रमोई।ल्याएं ममा खैचि जहानलाई
अनङ्गले लेख्छु लिला भनेर। सुनाँउदैछु सबलाइ हेर
कोइ छ चिम्टी जतियो चरित्र।जस्ले बुझ्यो हुन्छ उता पवित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२३

यस्मित्र ब्रह्म रस जो जनपानगर्छ
उस्का सबै घरभरी गुलियो भर्दछ
सन्सारमा घरघरै सब फैलिएर
आनन्द पार जनता गुलियो भरेर

२२४

आज्ञासुनेर उखुको बुझिचित्त धेर
लान्छौ भनीकन कबोल गरी उठेर
मिश्री चिनी सखर चाकु खुदो मिलेर
संसारिका घरघरै घुमछन् झुलेर

२२५

इच्छा उठेर मनमा उखुको मलाई
जम्मा गरेर गुलियो मनमा अडाई
कुराकहानि उनको पहिले गराई
लेखे क्षमा अबदिनोस् त्रुटिमा मलाई

* समाप्त *

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुद्धा शुद्धि

पृष्ट	पङ्क्ति	अशुद्ध	शुद्ध
परिचयमा	--१--	दरावण	रावण
४	२	मुन्दरी	सुन्दरी
४	६	गुध्यौ	गुड्यौ
४	११	मेगे	मेरो
५	४	षनि	पनि
५	४	विवकाम	विकाम
६	७	वा	वा वा
७	१६	लाई	लाटी
९	५	निचिनी	वैनी चिनी
१०	३	न्न	बन्न
१२	१	एक्ल	एक्लै
१९	६	दु:खखीनी	दु:खिनी
२०	८	हम्ला	हल्मा
२०	११	जना	जता
२२	११	छ कि	छु कि

पुस्तक पाइने ठेगाना

लेखकको घर:--
गौरीघाट कुमारीगाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

वैकुण्ठोत्सव

★

रचयिता—
अनन्त प्रसाद गौतम

★

प्रकाशक र प्राप्तिस्थानः—
जानकी जीवन कुंज अखण्ड कीर्तन
काठमाडौं, नेपाल।

★

२०२५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रचारकहरू:—
विहारी, सन्तोष, जनार्दन (हनुमान)

प्रकाश:—
श्रावण शुक्ल एकादशी
प्रथमबार १०००

मुद्रक:—
अष्टमहानन्द
हिमालय प्रिन्टिङ्ग प्रेस,
काठमाण्डू ।

मूल्य:—
नेपाली ६५ पैसा
भारतीय ४५ पैसा

प्रकाशक द्वारा सर्वाधिकार सुरक्षित छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❀ श्रीहरिः ❀



❀ आशीर्वाद ❀

अनन्त !

अन्त्येष्टि क्रियाको पुस्तक प्रकाश गर्न मलाई देखाउन ल्यायौ ठीक छ, तिम्रो उत्साह देखेर म खुशी भएँ परन्तु यी कर्महरुले के हुन्छ त्यो मलाई थाह र एक भगवन्नाम लाइ छोडेर विश्वास छैन। यो सब सम्पन्नता, निरोग एवं जनताले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संमान दिए सम्म र कालको असीम पराक्रम न देखे सम्म लाई सृष्टि चलाउँन सम्म हो। इहलोक सम्वन्धि हुनाले खाश परमार्थ हंन औ पारमेष्ठ पदमा समेत सुख न देखने अकुतोभय खोजने दुःखी लाई त लगातार हरिनाम उच्चारण गर्नु सिवाय कुन शास्त्रले कुन उपदेश दिनु ? किन्तु जस लाई वैरा य छैन त्यो न त कर्म छोड्न सक्छ ? न हरिनामै उच्चारण।

एतन्निर्विद्यमानानामिच्छतामकुतोभयम् ।
योगिनां नृप निर्णीतं हरेर्नामानुकीर्तनम् ॥

यद्यपि उपरोक्त विषयमा भगवान् कै सम्पर्क छ नामकै ओतमा गरिने जस्तो छ तदपि वैरी अहङ्कारको यदि लेष मात्र पनि मिश्रण परेको छ भने त्यो कर्म दोष युक्तको हुन्छ। अतः त्यो समस्त कर्मलाई विश्व सेवाको भावमा परिणत गर्दै निछावरको केन्द्रमा पुगे त त्यो विफल कसरी मान्नु?

धर्मार्थकाम इति योऽभिहितस्त्रिवर्ग
ईक्षा त्रयी नयदमौ विविधा च वार्ता।
मन्ये तदेतदखिलं निगमस्य सत्यं
स्वात्मार्पणं स्वसुहृदः परमस्य पुंसः॥

ईक्षा, न्याय र दण्ड, त्रिवर्ग कर्मकाण्ड, व्यापार, सकल।
आत्मनिछावर गर्न सहायक भए सत्य हुन् नत्र विफल॥

यत्तिकैमा यौटा कुरा याद आयो जो भागवत्‌को मात्र हैन समस्त श्रुतिको मुटु हो त्यो तिमीले कहिले पनि न विर्सनु औ असत् कर्ममा अभिमान गर्नेको बात न पत्याउँनु—

नैष्कर्म्यमप्यच्युतभाववर्जितं न शोभते ज्ञानमलं निरञ्जनम्।
कुतः पुनः शश्वदभद्रमीश्वरे न चार्पितं कर्म यदप्यकारणम् ॥

गुरुपूर्णिमा — कवि प्रसाद गौतम
नारायण महासत्र हुँदा — अखण्ड कीर्तन जानकी जीवन कुञ्ज
शेषमहलमा। — काष्टमण्डप।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माता सरयूको स्मृतिमा

यो अन्त्येष्टि क्रियाको पुस्तक सरयू कै स्मृतिलाई वहाँको वार्षिकको दिन वहाँकै कर कमलमा समर्पण गरेको छु, वहाँको जस्तो अखण्ड कीर्तन भित्रको निधन हाम्रो दुइ भाईले मात्र हैन विश्वले नै चाहना गर्नु पर्दछ ।

यो पुस्तक लेख्न श्रीमान् स्वशुरजी गदाधर आचार्य बाट मलाई प्रोत्साहन बक्सेको हो, साथै मथुरा निवासी श्री पराङ्कुशाचार्यको पनि सम्मति मिलेको थियो ।

आशा छ-सज्जनहरूले यो पुस्तकबाट लाभ उठाउँनु हुनेछ ।

श्रावण २०२५ अनन्त प्रसाद गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थप संशोधन

भा. कुः ष. पाँचौं अध्याय

सृष्टि प्रलय दुइ तिर वहने हुन् माया उभय नदी ।
पार पुग्न यस बाट मनुष्य पुग्छन् तीर प्रति ।।
किन्तु हटाउँन तिनकन माया उर्लि वेग सँग ।
क्रोध अहंको रूप लिईकन लाग्छे हा ! बहन ।।
तरी नसक्नु छ माया त्यसमा भै अनभिज्ञ जन ।
कर्म गरोस् तर कसरी होला त्यसको शान्त मन ।।

एघारौं अध्याय

ब्राम्हणकन विश्वास दिलाई काट्यो शिर कस्तो ?
भाकल गर्दै कठोर हिन्दु रेट्तछ पशु जस्तो ।।

तेर्‍हौं अध्याय

दिदा प्रेरणा स्वार्थीहरूले मारे वृत्रासुर ।
किन्तु इन्द्रकन सहन पर्‍यो सुन क्लेश जलन भरपूर ।।

सोर्‍हौं अध्याय

गौर वर्ण औ कालो धोती किरीट वाजुबन्द ।
भक्ति वढ्यो अति भो रोमाञ्च हुन गो वोलो सन्न ।।
जसको फणमा भूमण्डल यो सर्स्यूं सम छ फगत् ।
मणि रश्मिले दिन्छ ज्ञानको महिमा पूर्ण झलक ।।
भए स्वप्नमा स्वत्नान्तर जग पाउँछ आफुमैं ।
स्वप्नान्तर जब टुट्छ स्वप्नमैं जागी देख्छ सवै ।।
जागृति निद्राको विच अनुभव गर्ने पुरुष प्रभु ।
विर्सेके भनुँ ? जन्म मरणमै घुम्छन् तिनीहरू ।।
स्वार्थ त्यही हो ब्रह्म र आत्मा एक गर्नु अनुभव ।"
यस्तो भन्दै विश्वात्मा श्री हरि भो अन्तर्भव ।।

—ज्योति प्रसाद गौतम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भावुकप्रवर श्री पं. चन्द्रमणिजीको मन्तव्य—

नाम मात्रको कार्य हुने यो वेला अर्थात् कलियुग हैन नाम युग र्वात रहेको हुनाले यथावत् कर्म ता न कोही गर्न सक्छ न गराउने नै छन् ।

हामीले हेर्दैमा वेला यो प्रकार जटिल हुँदै आयो, यस्तो विकट वेलामा वावू श्री अनन्तज्यूले यो अच्युत भावना युक्त भै चतुर्व्यूहोपासना संम्वन्धित सर्वोपयोगी पुस्तक रचना गर्नु भएको देखेर म जस्ता व्यक्ति खुशी नहुने को होलान् !

प्रार्थना छ— मुमुक्षुले यही पध्दति द्वारा अन्तेष्टि क्रिया गर्नु हुनेछ ।

२०२५ आषाढ २४ गते
शङ्खमूलमा सत्र हुँदा ।

—चन्द्रमणि
अमर निवास ।

यो पुस्तिकामा एघार दिनमा गरिँदै आएका शय्या दान आदिको केही चर्चा नदेखेर भक्त समाज लाई त हैन त्यस्तै लाइ स्वार्थमा घाटा परेर शका निकाल्नु हुनेछ ता पनि भक्तहरू त्यो प्रपञ्च पट्टि जरुर फसनु हुने छैन मुक्तात्मा लाई त्यो उपकरण के लाई ? यदि मनले मानेन भने भागवत-पुस्तक, जपमाला, आराधनीय प्रतिमा— साधनमा वस्ने कुशासन पूजा भाँडा उपासनामा लाउन योग्य सेता कपडा वस यस्तो चीज गर्नु, नकि सुतने खाट् खाने पकाउने वर्तन एवं हुक्का चिलिम् ।

मुरारि प्रसाद गौतम
ज्योति कुञ्ज, पुराणस्थान पाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री हरिः

अनन्त !

तिमीले रचेको पुस्तक देखेर मलाई खुशी लाग्यो, कर्मलाई सेवामा परिणत गराउँने तिम्रो उँचो भावनालाई मैले जति वखान गरे पनि थोरै हुनेछ ! भागवत पढेको सार्थक भयो । हामी लाई त हजारन पटक सुने पढे पनि खै ?

एउटा कुरा भन्दछु- १३ दिन सम्म जो तिमीले अखण्ड कीर्तनको प्रधान क्रिया बतायौ त्यो अतिशय सुन्दर हो, बाजा चाँहि न बजे बढिया ।

विद्यानाथ भट्ट
भाटभटेनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री हरिः शरणम्

देहान्तको समयमा-

" कोटिं त्यक्त्वा हरिंभजेत् "

तुलसीसन्निधौ कृत्वा शालग्रामशिलां तथा ।
म्रियमाणस्य कर्णे तु पुण्यमन्त्राञ्जपेत्ततः ॥

तुलसीको वृक्ष एवं शालग्रामको सन्निधान पारी पुण्यमन्त्र हरु अर्थात् भगवानको नाम कीर्तन गराई हाल्नु ।

मानव जन्म पाउनुको परमलाभ यही आखीरमा हरिस्मृति पाउन त हो—

जन्मलाभः परः पुंसामन्ते नारायणस्मृतिः ।

यसको विपरीत अभिमान वश घर-पेट भर्न एवं सम्मान पाउँन गरिएका पचाशौं बर्षका होस् कर्मको भर लियौं भने हामी धोखामा पर्ने छौं, त्यो सब प्रमाद लाई माटो गराउने वेला आइरहेछ, अब जो कुछ समय शेष छ घमण्ड छोडेर हरिनाम उच्चारण गरौं ।

किं प्रमत्तस्य बहुभिः परोक्षैर्हायनैरिह ।
वरं मुहूर्तं विदितं घटेत श्रेयसे यतः ॥

त्यस पछि—

दृष्ट्वा स्थानस्थमासन्नमर्धोन्मीलितलोचनम् ।
भूमिष्ठं पितरं पुत्रो यदि दानं प्रदापयेत् ॥

वन्धुको निति पूर्ण श्रद्धा र सम्पन्नता मात्र हैंन अवकाश पनि छ भने दान गर्नै पर्दछ, नत्र छँदैछ हरिनाम सङ्कीर्तन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मोक्षधेनु दान

मोक्षं देहि हृषीकेश मोक्षं देहि जनार्दन ।
मोक्षधेनुप्रदानेन मुकुन्दः प्रीयतां मम ।।

यति भनेर गौको अभावमा तिल जौ कुश सहितको द्रव्य अहिंसक नाम प्रेमीको हातमा प्रदान गर्नु, यदि बोल्न जान्ने व्यक्ति नजिक भए संकल्प पढे पनि वेसै छ।

ऋणधेनु दान

ऐहिकामुष्मिकं यच्च सप्तजन्मार्जितं ऋणम् ।
तत्सर्वं शुद्धिमायातु गामेतां ददतो मम ।।

यसो भन्दै उही प्रकार सद्भाव गरीएको द्रव्य सत्पात्र ब्राम्हणको हातमा दिनु ! सद्भावना देखि शुभ संकल्प के हुन सक्ला ?

दश दानानि

गोभूतिल हिरण्याज्य वासोधान्यगुडानि च ।
रौप्यं लवणमित्याहुर्दशदानान्यनुक्रमात् ।।

गाई, पृथ्वी, तिल, सुवर्ण घिउ, वस्त्र, अन्न, चाकु, चाँदी, नुन, यो दश इन्द्रिय बाट हुन गएका पापको प्रायश्चित्तलाई हो।

किन्तु अकिंचन लाई यो कहाँ ? केवल सद्भाव गर्दै नामोच्चारण गरे हुन्छ। संपन्न वाललाई पनि वस्तु जुटाउन अवकाश नरहे त्यसको अभावमा दश दुनामा जल तिल कुशको साथ द्रव्य नैं सज्जनको हातमा दिए हुन्छ।

मुमूर्षोर्मधुपर्क दानम्

दृष्ट्वा सुविह्वळं त्वेनं परलोकपथानुगम् ।
प्रयाणकाले तु नरो मन्त्रेण विधिपूर्वकम् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मधुपर्कं त्वरन्गृह्य इमं मन्त्रमुदीरयेत् ।
सर्पिर्दधिमधून्येव समं कृत्वा विचक्षणः ॥
पात्रे रौप्यमये चापि देवाय विनिवेदयेत् ।

तलको मन्त्र पढेर चाँदीको नभए पवित्र पत्तामा घिउ, दही गुड भगवानमा अर्पण गर्नु—

(महमा हिंसाको संभावना देखिने हुनाले भागवतहरू उसको सट्टा गुड उपयोग गर्दछन् ।)

ॐ योऽसौभवांस्तिष्टति सर्वदेहे ।
नारायणः सर्वजगत्प्रधानः ॥
गृहाण चैवं सुरलोकनाथ ।
भक्तोपनीतं मधुपर्कसंज्ञम् ॥

अनि त्यो प्रसाद निम्न लिखित मन्त्र पढदै मुमूर्षुलाई पिलाउनु—

गृहाणचेमं मधुपर्कमाद्यं ।
संसारनाशनकरं ह्यमृतेन तुल्यम् ॥
नारायणेन रचितं भगवत्प्रियाणां ।
दाहे च शान्तिकरणं सुरलोकपूज्यम् ॥

ब्रम्हमेध श्रौ अर्थि यात्रा

विपन्नं दीक्षितं ज्ञात्वा प्रार्थनीयो महागुरुः ।
स्नेहेन कृपयावाऽथ सहशिष्यैः कृतात्मभिः ॥

शरणागतिको देहान्त भै ब्रम्हमेधको निति समाचार आउँदा योग्य शिष्यहरूको साथ जीव वत्सल हो भने कुन गुरु नजाला ? नत्र के उसलाई स्वार्थी भने भएन !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगन्तुक आचार्य र अरु सहायक एवं शव वाहक लाई पनि पुष्प-अक्षतादिले पूजा गरेर कर्ताले वरण गरेपछि प्रथम दिवंगतको शवलाई पीतबस्त्रहरू ओढाई पाए सम्म हरिद्रा पुष्पहरूले अलंकार गराई केरा आम्र पल्लव फूल-मालाले सुशोभित शिविकामा आरुढ गराउनु औ तलको मन्त्रले सेतो, कालो तिल र पाए अमलाको चूर्ण छर्नु—

ॐ तिलाः कृष्णास्तिलाः श्वेतास्तिलाः सौम्या वसानुगाः।
तिलाः पुनन्तु ते पापं यत्किञ्चिद्दुरितं त्वयि ।।
धात्रि धातृसमुभ्द्भूते सर्वपातकनाशिनी ।
आमलकि नमस्तुभ्यं सर्वपापहरा भव ।।

तलको मन्त्र पढदै आचार्यले आज्ञा दिनु भए पछि ।
अग्नेनयसुपथारायेऽस्मान्विश्बानिवदेव वयुनानिविद्वान् ।
युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नम उक्ति विधेम ।।

वहन गर्नेले शिविकालाई दायाँ काँधमा राख्नुको साथ नारायण-नारायण बोलदै र वान्धवमा कुनैले स्थापित गर्नु पर्ने घडा आदि सामग्री बोकी कुनैले लावा फूल छर्दै कुनै नृत्य वाद्यादिले युक्त भगवन्नाम कीर्तन गर्दै शव शिविकाको साथ स्मशानमा जानु ।

अखण्ड-कीर्तनको घेरा भित्र शव राखे पछि कर्ता मुण्डन स्नान नवीन वस्त्र धारण गर्दै रहनेछन् उता गुरुजी ब्रम्हमेध शुरु गर्दै रहनु हुन्छ ।

विधिवत् स्थापित भएको माटोको घडा भीत्र निम्न लिखित १६ नामको र कलशको दाँया वगलमा विश्वक्सेन जो नै पाञ्चरात्र स्वरूप हुनुहुन्छ वहाँको पूजा हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चारैतिर एक हात भैकन ४ अंगुल ऊँचो वालुवाको बेदी बनाई कुशको जरा द्वारा दक्षिण बाट उत्तर खीचिएर तीन रेखा द्वारा क्रमैले निक्लेको धूलो अनामिकांगुष्ठले उठाई ईशान तिर फेंकि दिनु त्यस पछि जलले सिचन पाएको उक्त वेदीमा कुशहरू र त्यस माथि पाए सम्म उदुम्वर, अपामार्ग देवदारु आदि पवित्र समिधा स्थापन गरी गर्भाधान देखि सद्भाव द्वारा आवाहन एवं संस्कार गरीएका दीपज्वाला प्रवेश गराउनु ।

अनि दक्षिण तिर तिन कुशको आसन दी ब्रम्हाजीको र सुरोको पूजा गरेंपछि अग्निकुण्डका दशै दिशातिर क्रमैले पूजा गर्नु ।

प्रथम आग्नेय तिर अग्निदेवाय नमः दक्षिणे- यमाय, पश्चिमे-वरुणाय, उत्तरे- कुबेराय, यही प्रकार ।

निहृतये नमः वायवे नमः ईशानाय नमः
ब्रम्हणे नमः अधोदिशे— अनन्ताय नमः ।

यस पछि प्रदक्षिणाको क्रम बाट कुश द्वारा जलको धारा दिए पछि हवन शुरु—

प्रथम पुष्प अक्षताले पूजा गरीएका १५ समिधाको टुक्रा लाई घिऊमा चोपेर प्रजापतिका अधिष्ठान विराट् भगवान् संझी ॐ विष्णवे स्वाहा ! यो मन्त्रले हवन गरे पछि तलको मन्त्रले श्रीमन्नारायण बाट प्रकाशित अग्निदेवको प्रार्थना गर्नु—

द्विशीर्षकं सप्तहस्तं त्रिपादं सप्तजिह्वकम् ।
वरदं शक्तिपाणिं च बिभ्राणं स्रुक्स्रुवौ तथा ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वाहां च दक्षिणे पार्श्वे वामे देवींस्वधां तथा ।
रक्तमाल्याम्बरधरमेवमाग्नि विचिन्तयत् ।।

अग्नि नारायणाय स्वाहा: यो मूल मन्त्रले नारायणै नामबाट संस्कार गरीएका चरु द्वारा आहुती प्रदाम हुन्छ । यसपछि सर्व प्रायश्चित्तलाई कूष्माण्डी हवन—

कूष्माण्ड सूक्त

यद्देवा देवहेडनं देवासश्चकृमा वयम् ।
अग्निर्मा तस्मादेनसो विश्वान्मुञ्चत्वा ᳪहसः ।

अग्नये स्वाहा

यदि दिवा यदि नक्तमेनांसि चकृमा वयम् ।
वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्व ᳪ हसः ।

वायवे स्वाहा

यदि जागृद्यति स्वप्न एनांसि चकृमा वयम् ।
सूर्यो मातस्मादेनसो विश्वान्मुञ्चत्व ᳪहसः ।

सूर्याय स्वाहा

यद्ग्रामे यदरण्ये यत्सभायां यदिन्द्रिये
यच्छूद्रे यदर्ये यदेनश्चकृमा वयम् ।
यदेकष्याधिकर्मणि तस्यावयजनमसि । भूतेभ्य स्वाहा ।

स्विष्ट कृत होम

ॐ अग्नये स्विष्ट कृतये स्वाहा, ॐ भू स्वाहा इदमग्नये, ओं भुवः स्वाहा इदं वायवे ओं स्वः स्वाहा इदं सूर्याय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्णाहुति—

अहो भाग्यमहो भाग्यं नन्दगोपब्रजौकसाम् ।
यन्मित्रं परमानन्दं पूर्णं ब्रम्ह सनातनम् ।।

यथा तरोर्मूलनिषेचनेन
तृप्यन्ति तत्स्कन्धभुजोपशाखाः ।
प्राणोपहाराच्च यथेन्द्रियाणां
तथैव सर्वार्हणमच्युतेज्या ।।

अनि ब्रम्हाजीलाई विसर्जन गर्दै प्रार्थना—

यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञ क्रियादिषु ।
न्यूनं संपूर्णतां याति सद्योवन्दे तमच्युतम् ।।

(तलको काम कर्ताबाट हुन्छ)

यसपछि पाए पञ्च गव्य र नपाए फूल-कुश द्वारा घडाको जल आचार्य सँग ली शवलाई स्नान अर्थात् सिंचन दिएर नवीन वस्त्रले लपेट्नु । पवित्र स्थानमा पाँच हात लम्बा तीन हात चौडा २ हात नीचो कुण्ड निर्माण गर्नु को साथ गोवर गहुँतले सिंचन दी पृथ्वीको पूजा गर्दै चिता निर्माण गर्नु औ उत्तर शिर गराई अर्थात् दक्षिणाभिमुख शव स्थापित भए पछि पवित्र काष्ठ तुलसीहरूले आच्छादित गर्नु—

सासनं च ततः शावं दक्षिणाभिमुखं ततः ।
चितोपरिस्थितं कुर्यात्पुष्पादि विकिरेत्ततः ।।

जया २४, ५६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चिताको माथि तिलकुशफूलहरू छरे उप्रान्त स्थापित भएको कलशमा छिद्र पारेर निक्लेको जलधाराले तलको मन्त्र पढ्दै तीनपटक परिक्रमा गर्नु—

आपोऽस्मान्मातरः शुन्धयन्तु घृतेन नो घृतप्वः पुनन्तु ।
विश्वं हि रिप्रं प्रवहन्ति देवी रुदिदाभ्य शुचिरापूत एभि ॥

अनि त्यो घडा आकाशतिर उफारी फोरी दिनु पश्चात् वलीरहेको हुताग्निलाई विशेष प्रज्वलित गराई शबको बाँया पार्श्वमा प्रवेश गराइदिनु ।

लय होम

यो सद्भावनामा निर्भर छ, उता वन्धुहरू भक्तहरूले कीर्तन छोडेको हुँदैन यता कर्तालि तलको मन्त्र पढेर वा नाम कीर्तन गर्दै वन्धुको मोक्ष अर्थात् तुरीय पद प्राप्तिको लागी प्रार्थना गर्दैरहनु—

ओं लां नमः पराय सर्वात्मने नारायणाय स्वाहा ।
ओं वां नमः पराय निवृत्यात्मने अनिरुद्धाय स्वाहा ।
ओं रां नमः पराय विश्वात्मने प्रद्युम्नाय स्वाहा ।
ओं यां नमः पराय पुरुषात्मने संकर्षणाय स्वाहा ॥
ओं वां नमः पराय परमेष्ठात्मने वासुदेवाय स्वाहा ।

वलिदान

फलफूलको या जौका पीठोको ४ पिंड बनाई तलको मन्त्र पढेर चिताको पूर्व तिर—

आद्याश्च कर्मजाश्चैव ये भूताःप्रागऽदिशि स्थिताः ।
प्रसन्नाः परितुष्टास्ते गृह्णन्तु बलिमुत्तमम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षिण तिर—

वृक्षेषु पर्वताग्रेषु ये विदिक्षु च संस्थिताः ।
भूमौ व्योम्नि स्थिता ये च बलिं गृह्णन्तु ते त्वमुम् ।।

पश्चिम तिर—

विनायकाः क्षेत्रपाला ये चान्ये बलिकांक्षिणः ।
पूषाद्याः पार्षदाश्चैव प्रतिगृह्णन्तु ते बलिम् ।।

उत्तर तिर—

ये भूताः प्रचरन्ति दिवानक्तं
बलिमिच्छन्तो वितुदस्य प्रेष्ठाः ।
तेभ्यो बलिं पुष्टिकामो ददामि
मयि पुष्टिं पुष्टिपतिर्ददातु ।।

चारै पिंडको पूजा गरी तलको मन्त्रबाट नारियलले पूर्णाहुति—

यथैव सूर्यात्प्रभवन्ति वारः
पुनश्च तस्मिन् प्रविशन्ति काले ।
भूतानि भूमौ स्थिरजङ्गमानि
तथा हरावेव गुणप्रवाहः ।।

शेष रहेको फूलपाती कुश सूरो चितामा अर्पण र अन्य निःशेष भै शेष रहेको भष्मास्थि तीर्थमा प्रवाह गरी नाम कीर्तनको साथ फर्कनु । यतिवेर नै रामनाम–सच भन्ने कुराको अनुभव हुने हो अरु वेला त केवल आचार एवं कर्मादिले फुलेर काल भगवान्‌को अदम्य पराक्रम भुल्नु सिवाय मैले त कसैले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहीं साँचो भक्ति गरेको देख्न पाएको छैन। तेरो-मेरो अभिनिवेशले नै वृथा स्वाश चलीरहेछ— यसमा अज्ञान सिवा के कारण वताऊँ ?

क आत्मा कः परो वात्र स्वीयः पारक्य एव वा।
स्वःपराभिनिवेशेन विनाज्ञानेन देहिनाम् ॥
भा. स. २ अ. ६० श्लो.

ब्रम्हमेध इति प्रोक्तं मुनिभिर्ब्रह्मवित्तमैः।
महाभागवतानां च कर्तव्यमिदमुत्तमम् ॥
केशवार्पित सर्वांगं शशिभं मङ्गलास्पदम्।
न वृथादाहयेद्विद्वान्ब्रह्ममेधविधिं विना ॥

दशपिण्ड दान

दहनादि संस्कारको अनन्तर त्यो दिन कीर्तनको साथ उपवास रही भोली पल्ट देखि १० दिन पर्यन्त नित्य आफ्नो इष्टदेव आराधनाको पश्चात् आचार्यले बोल्ने तलको मन्त्र द्वारा कुश तिल जल लिनु।

अद्यामुकदिवंगतस्य भगवदपचार भागवतापचारासह्या पचारनिवृत्तिपूर्वक श्रीलक्ष्मीनारायण सन्निधिप्राप्तये दशाहेऽमुकदिवसपिण्डदानमहं करिष्यामि।

प्रथम पूर्व तिर १० दिन तक लाई मजवूत गरी निर्माण गरिएको मट्टीको वेदीमा रामनामले वीनिएका तील गाईको घिऊमा मुछि१०८पटक नारायणाय स्वाहा यो मन्त्रले आचार्यको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातबाट हवन भएपछि दक्षिण तिर निर्माण गरिएको वेदीमा पीपलको पात कुश ओछ्याई फूल–अक्षता द्वारा दिवंगत आत्माको आवाहन गर्नु—

आवाहयाम्यहं देवं जीवं सर्वगतं विभुम् ।
वेद्यामस्यामदृश्यस्त्वं प्रविशाद्य नमोस्तु ते ।।

अनि जल मोटक तिल तुलसी पत्र सहितको पिण्ड ली तलको मन्त्र द्वारा आचार्यले संकल्प पढे पछि वेदी माथि अर्पण गर्नु—

अद्यामुकगोत्रामुक नाम दिवंगत परमाल्हादजनक एष पिण्डो मया दीयते तवोपतिष्ठतां स्वधानमः ।

यसपछि जल गन्ध पुष्प धूप दीप वस्त्रादिले पिण्ड पूजा औ दूधको धार दिएर भगवान्‌को प्रार्थना गर्नु—

कृष्णकृष्णकृपालुस्त्वमगतीनां गतिप्रद ।
संसारार्णवमग्नानां प्रसीद पुरुषोत्तमः ।।

अनि भो जीवात्मन् ! "यत्रागत स्तत्र व्रज"— यति भनेर विसर्जन गरे पछि पिण्ड तीर्थमा प्रवाह गरिदिनु ।

शेष समय १० दिन तक नित्य कुनै भक्त विद्वान मिले द्वितीयस्कन्ध र एकादशस्कन्ध श्रीमद्‌भागवत श्रवण गर्नु नमिले कीर्तन ता छदैछ फालतु कुरोले अमूल्य–वेला नवितोस् ।

प्रथम मरणासन्न वेलामैं जो कीर्तन अखण्ड शुरु भएको छ त्यो कत्तिनै कठिनाइ परे पनि नछुटोस् । कारण हामीहरू बाट कुनै कार्य पनि विधिवत् एवं पूर्ण श्रद्धा बाट हुन सक्तैन त्यो सब न्यूनता लाई यही नाम कीर्तनले पूर्ति गराउनेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एघार दिनको विहान पिण्डदान गरी सके पछि हवन बेदी र पिण्ड दान गर्ने वेदी लाई फोरी त्यो मट्टि तीर्थ प्रवाह गर्न पठाउँनु ।

यो प्रकार हरि स्मृतिले एघार दिन विते पछि साँझमा सपिण्डीको निति चतुर्व्यूह स्वरूपको भावनाबाट चार भक्त ब्राह्मणमा निमन्त्रणा पठाउँनु ।

बाऱ्हौं दिन सपिंडी

यदर्थं क्रियते श्राद्धं संज्ञा तस्यानिरुद्धकी ।
पितुः संज्ञा च विन्यस्येत्प्रद्युम्नस्यामितात्मनः ।।
संकर्षणं च मन्त्रेशं कल्पयेच्च पितामहम् ।
प्रपितामहसंज्ञं तु वासुदेवं प्रकल्पयेत् ।।
अनिरुद्धरूपं प्रेतं च प्रद्युम्नजनके न्यसेत् ।
संकर्षणे तं सुलीनं चिन्तयेत्प्रपितामहे ।।
प्रपितामहरूपे च वासुदेवे जगद्गुरौ ।
संलीनं भावयेद्विद्वान्संकर्षणमधोक्षजम् ।।

शुद्ध गराईएको भूमिमा एक हात ४ पाटे माटोको होम वेदी र उसको दक्षिण तिर पिंड सम्मेलनको चार वेदी निर्माण गर्नुका साथ भूमि पूजा गरेर आचार्यले संकल्प पढुन्—

हरि ओं तत्सत् भगवत्प्रीत्यर्थममुकदिवंगतस्य श्रीलक्ष्मीनारायण सायुज्य प्राप्त्यर्थं सपिण्डीकर्म तथा विश्वक्सेन पूजनं च करिष्यामि ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हवन वेदीको पूर्व पट्टि केरा या पिपल पत्तामा चावल माथि फलादिको रूपमा बिश्वक्सेनको आवाहन, पाद्य अर्घ्यादिले पूजा गरी प्रार्थना गर्नु—

यस्य द्विरदवक्त्राद्याः शासने स्थिरवृत्तयः ।
स मे वैकुण्ठ सेनानीर्भूयात्सर्वत्र विघ्नहा ॥

निमन्त्रित चार मध्ये १लाइ वासुदेवको भावबाट आवाहन—

आवाहयाम्यहं देवं वासुदेवं जगत्पतिम् ।
अमृताध्मातमेधाभं विद्युत्सदृशवाससम् ॥
एह्येहि पुण्डरीकाक्ष शरणागतवत्सल ।
सर्वकामप्रदाचित्य सर्वशक्तिबलान्वितः ॥

दोश्रालाई संकर्षणको भाव बाट—

आवाहयाम्यहं देवं संकर्षणमनामयम् ।
शशांकशतसंकाशं सजलाम्बुदवाससम् ॥
एहि संकर्षणाचिन्त्य देव भक्तजनप्रियः ।
वाङ्मनःकायसंभूतमलत्रितयनाशन ॥

तेश्रालाई प्रद्युम्नको भाव बाट—

देवमावाहयाम्यद्य प्रद्युम्नमपराजितम् ।
दूर्वांकुरदलश्यामं शशाङ्कांशुसमाम्बरम् ॥
कामः कामप्रदः शान्तः कमनीयगुणालयः ।
प्रद्युम्नाभ्येहि देवेश प्रद्योतितचराचर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चारौंलाई अनिरुद्धको भाव बाट—

आवाहयाम्यहं देवमनिरुद्धं जगद्गुरुम् ।
पद्मपत्राग्रसंकाशं रक्ताम्बरविभूषणम् ।।
अनिरुध्दत्वमभ्येहि व्याप्ताशेषचराचर ।
सर्वेषां प्राणिनां कर्मसाक्षिभूतः परात्परः ।।

यस पछि आचमन गन्ध, पुष्प, छाता, जुत्ता, पुस्तक, बस्त्र पात्रादिको साथ दूनामा तुलसी सहितको मधुपर्क अर्पण गरेर भन्नु—

गृहाणचेमं मधुपर्कमाद्यं
संसारनाशनकरं ह्यमृतेन तुल्यम् ।
नारायणेन रचितं भगवत्प्रियाणां
दाहे च शान्तिकरणं सुरलोकपूज्यम् ।।

अनि गौघृतले लिपिएको र संस्कार एवं देवको पूजा गरे पश्चात् पायसको वा तिल र सखर मिश्रित चरु द्वारा १०८×१०८ पटक वासुदेवाय स्वाहाः शंकर्षणाय स्वाहा प्रद्युम्नाय स्वाहाः अनिरुद्धाय स्वाहाः यो मन्त्रले आचार्यको आज्ञा द्वारा कर्तालि नै हवन गरी नारियल द्वारा तलको मन्त्रले पूर्णाहुति प्रदान गर्नु—

ॐ नमस्तुभ्यं भगवते वासुदेवाय धीमहि ।
प्रद्युम्नायानिरुद्धाय नमः संकर्षणाय च ।।

तदनन्तर वैकुंठका पार्षदहरु संझी वलि प्रदानको भावना संम गर्नु—

सर्वे चतुर्भुजा ध्येया; शंखचक्रगदाधराः ।
किरीटकौस्तुभधरा वैनतेयासने स्थिताः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस पछि विल्वफल सदृश पायसको तीन वाटुलो र चारौं चाँहि नारियल समान किंचित् लामो पिंड बनाई त्यस मध्ये १ पिंड कुश तिल ओछ्याईएको प्रथम वेदीमा कुश-तिल जल तुलसीको साथ पूर्व तिर फर्केर ओं प्रद्युम्नाय तत्पितृ स्वरूपाय नमः स्वधा। यो मन्त्रले अर्पण गर्नु।

यसै प्रकार दोश्रो पिंड दक्षिण मुहुडा गरी दोश्रो वेदीमा ओं संकर्षणाय तत् पितामह स्वरुपाय नमः स्वधा। अर्पण गर्नु।

तेश्रो पिंड पश्चिम फर्केर ओं वासुदेवाय तत् प्रपितामह स्वरूपाय नमः स्वधाः। यो मंत्रले अर्पण गर्नु।

अनिरुद्ध स्वरूप पिंड लाई कुशको जराले तीन भाग लगाई एक भाग उत्तराभि मुख भएर।

ओं अनिरुद्धस्वरूपं दिवंगतममुकं
प्रद्युम्नस्वरूपे तत्पितरि विलापयामि।

यसो भन्दै संमेलन गराई दिनु।

दोश्रोभाग–

अनिरुद्धस्वरूपममुकदिवंगतं संकर्षणस्वरूपे
तत्पितामहे विलापयामि।

भनेर संमेलन गराई दिनु।

तृतीय भाग–

ओं अनिरुद्धस्वरूपममुकदिवंगतं
वासुदेवस्वरूपे तत्पितामहे विलापयामि।

यसो भनि संमेलन गराई दिनु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस पछि गंध पुष्प वस्त्रादिले पिंडहरूको पूजा गरेर मोक्ष भएको भावना पूर्ण राख्नु ।

यदि स्त्री हुन् भने—

अनिरूद्ध पत्नि नित्यानन्दा, प्रद्युम्न पत्नि सत्या संकर्षण पत्नि हिरण्या वासुदेव पत्नी हरिणी हुन् । नित्यानन्दा पिंड लाई तीन भाग लगाई उपरोक्त क्रमले सन्या-हिरण्या हरिणी पिंडमा संमेलन गराउनु ।

प्रार्थना

नमो विष्णुपदस्थेभ्यः स्वधाः वः पितरो नमः ।
हरये पितृनाथाय अग्निसोमात्मने नमः ।।
सत्सोमपात्मने विष्णो नमो वर्हिषदात्मने ।
आसंसाराभिजनका अग्निष्वाता तथाच्युत ।।
पितामहाः सोमपास्त्वं त्वमन्ये प्रपितामहाः ।
तुभ्यं नमो भगवते पितृमूर्त्यच्युताय च ।।
नारायणाय हंसाय विष्णो त्रिपुरषात्मने ।
मुक्त्वा त्वामेव भगवन्ननमाम्यर्चयामि च ।।
न तर्पयामि विश्वेश नान्यमावाहयाम्यहम् ।

त्यसपछि निमंत्रित संपूर्ण विप्र लाई १ घडी नाम कीर्तन गराई भोजन गराउनु औ भन्नु—

कायेन वाचा मनसेन्द्रियैर्वा
बुद्ध्याऽऽत्मना वानुसृतस्वभावात् ।
करोमि यद् यत् सकळं परस्मै
नारायणायेति समर्पयेत्तत् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिता पितामहश्चैव तथैव प्रपितामहः ।
ममतृप्तिं प्रयान्त्वद्य विप्रदेहेषु संस्थिता ।।
पिता पितामहश्चैव तथैव प्रपितामहः ।
मम तृप्तिं प्रयान्त्वद्य होमाप्यायित मूर्तयः ।।
पिता पितामहश्चैव तथैव प्रपितामहः ।
तृप्तिं प्रयान्तु पिण्डेन मयादत्तेन भूतले ।।
वाजेवाजे ऽवत वाजिनो नोधनेषु विप्रा अमृता ऋतज्ञाः ।
अस्य मध्वःपिबत मादयध्वं तृप्ता यात पथिभिर्देवयानैः।।

ब्राह्मण लाई विसर्जन र पिंड तीर्थमा प्रवाह गरे पछि आएका दीन दुःखी वहिरा एवं डाकिएका ज्ञाति वन्धुमा नाम कीर्तनको अनुरोध गरी थोरै बेर कीर्तन भए पछि भोजन गराई स्वयं प्रसाद लिनु ।

मासिक—

प्रत्येक महिनाको तिथिमा सक्नेले अहोरात्र नाम कीर्तन गराइ त्यस तिथिमा प्राण छोड्ने अरु जीवको पनि उद्धार गर्नु यही त हो अच्युत भावना । एक जीवको निंति त साधारण पनि गर्दछन् ! त्यस्ता लाई भागवत भन्न सकिंदैन । न सक्नेले २ घडी त जरुर गरेर विश्वतृप्ति-श्राद्ध ब्राह्मण भोजन दरिद्र-नारायणमा अन्न दान गर्नु ।

वार्षिक—

यो दिन समर्थ वालले समारोह वाट नारायण महासत्र र साधारणले साधारण अहोरात्र नाम कीर्तन हवन विश्वतृप्ति श्राद्ध ब्राह्मण एवं वंधु भोजन गराई दरिद्र लाई सन्तोष गराउनु ।

[इति शम्]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री शङ्कर्षणाय नमः

प्रथम जानकी जीवन कुञ्जमा भएको शङ्कर्षणोपासनाको

स्मृतिमा—

गर्दछु शङ्कर्षणोपासना भनी रामबाले ।
श्रीनारायण सत्र भक्तपुर पत्र सँगै पहिले ।।

ज्ञात गराउँन भक्तहरूमा प्रचार गर्नु भो ।
त्यहो कुराको उत्सव झाँकी वर्णन गर्छु प्रभो !

नरपशु केवल विषय भोग अति गर्छ चाहना त्यो ।
नगरी तिम्रो भजन गर्दछन् इन्द्रादि सुरको ।।

रहित राजकुल अनुयायीको छुट्छ जीवीका सब ।
त्यस्तै सुरको ह्रासभएपछि नष्टहुन्छ वर भोग ।।

दुइ हजार पच्चीस साल छः गते बुद्ध आषाढ ।
देखि कुंजमा सात रातकन शुरुभयो यो चाड ।।

रूद्र एघारह थापी रामबुवा बाट वरण ।
भई गयो श्रीशंकर्षणको भेट्छु भनी चरण ।।

चित्रकेतु स्तुति पड्दा लेख झट्ट श्याम ! हे त्यो ।
भन्नु भयो अनि लेखे सुन्दर श्यामभक्तले यो ।।

" धर्म भागवत् भनेपछि भो जगमा तिम्रो जीत ।
मोक्ष निम्ति मुनि जसको ओत लिन्छन् गर्दै प्रीत ।।"

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँस आड दी राखे उनले पाठ भागवत को ।
रामबुबाले गर्नु भएको आठ एक सय को ।।
नयाँ नयाँ लय निक्ले यसविच शेषै कृपा परी ।
श्याम गरी अनुकरण बजाई दिन्थे होस गरी ।।
पूर्णविलास बजाउँदथे तबला थ्यो शास्त्रीय ढङ्ग ।
मेरो स्वरमा स्वरदी बोल्थे धन्य छ यिनकोसङ्ग ।।
अक्रूर बाजा सरल ढङ्गले बजाउँथे उन्मुक्त ।
विहारी बाबु तवल बजाई स्वरटिप्थे मनमुग्ध ।।
वन्थ्यो उध्दव पिताबाट नित भोजन सुन्दर थ्यो ।
गणेशप्यारा तबल बजाई पानै खिलाउँथ्यो ।।
श्रीनारायण लाटो सम भै बोल्थ्यो कहीं कहीं ।
सूर्य कराई तेज लुकाई भन्थ्यो उँगी उँगी ।।
रामदूत नित दूत भईकन गै गर्थे सेवा ।
साथ उरुक्रम चाल विगारी वोल्थे नलि टेवा ।।
बोल्थे तोते शब्द कराई बाल थिए वैकुण्ठ ।
थिए कृष्णदिल गर्थे कीर्तन प्रेम्मी बनुन् अब सन्त ।।
यिनै एघारह रुद्र स्थापना गरिएका हुन् जान ।
हामी हरू त्यस वेला मान्थ्यौं यिनै देव हुन् ज्ञान ।।
जगत महाँ जुन नाम कहिल्यै थिएन प्रकाशित ।
त्यो पाए शुभ नाम तिनोले गुप्त छ नाम अतः ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुद्र एघारह वीरभद्र औ धीरभद्र अतिभद्र ।
नीलभद्र औ देवभद्र हो कीर्तिभद्र, वाकभद्र ॥

वेदभद्र औ श्वेतभद्र हो पीतभद्र भूतभद्र ।
मिली बसे तो गुप्त भए पनि खुल्यो न हौं न अभद्र॥

रामवुवाको विचार सत्य हो र बनोस् सिध्द ।
गर्छु प्रार्थना भक्तहरूमा मान्नु हवस् शुध्द ॥

मन्द र गुञ्जा कान्ति हरू पनि आफ्नो आफ्नो काम ।
भई अग्रसर गर्थे धन्य छ यिनको कृत्य महान् ॥

स्वहा स्वधा जिम्वा थ्यो रेवति कन यै नित्य कुरा ।
विज्ञाना गंगाले पाए सेवा गर्न पुरा ॥

यही समयमा आई पुगे श्री सेवक जनार्दन ।
पहिले कति कति, छुटे महोत्सव पुरा गराउन ॥

श्यामानन्द वनेलोका हुन् नरेश पहिलेका ।
उनले श्री सङ्कीर्तन स्तम्भ थाप्न दिए आज्ञा ॥

तीन सए औ साठी स्तम्भ राखने विचार भो ।
राज वनेलीमा कत्रो त्यो बन्यो आँट उनको ॥

यस्तो उत्सव उपासनाकन ठूलो जान्न सकूँ ।
शेष वहाँका भक्तहरूको सेवा गर्न सकूँ ॥

रचयिता- अनन्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागवतानन्तको बानगो

छप्पय

परमब्रह्मको प्रतिपादन एवं भागवत्को बखान
यो जगको जो बाट सृष्टि, स्थिति, प्रलय हुन्छ त्यो ।
सब सद्रूप पदार्थ महाँ अनुगत छ औ जो ॥
असत् बाट हो पृथक् हैन जड चेतन हो यो ।
परतन्त्र नभै स्वयं प्रकाश छ परमेश्वर त्यो ॥
ज्ञान दिनुभो ब्रह्मामा पहिले जुन नारायणले ।
जसको बारे मोह सूरि छन् जसमा सब ऋषि हारे ॥
रश्मि हरूमा जलको जलमा स्थलको झलक ।
स्थलमा जलको हुँदा विनीमय भ्रमसम पलक ॥
जाग्रत-स्वप्न-सुषुप्तिरूपा मिथ्या सृष्टि ।
अधिष्ठान-सत्ता बाटै यो हुन्छ प्रतीति ॥
आफ्नै ज्योति प्रकाश चरम् द्वारा नित्य छ मुक्त स्वयम् ।
माया कारज बाट पनि भजौं उही प्रभु सत्य परम् ॥
कपट धर्मले रहित, तथा जो निर्मत्सरले ।
मात्र जान्न सकिने वास्तव शुभ वस्तु छ जसले ॥
तीनतापको जड उन्मूलन गर्ने औषध ।
छँदै भागवत व्यासदेवको के छ शास्त्र अब ?
वन्दो बन्दछ सुन्दैमा हृदय बीच श्रीगोपाल ।
सुन्नु प्रयोजन कथा अरु पर्‍यो र के भन तत्काल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फलका दाता सुर औ त्यसमा नित्य प्रवृत्ति ।
गराउने छन् जति जति शास्त्र त्यसकन कुल्चौ ।।
हिंड्ने लाई मात्र अधिकार जसमा पूर्ण छ ।
त्यसै लाइ भन शास्त्र भागवत् अरु अपूर्ण छ ।।
आफ्नो मन अब जाँच गरौं उक्त कुरामा लाइ कसौ ।
ह्वौं हैनौं अधिकारी तव कदम वढाउँ सरी अघि ।।
ए रसका मर्मज्ञ सुजन हो ! निगम महीरुह ।
मा पाकेको फल शुक द्वारा भो सम्वन्धित ।।
परमानन्दमयी अमृतले छ परिपूर्ण ।
छिलका गुठली छैन तनिक पनि रसले घूर्ण ।।
जवतक चेतन छ तनमा पेऊ निरन्तर भावुक हो ।
क्षितिमा मात्रै सुलभ छ यो लोक कुनैमा छैन अहो !
गुरु हरू स्नेही शिष्यहरूमा गुप्त कुरा पनि ।
बताउँछन् सब त्यसो हुँदा प्रभु ! जानौं म पनि ।।
प्रायः कलिका जन छन् मन्द भाग्य अभागी ।
अल्पायुष औ विघ्न अँगाल्ने कृष्ण विरोधी ।।
तिनको खातिर सारकुरा शास्त्रनिचोरी वताईद्यौ ।
जसले हाम्रो आशय मन हुनेछ पावन सुनाईद्यौ ।।

दोहा—

सूत ! बताउँनु होस् शास्त्र पुराण गुरुजनको ।
शिक्षामा कलि बीच के साधन पक्का भो ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री द्वारपाल—प्रति

नन्द गोपका मन्दिर को हे पालक नायक हे हरि जन ।
तोरण बन्दन वार ध्वजाले छ प्रकाशमय दिव्य भवन ॥
मणि कपाट को यन्त्र खोल्नु होस् द्वारपाल मत देर गरी ।
गोप सुता हामी परिकर हितु आएका छन् ध्यान धरी ॥
लीला धारी सुमणि वर्ण ले प्रवेश गर्ने आज्ञा दऱ्यो ।
पहिले नै सुन्नु होस् बात शङ्का गर्नु किन यस्तो ॥
हामी भैं परिशुद्ध सबै छौं आएका मन्न चाह बडी ।
उठना साथै मङ्गल गीत गाउँदछौं हम त्यही घडी ॥
हजुर कवै प्रतिषेध नगर्नोस् आफ्नो मुखले हे माई ।
यो थिर चिपलो खोलन फाटक मनमा छ आतुर ताई ॥
सात्विकताले हृदय मध्य हम श्री वृज चन्द सवारे छन् ।
हे हे जानो जी अब यो नै मनको छन्द त हाम्रो हुन् ॥

श्री नन्द यशोदा तथा बलदेव प्रति

वस्त्र नीर अरु अन्न धर्मको दान हजुर देने वारे ।
हाम्रो श्रीगोपाल नन्द उठ स्वामी वृज रक्षण—हारे ॥
ललित लता का पल्लव को सम कुल—दीपा श्री वृजरानी ।
दयावती स्वामिनी हामरो जगो मातु सुत कर बानी ॥
विना ठौर रोंके नभ अन्तर बढेर् क्रान्त गरेका लोक ।
हे-अनिद्र बस निद्रा तजिये प्रमुदित छन् अब कोकी कोक ॥
शुद्ध स्वर्ण सम भूषित श्रीपद उनको सह अब नसुत्नु होस् ।
उठ्नोस् सो श्रीमत् बलदाऊ हामी कन प्रसन्न हुनुहोस् ॥
पुरुष्कार अब हजुरै वन्नोस् ज्ञानरूप हे परमाचार्य ।
उन्हे जगाउनु यो क्षण श्रीमन् हजुर सदृश कोनै हो कार्य ॥
श्री नीला देवी प्यारी को वक्षस्थलमा धारे छन् ।
हे हे जानो जी अब यो नै मनको छन्द त हाम्रो हुन् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री नीला देवी-प्रति

हेर भुजा जसको जग-मद ले मस्त चोख दो:कन भाग।
यस्तो भुजबल वन्त नन्द गोपाल तिमी ती अनुरागें॥
किनकी उनकै पुत्र-रत्नको वधू हुनुहुन्छ हजुर प्यारी।
श्री नीला वृषभान लाडिली हो अतिनै सुठि सुकुमारी॥
शुचि सुवास रंजिता सुकेशी मानवती अब द्वार उघार।
सब आई मिलिगए तथा अब कुक्कुट तिमिकन रहे पुकार॥
लता माधवी को मण्डपमा कोकिल कूज रही गोरी।
कन्दुक क्रीडावती लाडिली मातुलेय गुण गाउ री॥
अरुण-कमल सम तथा पूर्ण गुण वलय मञ्जु यो जनटेरे।
हुन्छन् ती शब्दायमान नै परोपकारी कर तेरे॥
सन्तोषिनी प्रिया बनेर अब खोलो जडे किवारे हैं।
हे हे जानो जो अब यो नै मनको छन्द हमारे हैं॥

भारत यात्राको केही झलक

(शार्दूल विक्रीडित छन्द)

SSS ।। S । S ।।। SSS । SS । S

यात्रामा सबले चिनुन् हरि भनी सेवा गरी यात्रुको।
फाली प्रेम गरेर फोहर धुलो श्रीरामवाले ठुलो॥
सेवाको दिनु भो सबै जनमहाँ द्रिष्टान्त कल्याणको।
जो देखी सब हामीमा लहर नै उत्साहको चल्दथ्यो॥
पाई प्रेम यही थकान मनको हाम्रो भयो वेपता।
ताजा भै सब गर्दथ्यौं सफरको कार्यादि हामी पुरा॥
यो मेरो कविता पढेर सबले यो तीर्थ यात्रा सब।
कस्तो भो भनि बुझ्नु होस् कति गरौं आफैं यहाँ वर्णन॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनौती–मेला

पनौती– मेला, जनता मेला, सुनौला वेला यो ।
देशको भक्ति, सङ्घको शक्ति, मनले केलायो ।। ध्रु.व.।।

यो पुण्यवती, यो लीलावती, यो रोषी गङ्गाको ।
त्रिवेणी तीर्थ, तान समर्थ, कञ्चनजङ्गाको ।।

कावेली सरी, तमोर सरी, मेची र कनका ।
अरुणकोशी, वरुणकोशी, मिलेर यो कोका ।।

यो तामाकोशी, यो सुनकोशी, यो दुदकोशीको ।
सङ्गम सरी, जङ्गम तीर्थ, यो पुण्यवतीको ।

कमला जस्तो, विमल जल, यो इन्द्रावतीको ।
यो हनुमती, यो मणिमती, यो रुद्रावतीको ।।

वाग्मती गङ्गा, यो विष्णुमती, यो इक्षुमतीको ।
यो धर्मबती, यो प्रभावती, यो कीर्तिमतीको ।।

विहार भूमी, हो घूमी घूमी, धर्मका घरको ।
यो बाह्रवर्षे, पनौती–मेला, वरको परको ।।

कुम्भको मेला, भक्तको मेला, उत्तर–प्रयाग ।
हे पञ्च ! वर्ग ! न सुत जाग, धर्ममा लौ लाग ।

धार्मिक जन ! देउ यता मन, यर्थ भन्छौं सुनन ।
उचित छ कि ? उचित छैन ? मनमा गुनन ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(२)

यो शिवरात्रि, धर्मको पत्री, बोकेर आउँदै छ ।
प्रचारमन्त्री, सम्झी, गायत्री, श्रद्धाले गाउँदै छ ।।

हिमाली हिन्दू–राष्ट्रमा हिन्दू–धर्मको मेला छ ।
साधु र सन्त, सद्विद्यावन्त, भक्तको मेला छ ।

पाउकष्ट गरी, पालनु होला, सबैले सुनौंला ।
धर्मको मर्म, मानव, धर्म, मनमा गुनौंला ।।

त्रिशूली तादी, यो वेत्रावती, यो बुडीगण्डकी ।
दरम्दी चेपे, मर्स्याङ्दी मादी, यो शुक्ल गण्डकी ।।

क्याङदी र म्याङदी, भुरुङ्दी मोदी, यो कृष्णगण्डकी ।
पार्वती गङ्गा, अर्मादी आदी, हिमंवत्खण्डकी ।।

ज्यागदी र म्यारदी, सुरोदी जाही, गुणादी छाब्दी ।
राम्दी र चूँदी, सामरी खरो, मैदी र पार्दी छन् ।।

यो धारखोला, विजया सीता, धौली र मङ्गला ।
यो नारसिंहही, यो सरस्वती, मुस्ताङ्गी पिङ्गला ।।

निशी र भुजी, बो वडी गाड, माडी र झिम्रुक ।
रापती बबै, शारदा सबै, हिमाली हिम्रुक ।।

यो सानो भेरी, यो ठूलो भेरी, यो शूली भेरीको ।
यो व्यासभेरी, यो ऋष्मभेरी, यो ऋमिभेरीको ।।

मौभेरो सित, सङ्गम हुँदा, दुन्दुभिभेरीको ।
भाङ्कार भयो, अधर्म गयो, वेद–केसरीको ।।

गर्जना सुन्दा, नास्तिक फेरु, जसरि गैजाञ्छन् ।
हो हो लौ भन्दै, कोहोलो हाल्दै, बगालै लैजाञ्छन् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो जवा नदी, यो तिला नदी, यो हिमा नदीको ।
दोल्फु र मुगु, लोहोडे छाम, मूल कर्णालीको ।।

कर्णाली–नाद, यो ऊर्ध्वमूल, सन्देश दिंदै छ ।
कैलास मान–सरोवरादि, शिरमा लिंदै छ ।।

मालिका गङ्गा, यो वृद्धगङ्गा, कैलासगङ्गाले ।
मालका मौलि–देशमा मिलि, कर्णाली अङ्गाले ।।

यो सेती गङ्गा, चौलानी गङ्गा, यो सुरनयाले ।
यो महाकाली–अँगालो हाले, बेनीले मयाले ।।

मकरमेला, भैंकन भेला, पनौती त्रिवेणी ।
तीर्थमा आये, माक नुहाये, छोडेर कुवेणी ।।

शतद्रु तिष्ठा, दिगर्चा गङ्गा विधिज सिन्धुले ।
कावेरी नेत्रा, नर्मदा गोदा, सकल बन्धुले ।।

निवास गर्छन्, मकर भरी, पनौती तीर्थमा ।
भावुक ! भन, भौं तारिदै छौ, के अन्त व्यर्थमा ? ।।

ई इन्द्रेश्वर, ई तुलानारायण र ब्रह्माणी ।
केदार बद्री, वंशीगोपाल, पनौती त्रिवेणी ।।

गोरखनाथ, कैलासनाथ, वसेर हेर्दछन् ।
यात्रीको मात्र, पवित्र पार्न, यो माला फेर्दछन् ।।

तेत्तिस कोटि, देवताहरु, मकर भरीमा ।
वसेर हेर्छन्, पनौती मेला, कैलास थरीमा ।।

हे नर ! नारी ! छोरा र छोरी, सँगमा लिएर ।
आउ नुहाऊ, निर्मल जाऊ, सद् धर्म लिएर ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनौती-मेला, जनता मेला, सुनौंलो बेला यो ।
देशको भक्ति, सङ्घको शक्ति, मनले केलायो ॥

हे पञ्च ! सुन, मनमा गुन, तिम्रो छ धर्म यो ।
सेवाको मेवा, फलदछ सेवा, लौ गर मर्म यो ॥

ढुङखर्क वासी, ई नारायण, यो ढ्याङ्ग्रो ठोकेर ।
सन्देश दिन्छन्, निर्देश गर्छन्, यो शंख फुकेर ॥

कैलासबाट, डमरु डिम्-डिम्, मधुर बजाई ।
आदेश गर्छन्, उपदेश गर्छन्, शिवले जगाई ॥

चूलीमा बसी, शारदा देवी, पुस्तक वीणाले ।
विद्याको दिन्छिन्, सदुपदेश, ई चौद गुणाले ॥

हे चौद अञ्चल ! न बन अञ्चल, पञ्च र वर्गीय ।
जनता मिली, देश-विकास, लौ गर स्वर्गीय ॥

नाम्मुडावासी, ई नमोबुद्ध, नम्रता लियेर ।
छन् नमो मात्रै, पृथिवि ! भन्दै, अभय दियेर ॥

ई भालेश्वर, ई धनेश्वर, गोखुरेश्वरादि ।
चौसट्ठि पीठ-निष्ठ महिष्ठ, ई कुम्भेश्वरादि ॥

कण्ठमा ठेकी, भै नीलकण्ठ, गरल बलिष्ठ ।
बैकुण्ठ पनि, निर्भय पारी, बसेका वरिष्ठ ॥

फुल्चोकी देवी, साँगा र नाला-निवासी महेशी ।
गिरिजा दुर्गा, कालिका सिद्धि, भैरव सुरेशी ॥

भाले र भूते, पोखरी पञ्च, ई कलिञ्चोककी ।
दुर्गाले भन्छिन्, बचाउ धर्म, ई पलाञ्चोकको ॥

ई चण्ड मुण्ड-खण्डिनी चण्डी-ईश्वर चण्डेश ।
गण्डकी कोशी, कर्णाली काली, हिमालखण्डेश ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ई भालेश्वर, ई धनेश्वर, गोखुरेश्वरादि ।
चौसट्ठि पीठ–निष्ठ अ हिष्ठ, ई दुम्जेश्वरादि ।।
कण्ठमा ठेकी, भै नीलकण्ठ, गरल बलिष्ठ ।
वैकुण्ठ पनि, निर्भय पारी, वसेका वरिष्ठ ।।

फुल्चोकी देवी, साँगा र नाला निवासी महेशी ।
गिरिजा दुर्गा, कालिका सिद्धि, भैरव सुरेशी ।।
भाले र भूते पोखरी पञ्च ई कालिञ्चोकको ।
दुर्गालि भञ्छिन्, बचाउ धर्म, ई पलाञ्चोकको ।।

ई चण्ड मुण्ड–खण्डिनी चण्डी–ईश्वर चण्डेश ।
गण्डकी कोशी, कर्णाली काली, हिमालखण्डेश ।।
ई मणिचूड नगरकोट,– मुकुट महेश ।
फटिकशिला–निर्मल मूर्ति, ई नीलकण्ठेश ।।

एकशय आठ, मोसाइकुण्ड–निवासी निलिम्प ।
पनौती तीर्थ, नुहाउन आये, नगर विकल्प ।।
नेपाल तीनै, नगरवासी, सकल चलेर ।
सगण आये, यै पुण्यवती, देवता मिलेर ।।

ई शिवपुरी–निवासी शिव, भैरवी, रालुका ।
ई दुप्चेश्वर, वेल्कोट–काली, सामरी–जालपा ।।
कालिका देवी, मालिका देवी, यो महामण्डल ।
डाँडामा बस्छिन्, तुलजा देवी, कल्काई कुण्डल ।।

कपिल मुनि–थापित शिव, कपिलासनका ।
यो देवीघाट, इन्द्राणी देवी, धैबुङ वनका ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परशरगुहा, छाब्दी वराह, यो व्यासगुहाले ।
मुकुन्देश्वर, यो सीतागुहा, वशिष्ठगुहाले ॥

सिखरकोट, यो द्रव्यगोठ, गोरखगुहाले ।
कालिकाथान, मालिकाथान, नारानथानले ॥

यो लम्बयुग्म, अग्नि र पुग्म, समान मानले ।
यो रागिनाश, कालिकावास, भैरवनाथले ॥

वभौली वसे ई वेदव्यास ऋषिङ्ग घिरिङ्ग ।
भिर्कोट वसे, ई भृगु ऋषि, ऋषिले ऋषिङ्ग ॥

लिङ्गलिगकोट, मुकुट सरी, कटक मच्चाको ।
वार्पाक धार्के, लाप्राक लार्के, लामाले फण्टाको ॥

वामीका स्वामी, ती मलैवम्म, महलवसन्ता ।
हिमाली हाम्रो, ई देवभूमी, रत्नले अनन्ता ॥

निश्री र भुजो, भुजेली-जन्म, भुजेल बसेका ।
धर्मको रक्षा, गर्नाका लागी, कम्मर कसेका ॥

यँ ढोर चौर, छन् ठौर ठौर, सरिता उम्रेर ।
उत्तरगङ्गा, मौभेरी सरी, वगेकी मिलेर ॥

इश्मा र पँजू, भन्दै छन् मै हूँ, वीरको जननी ।
अर्घा र खाँची, गुल्मी र गल्हौं, लसर्घा भननि ॥

श्रीराज राजेश्वरीले जस्ती, गुल्मीको गौरव ।
वढाइ गइन्, भयेर सती, साछी छन् भैरव ।

रेसुङ्गा शैल, गाउँदै छ गीत, ती ऋष्य श्रृङ्गको ॥
जन्म र कर्म, तपस्याभूमि, स्वर ली भृङ्गको ॥

शत हूँ गल्हौं, यो धुवाकोट, शिर्काङ मन्दिर ।
गोरक्षगाथा, गाउँछ शिर-वारी छ सुन्दर ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुद्राक्ष-वृक्ष अरण्य-रक्षा, यक्ष र किन्नर ।
मिलेर गर्छन्, हिमाल-माल, सुखी र सुन्दर ।।

वाराह क्षेत्र, पारी पवित्र, वसेका वराह ।
घतराधूनि, तपका धनी, कौशिकी-प्रवाह ।।

रूपनारायण-गढकी काली, भैरव महान ।
ई हनुमान, कौशिकीतट-सङ्कट-मोचन ।।

ई षडानन्देश्वरले वेद, द्विडलामा दिँदै छन् ।
ई सिद्धिकाली, गुफामा वसी, सब सिद्धि दिँदै छन् ।।

ई दुग्धकोशी-गुहा-निवासी, महेश हलेशी ।
महिषासुर-मर्दन गर्न, वसेकी महेशी ।।

यँ सोलु-खम्बु-गुम्बामा वसी, बुद्धले ध्याउँदै छन् ।
यँ रुम्जाटार, ज्ञानको जोति, सन्तले ल्याउँदै छन् ।।

दोलखावासी, ई भीमेश्वर, नौलाख किरात ।
श्रीभीमक ली सहित हेर्छन्, दयाले दिन रात ।।

सिन्धुलीगढी-भैरव काली, जनक विदेह ।
जानकी-जन्मभूमि हो भव्य, धर्म छ सदेह ।।

जनकजीको, यो राजधानी, चतुर्भुज सिद्धले ।
लुप्त र गुप्त, भयेको देखी, फुलकये बुधले ।।

यो याज्ञवल्क्य-गार्गीको धाम, रामले मानेको ।
विश्वका मित्र, तो विश्वामित्र, विश्वले जानेको ।।

शुकले शिष्य, भयेर शिक्षा, अध्यात्मविद्याको ।
राजर्षिबाट, पायेका थिये, दर्शन आद्याको ।।

मिथिला पृथ्वी, शिथिल छैन, अद्यापि विद्याले ।
मैथिल कोकिल, गाउँछ गीत, गद्य र पद्यले ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनौती–मेला, जनता मेला, सुनौलो बेला यो ।
देशको भक्ति, सङ्घको शक्ति, मनले केलायो ॥

हे पञ्च ! सुन, मनमा गुन, तिम्रो छ धर्म यो ।
सेवाले मेवा, फल्दछ सेवा, लौ गर मर्म यो ॥

ढुङ्खर्क वासी, ई नारायण, यो ढ्याङ्ग्रो ठोकेर ।
सन्देश दिन्छन्, निर्देश गर्छन्, यो शंख फुकेर ॥

कैलासबाट, डमरु डिम्–डिम्, मधुर बजाई ।
आदेश गर्छन्, उपदेश गर्छन्, शिवले जगाई ॥

चूलीमा बसी, शारदा देवी, पुस्तक वीणाले ।
विद्याको दिन्छिन्, सदुपदेश, ई चौद गुण ले ॥

हे चौद अञ्चल ! न बन अश्चल, पञ्च र वर्गीय ।
जनता मिली, देश–विकास, लौ गर स्वर्गीय ॥

नासमुडावासी, ई नमोबुद्ध, नम्रता लियेर ।
छन् नमो मात्रै, पृथिवि ! मन्दं, अभय दियेर ॥

ई भालेश्वर, ई धनेश्वर, गोखुरेश्वरादि ।
चौसट्ठि पीठ–निष्ठ महिष्ठ, ई कुम्भेश्वरादि ॥

कण्ठमा ठेकी, भै नीलकण्ठ, गरल बलिष्ठ ।
वैकुण्ठ पनि, निर्भय पारी, बसेका वरिष्ठ ॥

फुल्चोकी देवी, सांगा र नाला–निवासी महेशी ।
गिरिजा दुर्गा, कालिका सिद्धि, भैरव सुरेशी ॥

भाले र भूते, पोखरी पञ्च, ई कलिञ्चोककी ।
दुर्गाले भन्छिन्, बचाउ धर्म, ई पलाञ्चोककी ॥

ई चण्ड मुण्ड–खण्डिनी चण्डी–ईश्वर चण्डेश ।
गण्डकी कोशी, कर्णाली काली, हिमालखण्डेश ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ई भालेश्वर, ई धनेश्वर, गोखुरेश्वरादि ।
चौसट्ठि पीठ–निष्ठ भ हिष्ठ, ई दुम्जेश्वरादि ।।
कण्ठमा ठेकी, भै नीलकण्ठ, गरल बलिष्ठ ।
वैकुण्ठ पनि, निर्भय पारी, वसेका वरिष्ठ ।।

फुल्चोकी देवी, साँगा र नाला निवासी महेशी ।
गिरिजा दुर्गा, कालिका सिद्धि, भैरव सुरेशी ।।
भाले र भूते पोखरी पञ्च ई कालिञ्चोकको ।
दुर्गाले भञ्छिन्, बचाउ धर्म, ई पलाञ्चोकको ।।

ई चण्ड मुण्ड–खण्डिनी चण्डी–ईश्वर चण्डेश ।
गण्डकी कोशी, कर्णाली काली, हिमालखण्डेश ।।
ई मणिचूड नगरकोट,– मुकुट महेश ।
स्फटिकशिला–निर्मल मूर्ति, ई नोलकण्ठेश ।।

एकशय आठ, गोसाइकुण्ड–निवासी निर्लिप्त ।
पनौती तीर्थ, नुहाउन आये, नगर विकल्प ।।
नेपाल तीनै, नगरवासी, सकल चलेर ।
सगण आये, यै पुण्यवती, देवता मिलेर ।।

ई शिवपुरी–निवासी शिव, भैरवी, रालुका ।
ई दुप्चेश्वर, बेल्कोट–काली, सांमरी–जालपा ।।
कालिका देवी, मालिका देवी, यो महामण्डल ।
डांडामा बस्छिन्, तुलजा देवी, कल्काई कुण्डल ।।

कपिल मुनि–थापित शिव, कपिलासनका ।
यो देवीघाट, इन्द्राणी देवी, धंवुङ वनका ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पराशरगुहा, छाब्दी बराह, यो व्यासगुहाले ।
मुकुन्देश्वर, यो सीतागुहा, वशिष्ठगुहाले ।।

शिखरकोट, यो व्रध्यगोठ, गोरखगुहाले ।
कालिकाथान, मालिकाथान, नारानथानले ।।

यो लम्व्युाम, ऋद्रम र पुगम, समान मानले ।
यो रागिनाश, कालिकानास, भैरवनाथले ।।

वमौली वसे ई वेदव्यास ऋषिङ्ग धरिङ्ग ।
सिर्कोट वसे, ई भृगु ऋषि, ऋषिले ऋषिङ्ग ।।

लिङ्लिगकोट, मुकुट सरी, कटक सब्टाको ।
वार्पाक धार्के, लाप्राक लार्के, लामाले फन्टाको ।।

वामीका स्वामी, तो मलैवम्म, महलवसन्ता ।
हिमाली हाम्रो, ई देवभूमी, रत्नले अनन्ता ।।

निश्री र भुजो, भुजेली–जन्म, भुजेल बसेका ।
धर्मको रक्षा, गर्नाका लागी, कम्मर कसेका ।।

यँ ढोर चौर, छन् ठौर ठौर, सरिता उत्तरे ।
उत्तरगङ्गा, मौभेरी सरी, वगेकी मिलेर ।।

इश्मा र पँजू, भन्दै छन् मै हूँ, वीरको जननी ।
अर्घा र खाँचो, गुल्ली र गह्रौं, लसर्घा भननि ।।

श्रीराज राजेश्वरीले जन्मी, गुल्मीको गौरव ।
वढाइ गइन्, भयेर सती, साछी छन् भैरव ।

रेसुङ्गा शैल, गाउँदै छ गीत, तो ऋष्य श्रृङ्गको ।।
जन्म र कर्म, तपस्याभूमि, स्वर ली मृङ्गको ।।

शत हूँ गह्रौं, यो धुवाकोट, शिर्काङ मन्दिर ।
गोरक्षगाथा, गाउँछ शिव–वारी छ सुन्दर ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेतीको घाटो, यो रामघाट, ई विन्दुवासिनी ।
ई अन्नपूर्णा, हिमाल देवी, मधुरहासिनी ॥

ढोर वराह–लहरी–सिद्ध, सिद्धको आश्रम ।
रूपा र फेवा, यो वेगनास, मनको विश्राम ॥

कलैयावासी, ई सिद्धेश्वर, सकल सिद्धिले ।
वसन्तपुर-निवासी देव, विमल बुद्धिले ॥

यो पर्साग‍ढी, पारसनाथ, शिवले पालेको ।
हरिहर क्षेत्र, हरिहर मिली, दुवैले पालेको ॥

यो चित्रवन, चोर्दछ मन, विचित्र छविले ।
हनुमान् काला, छन् रखवाला, ई सिंहदेवीले ॥

माकन्दरपुर, कालेश्वरनेर, भैरव कालीको ।
विकट कोट, धैर्यको वोट, वीर हिमालीको ॥

यै देववाट, हिमालबाट, गण्डकी झरेकी ।
काली र सेती, त्रिशूली वुडी, त्रिवेणी परेकी ॥

यो गँडाकोट, कङ्कालीकोट, वाल्मीकित्रिवेणी ।
उपर्दाङगढी, दाउन्ने गडी, स्वर्गीय निश्रेणी ॥

यो मल्लपाली, यो माईपाली, भगौतीपालीको ।
अमरपाली, यो नागपाली, ई पञ्चपालीको ॥

हो मातृभाषा, यो पालीभाषा, बुद्धले लियेको ।
पञ्च शीलादि, धर्मको उपदेश हो दियेको ॥

यो पाली माऊ, खण्ड छ खण्ड, गण्डकी–तटैमा ।
यो बुद्धवल्ली, हो बुटवल्ली, हृदय पटैमा ॥

भैरवकूता, भैरवा पुरी, पालपा भैरव ।
यो तानसेन, माल र सेन - कुलको गौरव ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ई भगवती. ई नारायण, तान्सिन बसेका ।
अमरकीर्ति. समर-फूर्ति, हृदय पसेका ।।
सीता र राम, यै रामपुर-निवासी भयेका ।
गण्डकी- जल-स्नानको फल, लिये र गयेका ।।

यो रुरुक्षेत्र, यो मुक्तिक्षेत्र, धर्मको क्षेत्र हुन ।
यात्रीको गोत्र, पार्ने. पवित्र, भित्रको नेत्र हुन ।।
ई नटराज, डमरु बजाइ, सन्देश दिँदै छन् ।
पाणिनि मुनि, पणेना बसी, शाब्दिक हुँदै छन् ।।

यो भृगुकूट, भयो भिर्कोट, भृगुले लेखेर ।
भृगुसंहिता, मानवहिता, दर्पण देखेर ।।
भूत भविष्य, र वर्तमान, त्रिकाल देखिन्छन् ।
ग्रहको गति-गणित गरी, कुण्डली लेखिन्छन् ।।

भृगुको जन्म, भृगुको कर्म, भृगुको धर्म हो ।
मानव धर्म, मनुको मर्म, लोकको वर्म हो ।।
भार्गव तपोवनको नाम, भागर भनिन्छ ।
यो अवधूत, तपसी बसी, तपस्या गनिन्छ ।।

कैलासगुहा, गोरक्षगुहा, धुन्धुरगुहाको ।
समूह शान्त. रम्य एकान्त, शुक्लाले सुहाको ।।
यो भीमेश्वरको भीमबन्ध, शुक्लाको पोखरी ।
पोखरा भयो, अटक रह्यो, फुटेर खँगारी ।।

कृत्तिको गुफा, यो शिवढुङ्गा, शिव र गोरख ।
यौटाका दुइटा, स्वरूप राखी, देखाउँछन्, पौरख ।।
यो रामकोट यो छापडाँडा, शिव र भैरव ।
गोरखनाथ, कालिका देवी, स्याङजाको गौरव ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(८१९)

यो काश्कीकोट, पाङ्दूरदुर्ग, त्यो अरमुडीको ।
अर्मावी नदी, अर्मो ला किल्ला, कोट फँ कुडीको ॥
बाटुले चौर, हिउँडको ठौर, हदिया अर्घौं को ।
घन पोखरा, यो कर्पु टार, यो थ्याङ अर्घौं को ॥

चौथर माथी, नौ थर साथी, थरको थपालो ।
स्थलको थल, थलको थर, उकालो ओरालो ॥
हिमाली देश, सहेंर क्लेश, सिक्लेश बसेको ।
मनाङ भन्ने, मान्याङ्छु शैल, शिखर पसेको ॥

पुस्तुन पथी, नुन्पानी खानी, मर्स्याङ्दी तटैमा ।
लम्जुङ व्यासी, शिखर गाउँ, ननका घटैमा ।
यो हंसकुण्ड खैरावराहि, घान्द्रुक निकट ।
यो वीरेठाँटी यो सीताठाँटी, सामेत विकट ॥

यो घारखोला, हो हिमगङ्गा, यो धौली गङ्गा हो ।
यो सीता गङ्गा, मङ्गला गौरी, यो मुक्तिगङ्गा हो ।
यो मुक्तिनाथ, पवित्र धाम, मुक्तिको बाटो हो ।
धर्मको क्षेत्र, अधर्म-नेत्र, नवुफने लाटो हो ।

एक शय आठ, गोमुखी धारा, ई मुक्तिगङ्गाका ।
ई शालग्राम-का शालकोट, शिल्मी हुन् ढुङ्गाका ।
ई जलज्वाला. ई स्थलज्वाला. ई शिलाज्वालाले ।
यात्रीको भित्री, उज्यालो पार्छिन्, न हेर हेलाले ।

यो नरसिंह-औतार-भूमी, नरसिङखोला हो ।
भुक्ति र मुक्ति-साधन गर्ने, नरको चोला हो ॥
ऋषि र मुनि, लामा र चुम्बा, मुस्ताङ्ग शृङ्गमा ।
बसेर हेर्छन् यो आर्यावर्त, हिमाली अङ्गमा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तल्लो र मल्लो, दामोदरकुण्ड. गण्डकी–मण्डले ।
गण्डकी नदी, उभारेको छ, हिमवत्खण्डले ॥

गण्डकी–गर्भ, मन्दिर मामी, विवाद छोडेर ।
तेत्तिस कोटि, देवता वसे, सनेह जोडेर ॥

लामा र फुमा, पूजारी मिली. वैदिक विधिले ।
श्री मुक्तिनाथ–पूजन गर्छन्, गोष्ठीको निधिले ॥

यो काकवेनी, मङ्गलावेनी, ताकुम कोटको ।
खड्गपा दुर्गा, पालना गर्छिन्, मधेश भोटको ।

ती जालन्धरी, मुकुन्दसेन, सकल नृपाल
नारायणमल्ल, ती रामसाह. ताकुम हिमाल ।

गुफामा वसी, कम्मर कसी, बनेर तपस्वी ।
एकता शक्ति. खड्गपा दुर्गा–खड्गले यशस्वी ॥

मार्फा र फुम्सा टुकुचे गोरा, यो दान भंसार ।
ई देवीथानं–वसेकी देवी, पालेर संसार ॥

यो तातापानी. निरोगी तीर्थ, जडता हटाउँने ।
गण्डकीतट, निकट शिव, चौरासी कटाउँने ॥

ई जलेश्वर, ई गलेश्वर. यो भोल आश्रम ।
यो रहुगण–तपस्याभूमि प्राणीको विश्राम ॥

गुह्यकराज, ती अरमुडी, गण्डकी–वन्धक ।
यो जयापीड–विजयगड क्रोधीको अन्धक ॥

यो जन्मभूमी. यो कर्मभूमी, पुलह मुनिको ।
प्रभाको कीर्ति, प्राठिलो पौवा, राँखुमा रानीको ॥

काली र धौली, म्याग्दीको वेनी, यो धौलासिरीको ।
रूख झैं राम्रो, फुलेको वेला, यो मौलसिरीको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालीका तीर, कुसुमाग्निर, पाङ र पर्वत
पार्वती माता–को जन्मभूमि, सुषमा सर्वत ।।

पार्वती गङ्गा, तुङ्गतरङ्गा पर्वत–फेदीमा ।
गुफामा गुप्त, ई गुप्तेश्वर छन मोदी–बेनीमा ।।

पार्वती भाषा, पार्वती भूषा, पार्वतीबले ।
पर्वतराज. उज्यालो छ यो, पार्वती केशले ।।

यो हरितालो तिजको मेला पार्वती माताको ।
तपको फल, शिवको छल, विश्व–विधाताको ।।

पार्वती सती, शिवजि जति, सकल जगत
सन्तति प्यारा, विचारधारा, उदार भगत

पार्वती माता, शिवजी पिता, बिश्वका मानव ।
भाई र बैनी, स्वदेश विश्व. यो धर्म मानव ।।

भनेर मीठो सन्देश दिने, यो शिवरात्री हो ।
प्रचार गर्ने. पनौती–मेला, लेख्ने यात्री हो ।।

ऊँकारेश्वर, वाजुङ चौर, ई भोलानाथै छन ।
मेनका देवी. ई सुखी रानी, पार्वती साथै छन ।।

थन्थाप नेर, बलेवा चौर, बास्तुङ बजार ।
पार्वती–जन्मभूमिमा जन्मे, देवता हजार ।।

गण्डकीतट. यै गलकोट. वत्सको आश्रम ।
वात्सल्य रस–वशमा वसे, हिंसक विश्राम ।।

वामीका स्वामी. ती मलंवम्म, महलवसन्ता ।
हिमाली हाम्री. ई देवभूमी. रत्नले अनन्ता ।।

निशी र भुजी, भुजेली–जन्म भुजेल वसेका ।
धर्मको रक्षा, गर्नाका लागि, कम्मर कसेका ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यै ढोर चौर. छन् ठौर ठौर सरिता उत्रेर ।
उत्तरगङ्गा, मौ भेरी सरी, बगेकी मिलेर ।।

इश्मा र पैञ, भन्दै छन् मैं हूँ, वीरकी जननी ।
अर्घा र खांची, गुल्मी र गह्लौं, ललर्घा भन नि ।।

श्रीराजराजेश्वरीले जन्मी, गुल्मीको गौरव ।
वढाइ गइन्, भयेर सती साक्षी छन् भैरव ।।

रेसुङ्गा शैल, गाउँदै छ गीत, ती ऋष्यश्रृङ्गको ।
जन्म र कर्म, तपस्याभूमि, स्वर ली भृङ्गको ।।

शतहूँ गह्लौं, यो धुवांकोट, शिर्कोङ मन्दिर ।
गोरक्षगाथा, गाउँछ शिरु-वारी छ सुन्दर ।।

गण्डकीतट. वाल्मीकि आश्रम्, भो भैसा लोटन ।
लव र कुश-को जन्मभूमी, प्रचार-खटन ।।

यो देवदह, शन्देश दिन्छ, माइतीघरको ।
लुम्बिनी वन, जनको मन, हर्दछ परको ।।

इ मायादेवी, मायाले भन्छिन्, माया छ मलाई ।
यो पाली भाषा, पाली माफ् खण्ड, जोगाउ मिलाई ।।

बुद्धको जन्म-भूमि हो भव्य, लुम्बिनी कानन ।
सबैको ठाडो, गर्दछ सदा, मानले आनन ।।

पायेर शुद्धोदनको शुद्ध सत्त्व र शिक्षाले ।
सिद्धार्थ बुद्ध, भये प्रसिद्ध, कापिल दीक्षाले ।।

यो पञ्च शील, सकल लोक-हितोपदेश हो ।
न गर हिंसा, हे पञ्च ! वर्ग ! बुद्धको देश हो ।।

ऊँ मणिपद्मेऽहम् भनि इनि, सजन्छन् कैलास ।
मौलिक माया, वचाउँ सबै. न गरौं विनाश ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कपिलजन्म, कपिलकर्म, कपिलवास्तुले ।
कपिलवस्तु, बनेर भन्छ, सकल वस्तुले ।।

कर्दम देवहुतिको हुति. पारेर प्रसिद्ध ।
चौरासी सिद्ध-मध्यमा इनि कपिल प्रसिद्ध ।।

यो सांख्य दर्शन्, दियेर गये, यै दांते पाखुडी ।
लियेर बुद्ध, प्रसिद्ध भये, संसारमा हिंडी ।।

गौतम गोत्र, शाक्य हो वंश, शाक हो संवत ।
पालको भाषा हो पाली भाषा, सकल-सम्मत ।।

वैदिक थियो. संस्कृत भाषा, पालका पालामा ।
लोकले बोली, विकास गरे, विचार पालीमा ।।

जसरी वसे. बनेर शिला. देवता कालीमा ।
उसरी वसे, ई, पञ्च शील, देशना पालीमा ।

ब्रह्मा र विष्णु, महेश सित, पृथिवीमल्लले ।
बुद्ध र धर्म, सङ्घलाइ राखे, धर्मका बलले ।।

अशोक आये, तीर्थका यात्रा, लुम्बिनी वनमा ।
माया र बुद्ध, कनक मुनि, उनिका मनमा ।।

यो शिवपुरी, स्यूरीको शिर, शिवको निवास ।
कल्याणकारी, वैदिक धर्म, जीवको विकास ।।

यो वेदमठ. हो वेदमठी, वैदिक जनको ।
बघौर भयो, यो व्याघ्रपुर, भाषा छ मनको ।।

सुरेंया खोला, कंले प होला, फट्किरी बनाउने ?
खानी र पानी, सुधारी बानी, हो देश बनाउने ।।

चुरेमा चडी, स्यूपुरी गाडी, देउखुरी देखिन्छ ।
देशको यात्रा, गर्दामा देखि, यो कुरा लेखिन्छ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धको धूनि, गोवरडिहा, शिवको मन्दिर ।
रमाइलो देती, अचिरवती-रापतीको तीर ।।

यो झालुवाङ. यो रत्नपुरी, लमही रिहार ।
शारदा देवी-वाहन हंस-बगाले विहार ।।

जाडाको वेला, माघीको मेला, यो तप्तकुण्डल ।
सुहाउन आउने, वर्दान पाउँने सुजनमण्डल ।।

वराह सिद्ध, नन्दिकेश्वर, ई महेश्वरले ।
यात्रीको गोत्र, पवित्र पार्छन्, गीवृद्धि वरले ।।

वसन्त-वेला, गोकुल खेला, नुन पानी खायेर ।
रोग हटाई, लाग्दछ बाटो, आरोग्य पायेर ।।

रापतीबन्ध, यो जलकुण्डी, भुवर भवानी ।
सुनार दून, सुनधुने जन, जीवन किसानी ।।

यो कोइलावास, कालिका थान, मारुति महान ।
श्रीशिवराम, वसेको धाम, नदीको मुहान ।।

पाटनदेवी-का नित्य सेवी, निर्जन खोलामा ।
कालठुङ्गी गुहा, पिपलनाथ सिद्धका चोलामा ।।

दङ्गीशरण, सन्ध्यापूरण. माणिकपारखू ।
ती भानुमती, केतकी सखी. रतन पारखू ।।

यो रत्नेश्वर – को सरोवर, पश्चिमवाहिनी ।
रापती ववै, ती नदी सवै, फर्केकी दाहिनी ।।

ववैका शिर, कौमुदीतीर, चौघेरा मन्दिर ।
यो रत्नपुरी, दाङ देउखुरी सवैले मानेर ।।

गोरक्ष शिव, ई कालसेन. भैरव साथै छन् ।
सिद्धरत्ननाथका साथ. ई नव नाथै छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उरले विना. खुरले विना. न पाख चुच्चो छ ।
त्यो हंस मार. रे राजेश्वर. जो अति उच्चो छ ।

(उर विना, खुर विना, जाँच पांख विना हंसा ।
क्ष जिनावर मारो. रे राजेसुरा. जाके रकत न मंसा ।।)

भनेर हंसगायत्री–दीक्षा, गोरक्षनाथले ।
रत्नलाइ दिये. रत्नले लिये, फुकेका माथले ।।

रत्नको दीक्षा, रत्नको शिक्षा, धर्मको रक्षा हो ।
जंसलमेर, काम्बोज पुग्यो, गान्धाररक्षा हो ।।

आत्मा छ विश्वको मूल भन्ने, विश्वमा सन्देश ।
दाङले दियो, विश्वले लियो, उज्यालो यो देश ।।

सवारीकोट, पर्कटीवोट, काहुले कोटै छ ।
सुकोराकोट, यो चन्द्रकोट, यो छिल्लीकोटै छ ।।

यो खरकोट, यो थरकोट, यो चित्रकोटै छ ।
दाङ देउखुरी–माझ वसेर, तुइदाङकोटै छ ।।

घोघरा सिद्ध, रतननाथ, ई अम्बेश्वरीले ।
यो वारकुने, वराहदह, पहेलपारीले ।।

सुपात्रदेव, सकलसेव, लरेना त्रिवेणी ।
वाराही गङ्गा, यो गुहगङ्गा, सुकौरा त्रिवेणी ।।

सुर्पानी जर्वा. मूल्पानी धारा, ई वागीश्वरीले ।
यो ने. सं. वि. वि. निखिलजीवी, यो दिल्वेश्वरीले ।।

मालिका देवी, कालिका देवी, छिल्लीमा वसेर ।
अध्यात्मविद्योपदेश दिन्छिन्, हृदय पसेर ।।

दुइ हजार् वाइस्. एक् गते चैत्र, संफना दिंदै छ ।
अध्यात्मसम्मेलनको थली, फल्फली छदै छ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छिल्लीका सिद्ध, कालिका देवी, तुलसीपुरीले ।
रमाइलो मानी, एकान्त धामी, ज्ञाती र ध्यानीले ॥

ई सिद्ध भगवन्तले गरे, शीतल ध्यानीले ।
श्रीप्रामवास, सर्वविकास, भैरवधूनीले ॥

यो बहुधान्य, धर्ती छ धन्य, सिद्धिका धनीले ।
वाघ्मारा वन, भो शान्तमन, तपस्वी मुनिले ॥

सरयू ववँ, सुविधा सवै, हंसको विलास ।
स्थलको थल, थलको थर, थारुको विकास ॥

देउखुरी दाङ, ई दुइटा डुँगा, बाँधेको चलेयो ।
चुरेको धुरी, पश्चिम मुख, तुइदाङ धर्ती यो ॥

रतनवोध, दाङ फलावाङ चार्दा ही गुदेरी ।
निर्मल नीर, शारदा, तीर, रमाइलो बगेरी ॥

यो रानाग्राम, सिद्धको धाम, सिद्धका धूनिमा ।
पृथिवीमित्र, श्रीकृष्णसाही, शल्यानधानीमा ॥

यो छायाछेत्र, छ दिव्य नेत्र, अध्यात्मध्यानले ।
छन् छायानाथ, लोक सनाथ, धन र धानले ॥

जावालि मुनि, जन्मेकी भूमि, शल्यान जावाल ।
जनता भेजा, भयेर मेला, लाग्दै छ विशाल ॥

यँ खैरावाङ, देवीको दिव्य, देवल पवित्र ।
मालुवानेटा, फिंजि पखेटा, मालुवा विचित्र ॥

जाहारी चौर, रमाइलो ठौर, धौताले हेरेको ।
यो मूषीकोट, यो रुक्मकोट, भेरीले घेरेको ॥

यँ सर्पकोट, भो सापकोट, सापकोटानिकास ।
सीसा र तामा, सुन र चाँदी, खानिको विकास ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रुक्मिणिताल, रम्य विशाल, कमल फुलेका ।
तालचरीवास, माछा कछुवा, हाँसले खेलेका ॥

गोताम ग्राम, गौतमधाम, गोतामे थलो यो ।
मो श्वेरीतीर, भास्भिर भिर, रम्य र बलोयो ॥

माण्डव्य ऋषि, लेखमा बसी, माण्डूक्योपनिषत् ।
लेख्तै छन्, नदी, माण्डवी झाङी यो पनि कुरा सत् ॥

भृङ्गी र भृङ्गी, शिवका साथी, भाडोमा पसेका ।
खुङ्ग्री र भिङ्ग्री, सनाइकन, भाषामा रसेका ॥

ती घण्टाकर्ण, यै घण्टीखोला, रपाइला भनेर ।
रोल्पा र पाल्पा, मिलाइ बसे, एकान्त जानेर ॥

हिमाली सखा, यो सबी लेखा, निर्लिप्त लेखाले ।
सकल लेख, देखेर बस्यो, साथका रेखाले ॥

पं स्वर्गद्वारी, प्रभुको धूनि, यज्ञको धनी छ ।
व्यासको नासो, वेदको ध्वनि, राखेको पनि छ ॥

गसेवा गरी, जीवन भरी, औषण व्याधिको
भेषज गरे, भिषक बनी, निखिल आधिको ॥

वमौलीजन्मा, व्यासका मामा, जातिको माया छ ।
गोवंश माथी, गोरक्षनाथी, प्रभुको छाया छ ॥

हिमरुक् नदी, झिमरुक् छंदो, भाडोमा मिलेर ।
मै ऐरावती, रापती बनिन्, छोखुरी फरेर ॥

शेष कि देश, धनको खानि, गुह्यक रक्षक ।
प्यूठान ठाना, हो प्रतिष्ठान, सोमका भक्षक ॥

गोरक्ष काली, जालपा पाली शालि र गोधूम ।
दोहोरी वाली, अनिकाल् फाली, बसेका यै धाम ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदयपुरी, अरङ्ग्वेनी यो साङ्कोटै हो ।
यो क्वाडी खैरा, यो बाघडुला, यो मित्रीकोटै हो ।।

यो रुदुनेर, ज्ञवाँको गाउँ, ज्ञवाली–थली छ ।
यो गुल्मीनेर, सिग्दीको गाउँ, सिग्द्याल थली छ ।।

गुह्यक महाराजिक गण, गुरुङ्ग मगर ।
अलकातुल्य, हिमालचूली, दनाइ नगर ।।

कालीका तीर, भयङ्कर भिर, धौचूली बङ्चूली ।
निशी र भुजी, मादी र तावी, बुडी त त्रिशूली ।।

यँ चन्द्रकोट, थपालो थियो, थापा र पौडेल ।
अर्जैमा जन्मे, अर्ज्याल द्विधा, बिहारे बगाले ।।

यँ धौलासिरी, उत्तरगङ्गा, हिमाली जोतिले ।
यो द्वारीकाँध, फाल्गुने लेख, ई सरस्वतीले ।।

यो छार्काभोट, टुपा र गुम्बा, नगरतारले ।
ऋग्वेदभूमि, यो ऋग्म पुग्म, शूलीका धाराले ।।

यो व्यासभेरी, यो राजा रानी, रल्लीका थलोले ।
दाडिमीवन, वैदिक जन, तुलसी गलोले ।

त्रिपुरासुर–तारणशक्ति, त्रिपुरसुन्दरी ।
हिउँपानी छडा, मोतीका लडा, पर्वतकन्दरी ।

त्रिपुराकूट, तिपुरीकोट, यो तिप्रिकोट छ ।
हिमालवाट कैलास जाने, यो वाटो छोट छ ।।

ई व्यासभेरी, व्यासको गुहा, मुहान खोलेर ।
ऋग्यजु साम, वेदको भेद भन्दी छन् तोलेर ।।

ऋग्मका ऋग्मी, रिग्मीका रेग्मी, परका रहेछन् ।
हिमाली थर, वर र पर, यसरी भयेछन् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

डोल्पा र रोल्पा, जाल्पा र पाल्पा, डुर्पा र सेर्पाको ।
टुप र टुपा, नेपा बनेपा, खापुं र खुर्पाको ॥

सिक्लुङ नागी, बाग्लुङ रागी, खिलुङ सरीको
बाजुङ बजाङ, भाषाको नातो, हिमाल भरीको ॥

श्रीतारा देवी, ति पाय कीर्ति, टुपामा टल्नै छ ।
सुन चाँदी तामा, शिलाका पत्र, खस्ममा जम्नै छ ॥

विक्रमसाही. माथ नुहाँई, त्रिपुराकोटैमा ।
छ इतिहास, महाप्रकाश, लेखिन्छ छोटैमा ॥

कोटाल बाल, वृद्धले चाल, सकल पाएका ।
त्यो परम्परा, श्रुतिको पूरा, अति छन् लाएका ॥

तिपुरीकोट कीर्तिको वोट बडतडी बलाङ्रा ।
यो काइगाउँ फलासे वाउँ रिमि छन् दुइ पाङ्रा ॥

यो रिम्भिरी यो रिमिगाउँ हिमाल थली छ ।
यो काकमारा यो भालूलेख यो रूपा भली छ ॥

ई छन खोज्ने चन्द्रको बिम्ब चाखुरे टाकुरा ।
नोसूली माथी वनेर साथी हिमाली पाखुरा ॥

यो मौरे नेर भर्झरे छरो मोतीको छ हार ।
गाउँ चौरीकोट विकट बाटो टसीको पुकार ॥

(भर्मन्याका छरा मुनि चौरीकोट गाउँ छ ।
वर्ष दिनको गरी कमाइ फाप्रा बाली पाउँछ ॥

मुखियाका घाडा माथी देवीपूजा लाउँछ ।
यो विन्ति लागेन भर्या टसी नेपाल आउँछ ॥) इत्यादि...

यो वान्याकोट फलामे खानी बलीयो पानी छ ।
गाई र नाथुरा ... [illegible]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जाजरकोट यो रामीडांडो रमाइलो थलो छ ।
जगतीपुर जगतीसिंह–चरित भलो छ ।।
भेरीका भेल फलामे पुल छोरोले हालेको ।
दुदको भारा तार्छु म भनी स्वधर्म पालेको ।
यै चौदोवंश लँगालमा कोम्लो छर्दैर सुनिन्छ ।
धौल्याली कोट सुनकेशा रानी रोयेको सुनिन्छ ।।
विक्रमसाही साइमलसाही पैकेला लियेर ।
कम्पन बांधो धिद् धर्म बांधी सुन्केशा लियेर ।।
गयेको कुरा संक्षना पूरा थानीले थरीले ।
चुट्किला बाटो खोलेर घांसी, गाउँ छन् लहरीले ।।
यो पाहाडिलो पाहाडी गडी, गाउँ चौविशैमा ।
पाहाडी–थलो, जवाको तट, चार्पटि पासैमा ।।
अध्यात्मधर्म–गोष्ठीको लागी बनेको चत्वर ।
यो गोठीचौर एकान्त ठौर पुगियो सत्वर ।।
हिमालचूली तीर्थ नौमूली तिलाका तिरैमा ।
तिलाको मूल गरुडकुण्ड मौन्याका शिरैमा ।।
उखाडीनेर प्याकुड्यावोडा प्याकुर्म्याल् थलो छ ।
यो काव्रज्वाला नौमूलीजल सङ्गम भलो छ ।।
यो ऋणमोक्ष क्षेत्र पवित्र चिमारामालिका ।
जवा र तिला दानसांगु मेला ई वांसीमालिका ।।
त्रिवेणी तीर्थ त्रिकोण यन्त्र ई रत्नचूडेश ।
अचार्जवाडा सालिका देवी वोहोरा–गणेश ।।
भैरवनाथ चन्दननाथ ई छिनासिमै छन् ।
वाडन्नहाते लिङ्गा र ध्वजा कैलास सङ्कल्प...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जवा र तिला देवल डांडा अशी र पान्सय ।
यमला वाट जुमला भयो क्यं छैन संशय ॥

यमलाजन्मा रुद्रयामल यालली सिद्धिले ।
उभय लोक–सुखको मूल नवधा निधिले ।

चार टांगा मिली, भगना ध्वजा फर्फर हल्लाई ।
फट्कारी पाप डाकेर धर्म दिदैनन् कल्लाई ? ॥

यं कार्त्तिकेय–पाटन चर्दी, अशीको असंख्य ।
घोडी र भेडा विविध रङ्ग. ज्यै दह छ शंख ॥

योगिनीदह गिडिका मूल पार्वती माताले ।
बुहायेको छन् सेनानी सुत. देवका त्राताले ॥

हुड्के र विष्ट आड्या र गुह दह छन् विशाल ।
सुर्मा र मान लङ्कारि रारा नेत्रको हिमाल ॥

यं खलाचौड फुलपातीचौड छ दौड घोडाको ।
जस्का छन् घोडा हातमा कोडा काम् छैन गोडाको ॥

ई सत्र खम्म वाटामा टम्म यं सेरीढुस्काका ।
कीर्ति हुन उस्का छन् कर्म जस्का आकाश उठेका ॥

कनकपत्र छन् घरभित्र वयालकाटीया ।
शिलाको शिल्प मण्डपकल्प शिवको कुटीया ॥

सिम्खाडा गाउं सिम्खाडा थली, अशीमा वसेकी ।
घोडिला गाउं, त्रौमागाइ थली पान्सय वसेकी ॥

यं गिडिका–तट छ गाउं यो नवपानीय ।
न्यूपान्या थली यजमान बलि सबैले जानीय ॥

मीचाका वार देवल भला गोल्हुका सत्तान ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो तातापानी गन्धकखानी लछालखेतीको।
छ लाछु जिउलो प्रथम कीर्ति मार्सीका खेतीको॥

लछालखेती पैकेला थिये जनका सेवक।
चन्दननाथ सिद्धका पनि भयेर सेवक॥

सिद्ध र साधक मिलेर गरे यो कृषिविकास।
जनता नेता मिलेर गरे यै कृति विकास॥

भुल्ली टुपो धानको सुपो चन्दन जाँदछ।
यो रातो मार्सी हेरेर आर्सी कृषक खाँदछ॥

यो देवदारु कानन चारू तिलाका तिरैमा।
वलीको थली सुनारगाउ कस्तूरी भिरैमा॥

लाङ्घाका रास्रा ए देवदारु! कैलासक्वेल।
बोकेर व्रस्मौ यै छत्रछाया वसेका सकल॥

बालिका अश्वमेधको कीर्ति वोकेर विमल।
ई तिला नदी समुद्र जाँदो, हिमाल धवल॥

यै कार्त्तिकेय पाटन भरी कस्तूरी बगाल।
चर्दै छ बुकि, हेर्दै छ ढुकि नौमूली हिमाल॥

डाँफेका लेख नौरङ्गी डाँफे कुल्केर विहान।
जनतालाई नित्य जगाई खोल्द छ मुहान॥

कर्मले धर्म लौ गर भनी शिवको सन्देश।
दियेर नाची स्वतन्त्र वाँचो पालेर स्वदेश॥

यँ च्यारे चौर छन् ठौर-ठौर मिलेर चरेकी।
ई काली गाई कपिला गाई खर्कमा सरेकी॥

जल्जला लेख जलमा थल जन्मेको भन्दछ।
यँ लेखपुर कृषक शूर खीरिया खन्दछ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऋणको मोक्ष, यै ऋणमोक्ष, यै धर्मकुण्डको ।
लियेर जल, आयेको हिमा, हिमाल खण्डको ।।

छिछिम लामा, गुफाको वाटो, यै घास वडार ।
कनककोट, पश्चिमवाट, पातक बडार ।।

तो नागराज, थापेर गये. ककनसुन्दरी ।
तिपुरीकोट, तो तारा देवी, त्रिपुरसुन्दरी ।।

यै शिञ्जापुर. यै लामा थाडा, पुण्य र पृथ्वीले ।
वसेर गरे. त्यो धर्मराज, स्वीकार पृथ्वीले ।।

कनककूट, कैलासकूट, निकट शिञ्जामा ।
हिमाको तट, विराट पीठ, विकट शिलामा ।।

यो हाटसिंजा यो पाँड्सेरा, पाँडेको थलो हो ।
सन्यालवाडा, यो सामाचौर, समालथलो हो ।।

यो नराकोट, यो द्धारपाटा, सिंजाले सिंजाली ।
जांचको देवल, शिलाका केवल, हिमाले हिमाली ।।

चिढुङ्गा, रोकायाब्ली, पाथर खोलामा ।
देवतागण, परिणत भये, मानव चोलामा ।।

यो ओरी जुम्ला, त्यो पोरी जुम्ला, तारमका सांगुमा ।
दोल्फु र मुगु, सङ्गम सरी, छायाका लांगुमा ।।

यो खल्ला गाड, यो रकासांगु, मलय सुमेरु ।
यो रत्नमाला–जस् काँहा जाला ? साछो छ सुमेरु ।।

यै लिताकोट, सल्लाका वोट, बुदबुदी केदार ।
यै गैरागाउँ, श्याउको ठाउँ, स्कन्दको मन्दिर ।।

सिद्धका गुफा, लेखका टुपा, शिल्पाडी फुल्याको ।
यो ढकमक्क, फुलेर फली, फलोद्यान् फुल्याको ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फुशे र मुसे, इंशिले लेख, ई नदै मालिका।
ई खेप्तमाली, ई भुरिचूला, ई कलीमालिका॥

कैलासतुल्य, हिमालचूली, ई पूगमालिका।
ई नव दुर्गा, समष्टिरूपा, श्री वडी मालिका॥

जुविथामाथी, कार्त्तिक साथी, सुनबुकि, पाटन।
फट्टिकखानी, यो रुरु वञ्च, रुचिर पाटन॥

गुनाका गुनाल्, भर्ताका भर्तालि, सैन्याल सैनका।
ई खिङ्ङ्किसैने, हुन् अधिकारी, यै खिङ्ङ्किसैनका॥

ऊर्यांकोट किल्ला, ऊयांकोटी गाड ऊयांउँकिडी-खनन।
यो मेदिबम्म, कीर्तिले टम्म, मङग्राहा-खनन॥

यो महाभय, पाछ निर्भय, चिलुखाया देवल।
दाहाल-थली, यो दांहां गाउँ, गेलांका देवल॥

यै औलगेलां, यो लेखगेलां, यै पुण्यक्षितिमा।
छ पुण्यमल्ल-को जन्मभूमि, पुण्यका स्मृतिमा॥

छन् पञ्च देवल्. शिलाका केवल्, पदमा र तिलाको।
त्रिवेणी तीर्थ, तार्न समर्थ, प्रकृति मिलाको॥

यै घारगौंडा, यो बाघो शिला, जगति पृथ्वीको।
छ बडक्षरी, विद्याको पाटी, आदर्श पृथ्वीको॥

पाषाण काटी, बनेको वाटो, छ सय वर्षको।
जीवनबाटो, जनको स्थायी, छ अति हर्षको॥

यो कालीकोटे, खड्गको थलो, श्रीकालीकोट छ।
यो भर्ताकोट, भर्तालि-थलो, दुर्लङ्घ्य छोटे छ॥

ती शतरूपा, मनुको धानी, मानवी भयेर।
मनुले लेखे, यो मनुस्मृति, मान्नसा रहेर॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानवी मान्छी, मानसी मान्छ, भाषाको विकास ।
मनुका सन्तान्, मानुष मानिस्. मानव विकास ।।

मनुको जन्म, मनुको कर्म, मनुको धर्म छ ।
यो मुथि मान्छ, यो तलि मान्छ, धर्मको वर्म छ ।।

यँ खांडाचक्र, खड्गको चक्र, धर्मको रक्षक ।
शास्त्रको रक्षा, शास्त्रले गर्छ, अधर्मभक्षक ।।

रास्कोटी राजा, मलयवर्मा, यँ खांडाचक्रमा ।
बसेर लाये, यो काठमाडु, धर्मका चक्रमा ।।

सुर्खेती दार, ली हातबार, खोचर दर्बार ।
दुलालघाट, र हरिद्वार, धोयेर तर्वार ।।

छ लाग्ना माथी, छ लाग्ना तली, मलय–तनय ।
धर्मका लागी, विभक्त भये, जनको विनय ।।

यो राजधानी मनुको थलो, मान्छ छ रमाइलो ।
समशीतोष्ण, न अतिचीसो, न अतिघमाइलो ।।

यँ खांडाचक्र, बसेर हेर्दा, छर्जङ्ग देखिन्छ ।
हिमाल माल, कीर्ति विशाल, देखेर लेखिन्छ ।।

त्रिकोण यन्त्र, यो शैलदुर्ग, नदीले घेरेको ।
कैलासतुल्य, मालिका बसी, गौरीले हेरेको ।।

कैलासबाट, यँ लालीघाट, कर्णाली ओर्लेको ।
थमलाबाट, यँ लालीघाट, ती तिला ओर्लेको ।।

त्रिवेणी तीर्थ, देवतासार्थ, स्नानले पवित्र ।
पर्वको मेला, जनता भेला, रमाइलो विचित्र ।।

मान्नका पञ्च, देवल ठूला, ई पञ्च कैलास ।
यो पञ्चायती, दर्शन पनि, यसैको विकास ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो तीखाशूली, मालिकाचूली, कर्णाली–कूलैमा ।
उज्यालो रूपशा, लोखाडा लालू, मालिकामूलैमा ॥
यो तलकोट, यो मालकोट, यो ढाँटीकोटै छ ।
खूलालू भली, खुलाल–थली, यो भानाकोटै छ ॥
यो कालो शिल्लो, विनाइक मष्टो, यो कुचि विहार ।
यो देवकोट, द्यौकोटा थलो, मनमा विचार ॥
कुइँकाना गाउँ, कुइँकेलथलो, ढाँकुंका ढकाल ।
यो मडासैन, ई मडासैनी, राँकाका रकाल ॥
यो पुडासैन ई पुँडासैनी, रिमाका रिमाल ।
फाँता र साता, कैलास तट, साताका सत्याल ॥
श्रीकोटवाट, श्रीकोटी भये, सिर्पले सिर्पाली ।
ऋक्सेनवाट, ऋक्सैनी भये, ऋग्वेद सेना ली ॥
मङ्गलसेन, मङ्गलसैनी, कँडीका कुँडयाल ।
तिमिलसेन, तिमिलसेना, पँमाका पँमाल ॥
ई वार वण्ढ, अठार खण्ड, शारदा–दर्पण ।
यैं नाचनथली, डाँफेको नाच, मालिका–अर्पण ॥
यो थामकोट, थामीको थलो, निगाली ढुङ्गाको ।
जिउलेखीमाडु, वैदिक लेख, यैं वही ढुङ्गाको ॥
वाजुराकोट, काफलवोट, यो कँडिकोटै छ ।
नुगाडाथली, जेउडचा मज्याडी, यो मानाकोटै छ ॥
श्रीपुण्यमल्ल–को पुण्यकीर्ति, कनकदलैमा ।
भौंन्याराटुपा, वनमाइसगुफा, हिमाली थलैमा ॥
पोरष्या लाग्ना, हिउँ काटी नाग्ना, ढँटेलो फुलेको ।
कुण्डाका थाणु, कैलासमाडु, गुराँस फुलेको ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो छातीकोट, छत्यालथली, फैतीका फैत्याल।
कुमारकोट, कवरथली, कोल्टीका कोल्ट्याल॥

समुद्रपाल-समुद्रगडी, यँ कोल्टीतटैमा।
कीर्तिको मूर्ति, शिला र लोक-हृदय पटैमा॥

यो कुण्डागाड, कर्णालीवाड, त्रिवेणी जवाला।
यँ धाडाकोट-का धाडाकोटी, मालिका उकाला॥

फुगाडतट, विकट कोट, यो राष्ट्रकूटै छ।
राकसकोट, रास्कोट भयो, यो शिवकूटै छ॥

यँ स्यूनाकोट, यो साराकोट, रावलकोटै छ।
कर्णालीकूल, शैलको बल, सकल कोटै छ॥

सुकेशाचौंरो. सन्निधि चौर सान्निगाड तिरैमा।
यो जालन्धरी-कुलाको जाल, फुगाडी तिरैमा॥

यो सन्निधाना, छ सन्निधाना. मालिका सन्निधि।
सुमेरुकीर्ति, सुनौलो मूर्ति, पूजित सविधि॥

(मालिकाको नवै बैनी, वसिन् थुम थुम।
पाउडण्डी उकालो लाग्यो, अलि अलि घुम॥)

छ मास बन्द, छ मास खुला. मालिका पाटन।
वैशाखी पूर्णे, कार्तिक पूर्णे, संशय काटन॥

यँ पञ्चपुरी पाटन मध्ये. त्रिवेणी पवित्र।
मालिका गङ्गा, मङ्गलमयी, फुल् फुले विचित्र॥

श्रावणी पूर्णे, कामना पूर्णे, यो ठूलो मेला छ।
माल हिमाल, उदय अस्त, यात्रीको भेला छ॥

घुमला डोटी, पल्टन भेटी, पैतला मिलाई।
ई चन्द्र-सूर्य, ध्वजामा बोकी, बतास हल्लाई॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्तूरी डाँफे फ्यारल तित्रा, सुनबुकि चरेर ।
स्वागत गर्छन् यात्रीको जाहाँ, अगाडी सरेर ।।

ई रजहाँस, जलमा खेली, रुगासाग् खाएर ।
यात्रीका लागी, माँगल गाउँछन्, नाद मिलाएर ।।

यो मखमली, डसना कुल्ची, सुनबुकि माटन ।
मन्थर पाइलो, सार्दछन् यात्री कलुष काटन ।

ई ठौर ठौर, उच्छ्वास फेर्दै, जयतु मालिका ।
यो जयकार, गर्दछन् यात्री, जयतु कालिका ।।

चूलीमा वसी, मालिका माता दयाका दृष्टिले ।
यात्रीको यात्रा, सफल पार्छिन्, वरका वृष्टिले ।।

मालिका गाथ, सुगन्ध गर्ने, कस्तूरीबगाल ।
मालती फूल, माथमा फूल, मालिका हिमाल ।।

किमेतद्यक्षं भनि अलक्ष ती अन्तरिक्षमा ।
विलखवन्द, देवता देखी, ध्यान दी शिक्षमा ।।

कैलासबाट प्रकट भयो, पञ्चक–प्रपञ्च ।
यो पञ्चायती, दर्शन पनि, यसैको हो पञ्च !

ॐकार बन्यो, स्वस्तिक बन्यो, यज्ञको मण्डप ।
चौसट्ठि वर्ण–को वर्णमाला, यो काष्ठमण्डप ।।

भोटो र चोलो, टुपी र चुल्ठो, डमरु मादल ।
त्रिशूल खुँडा, खुकुरी खड्ग, कुण्ड र यो थाल ।।

पाथी र माना, भाजन नाना, गहना अनेक ।
दोपाखे घर, घुमाउने घर, लौ गर विवेक ।।

मानव–बुद्धि–विकास–थलो, संस्कृति–विकास ।
सन्देश आद्य, वैदिक भाषा, संस्कृत–विकास ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वको धुरी, हिमालशीला, मार्थमा कैलास ।
कैलासवासी, ई अविनासी–शिवको निवास ।।

शिवा र शिव, सकल जीव–जननी–जनक ।
मानव धर्म. धर्मको मर्म, हिमाली विवेक ।।

कैलास शैल, मानिका शैल, खेचर पञ्चूली ।
मल्लिकार्जुन, ई पञ्च धुरी, आदिम हिउँचूली ।।

ई सहलिङ्ग, सहस्रेश्वर, भासूको ई काली ।
ई सुमेश्वरी. ई वज्रभैरव, मष्टा र चण्डाली ।।

दिलीपेश्वर, ई शैलेश्वरी, यो देवीमण्डप ।
धौमाडु भयो, ई रणसेनी, बैतडी मण्डप ।।

यं वार व्यास, गोरख व्यास, गुफामा बसेका ।
ई मार्कण्डेय, मार्माका छेत्ति गुफामा बसेका ।।

यो मार्कण्डेय. पुराण लेखे, छेत्तिका गुहामा ।
यो अमरौघ—प्रबोध लेखे, गोरखगुहामा ।।

शङ्करपुर रुचिर शिर हुद छ बिद्याले ।
राउला केदार समय देव. रामको बराहले ।।

पातालवासी, भुवनेश्वर, यी सुरनयाका ।
तटमा कोट, स्वाराज्य राखी, स्वराडी भयाका ।।

ती नागनाथ, ती नगार्जुन, ती नागराज हुन् ।
ती नागपाल, ती नागमल्ल ई पञ्च नाग हुन् ।

कालीका कूल, विशाल शिला, ई नामपालेको ।
यो हरिहर – मन्दिर बली, कल्याल कालेको ।।

फुलघाटबाट. देवलहाट बैतडी मुकुट ।
शतकटा काली. ई महाकाली तट छविकट ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उकु र वाँकु, सेरा र फेरा, जोल्जीवी बाँधूँ ला ।
यँ महाकाली, झुल्घोटपुल, गोरील झौं ठूला ॥

ई सोमनाथ, गोपाललेख. अजयमेरुका ।
दुर्ग र देवल्, नाउला र नाउली, शिलपले कारुका ॥

धुन्याली डाँडा, देवल ठाडा, शिलाका किला छन् ।
यँ डोटी खोला. घटाल गण, वेताल ठुला छन् ॥

ई भागेश्वर, ती जागेश्वर, ई घण्टेश्वरै छन् ।
ई उग्रतारा, ई जगन्नाथ, ई गुणपालै छन् ॥

वखेतबाट, वखेती भये, पिखेत–पिखेती ।
ती उपपुरोहितका भये, अचेल उप्रेती ॥

ई चार भञ्ज्याङ भित्रका चारै. गणेश प्रहरी ।
चार नारायण. चारोटी काली. चारोटी कुमारी ॥

पशुपतिनाथ. ई आदिनाथ, मत्स्येन्द्रनाथै छन् ।
गोरक्षनाथ, स्वयम्भूनाथ, आदेश साथै छन् ॥

ई नीलकण्ठ. बालाजुकुण्ड चण्डोल वराह ।
ई कुम्भेश्वर, भृङ्गारेश्वर, भ. पु. का वराह ॥

ई ज्ञानेश्वर, ई मानेश्वर, ई बाणेश्वरै छन् ।
ई कोटेश्वर, ई कीलेश्वर, ई आदीश्वरै छन् ॥

ई चङ्गु चाङ्गु विशंखु शिखा, ई मत्स्यनारान ।
ई अन्नपूर्णा, ई रक्तकाली, ई कालमोचन ॥

ई हरसिद्धि, ई मानेश्वरी. ई वज्रयोगिनी ।
भ. पु. र ल. पु. का. पु. र की. पु. तुलजा भवानी ॥

ई वनकाली, ई भद्रकाली, दक्षिणकाली छन् ।
ई मैतीदेवी, ई नरदेवी, ढुँडालदेवी छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नक्साल शोभा ई भगवती, ई नीलवाराही ।
ई खाष्टि बौद्ध, ई महाबौद्ध, ई काशी बौद्ध छन ।।

गोकर्णेश्वर, गोभ्याटेश्वर, गोपालेश्वर छन ।
किरातेश्वर, विराटेश्वर, ई सिद्धेश्वर छन् ।।

ई हनुमान, ई महाकाल, ई काल भैरव ।
ई गुह्येश्वरी, ई गौरी देवी, ई वाघ भैरव ।।

यो सूर्यघाट. यो आर्यघाट, स्वच्छन्द भैरव ।
फुल्चोकी देवी. बालकुमारी, उन्मत्त भैरव ।।

यो गोदावरी, ई सरस्वती, ई टीका भैरव ।
ई एकानन ई त्रिविक्रम, ई भक्त भैरव ।।

वासुकि नन्दी, स्कन्द कुमार, रत्नेश गणेश ।
ई ताम्रेश्वर, ई विश्वरूप, ई वैरागणेश ।।

ई रामचन्द्र, यो सीतापाइलो, यो कृष्णमन्दिर ।
ई दत्तात्रेय, यो दिगुतले, पाँचतले सुन्दर ।।

सुन्दरीजल, यो शंखमूल, यो टेकुदोभान ।
यो सप्तमती, सङ्गम तीर्थ, तीव्र महान ।।

ई नील तारा, ई हिमहारा, नारानहिटीश ।
ई पारिजात–शारदा देवी, ई जपवागीश ।।

ई राजेश्वरी, भुवनेश्वरी, वत्सलेश्वरी छन, ।
ई रुद्रागारेश्वर ईश्वर, ई फङ्केश्वरी छन् ।।

ई सिद्धेश्वर, ई चण्डीश्वर, ई छत्रचण्डेश ।
ई आर्या देवी. ई विरूपाक्ष, ई ब्रह्मनाश्लेश ।।

ई मृगेश्वर, परमेश्वर, ई रामेश्वर छन ।
ई भस्मेश्वर, कैलासेश्वर, ई उमेश्वर छन् ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो उमाकुण्ड, भण्डारेश्वर, ई मल्लेश्वरै छन् ।
चतुरानन, दक्षिणामूर्ति दशावतारै छन् ।।

ई नव दुर्गा, ई नवनाथ, ई नव नागै छन् ।
ई नव निधि, ई नव रत्न, ई नव ग्रहै छन् ।।

तेतिस कोटी, देवताहरू, ई तीन पुरैमा ।
ई क्षेत्रपाल, थालेर वसे, ई चार सुरैमा ।।

मन्दिरमध्या, कमल फुल्ने यो रानी पोखरी ।
राता र नीला, कमल फुल्ने, कमलपोखरी ।।

यो दुग्धधवल, कमल जल, छ दुग्धपोखरी ।
यो नागराज-सिद्धिको धाम, छ सिद्धपोखरी ।।

खोला र नाला, नदी र दह, कुवा र धारा छन् ।
सजल सम्म, सफल सस्य-श्यामल धरा छन् ।।

यैं दहचोक, वसेर गरे, इन्द्रले तपस्या ।।
यैं चन्द्राचल, चित्लाङ वसी चन्द्रले तपस्या ।।

स्वयम्भूशैल, मञ्जूश्री वसे, पोखरी-तिरैमा ।
ती सिद्ध नागार्जुन यैं नागार्जुनाद्रि शिरैमा ।।

यैं विष्णुमती-गुफामा वसे, हिरण्य चिरेर ।
ती नरसिंह गर्जना गर्दै, संसारै फिरेर ।।

यैं शिवपुरी, शिखर वसी, महेन्द्रदमन ।
शिवको ध्यान, गरेर गर्थे, वैरीको दमन ।

गोकर्ण वसी, वाग्मती पसी, शिरका कमल ।
अर्पेर गर्थे, शिवको अर्चा, रावण प्रवल ।।

दाइ धुन्धुकारी, उद्धार गर्ने, गोकर्ण तपेर ।
गोकर्णेश्वर, सप्ताह लाए, नवार्ण जपेर ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती बाणासुर, यँ बाणेश्वर, गरेर तपस्या ।
श्री बानेश्वर-थापना गरी भै गये अदृश्य ॥

श्रीबाणासुर-वीरकी छोरी, उषाको विहार ।
ढुङ्गाको ढुङ्गा, यो भीमढुङ्गा कलाको विचार ॥

भाइकुट हुँदा. वनमा रुँदा. दमौली पुकेर ।
अर्जुन आये, त्यो मन्त्र पाये. वनमा लुकेर ॥

कैलास सिद्धाचलका मध्य, यो इन्द्रकील छ ।
वागमतीतीर. सूर्यको भीर, कठिनशिले छ ॥

यँ पाशुपत, क्षेत्रमा दिये. किरातेश्वरले ।
पाशुपतास्त्र, त्यो कुरुक्षेत्र, जिते त्यै वरले ॥

किराती वीर, तीं एकलव्य, यलम्ब हाङ हुन् ।
यो यौटेतीर, जितार तिर, भन्ने ती वाङ हुन् ॥

ती पुष्पदन्त, गन्धर्वराना, मगर राजा हुन् ।
महिम्नः स्तोत्र भावपवित्र, वाणीका लाजा हुन् ॥

यँ पाशुपत क्षेत्रमा बसी, तपस्या गरेर ।
श्रीपशुपति-पूजन गरी, गये ती तरेर ॥

ने मुनिनामा. नेप ती गोप, कपिलागोठाला ।
श्रीपशुपति-दर्शन पाउने, पहिला कोटाला ॥

श्रीमानदेव-निर्मित गृह, यो मानगृहं हो ।
माणिगल भयो मल्लका पाला, तलेजु गृह हो ।

भाषा-विकास क्रमले आज, मङ्गल बजार ।
ती पुरातत्व, राखी महत्व, बसेका हजार ॥

श्रीअंशुवर्मा, कैलासकूट, मुकुट भवन ।
निर्माण गरी, निर्वाण भए, भृकुटी सवन ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैलासकूट–निकटवासी, भारवि रविले ।
किरात अर्जुन, चरित लेखे, तो महाकविले ।।

ती बन्धुदत्त, नरेन्द्रदेव, कर्कोट मिलेर ।
ललित मिली, ललितपुरी, दुर्भिक्ष परेर ।

कामरू वसी, बनी तपसी, सुभिक्ष देवता ।।
मछिन्द्रनाथ, लियेर साथ, आइ पुगे तिनी ता ।।

यँ हनुमती–तीरमा तपी, ती बालवाल्मीकि ।
यो महारामायण नि लेखे, पुराण सार झिकि ।।

अमरावती–लङ्का अयोध्या, सिम्रौन निगम ।
दोलखा वसी, खिप्रुङ पसी, तुलजा आगम ।।

यँ दोलाशैल–दोलामा वसी, पसिना सुकाई ।
महिष मारी, दुर्गाले दिइन्, देवता फुकाई ।।

ई मानेश्वर, ई मानेश्वरी, ती मानदेवाले ।
थापेर कीर्ति, कमाई गये, ईशान–सेवाले ।।

चण्ड र मुण्ड, खण्डित गरी, चण्डिका शक्तिले ।
बनेपानेर, बसेको हेर, देशका भक्तिले ।।

ती धनेश्वर, कुबेरजीले ई धनेश्वरँको ।
थापना गरे, इन्द्रले तपी. ई इन्द्रेश्वरँको ।।

इन्द्रकी रानी, शचीको तप, यँ शचीतीर्थँमा ।
यो पूर्णवती, यो पुण्यवती, पनौती तीर्थँमा ।।

यो योगवृद्ध, भो जोगबुडा, आ बगन्नाथै छन् ।
यो भूमेथलो, रमाइलो भलो, कालिका साथै छन् ।

कालिकातीर, कञ्चनपुर, महेन्द्रनगर ।
यो सिंहपाल- दुर्ग छ याँहाँ, राना र मगर ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो शुक्ला फाँटा, न्हूरेका पाटा, वासमी गङ्गाले ।
वामन अवतारको भूमि, इतिहास् सँगाले ।

कश्यप मुनि, तपका धनी, काश्यप आश्रम ।
मृग र पक्षी, मानव सर्व, जीवको विश्राम ।।

वण्डालमध्ये, यो तारताल, रमाइलो विशाल ।
हिउँद र वर्षा, हिमाल माल, गर्दछन् मराल ।।

भजनी सती, भजनवती, सतीको कीर्ति छ ।
यो टीकापुर, यो राजापुर, रामको मूर्ति छ ।

स. सं. वि. वि. को. सरयूजीको, सन्निधि निवास ।
ई मोटेश्वर ठाकुरद्वारा, गिरिजा कैलास ।।

वानवताल, हात्ती बगाल, आ! सेतो हात्ती छ ।
दँताहा थारु, जातिको पूरातत्वको थाती छ ।।

बदनाहामा, भैरव बसी, क्षेत्रको पालना ।
गर्दछन् इनी, भाखरताल, हाँसको लालना ।।

कञ्चनपुर, कैलालीपाली, बाँके र वर्दिया ।
कर्णाली काली वर्दै र सबै, बगेकी नदी या ।।

यो चीसापानी, सुखको खानी, जलज विशाल ।
गुट्को घुट्, जाधु र कोइने, अ वार वण्डाल ।।

यो ऋक्‌चा भली, ऋक्सेनथली कर्णालीकूलमा ।
ती खेलथापा, थापिये राजा ऋक्सेन-कुलमा ।।

यो सिरीचौर, खोचरदार-संरचना दिदै छ ।
यो सुरक्षेत्र, भै सुरखेत, अँगडाइ लिदै छ ।।

यो रानीघाट, यो लाटी कोइली, शिवको देवल ।
यो नासादार, स्मारक लेख, शिलाको केवल ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो बाणगङ्गा, प्राणीका अङ्ग, मङ्गल जलले ।
झुल्झुले पानी, उरुलञ्छ छानी, धर्मका बलले ॥

यै सुरक्षेत्र, रम्य पवित्र, यो कांक्रे बिहार ।
जँ ठौर ठौर, लाग्दछन् मेला, पर्व र तिहार ॥

यै सुरक्षेत्र, विहारभित्र, लेखेका अनेक ।
लासा र चीन, पुस्तक पुगे, गयेर ती देख ।

मङ्गलगडी, कालिका वडी, क्षेत्रप भैरव ।
डांडा र कांडा, वसेका सुरक्षेत्रका, गौरव ॥

यो गाइनेकांडा, यो फिनिकांडा, यो मल्लकांडा हो ।
सेरो र फेरो, भेरीको घेरो, तेलपानी डाँडा हो ॥

ये रानीघाट, यो राङघाट यो सुपाघाट हो ।
उत्तरापन्थ, लागेको रानीभत्ताको बाट हो ॥

सिद्धको पाइलो, पूज्य रमाइलो, लेखमा देखिन्छ ।
प्याउलीफूल, गुराँउसीफूल, पूजे र धोगिन्छ ॥

हजार जना, अटाउनसक्ने, उदार ओडार ।
यो इतिहास, विबिध पुरातत्वको भँडार ॥

यै शैलदुर्ग, पूजित भर्ग ती भारजद्वाले ।
द्रोगले द्रोगेश्वर ई डुंगेश्वरको पूजाले ॥

लियेर दिये, शस्त्र र शास्त्र पाण्डव कौरव ।
शिष्पमा शिष्प–वत्सल हुँदा, कमाये गौरव ॥

कोटिलाशिव, लस्लाटज्वाला, यै कोटिशिलाले ।
यो शिरस्थान, यो नाभिस्थान, पादुकाज्वालाले ।

वैदिक वैश्वानरले घूलीश्वरको यो धाम ।
ई हुंसज्वाला, भैरवी नाभी, लोहोरे र छाम ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती पुण्यगाद, तो हंसनाथ, ती धर्मराजले ।
ॐ अग्निमीले, भनेर मिलो, त्यै धर्मराजले ॥

निर्दोषी पञ्च-कोशीमा वसी, दुर्लङ्घ्य बनाये ।
यो कीर्तिखम्म, यो गडीखम्म, अपार जनाये ॥

कर्णालीकूल, सिद्धको थली, ई बालभैरव ।
विलासपूर, छैन यो दूर, कालिका भैरव ॥

सरयू पनि, कर्णाली बनी, देखेर प्रलय ।
यो यथापूर्व, छँदै छ सर्व, वैदिक वाङमय ॥

पाथरनाउली, कपूरनाउली, अनेक नाउली छन् ।
यै महाभय, निर्भय भई, ओडार व्याउली छन् ॥

दुल्लूमा ठुला, ई कीर्तिखम्म, दैलेख किला छन् ।
ई सातखम्म, शतशः खम्म, लिखित शिला छन् ॥

पृथिवीमल्ल-को कीर्तिखम्म, दुल्लूमा खडा छ ।
गीर्वाणयुद्ध-पालाको किल्ला, दैलेख कडा छ ॥

भूतिमा फूर्ति, लियेर खडा, पच्चिस देवल ।
वैदिक वैश्वनरको थलो, दुर्लङ्घ्य विमल ॥

दवाडाबाट, दवाडी भये, ऋजुका ऋजाल ।
पोखरबाट, पोखरेल भये, पौडीका पौड्याल ॥

यो लामिछाना, ई लामिलाने, भुकाँका भुसाल ।
गभौडीबाट, ई गभौड्याल, दुलूका दुलाल ॥

यो पराजुल, ई पराजुली, भूर्तिका भूर्त्याल ।
यै चालसबाट, चालिसे भये, लमजीका लमज्याल ॥

सिंगाउडीबाट, सिंगाउडे भये, सुवाका सुवाल ।
तलि र मुथि, यो नेपाकाँल्ला, नेपाका नेपाल ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

स्थलीको थली, स्थलको प्रेत, थिरको थाहै छ ।
यो ऊर्ध्वमूल, हिमाल हाम्रो, प्रचार चाहै छ ।।

पाम्म र राम्म नाम्म र भिम्म, झम्म, र घुम्मको
मान्मका साथ. सम्बन्ध छ यो सृष्टि छ युग्मको ।।

कुमाउंबाट, कुमाइ भये, काश्मीर–काश्मीरी ।
यो गढवाल, ई गढवाली, मैसूर–मैसूरी ।।

पञ्जाबबाट, पञ्जाबी भये, विहार–विहारी ।
उत्तरापथ–उत्तरपन्थी, निहार विचारी ।।

यो मारवाड, ई मारवाडी, बांगर–बांगरु ।
गुजरात्‌बाट गुज्‌राती भये, कौरव यो कुरु ।

मेवाडबाट. मेवाडी भये, ढुण्ढाड ढुण्ढाडी ।
कोङ्कणबाट, कोङ्कणी भये, वागड वागडी ।।

बङ्गालबाट, बङ्गाली भये कर्णाट कर्णाटी ।
उडिशाबाट, उडिया भये, लाटका ई लाटी ।।

ई महाराष्ट्र, मराठा भये, आसाम आसामी ।
सौराष्ट्रबाट. सौराष्ट्री भये, इलाम इलामी ।।

मद्रासबाट, मद्रासी भये, वर्माका वर्माली ।
तैलङ्गबाट. तिलङ्ग भये, नेपाल–नेपाली ।।

ई मालवीय, मालवाबाट, मिथिला मैथिल ।
गोरखाबाट, गोर्खाली भये. उत्कली उत्कल ।।

बुद्धका भक्त ई बौद्ध भयेः जिनका जैनी छन् ।
श्रुति र स्मृति, स्थिति संस्कृति, दिदी र बैनी छन् ।।

यै शिवरात्रि, पवित्र थिति, धर्मका मेलाले ।
मनको मेला, प्रकट गऱ्यो, जनका मेलाले ।।

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृति हाम्रो, सभ्यता राम्रो, मूल र शाखाले ।
धर्मको रूप, फलदछ सधैं, वैदिक भावाले ॥

यो दशविध, मानव धर्म, विश्वको साक्षी छ ।
हृदयमध्ये, यो छैन भने, मानव बाँकी छ ॥

"पनौतीको स्वर्णपत्र"

पशुपतिनाथको र तुलानारायणको स्थापना
राजा जयार्जुनदेव र जयस्थितिमल्ल (स्थिति
राजमल्ल) को पुष्पाभिषेक (राज्याभिषेक)
पनौतीका राजा जयसिंहराम महाथ द्वारा

१) ॐ ॐ नमः श्रीगोपीनारायणाय ॥ स्वस्ति ॥
एषा पूर्णवती रम्या ख्याता नेपालमण्डले ।
यत्रास्ते भगवा

२) न्देवः श्रीमानिन्द्रेश्वरः शिवः ॥ अत्रासोज्जय
सिंहरामनृपतिः प्रख्यातभूमण्डले श्रीमान्
श्रीभगवान्

३) शिवः पशुपतिर्येन प्रतिष्ठापितः । येनवापि
जयार्ज्जुनो नरपतिः पुष्पाभिषेकः कृतो येनासौ
स्थिति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४) राजमल्लनृपतिः पट्टाभिषेकीकृतः ।। कृत्वा येन
तुलाद्दनम्मधुरिपुं संस्थाप्य चेन्द्रेश्वरे दत्तन्तत्र
स्वदे
५) हतुल्यकनकं ग्रासे रवे राहुना [णा] ।
भूयश्चापि हिरण्यनिर्मितरथं साश्वन्तथा हास्तिनं
रम्यं कल्पत
६) रुंच विप्रविदुषे दानम्प्रदत्तम्महत् ।। साष्टादश-
म्भारतपर्व्वपुण्यं शास्त्रं सभालेखयतिस्म
७) धीरः । आरण्यपर्व्वाख्यमिदं हि श्रुत्वा जगाम
स्वर्गं जयसिंहरामः ।। नेपाले शशिनेत्र
८) पञ्चकगते मासे सिते कार्तिके चाश्विन्यां सचतुर्द्दशी
तिथिविधौ सूर्ये व्यतीपातके ।
९) राज्याङ्गानि निधाय बान्धवजने लोकानुकम्पा
करो दुर्द्दैवाज्जयसिंहरामनृपतिः श्रीवि
१०) ष्णुलोकं ययौ ।। हा हा हा जयसिंहरामनृपते
प्रत्यक्षकल्पद्रुमो विप्राणामपि चार्थिनाञ्च
११) विदुषां षड्दर्शनानां तथा । सर्व्वाशापरिपूरणार्थ
सुफलः सत्कीर्तिपुष्पान्वितः कष्टं दैव
१२) वशात्स एव विट [ट] पी लूनो यमेनाधुना ।।
तद्रूपप्रतिमां हैमी [मीं] गोपीनारायणन्ततः
कृत्वा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्नोती-मेला

१३) चतुर्मुखन्देवं, शिवस्य प्रतिमां पुनः ॥ अस्मिन्
पुरवरे रम्ये स्थापितम्परमेश्वरं । यावच्चं
१४) द्रावर्कपर्यन्तं सुस्थिरत्वेन तिष्ठतु ॥ सम्वत ५२१
कार्तिकशुक्लचतुर्द्दश्यान्तिथौ ॥ अश्विनीनक्ष
१५) त्रे ॥ व्यतिपातयोगे ॥ आदित्यवासरे ॥ थ्वदिन
कुन्हु महामन्त्रीश्वर जयसिहरामवडमहाथ-
१६) भारोस श्रीविष्णुलोक संप्राप्त जुया दिन जुरों ॥
थ्वङदेशनाव श्रीगोपीनारायण परम भट्टारक
१७) स श्रीपमेश्वरीस सहित याङन सुवर्णप्रतिमा
द्वयकं जयसिहराम वडमहाथभारोस प्रतिरू
१८] प लीन याङन प्रतिष्ठा याङन, थ्वपूलस, समान
याङा दिन कुन्हु थापरपा [था] जुरों ॥ चतुर्मुख
सुवर्णकोष
१९] श्री श्री इन्द्रेश्वर सदाशिव भट्टारकस डोहरपा
जुरों ॥ दश दश थ्वस सवच्छली दिन कुन्हु
श्री श्री पशुपति
२०] सकेनो श्री चंगुसनो श्री बिष्णुतीथ [र्थं] सनो
पञ्चामृतस्नान याय, लिछिया ब्राह्मणजुसनो
लिछिया भक्षु जुसनो वर्राज भागय
२१] याङन लूं डोहरपा द्वं जुरो ॥ शुभः ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुवाद

ॐ ॐ पुरानु ॐ र नीलो ॐ नमस्कारछ श्री गोपीनारायण (वंशीगोपाल) लाई । स्वस्ति भलो छ । यो पनौती राम्रो छ र नेपाल मण्डलमा प्रख्यातछ / जहाँ भगवान देव श्रीमान् इन्द्रेश्वर शिव बसेका छन यसै पनौतीमा थिये जयसिंह राजा प्रख्यात भुमण्डलमा श्रीमान श्रीभगवान शिव पशुपतिनाथको जसले प्रतिष्ठागरे । जसले नै जयार्जुन राजाको पुष्पाभिषेक गरे । जसले ती स्थितिराजमल्ल (जयस्थितिमहल) राजाको पट्टाभिषेक गरे । जसले तुलानारायणको मूर्ति निर्माण गरेर इन्द्रेश्वरमा विधिवत् स्थापना गरी तिनैका अगाडी शिलातुला- खम्ब खडा गरेर आफ्ना देहतुल्य सुन तौलेर दान दिये सूर्यग्रहणमा । फेरी पनि त सुनको घोडा सहित रथ तथा सुनको हात्ती र राम्रो सुनको कल्प वृक्ष वनायर विप्र विद्वान्लाइ महानदान दिये । अट्ठार पर्वको पुण्य शास्त्र महाभारत राम्ररी लेखायेर विद्वान् धैर्यशाली राजा जयसिंह राम यसै महाभारतका अरण्यपर्वको कथा सुनेर स्वर्ग गये । नेपाली संवत् ५२१ कार्त्तिक शुल्क चतुर्दशी सोमवार अश्विनी नक्षत्र तथा सूर्य व्यतीपात योगमा वसेमा राजा १ मन्त्री २ मित्रराष्ट्र ३ कोश ४ राष्ट्र ५ दुर्ग ६ सेना ७ अङ्गको राज्य भाई वन्धु जनतामा राम्ररी राखेर लोकानुग्रह कारक राजा जयसिंहराम बुद्धैवले श्री विष्णु लोक गये । हाइ हाइ हाइ ! हे जयसिंहराम राजा ! तिमि विप्रहरु र अनेक प्रकारका प्रार्थीहरू, विद्वानहरू तथा षड्दर्शनहरू (गौतमस्य कणादस्य कपिलस्य पतञ्जलेः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यासस्य जैमिनेश्चापि दर्शनानि षडेव हि । एवं जोगी जङ्गम सेवडा सन्न्या-सी दर्वेश । छैठौं दर्शन ब्रह्मको जस्ता भेष न भेष ।। बौद्ध दर्शन समेत) का सबै प्रकारका आशाहरूको पूर्ति गर्ने मधुर फल फलेका र सत्कीर्तिरूपी फुलफुलेका प्रत्यक्ष कल्पवृक्ष नै थियो, तर कष्टको कुरा यो छ कि दैवका वशमा परेर त्यो कल्पवृक्षलाइ ऐले निठुरा यमराजले काटेर ढाली दियो ।

ती राजा जयसिहरामका रूपको सुनौलो प्रतिमा तेसपछि गोपीनारा-यण (वंशीगोपाल) चतुर्भुजी देव तथा शिवको प्रतिमा सबै सुनौला बना-एर फेरि यसै पुरवर रम्य अश्मपुर पनौतीमा परमेश्वरको स्थापना गरियो । राष्ट्रध्वजका देवता चन्द्र सूर्य आकाशमा रहेसम्म यो कीर्ति सुस्थिर रहोस् । संवत ५२१ कार्त्तिक शु. दि. १४ अश्विनी नक्षत्र व्यतीपात योग रविवारका दिन महामन्त्रीश्वर (प्रधान मन्त्री) जयसिहराम वडा महथ भारधार को श्री विष्णुलोकमा राम्ररी पुगेको दिन भयो । यस पनौतीदेशमा श्रीगोपीनारायण महाराज गोपाल कृष्णको श्री परमेश्वरी (राधा) सहित गरेर सुनौलो मूर्तिदान गरेर जयसिहराम वडा महथ भारधारको प्रतिरूप (जस्ताको तस्तो सालिक) देवप्रतिमामा प्रीत गरेर प्रतिष्ठा गरी यो देवलको सुनौलो छानु बनाइ सिध्याएर थापना भयो । चारमुखे सुनौलो कोश (खोल) श्री श्री इन्द्रेश्वर सदा शिव महाराजको दोहोरो बनाइयो । वर्षवर्षमा यसवप्रबन्धनका निम श्री श्री पशुपतिमा श्रीचांगु नारायणमा श्री विष्णुतीर्थ (बुढानीलकण्ठ) मा पञ्चामृतले स्नान गराउनु । लिङ्गिका ब्राहणहरू र लिङ्गिका बौद्ध भिक्षुहरूलाइ आधा आधा भाग गरेर सुन दोहोरो दान भयो । शुभम् ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ॐ

आत्मा खलु विश्वमूलम्

ॐ खं ब्रह्म

वैदिक - राष्ट्रिय - प्रार्थना

ॐ आ ब्रह्मन् ब्राह्मणो ब्रह्मवर्चसी जायतामा राष्ट्रे राजन्यः शूर ऽ इषव्योऽतिव्याधी महारथो जायतान्दोग्ध्री धेनुर्वोढाऽनड्वानाशुः सप्तिः पुरन्धिर्योषा जिष्णू रथेष्ठाः सभेयो युवाऽस्य यजमानस्य वीरो जायतान्निकामे निकामे नः पर्जन्यो वर्षतु फलवत्यो नऽ ओषधयः पच्यन्तां योगक्षेमो नः कल्पताम् ।

तेजी ब्राह्मण वेदमा सब बनुन् आ राष्ट्रमा तेजिला
शूरा स्वस्थ महारथी धनुधरा रक्षाक्षम क्षत्रिय ।
गाई धेनुसमान दूध दुहुने गोरू र साँढे बली
घोडा वायुसरी सुशील विदुषी नारी पुरन्ध्री भली ।
योद्धा वीर रथस्थ-शत्रु-विजयी विद्वान युवा सभ्य हुन्,
देवार्ची यजमानका सुत हउन् वीराग्रणी सद्गुणी ।
हाम्रा खेति किसानिका समयमा पर्जन्य वर्षुन् जल,
बाली-नालि फुलुन् फलुन् पजुरियुन् पाकुन् सब औषधी ।
योग-क्षेम समानरूप सबको होस् कल्प-कल्पान्तमा,
मोधावी धन-धान्य-धर्म-धृतिले सम्बद्ध सारा रहुन् ।
शान्ति स्वस्ति र सङ्घशक्ति जनमा जागुन् जगाउन् जगत्
विश्व स्वस्थ रहोस् सदा जय हवोस् कल्याण होस् लोकको

ॐ वयं राष्ट्रे जागृयाम पुरोहिताः ।
हामीहेरू सदा जागौं; राष्ट्रमा राष्ट्र-भक्तिले,
अगुवा हौं हित गरौं, सबैको सङ्घशक्तिले ।

बृहद् आध्यात्मिक परिषद्

अखिल नेपाल हिन्दुधर्म-सम्मेलन

श्री ५ महेन्द्र वेदविद्याश्रम

२०३० शिवरात्रि

पशुपति गोशाला काष्ठमण्डप (नेपाल)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आध्यात्म दीपक मित्र

(२०२८।१०।१७ गते श्वस्थानी पूर्णिमा चन्द्रग्रहण)

यो दुइ दिनको झल्का हो, जुन दिन दियालो बङ्गलाको दियो निभ्यो, अन्धकारले डेरा जमायो, राष्ट्रसङ्घ परिवारले झण्डा झुकायो, चेतनशील मानवले मण्टो निहुरायो, पञ्चायती प्रजातन्त्र टुहुरो भयो, भूमिसुधार अधुरो भयो, गाउँ फर्क राष्ट्रिय अभियान अर्कै बाटो गयो, आर्थिक दशक मसक्क भयो, मुलुकी सविधान दिउसै निदायो देश भरि रुवावासी छायो, स्वर्गबाट विमान आयो, पाञ्च भौतिक पिंजरा उघारेर उडेका पञ्छीले स्वर्गवास पायो; यस्तै छ यो संसार। एक दिन सवैको पालो आउँछ । आफुलाइ कसैले विर्सनु हुन्न ।

मर्त्यलोकमा उम्रेका मानवले चार कुरा कमाउँछः— पुण्य र पाप, जस र अपजस; पुण्य र पाप लगेर जान्छ, जस र अपजस छोडेर जान्छ अरू सवै कुरा यहीँ रहन्छन । कौनै वस्तु साथमा ल्यायेको होइन साथमा जाने पनि होइन; नदी–नौका–सङ्गम क्षणिक छ। पारी पुगे पछि सवै नौका त्यागेर आफाफनु बाटो लाग्छन् । को को कता पुग्छ ? भन्न सकिन्न । जो जो जुन जुन लक्ष ताकेर हिंडेको हुन्छ, त्यो त्यो त्यहीं पुगेर थकाइ मार्छ । यस्तै छ यो चौरासीको चक्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आत्मा नै विश्वको मूल हो। हामीहरू हाँगा हौँ। हाँगा विगा मूलभन्दा भिन्न हुदैनन्। आत्मा खलु विश्वमूलम्। एकं सद् विप्रा वहुधा वदन्ति। रूपं रूप प्रतिरूपं बभूव। आत्माका इच्छाशक्तिबाट आकाश प्रकट भयो, आकाशबाट वायु प्रकट भयो, वायुवाट जल प्रकट भयो, जलबाट पृथ्वी प्रकट भयो पृथ्वीवाट अन्न उब्जयो, अन्नबाट चेतनशील चोला जन्म्यो। चराचर जगतको मूल आत्मा नै हो। आत्मालाइ कसैले इस्वर भन्छन्, कसैले परमेश्वर भन्छन, कसैले ब्रह्म भन्छन, कसैले परब्रह्म भन्छन कसैले शिव भन्छन्, कसैले सदाशिव भन्छन्। वस्तु तत्त्व यौटै हो। भेददृष्टि अज्ञान हो।

यो विवेक र विचार सुखी संसारमा र शान्ति–सुरक्षा–युक्त देशमामात्र हुन सक्तछ। अशान्तस्य कुतः सुखम्? शान्ति छैन भने सुख कता? सुख छैन भने आत्मविचार र अध्यात्मचिन्तन कसरी? अध्यात्मविद्या विना शाश्वत पदमा पुग्ने कसरी? पुनरपि जनन पुनरपि मरणम्!

तसर्थ विश्वमा शान्ति सुरक्षा हुनु वाञ्छनीय छ। विश्वशान्तिका लागि देशमा शान्ति आवश्यक छ। देशशान्तिका लागि घर परिवारमा शान्ति अनिवार्य छ। भोक, शोक, क्रोक र रोगले घेरियेका घरमा शान्ति–सुरक्षा र सुख वसोवास पाउँदैनन्। बुभुक्षितं न प्रति भाति किञ्चित्। रिसमा कसैले वेद पढदैन। रोगका राहुले खग्रास पारेको वेला समाधि लाग्दैन। आत्मज्योतिको दर्शन पाइदैन। आत्मदर्शनविना संसारचक्रको थकाइ मेटिदैन। सत् चित्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्दको अमृत भेटिदैन ।

यो उज्यालो हिमाली हिन्दुराष्ट्र हाम्रो घर हो । हिमालको धुरी छ । तराइको जग छ । चौद आँठा छन् । पचहत्तर कोठा छन् । सवाकोटि परिवार घर भित्र छन् । सवाकोटि परिवार छिमेकमा छन् । घरकाले बाहिरकालाइ बिर्सनु हुदैन । बाहिरकाले घरकालाइ बिर्सनु हुन्न । सांस्कृतिक, धार्मिक र राष्ट्रिय एकतासूत्रमा गाथि भयेर मोतीको माला हिमाली हृदयमा झल्काइ राखनु पर्छ । यत्ति हो यसको उद्देश्य ।

—लेखक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उहिँ दिनको झल्का

लेο– चिरञ्जिवी शर्मा

बस्ती पर्‍यो दियालो बंगला
नेपाली लाई पारेउनि कंगाल धू ॥

स्वर्गीय श्री ५ महेन्द्रको छूटचो आज देह
जगँ देखी राम्रो बनोस भन्ने थीयो धेय
यो विषय दियालोमा प्राण त्यागी दिए
तेस्र दिनमा नेपाली सब टुहुरा भैं थीए १ ॥

आज माघ १७ गते पौने चारको रात
देहान्त भो प्रभू तिम्रो कस्ले दियो साथ
तेसैं दिन १२ बजे छुटचो एउटा हांसो
विरेन्द्रको काधमा आयो नेपालीको नासो २ ॥

कोई कुरामा हांसो हुन्छ कोई कुरामा रुनू
एत्ती नं छ संसारमा सोज्याउन लाई दुन
हेरी ल्याउदा के रै छर एउटै यज्ञ साला
कस्ले रोक्ने रेछ ईश्वरको भाला ३ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चार वजे उडी गो लास
दुनियांमा गो होस हवास

नारांघाट र भरतपुरका सवैं नर नारी
लास लिएको जाहाज लाई हेर्थें आँखा वारी
त्यस दिन्लाई अध्यारो भो यो संन्सार जगत
केही थीएन मुखमा सबका राम नाम फगत ४ ॥

गौचरनमा लास पुग्यो हेर वारी पारी
हेर्न लागे गह भरी आसू झारी झारी ॥
रुन्चे बाजा वजन लागे घुक्क घुक्क गरी
लास वोके गौचरमा जप्तं हरि हरि ५ ॥

फुल माला अविरले छोपेको
विरहले सव्को मन खोपेको

त्यता वाट विधी अन्सार लास रहयो खटमा
ज्ञानेन्द्र र धीरेन्द्रले कांधमा राखे सतमा ॥
सहयोगीहरू गरि दिने थीए साथ
लास वोकी हिंडका छन् परिरेथ्यो रात ६ ॥

चारैं तर्फ मुल बाटो छेकि नरनारी
रुदैं रुदैं वडेका छन पाइलो सारी सारी
लावा अविर पैंसाहरू छरे बार बार
हा हा दैव हाम्लाई पारीस हरे यो धिक्कार ७ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रो किर्ती अमर रहोस हरे राष्ट्र भरमा
सबै विघ्न बाधा हटोस हाम्रो नेपाल घर्मा
बैंकूंठको अधी पति हुन पाए मालीक
भन्दै फोटो ग्राफहरु खिच्न लागे सालीक ॥

सिना मङ्गल गौचरन हुदै वाने स्वरमा
आँखा तानी तानी हेर्छन हेर रातको भोरमा ॥
बत्तीस पुतलीको वाटो वाजा गाजा सहीत
लडदै वडदै हेर्न लागे वे उमेरका रहीत ८ ॥

सांडे आठमा आर्जेवाद पुन्याई दिएलास
गंगाजीमा फुलमाला वगाइं दिने आस ॥
सुचक गरी स्नान गराई लाए टिका टाला
चीता माथी सयन गराई यो अग्नीको ज्वाला ९ ॥

राम हरे हरे राम
यो जिन्दगी जांदो छ वेकाम

यस्तो लिला देखी देखी गर्छन शान र सेखी
प्राणीहरू अर्क्षै बढछन हरेक वाटो छेकि ॥
सम्वेदना यहि नै छ मौसुफ परिवारमा
ईस्वरको लिला यो छ विश्व सन्सारमा १० ॥

माया मोह संसारमा त्यागन पऱ्यो गारो
फाडन गारो परिरहेछ आत्मीए तगारो ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ई मनिता मरि गए दुख सुख छाडी
मौसुफको कांध मार्न्हो विषयको झाडी ११ ॥

धन्य धन्य विर विरेन्द्र राष्टिय परिबार
चीरायूको कामना छ गर्छ सन्सार
पुर्व मेची पच्चीमको हेर माया काली
देसको सेवा निस्चयँ गर्छ विर नेपाली १२ ॥

राष्ट्रिए महान स्वक परि देशमा आज
नबुज्दीए आपत पर्‍यो दिन्मै पर्‍यो सांझ
जो जे पर्छ आपत विपत
विर नेपाली छुटाउ छ यो हत

दुखले सुख ल्याउनु छ भने गर्नु छ विचार
कमसे कम हुदै जान्छ देशको सुधार
रुदै मानै यो जिन्दगी वितनी होइन कोही
पर्ने कुरो टर्नै होइन राता दिन रोही १३ ॥

विस्व हाम्रो सहारा छन सत्यताको निम्ती
छोड्नु पर्‍यो कोठे निति गर्नु पर्‍यो खीम्ती
उर्चानिच माफ पाउ श्रोता वर्ग महा
भन्ने मेरो प्रार्थनाछ हेर जाहा ताँहा १४ ॥

राजाधानी नेपाल हो घर छ भक्तपुरमा
साधनको कमिनै छु लेख्छु आफ्नै भरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम मेरो चीरञ्जीवी थर मेरो शर्मा
बेलै देखी गाउँदै आए यैनै रे छ कर्म १५ ॥

जां गएनी शंगै जांन्छ विषयको पिर
पिर वोकोर के रे छर जानै छ यो आखीर
तर भन्छु गर्न मलाई सारै गारो नै छ
यो समस्या समस्या मै बिचार जाहा तै छ १६ ॥

ढोङ्गी नेता वनौ भन्ने पनि ईच्छा होईन
सुखमानि हाँसीन म दुख पर्दा रोइन ॥
के गर्नु दुखी विचार कर्म भयो सानु
कँले रुन्छु मेरो लागी उदावनत् भानु १७ ॥

सन्तान नव्वे साल देखी यो राष्ट्रको विचार
गर्छु भन्दा धोका पाए के गरेरे सुधार
सहयोगी साथी धरै पुगे माथी माथी
कोइले पनि मलाई चांही भने नन हैं जाती १८ ॥

निशुक्लमा सके सम्म सेवा गर्दा देशको
आफु जस्तै देखे सबले बनाई दिए छेस्को ॥
लडीबडी वामै शर्दै आज सम्म बाँचे
मेरो भन्नु केहि नै छैन जिवन यौटा सांचे १९ ॥

धर्मका औतार विर विरेन्द्र राजा
पांयौ आज हामी सवले हेर हाम्रा साजा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गाउने छ नेपालले तिम्रो गुण किर्ती
फैलीनेछ सन्सारमा तिम्रो मायां प्रिती २० ॥

यो दुखको दुखेश्वमा गर्नु पर्ने केइछ
दिस्व शान्ति नारा हाम्रां कल्पना नै यैछ ॥
पुरख्यौलीको विजय र शान्ति वादी हामी
ई सन्तती जिई रँछन गर्न केई उन्नती २१ ॥

जाडो घाम तुसारोमा यज्ञादिको तपस
यो विषव ज्ञानेन्द्र र वीरेन्द्रमा सकस ॥
गर्नु पर्नें दश क्रिया यो पचली घाटमा
गर्न थाली बक्सेको छ ब्रह्मादी छन साथमा २२ ॥

पुत्रस्य परमो धर्म पित्रुद्धार समोनहि
वटूवा वाटामा हिडछन कर्म गर्न जांहा तहि ॥
यो दुख सुखको भोग सम्जेमा छुटि जानेछ
यो हो धर्म यो अधर्म यो सवै टुटि जानेछ २३ ॥

मृत्युको संम्फना राखी नेपाली दुखमा रहे
पाँच दिन सम्मको दुख खाइं नखाई नै सहे ॥
अमर किर्ती फैलाएर छोड न्याछन वीर जातीले
धर्मको वाटो लिने छन ई प्रेमी प्रेमी साथीले २४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दोलाद्री दर्शन

दोलाद्रि पर्वतको इतिहासमा लेख्छु
मेरो बिचारमा भने मूख्य यो ठाउँ देख्छु
किनभने धर्मदेव र मानदेवको कीर्ति
हे नेपाली सबै मिली लाउन माया प्रिति ।

(१)

तीनसय छयासीको सम्बतसर थियो
मानदेवको दिग्विजय यो कीर्ति उभियो
भक्तपुर उत्तरपट्टी गयो ठाडो वाटो
गर्छन दर्शन इश्वरको नवनेर लाटो

(२)

उत्तरपट्टी कोस आधामा चौर नारनटारको
यात्रुहरू आउने जाने हेर्न संसारको
यो ठाउँ ठाउँमा राम्रो छ कल्पधारा
पानी खान त्यस गाउँमा आधार

(३)

तेताबाट उत्तरपट्टी भैरब यौ अजिमा
तेसं वीचमा पुवपट्टी साङदहको सिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो फेदीमा पाठशाला वर पिपलको गांज
त्यस गाउँमा आजकल भन्छन सत्य धर्म काँ छ
कली आयो कालो मुख लाएर, सत असत कल्ले के भ्यायो र

(४)

अव साङ्‌दहबाट जादा ठाडो वाटो
ढूङ्गा मात्रको सिडी छ छवकँ पर्छ लाटो
गयो वीचवाटोमा पर्छ तेर्सो नारन ढूङ्गो
के रैछर भन्छु मत जीवनको टुङ्गो।

(५)

त्यहाँ माथि मानदेवले थापे ढुङ्गेधारो
मलाई लाग्छ त्यो ठाउँ चाहि जोन्दगिलाई प्यारो
त्यहाँ माथि कुस्ले टोलछ फर्को पुर्व सिडी
यो ठाउँमा दिनमा बस्छन घरमा बुढा बुढी
डाडो छाडी फर्कःछौं व्याँसी, छुटला कहिले गलाको यो फांसी

(६)

उत्तर पुंर्व सिडी हुँदै पश्चिम ढोका भित्र
चारै तीर धमशाला लेखन लागे चित्र
त्यहा भएका डोला गिरी चम्पक नारायण
वजाई रहेको त्यो हातमा त्यो वासुरी वीणाछ
धन्य रैछ हे इश्वर भगवान, तिमीले दिनु पर्ला है बरदान

(७)

नचिनेर भुलें मता परें अन्धकारमा
किर्तो प्रति सिमा एकै जान्न संसारमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो नदेखि जीवन वित्यो हरे कठैं वर
भन्दै हिडछन अझैं पनि यो सपनी घर
कुनदिन गर्छ कालले यो शिकार, जीवन यसैं वित्ने भो धिकार

(८)

नेपालको उपत्यका काठमाण्डौ देखि
पुर्वपट्टी दोलाद्रीको दिन्छु चित्र लेखी
सुम्व र निसुम्भ थिए थिए मैषाशुर
दुर्गाले दानवलाई पारीन चुर चुर

(९)

चण्ड मुण्ड खण्डा पारी चण्डेश्वरी माई
दोलाद्रीमा दोला खेल्न वसिन यहा आई
संग्रामको थकाई मारी पसिना चुहाई
एकता शक्तिले दिन्छिन देवता फुकाई

(१०)

गरूडमा चढी आए वर्शन गर्नलाई
बिष्णु पनि देबदल सगमा लगाई
किलेश्वर शिव पनि धर्म किलो ठोकी
आसन वाधेर वसे अधर्मलाई रोकी

(११)

भ. पु. ल. पु. का. पु. कि. पु. पोखरीको पेट
चोभार चिरिएपछी पशुपति भेट
एउटै शिलाजग राखी देवल वनाए
देवताले देबी वस्ने यो थल जनाए

(१२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किराती येलम्बहरू दर्शन गर्न आए
दिग्बिजयी मानदेव खम्बा रोटन आए
शिवदेव अंशुवर्मा राजा मन्त्री मिली
नारायण गुठी राखे पारे झिलि मिलि

(१३)

पनौतीका जय सिंह जिर्णोद्धार गर्ने
भक्तपुरका जयस्थिति थिति रितो गर्ने
काठमाण्डूका जयार्जुन जयाकार गर्ने
भक्तपुरकी गङ्गा रानी तीन कुने भर्ने

(१४)

चांगु माइतीघर भनि रिद्धिलक्ष्मी रानी
कोटीहोम हस्तिदान गर्ने धर्म ठानी
भूपालेन्द्र मल्लराजा भुव नारीलक्ष्मी
सुनौला सालिक बनि भज्छन विष्णु लक्ष्मी

(१५)

गीर्वाण युद्धले राखे महा स्नान गुठी
मन्दिरले घुम्छन तारा आकासमा उठी
मातृभक्त पितृभक्त देशभक्त कती
इशभक्त देशभक्त गए मुक्तीगती

(१६)

पारीजात सरस्वती आदि दिव्य मुर्ति
यक्षमल्ल आदि गर्छन मान कीर्ति पुर्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमात्यकुलले पनि अजिमा जगाए
धर्मशाला पाटीपौवा भक्तले लगाए

(१७)

चारसय सत्तरी ने. सं. मार्ग शूंदि दश
असुरको दल पस्यो चाँगु ठस मस
मुर्ति भए छिन्नामस्त धरासायी धाम
भाचि कुचिए सबै पूर्व किर्ती खाम

(१८)

जयार्जुन जयस्थिति जयसिंह राम
जनसहयोग हुदा पुनरभिराम
दायाँमिर सङ्खुपुर बायाँ भक्तपुर
ललितपुर कान्तिपुर छैन अति दूर

(१९)

दायाँतिर मणीमति हनुमती बायाँ
सर्वतिर समानैछ नारायणी छायाँ
इशानमा मणिचुर नगरकोट पूर्व
महादेव पोखरीको छवि छ अपूर्व

(२०)

शिवराम सान्तिधाम छालिङ्गको छवि
यो चाँगुको चर्चा गर्ने चिरञ्जिवी कवी
चम्बककानन थियो मासियो अचेल
कौखेल छ दायाँतीर बायाँ ब्रह्मखेल

(२१)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरिपरि ढुङ्गे धारा साङ्गदहको शोभा
पश्चिम फर्की हेर्दाखिरी यात्रिमन लोभा
दुर्गाजय झल्काउने दोलाद्रिको दोला
तिनै शहर हेर्न भए चाँगु पाल्नु होला

(२२)

मणिप्रभा युवित कुलबालुका
उदयन्चयस्च मणोचूर निर्गता
मनोहरानाम नदि मनोहरा
उदन्चयश्यै मणिचुर निर्गता

(२३)

मुख्यदेवलोक पूर्व सार्दुल दुयि
पश्चिमपट्टि दुइटा मुर्ति सिंह घुन्छन भुइँ
दक्षिणपट्टि हात्ति दुइटा उत्तरपट्टि घोडा
चारै दिशा चार किसीमको कति राम्रो जोडा

(२४)

माथि सिरमा सुनको छ छानु, देख्दा लाग्थ वैकुण्ठ यो मानौं
बान्हहात भएको यो दक्षिण विश्व रूप
मेला भर्न जाने हर्ले बिचार राख्नु खुप
छिन्नमस्ता अगाडिको कतीराम्रो हात्ति
पश्चिमपट्टि किलेश्वर महादेव छन साथी
पश्चिमपट्टि वैकुण्ठपाटी, लेख्छुकुरा भएको नढाँटी

(२४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नृसिंहको पश्चिमढोका पसे पछी थान
गर्छन साधु सन्त पुजा मर्यादा र मान
दक्षिणपट्टि एउटा मुर्ति लक्ष्मी नारायण
श्री भूपालेश्वर पनि दिन्छन् हाम्लाई ज्ञान

[२६]

पूर्ब उत्तर गम्बीर वहादुरको हेर कीर्ति
उन्ले लाएका हुन हेर भगबानमा पीर्ति
यो पुर्बजहरु हेर्दों देख्दा आर्य धर्म
आजकल भरी लाग्छ किन यो मनमा मर्म

[२७]

धर्म गर्दों पुण्यको लागि, अन्यायत जांइजान्छ यो भागी
चम्पक नारायणलाई आजकल भन्छन नारान
अझै पनि किन किन सबै बुझ्दै कारण
कारणमा सबै यो छ सृष्टि संसार
भूलमापरि विर्सीदिबा पृथ्विलाई भार

[२८]

सबैलाई नदिउ हे साथी थपस, सबको लागि धर्म र तपस
पूर्वपट्टि पौवा भन्छन पश्चिम खवाल चाप
उत्तरतिर गुरूङ्ग भोटे वस्छन हेर खासा
दक्षिणपट्टि बुढाथोकी गाउँ नारनटार
आउने जाने यात्रिहरु चल्छन बारम्बार

[२९]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

युग गुरु श्री योगी नरहरी नाथ
भाग्यवश आजकल पाईरहेछु साथ
म माथिनी कृपाभयो महागुरुज्यूको
वहाको नै सहारामा कलम चोप्ने निउ भो

(३०)

राम्रो खुलाई ईतिहास लेख्छु पछी बाट,
केही दिनपछी फेर गर्ने छु यस्को छरी छाँट
यती लेखन योगी 'नरहरी'ज्यूको कृपा
सार्ने विचार निकालेर मेटछु मनको तिर्खा

(३१)

यतिकैमा यो विषय लाइदिएँ टुङ्गो
धर्य गरेनी तरिएन जिन्दगीको डुङ्गो
देख्दा लाग्छ मलाइ लेखन यो कविता रहर
ज्याउला जस्तो लाग्थ्यो मन्मा भयो बेल्की पहर

(३२)

पाठकवर्गहरुले यो उचनिच माफ
गरिदिनुहोला भनी जोडछु हात
किनभने कलम चोप्ने बानी बस्यो मेरो
घेरै लेखन लाग्थ्यो मन बुध्दि छ अँध्यारो

(३३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो पुस्तक छाप्न सहयोग दिनु हुने संस्थान र व्यक्तिहरु–

१ राष्ट्रिय प्रज्ञा प्रतिष्ठानका उपकुलपति लैन सिंह वाङ्गदेल र प्रज्ञाप्रतिष्ठान परिवारले सअन्यबाट रु.—२००।–

२ कानुन प्राध्यापक श्री चण्डुधर उप्रेतीबाट रु.— २०।–

३ शिक्षा मन्त्रालय मुल्यांकन साखाका सहसचिव डिल्लीराज उप्रतीबाट रु. २०।–

४ त्रि. बी. का भूतपूर्व कुलपति त्रैलोक्य नाथ उप्रेती बाट रु. २०।–

५ माननिय पुष्करनाथ उप्रेती समेत चन्दादाता सब परिवारमा सहृश्र हार्दिक शुभेच्छाहरु टक्र्याउदछु ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भीरनरोग

रोगी मं बाँचनैपर्ने निरोगी छैन कोही पनि
संसार मं देखीन मंले ज्ञानी योगी महाँ मुनी
किन रोगी भयो जिव माया र ममता लिंयि
गर्नै केही नसकिने भंगो घोटाले प्राणसम्म दिई

(१)

के गर्नु भूलमा व्यर्थं लागीयो जिन्दगी वित्यो
गुण लिने यादनराखी गुण सदा मान्दछन् तितो
गुणमा रसराख्नो छ यादले घोरीनु पर्‍यो
फकमा याद आउनेछ त्यो कहाँ छ छट्टु चरो

(२)

सबांको झरीन रोगीमं बाँचो यो देहयो सदां
भोलीको ख्याल नराखि निर्धक्क बस्छ यो यता
दशौं छन् देहमा चोर अनौठा रूप लिकन
आत्मिये वत्ति बालेमा खोजे पाउँदछौ जन

(३)

तिम्रो यो चेतनसिल देहु अचेत कँ भुल्नु किन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज भोली पर्सी भन्दै फिरी रहिछन् नविनदिन
आत्माको कल्पना रोग छुट्ने होइन जन्मभरी
ममतामा लगाई दिल विर्सी रहिछु अज्र्जे हरी

(४)

सामदाम दण्ड भेद यि चार चिरसाथमा भए
जीव यो परआत्मामा आउने छ यो सधैं दए
आज यो प्राणीमा रक्षा गर्नामा किन निठुरी
रक्षामा भन्छे ज्यादै छ आइरहेछ बडो हुरी

(५)

यो को हो ?

हाटखुल्यो आज मेरो शक्ति शाली बजारमा
वेमानी यो मनी सम्झीउन गिन्ती छैन हजारमा
सानमान सहीत आज ममताको होड बाजीमा
लागेर खाली हिन्नाले ममताको खुसी राजीमा

[६]

प्राणीमा भूल्यो सारा संसारै अन्धकारमा
छ छैन खाली नसम्झी जीवनगो यो वेकारमा
सारा यो सनको डोरी नछुटोस जीन्दगी भरी
चेतन्शिल जीब पाएर सम्झि रहन्छत् आज फेरी

[७]

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पापयो पुण्यका साथ धर्मकर्म सधा गर्रौ
न्याय यो आत्माले सब्को अन्याये केही नगरौं
माया मोह जति हरे छल कपट केही छैन संसारमा
माया कै बसमा सधाँ भुलो रहें उम्केर जाउँ कहाँ

[८]

यो को हो कतावाट धरती बीचमा आएरनै के गर्‍यो
आखिरमा सपनाकैं भै गयो भाग्यो की यो जीव र यो
जीव धारी जती छन् धरती बीचमा बृक्षादीको यो कुरा
अज्ञान मै किन विती गैगयौ केही नजानी पुरा

[९]

हारलूटको भयो आज न्याय छैइन के भयो
येस्लाई बाँधराखेर थुन्न सक्ने भयो र को
वेत्रस्ता पञ्चको आज पञ्च तत्तो सरी रयो
वर्गले मर्म राखेमा दु:ख पाउने हुन्छ को ?

(१०)

सच्चाई र इमान दारा देखाउनु पर्छ देशमा
लाउनु र खानकै खोजमा बर्ग काहाँ कहाँ
नमुना केही देखाई पथ एउटा बनाई दिए
अन्याये टाडा पुर्‍याई न्याय सबले मेटाउँ द्ये

(११)

यो खाली पापको खेल किन गर्नु वेकारमा
यो देह आइ जाई जान्छ इश्वरको शिकारमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाजान्ने होईनन् कोही ज्ञान पापी भयो सब
आखीरी बिर्सने भए बीर पुर्खाको हेरतप
(१२)

लाऊँदथे प्राणको बाजी अन्यायलाई भगाउन
कसीनु यो सर्व पर्छ देशको नासो जोगाउन
जहाँ जो पर्छ आपत भोग्नु पर्छ मिले रयो
साँच्चो र सत्यका निम्तो मर्न डर्ने यो हुन्छ को ?
(१३)

भानु, बुध्द, जनक, सीता पायो यो हाम्रो देशले
पृथ्वी, त्रिभुन, देवकोटा लेख निस्कन्थे जोसले
गंगा धर्म शुक्रराज थिए फेर दशरथ चन
भिम बीर बलभद्र महेन्द्र सुधारी बडढ थे मन
(१४)

यात्री हुं

उठहे यात्री हो कति सुतिरहन्छौ ढाक्यो अन्धकारले
मात्री भूमीको सेवा गरौ अब यात्रीहरूको सहाराले
युगहो यो मानवको असत्य दान नवने साथी
यात्रा हेर्न र मेला भर्न आएका हुं खुसीले माथी
(१)

आजयो किन हो मर्नास बिक्छन् बोकाखसी बनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ई दुष्टलाई कस्ले के हो सत्ये भने र
जप्छन् मालाहातमाली खोलाको माँझी बनेर
पुकार यहिछ माछो परोस् मेरैजालमा भनेर

(२)

यो भ्रष्ट नष्ट गर्नु किन हो आत्मा सबैको एक हो
म र महुँ भनी सेखी गरी सब देश बिगारने टेक हो
सारा यि पथ र पथीकहरुमा यो माया र ममता बड्यो
अन्यायकै मूल फूटाई सत्तेताको बीज सड्यो

(३)

किन गर्नु हो पक्ष र पात बेर्थै लालच लोभ म बडी
समाजको रिती फैलाए एक दिन डुबी जाने हो घडी
सान र मान राखौं सबमा साँचो र सत्ये गरौं हित
नैतिकताको ख्यास गरेमा मानौताको बनौ मित

(४)

मिलीजुली सबको एक गराउन नैतिक्ताको पाठ सिक
न्याय गर्न र अन्याय फांडन बिचार सबैको एक सिक
जाग जाग हे वीर सपुत मानवताको गरौ जए
जए गर्दामा हामी कसैमा आउने छैन केही भए

(५)

उठहे यात्री हो कति सुतीरहन्छौ ढाक्यो अन्धकारले
मातृभूमी सेवा गरौं अब यात्रीहरूको सहाराले
यो युग हो मानवको असत्य दान नबनौ साथी
आस्था गर्न र मेला भर्न आएका हुं खुसीले माथी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अध्यात्म-दीपक

रिद्दी सिद्दी मलाई देउ गूरू गँणेस दाता
भाव भक्ती राम्रो पुगोस हे पृथ्वी माता ।
पसुपति गुहेस्वर शदा दाइना रहुन्
टाडा वाट आउने बैरी ई निर्मूलै हउन् ॥ (१)

दखीन काली फुल चोकि माई नमस्कार छ दिन दिन सबैं लाई ।
इ मन कामना माई र गोरखा कि कालि
भाव भक्ती नछुटाउ विर ई —नेपाली
संकटा छ काठमाडौं उँहि छ महाँङकाल
भद्र काली अन्न पुर्ण उहि छ यो नेपाल ॥ (२)

हनूमान ढोका हनूमान देउता गित गाउन मन लाग्यो यो एउटा
यो साँखुमा माईको थान चाँगु भक्तपुरमा
वौध पऱ्यो काठमान्डूमा तपस आफ्न सुर्मा ।
वौध मन्दीर वर पर लामा हरूको गुम्वा
ज्यादै वन्छन त्यस ठाउमा गलैचा र थुम्वा ॥ (३)

वौध मन्दीर यो कति राम्रो मन मिलेन किन हो यो हाम्रो
इश्वरले आसिक दिने गर यो संम्जेर पुण्ये
के रे छर जाने सरिर छ —सुन्थे ।
संम्जी आज पाखन्ड ना गर्नू हुन्न हेर
हुन्न फाल्नू यो अमूल्त जिवन लाई खेर ॥ (४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किन आर्यौ के गरेर जानु पर्ने कहाँ
व्यर्थको यो माया मोह यो जिन्दगी महाँ
सृष्टि यं छ ईश्वरको विश्व चराचरमा
जानी जानी किन पार्छन मानिसलाई मर्म ॥५॥
नजानेको हुँन होला भए ज्ञान पापी
धोका दिए अधर्मले किन अत्व थाप्ने
साँढे जुधे बाच्छा मरे आखिरमा गौ का
जस्ले पनि खोजन जान्यो अन्यायको मौका ॥६॥
देव देवी जन सेवि पेला चरण मेरो
रक्षा गरे हाम्रो सबको नपारे है घेर
हामी गर्छौं मिलि जिलु आमा तिम्रो तप
गर्छौं हेर सदा दिन यो सेवा र जप ॥७॥
पुजा आजा धर्म र कर्म मानिसमा नपरोस हैं मर्म
सदा दिन ईश्वरमा लागोस भाव भक्ति
धन्यरेछ ईस्वरको हेर माहान सक्ती
तिम्ले दियौ जन्म पनि तिमले दियौ कर्म
तिम्रो भाव भक्ती गर्छू नमानेर शर्म ॥८॥
के रे छर जन्जालभारी को जान्छर आखीर काल टारि
नाङ्गै आयौ नाङ्गै जान्छौ केही छंन साथमा
जप्छौ शदा राम नाम के छ हाम्रो हातमा
यं हो एउटा भविष्यमा जाने हाम्रो बाटो
जप्नु पर्छ राम नाम नभएर लाटो ॥९॥
राम नाम जपेर जाउपारी सम्जे यो गिव लौ माया नमारी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिषयको नाता

विषयेका नातेदार हेर कुटूम्बमा
हिडनू पर्नेरेछ हेर यो राखेर सिमा
नचिनेर विषयेलाई धेरै धोका पार्यौं ॥
थीचोएर मिचिएर ठक्कर धेरै खाँयौं ॥
के रेछर संसारमा मेरो नबुझेर सँधैको अँध्यारो
ज्ञानि र योगी जोगी रिषी मुनु समेत
भुलि रंछन यो भवमा बुझी बुझी फगत
जाने देखि यो विषये धेरै छैन टाढा
विर्सनलाई गान्हो पर्‍यो माया बस्यो गाडा ॥
वल्ल पाको चैतन्य चोला भविष्यमा भेट होला नहोला
ख्याल राखौं भविष्यको मरौं जप ध्यान
मानव हुँ भन्ने पनि ठान्नू पर्‍यो ज्ञान ।
अज्ञानले ढाकि दिदाँ सबै अन्धकार
छ छैन न सम्झेर वसछौं बार बार ॥
देखे पछि यो मायालाई जाने जिन्दगी यो आएर जाइ जाने
केरेछ सम्झी ल्याउँदा कर्कलाको पानि
ढल्के पछि पोख्खी जान्छ बुद्धि जिवी ज्ञानि ।
यो भुलमा पर्दै गर्छन हेर पाप कपट
जिन्दगी यो होइन केही दुई दिनको झलक ॥
सपना अडछ केहि छिन वरू, यो जिन्दगी आउँदैन के गरू
यस्तो नातादारमा आयौ हेर सनिसार्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भजय कितन गर्न छोडे परे अन्ध कारमा
विना वत्ति यो कोठामा नभे यो उज्यालो
आत्मीय वत्तो वाल्न खोजौ यो दियालो ।।
झलमल उज्यालो सर अन्धकार हटाउन रहर
चैतन्य जीव धारी मानिसको चोला
फेरि पनि जन्म लिन पर्छ कोला कोला ।
किन भने के रोप्यौ र हाम्ले पृथ्वीमा
के राख्यौ र पृथ्वीमा मानिस भै सिमा ।।
मानिस भयौ भनेर फुर्कैर खाई नखाई गो जीबन हुर्कैर
कति खाएं मैले आज जन्मीकन धोका
मानव बन्ने कार्य गरौं होइनौ खसी बोका ।
यो चैतन्य चोला पायौं भगवानको भेष
यो भेषलाई नचीनेर त्यसै फुले केश ।।
यो पाएको जिन्दगी हाम्रो नचीरे त्यसै गो नरास्रा
बुझेपछि गारो छैन दान व्रत–धर्म
यज्ञ गरोस कोई पुरुले सुधार्नलाई कर्म ।
कोहि पुरुष गछन हेर हरेक जप ध्यान
कोहि गर्छन देवस्थलमा यो अखण्डै ज्ञान ।।
काम गर्न नपर्ने गारो खोलन पऱ्यो सत्यको तगारो
न्याय गरौ जप गरौ धर्म गरौ पूजा
चढाउनु छ धुप बत्ती चन्द्र सूर्जे ध्वजा
केही गरे नि धुनू पर्छ यो मनको मैलो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्छ गर्नु राम्रो कार्य खेल्नु हुन्न भैलो
वल्ल वल्ल पाएको चोला फेरी पछि भेट होला नहोला

देस्को नासो

वीर महेन्द्र छाडेर गयौ जिन्दगीलाई आसाको कुट्टुरो
पञ्चायतको चुनाव भने हुन्छ बारम्बार
कोहि जित्छन ववंको भने हुन्छ हेर हार
हार हुनेले क्रोध लिंदं व्यवस्थालाई घात
हुन गयो देशमहा यसले पक्षपात
सामन्त र शोषण हर्नलाई यसको लक्ष सुधार गर्नलाई
नासो कुर्ने व्यक्तिहरुले स्वार्थ ज्यादै लिंदा ।
व्यवस्थालाई बुझि बुझि धोका देशलाई दिंदा ॥
अराजकता अन्याय र भ्रष्टाचार छ देशमा ।
पञ्चहरूले फसिएर विचार गर्नु यस्मा ॥
विचार गरी सबकुरा यसको आँसु पुछ्नु पर्नेछ देशको
रुदा रुदै आज जनता फसिरंछ देशमा
व्यबस्था यो अमुल्य छ बिचार गर्नु यस्मा
सुध्द कार्य के के छैन, गरौ छान बिन
पदको लोभले धोका देशमा दिन खोज्नु किन ? ॥
पाप गरे जानु छ नरक, पुण्य हुने काम गरौं फरक
न्याय राख धर्म राख सदाचार राख ।
व्यवस्थाको मुल उद्देश्य बुझि सबले चाख ॥
हेर आज देशमा न्याय यो नपाउने को छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम गर्दैन कुरा काटछ महाँ पञ्च जो छ ॥
पञ्च तत्व शरिर हो हाम्रो काम, गर्नु छ नभुलियो राम्रो
वडा पञ्च गाउँ पञ्च, नगर पञ्च जिल्ला ।
अञ्चल पञ्च राष्ट्र पञ्च नगरे है झिल्ला
जहाँ जन्मे पञ्च सर्वं उहि गर्वको बास ।
यि सर्वको हुनुपऱ्यो देश बनाउने त्रास ॥
समाजमा मन मिलाई गरे काम, चाहिंदैन है वर्त र तिर्थधाम
किन भने याद गरौ धनि गरीब वर्ग ।
बाच्न आयौं यो भूमिमा ठानी सर्वं स्वर्ग ॥
वर्ग वर्ग नचिनेरगर्छन पक्षपात ।
हुंदा न्याय क्यैमा छैन, पारीरैछन् रात ॥
राम नाम जपेर जाउँ यो जीन्दगि के गरी बिताउँ ।
गर्नु पऱ्यो देशमहा सबकुराको ख्याल ।
कर्तव्यमा बन्द गर्नु पर्छ ढोका झ्याल ॥
उघारै राख्ता पसे धेरै घरमा चोर ।
नेपालीले नेपाल सम्झे कस्को पेवा हो र ॥
यो देश होइन व्यक्तिको पेवा, गर्न सके फल्ने छ यो मेवा
यो अघिका अधोटेले देशलाई छोडे नासो ।
नासो कुर्न यो देशलाई पऱ्यो गलापासो ॥
न्याय निति व्यवस्थालाइ सर्वं बुझदा मर्म ।
गारो पर्छ मानवलाई सुधार्नलाई कर्म ॥
कर्म गर कार्यको निम्ति, अन्याय गर्ने छाड्नु छ यो जुक्ति
प्यारो लाग्छ आत्मा भन्दा पनि मलाइ स्वदेश ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वदेश स्वदेश भन्दा भन्दै फुलिसक्यो यो केश ॥
जया भन्ने शव्द यो हो बिजया हो नाउ ।
नेपाल हाम्रो पुण्य भूमि टुक्रे टुक्रे गाउँ ॥
गाइनेले गाइरयो गीत गीत सुन्ने हुन मेरा यो मीत

आत्माले त्याग

महाकालीबाट पुर्व पऱ्यो मेची नदि ।
दुख सुख नेपालीमा नहुदो हो यदि ॥
भनेदेखि स्वार्थ सम्झि अवसरबादीकाम ।
गर्नु हुन्न भन्ने पक्ष लाग्नु छ तमाम ॥
कल कल कलकले खोला बोल वोल बोल्दैमा के होला ।
बोले पनि चाहिने मात्रै गरौं कुराकानी ।
हुनुहुन्न मानवले बुझ्रि वेजमानी ॥
इमानीको कट्टर हुनु पर्छ आखिरीमा ।
साचो गरी काम काज राखौं गाउको सिमा ॥
नगरौन मनमा पीर, जन्मेपछि मरीन्छ आखिर ।
भन्ने किन नसम्झेर गर्नु धोका बाजी ॥
मुख हांकेर क्यै टर्दैन कामको बनौ काजो ॥
त्याग्नु पर्छ भईपरी आउने व्यवहार ।
कर्तव्यलाईं राम्रो चिन्नु मानिसको सार ॥
मनको राको दनदनी वल्दछ, यसै सम्झन्छु हृदय जल्दछ ।
देशको लागी मनुं मेटनु गर्न सपस त्याग ।
गर्नु हुन्न वबैनै संग यो रिस र राग ॥
रिसले गर्दा भविष्यमा दिन्छ आफुलाई धोका ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आखिर जीवन एकदिन मर्छ के चिज धनको पोका ॥
के गऱ्यो र आखिर यो धनले नढाकोस यो वैजतिपनले
सबको मनमा हुनु पऱ्यो साँचो सत्य कर्म ।
भोका नाङ्गा गरीवको बुझ्नु पऱ्यो मर्म ॥
यदि गर्दा साम दान दण्ड भेद आदि ।
बुझ्ने शक्ति सबमा भए हुन्छ यो यज्ञादि ॥
खुल्नु पऱ्यो यो आत्म ज्ञान, राख्नु पऱ्यो सबैमा यो ध्यान
जप तप तिर्थ वर्त गरौं पुजा आजा ।
देवस्थलमा बज्छन हेर शंख घण्ट बाजा ॥
इश्वर पनि खुसि हुन्छन हेर सुगन्धमा ।
कवि हेर्ले कलम चोप्छन आफ्नो यो छन्दमा ॥
जे नै गर्छौं आत्माले त्याग, मेटिदैन लेखेको यो माग

अब नरोउ

अब नरोउ आखिरी जानु छ, सम्झौं सत्य उदाउने भनु छ
देखेका छौं आजकल हाम्ले वस्त्र अलंकार ।
यसैले पो दुख दियौ सारा संसार ॥
खान मिठो लाउन राम्रो माग्छ लोकचार ।
यस्ले गर्दा देशलाई खवाई सक्यो हार ॥
आफ्नो देशको ब्यवस्था छोडेर, विदेशिको यो घुम्टो ओडेर
लाउनु पर्ने नाइलन सारी, चोलो, बेलबटम ।
पुरुषलाई चहिने भयो लुगा टेरिकटन ॥
यता भने लाउन खान बिदेशको चलन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घर बनाउंछन् सबैं मुण्डा घाउलाई छैन मलम ॥
सुखले यो उग्ररूप लियो, दुख गरी काम कस्ले गर्दियो
सबलाई चाहियो मोज मज्जा फेशन राम्रो राम्रो
यसैले पो जिन्दगि त बित्ने हो कि हाम्रो ॥
उद्योग धन्दा देशमा आज छैन कुना काप्चा ।
टाउन मात्रै यो सुधार कस्लाई के पो नाप्छ ॥
राष्ट्रभरी गर्नु छ बिकास मात्रै आफ्नो नखोजौं निकास ।
देशवासी मेरो अपिल सबै वर्गलाई ।
यो सब कुरा मनले सोची मिलम् भन्छु भाई ॥
भाई फुटे गवार लुटे भने जस्तै आज ।
नबुझनेलाई अर्कै पनि किन पारे सांझ ॥
यो मुर्खको औषधि छैन, खाली लुटको भरेछ यो चेन
धर्म जस्तोलाई आजकल ढाक्यो ममताले ।
सुध्द पञ्च देशमा आज नर्भ दिदा पाले ॥
किन भने गरौं बिचार लिदं सबले मनमा ।
लोभ नगर पञ्च दाजु यो अर्काको धनमा
पाप गर्नु यो के का निम्तिमा, सबैं मिलि लाग्नु छ खिम्तिमा
यी करोडौ नेपालीका भावी नर नारी ।
बचाउनु र बाच्न दिनु पर्छ पाइला सारी ॥
लम्क बीर चम्क तिमि हेर तारा कहीं ।
ममताले क्वैले भने देखन छोडे भइ ॥
देशको सेवा सब मिलि गर्नुछ, कि गर्नु छ कि भने मर्नु छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❀ श्री हरिः ❀

मूर्ति-पूजा-निर्वचन-मीमांसा

ॐ
प्रधान अध्यक्ष श्री षट्दर्शन संत सभा
का कार्यालय "परमहंस सन्यास आश्रम"
ग्रा० जगता नगला पो० कजरौठ
जिला अलीगढ़ उ० प्र०

लेखकः—

श्री १०८ पूज्यपाद श्री स्वामी मंगलहरि जी मुनि

प्रकाशकः—

श्री स्वामी परमानंद जी महाराज (जरारा) अलीगढ़

प्रथम वार १८०० | सन् १९६२ | मूल्य १ रुपया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

क्र० स०	विषय	पृष्ठ संख्या
१	मूर्ति पूजा प्रथम निर्वचनम्	१
२	मूर्ति पूजा द्वितीय निर्वचनम्	६
३	मूर्ति पूजा तृतीय निर्वचनम्	८
४	मूर्ति पूजा चतुर्थ निर्वचनम्	११
५	विरोध की अनुमानगम्यता का प्रतिषेध	२८
६	आत्मा की व्यापकता में पूर्वपक्ष	७७
७	अणुवाद के निराकरण पूर्वक आत्मा की व्यापकता का समर्थन	८२
८	आत्मा की अणु रूपता का उपपादन	
९	प्रथम दोषोद्धार	९१
१०	द्वितीय दोषोद्धार	९२
११	तृतीय दोषोद्धार	९३
१२	ईश्वर मूर्ति अभाव में वेद प्रमाण का खण्डन	१००
१३	मन्दिरीय मूर्ति पूजा में शंका समाधान निरूपण	११४
१४	शंकान्तर का दृष्टान्त से समाधान	११६
१५	प्रार्थना	१२१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❀ श्री हरिः ❀

मूर्ति-पूजा-निर्वचन-मीमांसा

❀ ॐ ❀
प्रधान अध्यक्ष श्री षट्दर्शन संत सभा
का कार्यालय "परमहंस सन्यास आश्रम"
मु० जगती नगला पो० कजरौठ
जिला अलीगढ़ उ० प्र०

लेखकः—

श्री १०८ पूज्यपाद श्री स्वामी मंगलहरि जी मुनि

प्रकाशकः—

श्री स्वामी परमानंद जी महाराज (जरारा) अलीगढ़

प्रथम वार १००० } सन् १९६२ { मूल्य १ रुपया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दो शब्द

